# दोस्रो आवधिक योजना

## (आ.व. २०८१/०८२-२०८५/०८६)




बागमती प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

हेटौंडा, नेपाल

# दोस्रो आवधिक योजना

## (आ.व. २०८१/०८२–२०८५/०८६)

बागमती प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

हेटौँडा, नेपाल

| | | |
|---|---|---|
| **प्रकाशक** | : | बागमती प्रदेश सरकार<br>प्रदेश नीति तथा योजना आयोग<br>हेटौंडा, मकवानपुर |
| **प्रकाशन मिति** | : | विक्रम सम्वत् २०८१ आषाढ १९<br>नेपाल सम्वत् ११४४ तछलागा, द्वादशी |
| **सर्वाधिकार** | : | प्रदेश नीति तथा योजना आयोगमा सुरक्षित |
| **मुद्रण प्रति** | : | ७०० प्रति |

मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, नेपाल

# मन्तव्य

नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना भए पछि बागमती प्रदेश सरकारले दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गरेको छ । यस आवधिक योजना "बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज" को दीर्घकालीन सोचसहित समाजवाद उन्मूख अर्थतन्त्रको विकास गर्न केन्द्रित रहेको छ । राज्यको सीमित स्रोत साधनले जनताका आकाङ्क्षाहरू एकैचोटी पुरा गर्न सकिदैन । जनताको जीवनमा आर्थिक सामाजिक रुपान्तरणको लागि प्रदेश सरकार दृढतापूर्वक काम गरिरहेको छ ।

विगत पाँच वर्षमा बागमती प्रदेश सरकारले सडक निमार्णको क्षेत्रमा, सबै नागरिकमा स्वास्थ्य सेवाको पहुँच सर्वसुलभ पु-याउन, शिक्षा तथा सामाजिक क्षेत्रको विकासमा, कृषि उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न धेरै योगदान गर्दै आएको छ । नेपालको संविधानले व्यवस्था गरेको तीन तहको सरकारमध्ये प्रदेश सरकार सङ्घीय लोकतान्त्रिक गणतन्त्रातात्क शासन प्रणालीको मेरुदण्ड हो । प्रदेश सरकार विना सङ्घीयताको परिकल्पना गर्न सकिदैन । अबका दिनहरूमा प्रदेश सरकारले सुन्न सकिने, देख्न सकिने र अनुभव गर्न सकिने नतिजामूलक कामहरू गर्नेछ र जनताको जीवनमा परिवर्तन महसुस हुनेगरी आर्थिक सामाजिक रुपान्तरणको बाहकको रुपमा कार्यक्रमहरू सञ्चालन गर्नेछ । समाज निरन्तर परिवर्तनशील हुने हुँदा जनताका आकाङ्क्षाहरू बढ्दै जानु स्वभाविकै हो । सुशासन र कुशल व्यवस्थापनबाट साधन र स्रोतको सही परिचालन गरी विकासका चुनौतीहरूको सामना गर्दै अघि बढ्नु नै अहिलेको महत्वपूर्ण कार्यभार हो । हरेक नागरिकको श्रमको सम्मान गर्दै गरिबी निवारण, सुशासन, आर्थिक समृद्धि, सामाजिक समतामूलक समाजको सिर्जना गर्न प्रदेश सरकारका लक्ष्य, उद्देश्य र कार्यक्रमहरू केन्द्रित हुनेछन् । देशमै रोजगारीको सिर्जना गर्दै युवाहरूलाई आफ्नो देशमा बसेर काम गर्ने वातावरण तयार गरिनेछ । कुनै पनि काम ठुलो वा सानो हुँदैन । अहिले समाजमा निरासा बाँड्ने काम मात्र भएको देखिन्छ । निरासाले कहिल्यै पनि समाज उभो लाग्न सक्दैन । म गर्न सक्छु, मैले नगरे कसले गर्न सक्छ ? अहिले नगरे कहिले गर्ने ? भन्ने सकारात्मक सोचकासाथ अघि बढे मात्र समाजको आर्थिक तथा सामाजिक रुपान्तरण सम्भव हुन्छ । बागमती प्रदेश जैविक विविधता, सांस्कृतिक सम्पदा र जलस्रोतको हिसावले सम्पन्न प्रदेश हो। यस प्रदेशमा अथाह सम्भावनाहरू लुकेका छन् । परम्परागत ज्ञान, सीप र आधुनिक विज्ञान र प्रविधिको संयोजनले दिगो विकास हुनसक्छ । जनसहभागितात्मक विकास, नतिजामा आधारित अनुगमन र मूल्याङ्कन, असल अभ्यासको अभिलेखीकरण, वित्तीय अनुशासन, सुशासन आदिबाट मात्र विकासका आयोजनाहरू प्रभावकारी हुन सक्छन् ।

अन्त्यमा, यस आवधिक योजना तयार गर्न सहयोग गर्ने माननीय मन्त्रीज्यूहरू, प्रमुख सचिव, प्रदेश सचिवहरू, बागमती प्रदेश सरकारका कर्मचारी, परामर्शदाता, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी तथा कर्मचारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

(शालिकराम जम्कट्टेल)
मुख्यमन्त्री

विक्रम सम्वत् २०८१ आषाढ १९
नेपाल सम्वत् ११४४ तछलागा, द्वादशी

# बागमती प्रदेश सरकार

माननीय जगन्नाथ थपलिया
मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा, मकवानपुर

**मन्तव्य**

नेपाली जनताको लामो बलिदान, त्याग, तपस्या तथा आन्दोलनको फलस्वरुप नेपाली जनताको प्रतिनिधिबाट घोषणा गरिएको नेपालको संविधानले संस्थागत गरेको सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था कार्यान्वयन गर्ने क्रममा गठन गरिएका प्रदेशहरूले एक चक्रीय अभ्यास सफलतापूर्वक पूरा गरिसकेका छन् । जनताको उच्च आशा र आकांक्षाबीच शुन्य अनुभव, सिमित कानुन र प्रादेशिक संरचना, न्युन स्रोत र साधन तथा अलमलको अवस्थाबाट सुरु भएका प्रदेशहरूले पहिलो कार्यकालमा प्रादेशिक शासन व्यवस्था पूर्ण रुपमा स्थापित गर्न सफल भएका छन् । यसबीच बागमती प्रदेशले आफ्ना आधारभूत कानुनी, प्रशासनिक तथा भौतिक आधार तय गरेपश्चात प्रदेशको आर्थिक तथा सामाजिक विकासमासमेत महत्वपूर्ण योगदान गरेको छ।

मुलुकको एक तिहाइभन्दा बढी (३६.४ प्रतिशत) गार्हस्थ्य उत्पादन क्षमता रहेको बागमती प्रदेशको आर्थिक वृद्धि दर समग्र मुलुककोभन्दा उच्च रहँदै आएको छ । यसर्थ, बागमती प्रदेशको समृद्धिले समग्र मुलुकको समृद्धिको आधार र मार्गचित्र निर्धारण गर्दछ । यसबीच 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा हासिल गर्न 'बागमती प्रवेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाजको दीर्घकालीन लक्ष्य सहित बागमती प्रदेशको दोश्रो आवधिक योजना तर्जुमा भएको छ ।

आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि बनाइएको यस पञ्चवर्षीय आवधिक योजनाले कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा मानव संशाधन, उद्योग, पर्यटन र सामाजिक आर्थिक विकासलाई प्रदेश विकासको प्रमुख चालकको रूपमा पहिचान गरी त्यसको परिचालनको सही योजना बनाएको छ। यसको कार्यान्वयनबाट बागमती प्रदेशको औसत आर्थिक वृद्धिदर ६.४ प्रतिशत, योजनाको अन्त्यमा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. २० खर्ब ७४ अर्बबाट रु. ३१ खर्व ३५ अर्ब र प्रतिव्यक्ति आय २४८४ बाट ३५८० अमेरिकी डलर पुयाउने लक्ष्य राखिएको छ ।

सीमित स्रोतको सदुपयोगबाट आर्थिक तथा सामाजिक विकासका सम्पूर्ण सूचकाङ्क धेरै माथि उठाउनुपर्ने भएको हुँदा नेपालले योजनाबद्ध दीर्घकालीन नीति तथा योजना बनाई त्यही अनुरुप कडा मेहनतका साथ योगदान गर्नुपर्ने आवश्यकता छ । बागमती प्रदेश नीति तथा योजना आयोगबाट मन्त्रिपरिषद्, प्रदेशसभा, स्थानीय तह, विभिन्न विषयका विज्ञहरू, नागरिक समाज, सामाजिक अगुवा, प्रशासनिक निकायका विज्ञहरू, योजनाविद्हरू लगायत अन्य सरोकारवाला निकाय/व्यक्तिहरूसँग घनिभूत छलफल गरी निकै मेहनत र समर्पित भावका साथ तयार गरिएको यस आवधिक योजनाको पूर्ण कार्यान्वयनबाट समृद्ध बागमती प्रदेश मात्र हैन, समृद्ध नेपाल निर्माणमा समेत ठुलो योगदान गर्नेछ।

यस आवधिक योजनाको सृजनात्मक कार्यान्वयनमा प्रदेशका मन्त्रालय तथा जिम्मेवार निकाय, निजी, सहकारी, गैरसरकारी लगायत सबै क्षेत्रको समान योगदान तथा समर्पणभावका लागि हार्दिक आभार व्यक्त गर्दछौं। 'हामी सक्छौं, हामी गर्छौं' भन्ने उच्च मनोभावनाका साथ प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण वागमती प्रदेशलाई हामी विकासको मार्गमा उच्च रफ्तारमा डोऱ्याउने वचनवद्धता पनि व्यक्त गर्दछौ ।

धन्यवाद !

जगन्नाथ थपलिया
मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय

विक्रम सम्वत् २०८१ आषाढ १९
नेपाल सम्वत् ११४४ तछलागा, द्वादशी मन्त्री,

बागमती प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

हेटौँडा, मकवानपुर

## मन्तव्य

बागमती प्रदेश सरकारले समाजवाद उन्मूख अर्थतन्त्रको विकास गर्न "बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज" को दीर्घकालीन सोचसहित दोस्रो आवधिक योजना (२०८१/०८२–२०८५/०८६) तर्जुमा गरेको छ । वातावरणमैत्री दिगो विकासको प्रक्रियालाई जनताको आर्थिक (सामाजिक रुपान्तरणसँग जोड्नको लागि यसले कोसे ढुङ्गाको काम गर्नेछ । नेपाली जनताको बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि उत्पीडित वर्ग, तह र तप्काका जनताका आवश्यक्ता र प्राथमिकताहरू मुखरित हुन थालेका छन् । जनता यही र अहिले नै प्रभावकारी सेवा प्रवाह चाहन्छन् । त्यसैले प्रदेश सरकारको राजनीतिक नेतृत्व, हरेक कर्मचारी तथा राजनीतिक कार्यकर्ताहरू सधैं सजक, सक्रिय र सबल हुन आवश्यक देखिन्छ । जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन र दिगो विकासको लक्ष्य प्राप्त गर्नको लागि साधन र स्रोतको प्रभावकारी सदुपयोग हुनु जरुरी छ । बागमती प्रदेश सरकारले विकास निर्माणका धेरै कामहरू गरेको छ । तथापि प्रदेश सरकारको योगदान जनतालाई बुझाउन सकिएको छैन । स्थानीय तहको सरकार पछि प्रदेश नै जनताको नजिकको सरकार हो ।

बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजनाले सडकको स्तर उन्नति, कृषि, उद्योग, पर्यटनमार्फत् आर्थिक विकास, शिक्षा र स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच र सुशासनद्धारा प्रभावकारी सार्वजनिक सेवा प्रवाहमा जोड दिएको छ । आगामी दिनमा सडकलाई आवत जावतको साधन मात्र नलिई आर्थिक उन्नतिसंग जोडिने छ । पालिकाका हरेक वडाहरू उत्पादनका केन्द्रका रुपमा विकास गरिनेछ । कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, व्यवसायिकीकरण, बजारीकरण र रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रको रुपमा विकास गरिनेछ । वन तथा वातावरण क्षेत्रमा उल्लेखनीय कार्यहरू गरिनेछ । उद्योग र पर्यटनको समुचित विकास मार्फत् रोजगारी सिर्जना गरिनेछ । सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाई जनताका दैनिक कामहरूप्रति प्रदेश सरकार निरन्तररुपमा जिम्मेवार हुनेछ । भोलिको काम आज गर्ने र आजको काम अहिले नै गर्ने प्रवृत्तिको विकास गरिनेछ । हाम्रा पुर्खाहरूले विगतमा राम्रो काम गरेको इतिहास छ भने आज हामीले किन गर्न नसक्ने? विदेशमा नेपालीहरूले राम्रो काम गर्दै आएका छन भने नेपालमै बसेर किन देशको विकास गर्न नसक्ने रु एकथरी मानिसहरू निरासावादी चिन्तनले ग्रस्त भएका छन् । हरेक सचेत नागरिकहरूले निरासावादी भाष्यलाई चिर्दै अघि बढ्नु पर्ने आवश्यक्ता छ । सकारात्मक सोंच, अथक परिश्रम र कडा अनुशासन पालना गरेर नै देशको विकास हुन सक्दछ । स्वदेशी वस्तुको प्रयोग, साधा जीवन र उद्यमशीलताको विकासले नै देशको तरक्की हुन सक्दछ ।

अन्त्यमा, यस दोस्रो आवधिक योजना तयार गर्न नेतृत्व प्रदान गर्नु हुने माननीय मुख्यमन्त्री शालिकराम जम्कट्टेलज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, स्थानीय सरकारका जनप्रतिनिधिज्यूहरू, बागमती प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सचिवहरू, कर्मचारीहरू, प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्यहरू, कर्मचारी साथीहरू र परामर्शदाता टौली संयोजक प्राध्यापक डा. श्रीराम पौडेल र उहाँको टोलीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

धन्यवाद ।

विक्रम सम्वत् २०८१ आषाढ १९
नेपाल सम्वत् ११४४ तछलागा, द्वादशी

प्रा. डा. नरविक्रम थापा
उपाध्यक्ष

## प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीहरू

| | |
|---|---|
| माननीय मुख्यमन्त्री श्री शालिकराम जम्कट्टेल | - अध्यक्ष |
| माननीय प्रा. डा. नरविक्रम थापा | - उपाध्यक्ष |
| माननीय डा. प्रदिप कुमार मैनाली | - सदस्य |
| माननीय डा. दिपेन्द्र श्रेष्ठ | - सदस्य |
| श्री गोविन्द बहादुर कार्की, प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| श्री कृष्णप्रसाद मैनाली, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| श्री ज्ञान प्रसाद ढकाल, सचिव, प्रदेश नीति तथा योजना आयोग | - सदस्य सचिव |

# विषय सूची


**परिच्छेद — एकः परिचय** १

१.१ आवधिक योजनाको पृष्ठभूमि १

१.२ पहिलो आवधिक योजनाको समीक्षा १

१.३ योजना तर्जुमा विधि ३

**परिच्छेद — दुईः प्रदेशको वर्तमान अवस्था** ५

२.१ भौगोलिक अवस्थिति ५

२.२ जनसङ्ख्या ५

२.३ आर्थिक तथा सामाजिक अवस्था ५

२.४ औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि ७

२.५ देशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान ८

२.६ आर्थिक क्षेत्रको स्थिति १०

२.७ सामाजिक क्षेत्रको स्थिति १२

**परिच्छेद — तीनः समष्टिगत योजना** १५

३.१ प्रदेशको भूमिका १५

३.२ चुनौतीहरू १५

३.३ दोस्रो आवधिक योजनाको आधार १८

३.४ दीर्घकालीन सोच तथा लक्ष्य २०

३.५ विकासमा विभिन्न क्षेत्रको भूमिका २२

३.६ दोस्रो आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य २३

३.७ योजनामा गरिने लगानी रकम र सोको स्रोत व्यवस्थापन २९

**परिच्छेद — चारः आर्थिक क्षेत्र** ३७

४.१ कृषि, पशुपन्छी तथा मत्स्यपालन ३७

४.२ उद्योग तथा खानी ५३

४.३ वाणिज्य एवं आपूर्ति ६३

४.४ पर्यटन क्षेत्र ६७

४.५ सहकारी क्षेत्र ७४

**परिच्छेद — पाँचः सामाजिक क्षेत्र** ८१

५.१ शिक्षा ८१

५.२ स्वास्थ्य तथा जनसङ्ख्या ८८
५.३ लैङ्गिक समानता र सामाजिक समावेशीकरण १२१
५.४ युवा तथा खेलकुद १३३
५.५ भाषा, संस्कृति र कला १३७
**परिच्छेद — छः पूर्वाधार क्षेत्र १४३**
६.१ सडक १४३
६.२ सहरी विकास १४९
६.३ बस्ती विकास र भवन निर्माण १५५
६.४ ऊर्जा १६१
६.५ सिँचाइ १६६
६.६ खानेपानी तथा सरसफाइ १७२
**परिच्छेद — सातः वन, वातावरण तथा विपद् व्यवस्थापन १७९**
७.१ वन, जलाधार र जैविक विविधता १७९
७.२ वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन १८४
**परिच्छेद — आठः यातायात व्यवस्थापन १९१**
**परिच्छेद — नौः सुशासन, शान्ति सुरक्षा र सूचना तथा सञ्चार १९८**
९.१ सुशासन तथा शान्ति सुरक्षा १९८
९.२ सूचना तथा सञ्चार २०५
**परिच्छेद — दशः अन्तरसम्बन्धित विषयहरू २०९**
१०.१ श्रम तथा रोजगार २०९
१०.२ गरिबी निवारण २१७
१०.३ खाद्य तथा पोषण सुरक्षा २२१
१०.४ विज्ञान तथा प्रविधि २२५
१०.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन २२९
१०.६ योजना, अनुसन्धान तथा तथ्याङ्क प्रणाली २३६
१०.७ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली २४२
१०.८ दिगो विकास लक्ष्य र कार्यान्वयनको अवस्था २४३
**अनुसूची १: योजना तर्जुमा विधि २४९**

# परिच्छेद - एक
# परिचय

## १.१ आवधिक योजनाको पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको थालनी भएको सात दशक भइसकेको छ । यस अवधिमा नेपाल सरकारका १० वटा पञ्चवर्षीय र ५ वटा त्रिवर्षीय गरी १५ वटा योजनाहरू कार्यान्वयनमा आइसकेका छन्। यी योजनाहरूमा आर्थिक वृद्धि, पूर्वाधार विकास, कृषि तथा औद्योगिक विकास, गरिबी न्यूनीकरण, विकेन्द्रीकरण, वातावरण संरक्षण, सुशासन, सहस्राब्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य लगायतका विषयहरूलाई प्राथमिकतामा राखिएको देखिन्छ । पन्ध्रौं योजनामा नेपाललाई वि.सं. २०८२ सम्ममा अतिकम विकसित राष्ट्रबाट विकासशिल राष्ट्रमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरेको छ । नेपालको संविधानको व्यवस्था र भावनाबमोजिम नेपाल सरकारले 'समृद्ध नेपालः सुखी नेपाली'को राष्ट्रिय लक्ष्य हासिल गर्न वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य राखेको छ । त्यस्तै मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिबमोजिम आर्थिक समृद्धिसहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गरिएको छ । राज्य पुनःसंरचनामार्फत ७ प्रदेश र ७५३ स्थानीय तहहरू निर्माण भई प्रदेश र स्थानीय तहहरूले राजनीतिक, आर्थिक तथा प्रशासनिक अधिकार प्राप्त गरेका छन् । साथै आ-आफ्नो अधिकार क्षेत्रभित्र रही तोकिएका करहरू उठाउने, खर्च गर्ने तथा सङ्घीय नीतिसँग नबाझिने गरी प्रादेशिक र स्थानीय नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको अभ्यास गर्दै आएका छन् ।

## १.२ पहिलो आवधिक योजनाको समीक्षा

बागमती प्रदेशको पहिलो आवधिक योजना (आ.व. २०७६/७७ -२०८०/८१) ले 'सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मूख समृद्ध प्रदेश'को दीर्घकालीन सोच राखेको थियो । उक्त योजनाले संविधानको प्रस्तावनामा उल्लिखित समाजवादउन्मूख आर्थिक समृद्धिलाई नै आधार बनाएको थियो । उक्त योजनाले सङ्घीय पन्ध्रौं योजनाले राखेको दीर्घकालीन सोच २१०० तथा सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गर्ने नेपाल सरकारको प्रतिबद्धतालाई प्रमुख आधार बनाएको थियो ।

उक्त योजनाले 'सामाजिक न्यायसहितको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने' लक्ष्य राखेको थियो । सो लक्ष्य प्राप्त गर्नका लागि "दक्ष मानव पुँजीको विकास गरी प्राकृतिक र सांस्कृतिक सम्पदाको दिगो उपयोगबाट रोजगारी सिर्जना, व्यवस्थित सहरीकरण र भौतिक पूर्वाधार विकास, पर्यावरणीय सन्तुलन, लैङ्गिक समता र सामाजिक समावेशीकरणको माध्यमबाट सामाजिक न्यायसहितको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने सबल आधार तयार गर्ने" उद्देश्य राखेको थियो ।

### आर्थिक वृद्धिदरको लक्ष्य र उपलब्धि

पहिलो आवधिक योजनाले औसत आर्थिक वृद्धिदरको लक्ष्य १०.६ प्रतिशत राखेकोमा योजना अवधिको औसत वृद्धिदर २.५ प्रतिशत मात्र रहेको छ । त्यस्तै कृषि क्षेत्रको औसत वृद्धिदरको लक्ष्य ५.३ प्रतिशत राखेकोमा ३.१, उद्योग क्षेत्रको औसत वृद्धिदरको लक्ष्य १४.९ प्रतिशत राखेकोमा ३.५ र सेवा क्षेत्रको औसत वृद्धिदर १०.४ प्रतिशत राखेकोमा २.२ प्रतिशत मात्र भएको छ (तालिका १.१)। यसैगरी, प्रतिव्यक्ति आय अमेरिकी डलर ३,०८७ पुऱ्याउने लक्ष्य राखेकोमा २४८४ अमेरिकी डलर पुगेको छ भने निरपेक्ष गरिबी १५.३ प्रतिशतबाट ८.० प्रतिशतमा झार्ने लक्ष्य राखेकोमा १२.६ प्रतिशतमा झरेको छ ।

**तालिका १.१: पहिलो आवधिक योजनाको आर्थिक वृद्धिदरको लक्ष्य र उपलब्धि (प्रतिशत)**

| क्षेत्र | औसत लक्ष्य | औसत उपलब्धि |
|---|---|---|
| प्राथमिक क्षेत्र | ५.३ | ३.१ |
| द्वितीय क्षेत्र | १४.९८ | ३.५ |
| सेवा क्षेत्र | १०.४ | २.२ |
| कुल गार्हस्थ्य उत्पादन | १०.६ | २.५ |

योजनाको हालसम्मको अवधिमा ७८ ऐनहरू, १३ अध्यादेश, ५१ कार्यविधि, २५ नियमावली, ६ निर्देशिका, २ विनियमावली तथा ९ मापदण्ड तर्जुमा भएका छन् ।

### कुल लगानी

पहिलो योजना अवधिमा कुल लगानी रु. ३७ खर्ब ६८ अर्ब २४ करोड हुने अनुमान गरेको थियो। सोमध्ये ३.७ प्रतिशत कृषि क्षेत्रमा र ९६.३ प्रतिशत गैरकृषि क्षेत्रमा लगानी प्रक्षेपण गरिएकोमा गैरकृषि क्षेत्र अन्तर्गत हुने लगानीमध्ये ३०.९ प्रतिशत उद्योगमा र ६९.१ प्रतिशत सेवा क्षेत्रमा हुने अनुमान गरिएको थियो। कुल लगानीमध्ये ३२.३ प्रतिशत सरकारी, ६१.९ निजी क्षेत्र र ५.८ प्रतिशत सहकारी क्षेत्रबाट हुने

अनुमान थियो । कुल सरकारी लगानीमध्ये प्रदेश सरकारको पुँजीगत लगानी १ खर्ब ४ करोड हुने अनुमान गरिएकोमा पहिलो चार वर्षमा रु. १ खर्ब ४७ अर्ब पुँजीगत लगानी भएको देखिन्छ ।

योजनाको उपलब्धि अपेक्षाकृत हुन नसक्नुमा निम्नअनुसारका कारणहरू रहेका छन्:

१. आवधिक योजनाको पहिलो अभ्यास भएको हुनाले योजना बढी महत्त्वाकाङ्क्षी हुनु,
२. सङ्घीयता कार्यान्वयनको अनुभव र सिकाइको कमी रहनु,
३. संस्थागत तथा नीतिगत कार्यको लागि धेरै समय लाग्नु,
४. भरपर्दो तथ्याङ्क प्रणालीको कमी हुनु,
५. कार्यविस्तृतिकरणमा स्पष्टताको कमी हुनु,
६. आयोजना बैङ्क कार्यान्वयनमा नआउनु,
७. राजनीतिक अस्थिरताको कारण सरकार फेरबदल भइरहनु,
८. दरबन्दीअनुसार जनशक्ति आपूर्ति नहुनु,
९. राजस्व, खर्च र समग्र अर्थतन्त्रमा कोभिड-१९ महामारी र रुस -युक्रेन युद्धको नकारात्मक प्रभाव पर्नु,
१०. अन्तरसरकार समन्वय, सहयोग र सहकार्यमा कमी हुनु,
११. आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबिच तादात्म्यता कम हुनु आदि।

पहिलो आवधिक योजनाको कार्यान्वयन अपेक्षाकृत नभए पनि योजना निर्माण तथा कार्यान्वयनमा प्रदेश सरकारका निकायहरूको अनुभव तथा ज्ञान वृद्धि गरेको छ र आगामी योजनाका लागि उपयोगी शिक्षा प्राप्त भएको छ ।

## १.३ योजना तर्जुमा विधि

दोस्रो आवधिक योजनाको अवधारणापत्र र आधारपत्र तर्जुमा गर्दै अन्तिम दस्तावेज तयार गरिएको छ । सो क्रममा विभिन्न सरोकारवालाहरूसँग विभिन्न विषय र चरणहरूमा परामर्श गरिएका छन् । योजना तर्जुमा विधिसम्बन्धी थप विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद - दुई
# प्रदेशको वर्तमान अवस्था

## २.१ भौगोलिक अवस्थिति

बागमती प्रदेश समुद्र सतहदेखि १४१ मिटरमा पर्ने चितवनको गोलाघाटदेखि ७,२४५ मिटर अग्लो रसुवाको लाङटाङ लिरुङ्ग हिमालसम्म फैलिएको छ । नेपालको समय मानक गौरीशङ्कर हिमाल यसै प्रदेशमा पर्दछ । यस प्रदेशको क्षेत्रफल २०,३०० वर्ग कि.मि. छ जुन नेपालको कुल क्षेत्रफल १४७,५१६ वर्ग कि.मि.को १३.७९ प्रतिशत हुन आउँछ । यस प्रदेशमा १३ जिल्ला र ११९ स्थानीय तहहरू छन् । स्थानीय तहहरूमा ३ महानगरपालिका, १ उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिकाहरू छन् । यस प्रदेशमा सङ्घीय संसद सदस्यको लागि ३३ निर्वाचन क्षेत्र र प्रदेश सभाको सदस्यका लागि ६६ निर्वाचन क्षेत्र रहेका छन् ।

## २.२ जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार यस प्रदेशको जनसङ्ख्या ६१ लाख १६ हजार ८ सय ६६ रहेको छ जुन नेपालको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ को २१ प्रतिशत हुन आउँछ । महिला र पुरुषको हिस्सा क्रमशः ५०.२ र ४९.८ प्रतिशत रहेको छ । घरधुरी सङ्ख्या १५ लाख ७० हजार ९ सय २७ रहेको छ भने औसत परिवार सदस्य सङ्ख्या ३.८९ रहेको छ । ४० वर्षभन्दा कम उमेरका जनसङ्ख्या ६७.२९ प्रतिशत र १५ देखि ३९ वर्षका युवा जनसङ्ख्या ४५.१६ प्रतिशत रहेको छ । जातजातिको आधारमा प्रदेशको जनसङ्ख्यामा तामाङ १९.९ प्रतिशत, ब्राह्मण (पहाडी) १७.८ प्रतिशत, क्षेत्री १७.४ प्रतिशत र नेवार १५.६ प्रतिशत रहेका छन् ।

## २.३ आर्थिक तथा सामाजिक अवस्था

नेपालको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान ३६.४ प्रतिशत रहेको छ । प्रदेशको प्रतिव्यक्ति आय २४८४ अमेरिकी डलर र मानव विकास सूचकाङ्क ०.६६१ रहेको छ । थप विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१: प्रमुख आर्थिक तथा सामाजिक परिसूचकहरूको अवस्था**

| परिसूचक | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| स्थानीय तहको सङ्ख्या | ७५३ | ११९ |

| परिसूचक | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| जनसङ्ख्या | २९१६४५७८ | ६११६८६६ (२१ %) |
| जनसङ्ख्या वृद्धिदर | ०.९२ | ०.९७ |
| जनघनत्व (प्रति वर्ग कि.मि.) | १९८ | ३०१ |
| लैङ्गिक अनुपात | ९५.६ | ९९.४ |
| क्षेत्रफल (वर्ग कि.मि.) | १४७,५१६ | २०,३०० |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) प्रतिशत | ३.५४ | ३.६३ |
| गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान (उपभोक्ता मूल्यमा) | १०० | ३६.४ |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलर) | १४३४ | २४८४ |
| मानव विकास सूचकाङ्क | ०.६०१ | ०.६६१ |
| लैङ्गिक विकास सूचकाङ्क | ०.८८६ | ०.९२९ |
| लैङ्गिक असमानता सूचकाङ्क | ०.४७९ | ०.४५७ |
| उद्योगको दर्ता सङ्ख्या | ८९४७ | ५७३९ |
| लघु घरेलु तथा साना उद्योगको सङ्ख्या | ६७३२४४ | १९६४१५ |
| उद्योगमा लगानी (रु. अर्ब) | २७८३.१ | ९९४.८ |
| जलविद्युत् उत्पादन (मे.वा.) | २५८४ | ११४९ |
| वन क्षेत्र (प्रतिशत) | १०० | ५३.४ |
| स्थानीय सडक सञ्जाल (कि.मि.) | ६६०५७ | १६४८० |
| विद्यालय सङ्ख्या | ३६०३२ | ६९२४ |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या | ११६५६ | ३०३६ |
| बैङ्क तथा वित्तीय संस्थाको प्रतिशाखा जनसङ्ख्या | २५१० | २००४ |
| बिमकको शाखा सङ्ख्या | ३२१५ | ८८४ |

*स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय ।*

## २.४ औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि

औद्योगिक वर्गीकरणअनुसार आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा क्षेत्रले सबैभन्दा बढी २१.५ प्रतिशत योगदान पुऱ्याएको देखिन्छ भने त्यसपछि क्रमशः घरजग्गा कारोबार सेवाले १५.३ प्रतिशत, वित्तीय तथा बिमा क्रियाकलापहरूले ११.६ प्रतिशत, कृषि, वन र मत्स्यपालनले ११.३ प्रतिशत, यातायात तथा भण्डारणले ९.५ प्रतिशत र शिक्षाले ५.० प्रतिशत योगदान पुऱ्याएका छन् भने अन्य क्षेत्रको योगदान पाँच प्रतिशतभन्दा न्यून रहेको छ ।

**तालिका २.३: औद्योगिक वर्गीकरणअनुसार कुल गार्हस्थ्य उत्पादन (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० (सं) | ०८०/८१ (अ) |
|---|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ११.३ | ११.७ | १२.१ | ११.४ | ११.३ | ११.३ |
| खानी तथा उत्खनन | ०.६ | ०.८ | ०.७ | ०.७ | ०.७ | ०.६ |
| उत्पादनमूलक उद्योग | ५.६ | ४.९ | ५.४ | ५.५ | ५.१ | ४.९ |
| विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ०.९ | १.० | ०.९ | १.४ | १.५ | १.७ |
| पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ०.४ | ०.४ | ०.४ | ०.३ | ०.३ | ०.३ |
| निर्माण | ४.९ | ४.३ | ४.२ | ४.२ | ४.१ | ३.८ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा | २४.६ | २३.१ | २४.१ | २४.३ | २२.० | २१.५ |
| यातायात तथा भण्डारण | ८.२ | ६.८ | ६.८ | ७.८ | ८.८ | ९.५ |
| आवास तथा भोजन सेवा | २.४ | १.६ | १.७ | १.७ | २.१ | २.६ |
| सूचना तथा सञ्चार | १.९ | १.९ | १.९ | १.८ | १.७ | १.७ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | १०.६ | ११.९ | ११.३ | ११.३ | ११.९ | ११.६ |

| औद्योगिक वर्गीकरण | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० (सं) | ०८०/८१ (अ) |
|---|---|---|---|---|---|---|
| घरजग्गा कारोबार सेवा | १६.२ | १७.३ | १६.६ | १५.३ | १५.३ | १५.३ |
| पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | १.८ | १.९ | १.८ | १.७ | १.८ | १.८ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | १.५ | १.६ | १.६ | १.४ | १.४ | १.४ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ३.२ | ४.० | ३.८ | ४.३ | ५.० | ४.९ |
| शिक्षा | ४.३ | ४.९ | ४.६ | ४.६ | ४.९ | ५.० |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | १.० | १.२ | १.२ | १.२ | १.४ | १.३ |
| अन्य सेवाका क्रियाकलापहरू | ०.६ | ०.८ | ०.८ | ०.७ | ०.७ | ०.७ |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ (सं = संशोधित, अ= अनुमानित)*

## २.५ देशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान

देशको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा ३६.४ प्रतिशत रहेको देखिन्छ । औद्योगिक वर्गीकरणअनुसार देशको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान तालिका २.४ मा प्रस्तुत छ ।

**तालिका २.४: औद्योगिक वर्गीकरणअनुसार देशको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० (सं) | ०८०/८१ (अ) |
|---|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | १६.९ | १७.१ | १७.१ | १७.१ | १७.१ | १७.१ |
| खानी तथा उत्खनन | ३३.६ | ४९.४ | ४९.४ | ४९.४ | ४९.४ | ४९.४ |

| औद्योगिक वर्गीकरण | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० (सं) | ०८०/८१ (अ) |
|---|---|---|---|---|---|---|
| उत्पादनमूलक उद्योग | ३५.८ | ३५.७ | ३५.५ | ३५.८ | ३५.९ | ३६.२ |
| विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ३१.९ | ३०.९ | ३०.२ | ३४.८ | ३३.२ | ३३.१ |
| पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | २३.३ | २३.३ | २३.३ | २३.३ | २३.३ | २३.३ |
| निर्माण | २५.८ | २५.४ | २५.४ | २५.४ | २५.६ | २५.६ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा | ५६.१ | ५६.५ | ५६.५ | ५६.५ | ५६.५ | ५६.६ |
| यातायात तथा भण्डारण | ४७.२ | ४७.२ | ४७.२ | ४७.२ | ४७.२ | ४७.२ |
| आवास तथा भोजन सेवा | ३९.८ | ३९.८ | ३९.८ | ३९.८ | ३९.८ | ३९.८ |
| सूचना तथा सञ्चार | ३१.२ | ३१.२ | ३१.२ | ३१.२ | ३१.२ | ३१.२ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | ६३.६ | ६१.९ | ६०.७ | ६१.० | ६१.३ | ६१.८ |
| घरजग्गा कारोबार सेवा | ६७.६ | ६७.६ | ६७.६ | ६७.४ | ६७.१ | ६७.० |
| पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ६६.६ | ६६.६ | ६६.६ | ६६.६ | ६६.६ | ६६.६ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | ७३.० | ७३.० | ७३.० | ७३.० | ७३.० | ७३.० |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १८.० | १८.० | १८.० | १८.० | १८.३ | १८.५ |
| शिक्षा | २१.२ | २१.२ | २१.२ | २१.२ | २१.२ | २१.४ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | २५.७ | २५.७ | २५.७ | २५.७ | २५.७ | २६.१ |
| अन्य सेवाका क्रियाकलापहरू | ४४.७ | ४४.७ | ४४.७ | ४४.७ | ४४.८ | ४४.८ |
| औसत | ३७.० | ३६.७ | ३६.६ | ३६.६ | ३६.२ | ३६.४ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ (सं = संशोधित, अ= अनुमानित)*

## २.६ आर्थिक क्षेत्रको स्थिति

### (क) कृषि

बागमती प्रदेशको कृषि क्षेत्रले मुलुकको कुल कृषि गार्हस्थ्य उत्पादनमा १७.६ प्रतिशत र प्रादेशिक कुल गार्हस्थ उत्पादनमा १२ प्रतिशत योगदान पुऱ्याएको छ । भौगोलिक विशिष्टताका आधारमा स्थानीयस्तरमा प्राथमिकता प्राप्त कृषिजन्य बाली वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरण प्रवर्धन गरी खाद्यान्न, तरकारी, नगदेबाली, फलफूल, मत्स्य, मासु, अन्डा, दुध, च्याउ, मह र जडीबुटी लगायतका कृषि उत्पादनको विशिष्टीकृत उत्पादन क्षेत्र निर्धारणमार्फत कृषिको उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ। चितवन, मकवानपुर र काभ्रेपलान्चोक लगायतका जिल्लाहरूमा दुध उत्पादन र भित्री मधेसका जिल्लामा खाद्यान्न, पहाडी जिल्लामा बाख्रापालन लगायतका कृषि व्यवसायको सम्भावना रहेको छ । धान, मकै, गहुँ प्रदेशको प्रमुख खाद्यान्न बाली हो भने आलु र तरकारी नगदेबाली । नेपालको समग्र तरकारी उत्पादनमा यस प्रदेशको २० प्रतिशत हिस्सा रहेको छ । केरा र सुन्तला जातका फलफूल प्रमुख फलफूलहरू हुन्। काठमाडौं उपत्यका, चितवन र काभ्रेपलान्चोक लगायतका जिल्लाहरूमा पुष्प खेती हुने गरेको छ । नेपालको समग्र पोल्ट्री क्षेत्रको ठुलो हिस्सा यस प्रदेशले ओगटेको छ । दुध, अन्डा, मासु र माछा प्रमुख पशुपन्छीजन्य उत्पादनहरू हुन् ।

### (ख) उद्योग

मुलुकको कुल उद्योग सङ्ख्या, कुल औद्योगिक लगानी र कुल औद्योगिक रोजगारी क्रमशः ८,७६४, रु. २६.२७ खर्ब र ६.८ लाख रहेकोमा बागमती प्रदेशको हिस्सा क्रमशः ६४.६ प्रतिशत, ३५.७ प्रतिशत र ५६.४ प्रतिशत रहेका छन् । प्रदेशमा बालाजु, पाटन, भक्तपुर र हेटौंडा गरी चारवटा औद्योगिक क्षेत्र रहेका छन् । यस प्रदेशको उद्योग क्षेत्रले मुलुकको कुल औद्योगिक गार्हस्थ्य उत्पादनमा ३५.८ प्रतिशत योगदान गरेको छ । यति हुँदाहुँदै पनि प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान ५.२ प्रतिशत मात्र रहेको छ ।

### (ग) पर्यटन

सांस्कृतिक तथा जैविक विविधता भएको बागमती प्रदेश पर्यटनको प्रचुर सम्भावना भएको प्रदेश हो। नेपालका विश्वसम्पदा सूचीमा सूचीकृत १० मध्ये आठ सम्पदाहरू यसै प्रदेशमा रहेका छन् । त्यस्तै चितवन राष्ट्रिय निकुञ्ज, शिवपुरी राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्जका केही स्थान र गौरीशङ्कर संरक्षण क्षेत्र जस्ता स्थानहरू यसै प्रदेशमा रहेका छन् । पर्यटकीय सुविधाका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, होटल, रेस्टुरेन्ट, ट्राभल तथा ट्रेकिङ एजेन्सीहरू, साउना, स्पा, डान्सबार, पब, डिस्कोथेक र नाइटक्लब लगायतका रात्रिकालीन व्यवसाय आदिका हिसाबले पनि यो प्रदेश अन्य प्रदेशका तुलनामा विशिष्ट

रहेको छ ।

### (घ) श्रम तथा रोजगारी

देशको कुल औपचारिक रोजगारी (२६ लाख ७५ हजार) मा बागमती प्रदेशको हिस्सा ३८.३९ प्रतिशत र अनौपचारिक रोजगारी (४४ लाख ११ हजार) मा २४.९८ प्रतिशत रहेको छ । श्रमशक्ति सर्वेक्षण, २०७५ अनुसार मुलुकको कुल बेरोजगार (९ लाख ८ हजार) मध्ये १७.७ प्रतिशत बागमती प्रदेशका छन्। २०७९ फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५५ लाख २६ हजार ७ सय ४ मध्ये पुरुष ९४.४ प्रतिशत र महिला ५.६ प्रतिशत रहेका छन् । मुलुकभरबाट वैदेशिक रोजगारीमा जाने युवाहरूको कुल सङ्ख्याको १६.० प्रतिशत बागमती प्रदेशबाट गएको देखिन्छ ।

### (ङ) सहकारी

मुलुकभरमा रहेका सहकारी संस्थामध्ये एकतिहाइ (१०,४१८) बागमती प्रदेशमा रहेका छन् भने कुल सेयर पुँजी ५१ अर्ब ४० करोड रहेको छ । यी सहकारी संस्थाहरूमा बचत रु. २ खर्ब १५ अर्ब रहेको छ भने ऋण प्रवाह रु. २ खर्ब रहेको छ । सहकारीमा आबद्ध कुल सदस्य २७ लाख १७ हजारमध्ये आधाभन्दा बढी सदस्य महिला रहेका छन् । यी सहकारी संस्थाहरूले ३३ हजार ८ सय ९२ जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् । जिल्लागत रूपमा सबैभन्दा बढी सहकारी संस्था काठमाडौंमा र सबैभन्दा कम रसुवा जिल्लामा रहेका छन् ।

### (च) सडक तथा यातायात पूर्वाधार

मुलुक भरमा कुल ६६ हजार ५७ किलोमिटर सडक भएकोमा बागमती प्रदेशको हिस्सा २५ प्रतिशत रहेको छ । प्रदेशमा कुल १६४८० कि.मि. सडकमध्ये कालोपत्रे सडक १,४६१ कि.मि. (८.९ प्रतिशत), ग्राभेल सडक २,८९७ कि.मि. (१७.६ प्रतिशत) र कच्ची सडक १२,१२२ कि.मि. (७३.६ प्रतिशत) रहेको छ । सडकको वर्गीकरणअनुसार प्रादेशिक सडक ६,६५५ कि.मि. र स्थानीय सडक ९,८२५ कि.मि. रहेको छ । कुल सडकमा कालोपत्रे सडकको हिस्सा भक्तपुरमा ६१.९ प्रतिशत, काठमाडौँमा ३८.७ प्रतिशत, चितवनमा २१.५ प्रतिशत र ललितपुरमा १७.२ प्रतिशत रहेको छ भने प्रदेशका बाँकी जिल्लाहरूमा कालोपत्रे सडकको हिस्सा कुल सडकको १५ प्रतिशतभन्दा कम रहेको देखिन्छ।

### (छ) ऊर्जा

देशमा स्थापित जलविद्युत् परियोजनाहरूको कुल क्षमतामध्ये ठुला आयोजनाहरू माथिल्लो तामाकोशी (४५६ मेगावाट) लगायत कुलेखानी पहिलो, दोस्रो र तेस्रो, त्रिशुली, सुनकोशी, भोटेकोशी, खिम्ती, चिलिमे जस्ता परियोजनाहरू बागमती प्रदेशमा छन् । उत्पादनका हिसाबले १,१४९ मेगावाट यस प्रदेशमा जडित छन् भने

उपभोगका हिसाबले ९६ प्रतिशत जनताले राष्ट्रिय प्रसारण ग्रिडको बिजुली प्रयोग गर्न पाएका छन् । २०७८ को जनगणनाअनुसार बागमती प्रदेशका १५ लाख ७० हजार ९ सय २७ घरधुरीमध्ये ९७.३ प्रतिशत घरधुरीले बत्तीका लागि बिजुली र २.३ प्रतिशत घरधुरीले सौर्य ऊर्जा प्रयोग गर्छन भने बाँकीले मट्टितेल, बायोग्यास र अन्य इन्धन प्रयोग गर्छन । त्यस्तै प्रदेशका ६९.८ प्रतिशत घरधुरीले खाना बनाउनको लागि एल.पी.ग्यास प्रयोग गर्छन भने २८.९ प्रतिशत घरधुरी दाउरामा निर्भर छन् । त्यस्तै ०.६ प्रतिशत घरधुरीले बिजुली र बाँकीले मट्टितेल, गोबर गुइँठा तथा गोबर ग्यासको प्रयोग गर्छन ।

**(ज) सिँचाइ**

प्रदेशको कुल कृषियोग्य जमिन ५ लाख २१ हजार ८७१ हेक्टरमध्ये आधाजति जमिन मात्रै सिँचाइयोग्य छ । सिँचाइयोग्य जमिनमा १ लाख ३२ हजार ३६ हेक्टर जमिनमा मात्रै सिँचाइ सुविधा उपलब्ध छ । प्रदेशको कुल सिँचाइयोग्य जमिनमध्ये जिल्लागत रूपमा सबैभन्दा धेरै चितवनमा ४१,९६३ हेक्टर र त्यसपछि क्रमशः मकवानपुरमा २३,५०२ हेक्टर, सिन्धुलीमा २०,६५२ हेक्टर, नुवाकोटमा १५,०४७ हेक्टर, काठमाडौँमा १४,०६९ हेक्टर, सिन्धुपाल्चोकमा १२,२७६ हेक्टर र धादिङमा १०,८३९ हेक्टर रहेको छ । सिँचाइ पुगेको जमिनको हिस्सा ७३ प्रतिशतको आधारमा चितवन अगाडि छ ।

## २.७ सामाजिक क्षेत्रको स्थिति

**(क) शिक्षा**

मुलुकको औसत तथा अन्य प्रदेशका साक्षरता दरभन्दा बागमती प्रदेशको साक्षरता दर उच्च छ । राष्ट्रिय औसत साक्षरता दर ७६.३ प्रतिशत रहेकोमा बागमती प्रदेशको ८२.१ प्रतिशत रहेको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान ४-५ प्रतिशतकोबिचमा रहेको छ ।

बागमती प्रदेशमा कुल ६ हजार ९२४ विद्यालय रहेका छन् जसमा आधारभूत विद्यालय (१-५ कक्षा) २ हजार ७८६ वटा, आधारभूत विद्यालय (१-८ कक्षा) १ हजार ४१ वटा र माध्यमिक (१-१० कक्षा) एक हजार ८२४ रहेका छन् । शैक्षिक सत्र २०७९/८० मा बागमती प्रदेशको विद्यार्थी भर्नादर आधारभूत कक्षा (१-५ कक्षा) मा ९७.४ प्रतिशत, आधारभूत तह (६-८ कक्षा) ९४.६ प्रतिशत, आधारभूत तह (१-८ कक्षा) ९६.४ प्रतिशत, माध्यमिक तह (९-१० कक्षा) ७७.२ प्रतिशत, उच्चमाध्यमिक तह (११-१२ कक्षा) ६४.४ प्रतिशत, माध्यमिक तह (९-१२ कक्षा) ५६.८ प्रतिशत रहेको छ । त्यस्तै बागमती प्रदेशमा ४६ आङ्गिक, १७१ सामुदायिक र ४१६ संस्थागत गरी कुल ६३३ उच्च शैक्षिक संस्थाहरू रहेका छन् भने यी शैक्षिक संस्थाहरूमा २ लाख ६८ हजार ८३८ विद्यार्थीहरू अध्ययनरत छन् ।

### (ख) स्वास्थ्य

सङ्घीय राजधानीसमेत रहेको प्रदेश भएकाले पनि बागमतीमा सरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य क्षेत्रमा अन्य प्रदेशको तुलनामा ठुलो लगानी भएको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार किशोरावस्थाको प्रजनन दर ७.८ प्रतिशत, नवजात शिशु मृत्युदर १८ जना प्रति १ लाख जीवित जन्ममा, पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर २४ जना प्रति हजार जीवित जन्ममा, मातृ मृत्यू दर ९८ जना प्रति लाख जीवित जन्ममा, परिवार नियोजनका आधुनिक साधनहरूको प्रयोग दर ४३ प्रतिशत, पुड्कोपना १७.६ प्रतिशत र ख्याउटेपना ४.५ प्रतिशत रहेको छ । संस्थागत प्रसूति दर ८८.३ प्रतिशत, दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति गराउने महिला ८६.६ प्रतिशत, पूर्ण रूपमा खोप पाएका (कुनै समयमा) १२-२३ महिनाको बालबालिका ८३ प्रतिशत रहेको छ । बागमती प्रदेशमा मुटुरोग, मधुमेह, दीर्घ श्वासप्रश्वास रोग, क्यान्सर जस्ता नसर्ने रोग गराउने मुख्य जोखिम तत्त्वहरू विशेष गरी मोटोपना, अपर्याप्त शारीरिक क्रियाकलाप, सुर्तीजन्य पदार्थ सेवन, मद्यपान, अपर्याप्त फलफूल तथा तरकारीजन्य खाद्यपदार्थको सेवनको दर उच्च छ ।

### (ग) युवा

बागमती प्रदेशमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४५.४ प्रतिशत रहेको छ । जनसाङ्ख्यिक लाभको अवसरलाई पुँजीकृत गरी प्रदेशको आर्थिक समृद्धिमा युवाको योगदान गर्नु सुनिश्चित गर्नु जरुरी छ । विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलता लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, दिगो विकास लक्ष्य, २०३० र युथ भिजन २०२५ ले युवाको विकास र सहभागितामा जोड दिएको छ।

### (घ) गरिबी

नेपाल जीवनस्तर सर्भेक्षण, २०७९/८० का अनुसार नेपालको गरिबीको दर २०.३ प्रतिशत रहेको छ भने बागमती प्रदेशको गरिबीको दर १२.६ प्रतिशत रहेको छ । बागमती प्रदेश अन्तर्गत काठमाडौं उपत्यकाको गरिबी ७.३८ प्रतिशत, काठमाडौं उपत्यकाबाहेकको सहरी गरिबी १४.१५ प्रतिशत र ग्रामीण गरिबी २५.६१ प्रतिशत रहेको तथ्यबाट गरिबीको दर अझै पनि ग्रामीण क्षेत्रमा सघन रहेको देखिन्छ । त्यस्तै असमानताको सूचक जिनी कोफिसियन्ट नेपालको औसत ०.३० र बागमती प्रदेशको ०.४३ रहेको छ। बागमती प्रदेशको आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (PALMA Ratio) १.३६ रहेको छ । यस अतिरिक्त, पाँचौं र पहिलो पञ्चमक (सबैभन्दा धनी र सबैभन्दा गरिब) अनुपात काठमाडौं उपत्यका सहरी क्षेत्रमा ४.४, बागमती प्रदेश सहरी क्षेत्र (काठमाडौं उपत्यका बाहेक) मा ५.१ र ग्रामीण क्षेत्रमा ४.९८ रहेको छ ।

# परिच्छेद - तीन
# समष्टिगत योजना

## ३.१ प्रदेशको भूमिका

आर्थिक तथा सामाजिक विकासको दृष्टिले यो प्रदेश अग्र स्थानमा रहेको छ । तसर्थ, यसको आवधिक योजनाले प्रदेशको मात्र नभई देशकै आर्थिक समृद्धिका लागि पनि निर्णायक भूमिका खेल्दछ।

## ३.२ चुनौतीहरू

बागमती प्रदेशको विकासका प्रमुख चुनौतीहरू देहायबमोजिम रहेका छन् ।

**(क) भौगोलिक विषमता**

भौगोलिक हिसाबले चुरे, भित्री मधेश, महाभारत शृङ्खला, उपत्यका र उच्च हिमाली क्षेत्र समेटिएको हुनाले यसको हावापानी, तापक्रम, वर्षा, वनजङ्गल, जैविक विधितता र कृषि तथा पशुपन्छीजन्य उत्पादन आदिमा विविधता पाइन्छ । यी विषमताका कारण पूर्वधार विकास, सेवा प्रवाह, बस्ती विकास र विपद् जोखिम न्यूनीकरण आदिमा विभिन्न प्रकृतिका चुनौतिहरू रहेका छन् ।

**(ख) मानव विकास सूचकाङ्कमा विषमता**

प्रदेशको मानव विकास सूचकाङ्क ०.६६१ रहेको छ भने काठमाडौं महानगरपालिकाको सबैभन्दा उच्च ०.६८३, ललितपुर महानगरपालिकाको ०.६५८ छ भने धादिङको रुबीभ्याली गाउँपालिका ०.३९८, सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्गपाल गाउँपालिका ०.४१, सिन्धुलीको घ्याङलेख गाउँपालिका ०.४१२ र मरिण गाउँपालिका ०.४१६ तथा रसुवाको नौकुण्ड गाउँपालिका ०.४१४ रहेको छ । यसले पालिकाहरूमा विकासको असमानताको स्थिति देखाउँछ ।

**(ग) रोजगारीसँग नजोडिएको शिक्षा**

मुलुकमा विभिन्नस्तरका शैक्षिक संस्थाहरूबाट वर्षैपिच्छे बढ्दो क्रममा उत्पादित जनशक्ति र रोजगारीका अवसरबिच तालमेल नहुँदा शैक्षिक बेरोजगारीको समस्या विकराल हुँदै गएको छ । मुलुकको शिक्षा प्रणाली जागिरमुखी हुनु र सिप तथा क्षमता अभिवृद्धितर्फ केन्द्रित नहुनु आदि कारणले गर्दा शैक्षिक बेरोजगारी बढ्दै गएको छ । मुलुक भित्रै उत्पादनशील कार्यमा लाग्नु पर्ने युवाहरू रोजगारीको खोजीमा विदेसिएका छन् भने केही प्रतिभाशाली विद्यार्थीहरू उच्च अध्ययन र कामको खोजीमा अमेरिका, अस्ट्रेलिया तथा युरोपतिरका देशहरूमा जाने क्रम बढ्दो छ । विदेसिने अवसरबाट वञ्चित युवाहरू भने आफ्नै निर्वाहमुखी

पेसा र न्यून पारिश्रमिकमा काम गर्न बाध्य छन् । यसैले देशभित्र विभिन्न क्षेत्रमा आवश्यक जनशक्तिको आधारमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ ।

**(घ) सर्वसाधारणको पहुँच बाहिरको गुणस्तरीय स्वास्थ्य सेवा**

सरकारी अस्पतालहरूको संस्थागत क्षमता सीमित भएका कारण र काठमाडौं बाहेकका जिल्लाका अस्पतालहरूमा स्वास्थ्य उपकरणहरूको अपार्याप्तताका कारण सर्वसाधारण र विपन्न वर्गले रोगको पहिचानमा कठीनाइ तथा सहज र गुणस्तरीय उपचार सेवा पाउन नसकेको स्थिति छ । कुनै दु:साध्य रोग लागेमा विपन्न परिवारका लागि कष्टकर जीवन यापन गर्नु बाहेक अर्को विकल्प छैन ।

**(ङ) नसर्ने रोगहरूको वृद्धि**

सहरी जीवनशैली, अस्वस्थकर खाद्य पदार्थ, वातावरणीय प्रदूषण र दूषित खानेपानी आदिले गर्दा नसर्ने रोगहरू जस्तैः हृदयघात, मृगौला फेल हुने, कलेजोको सिरोसिस, क्यान्सर, मधुमेह र उच्च रक्तचाप लगायतका घातक रोगहरूको वृद्धि हुँदै गएको छ । यस्ता रोगहरूको उपचार पद्दति तथा औषधी खर्चिलो र जीवनपर्यन्त उपचार गर्नुपर्ने हुँदा विपन्न तथा सर्वसाधारणका लागि यी रोगहरू अभिशाप बनेका छन् ।

**(च) बढ्दो सहरीकरण र अव्यवस्थित बसोबास**

पछिल्ला वर्षहरूमा सहरी क्षेत्रमा बसाईंसराइ तीव्ररूपमा बढ्दो छ । परिणामस्वरूप, सहरी क्षेत्रका खाली तथा खेतीयोग्य जमिनमा जथाभावी घरहरू निर्माण भइरहेका छन् । यसले गर्दा बसोबास अव्यवस्थित हुन पुगेको तथा आपतकालीन सेवा पुऱ्याउनसमेत अप्ठ्यारो भएको छ । त्यस्तै पहाडी क्षेत्रहरूमा घरहरू छरिएर रहेका कारण पूर्वाधार विकास तथा आवश्यक सेवा सुविधा पुऱ्याउन चुनौतीपूर्ण रहेको छ ।

**(छ) बढ्दो प्रवृत्तिको आन्तरिक तथा बाह्य आप्रवासन**

गाउँमा रोजगारीको अभाव र पारिवारिक गरिबीको दुश्चक्रका कारण युवाहरू रोजगारीका अवसर खोज्दै सहर पस्ने क्रम बढ्दै गएको छ । सहरको रोजगारी पनि सीमित भएको कारण आधिकांश युवाहरू खाडी मुलुक तथा अन्य राष्ट्रमासमेत जोखिमपूर्ण रोजगारीमा जाने प्रवृत्ति बढ्दो छ । परिणामस्वरूप गाउँघरका खेतपाखाहरू बाझिँदै गएका छन् र गाउँहरू वृद्धवृद्धाहरूको मात्र आश्रयस्थल बन्न पुगेको छ । यसले गर्दा एकातर्फ खाद्यान्नमा आयात निर्भरता बढ्दै गएको छ भने अर्कोतर्फ सम्भाव्य उत्पादन खेर गइरहेको छ ।

**(ज) बढ्दो प्रदूषण**

प्रदूषण सहरी क्षेत्रको एक प्रमुख समस्याको रूपमा रहेको छ । घरबाट निस्कने फोहर, नदीनालामा ढल मिसाउने र फोहर फाल्ने प्रवृत्ति, गाडीबाट निस्कने धुवाँ तथा ध्वनी, उद्योगधन्दाबाट निस्कने धुवाँ तथा

रसायनिक पदार्थ र धुलाम्य सडक आदिले सहरी प्रदूषणको समस्या विकराल बन्दै गएको छ । त्यस्तै सहरी क्षेत्रमा बढ्दै गएको अव्यवस्थित बस्तीले पनि प्रदूषणको समस्यालाई जटिल बनाएको छ ।

**(झ) कृषिसँग नजोडिएको औद्योगिक विकास**

कृषि र उद्योग विकासलाई अलग-अलग रूपमा हेर्ने दृष्टिकोणले गर्दा कृषि क्षेत्रले सार्थक रूपमा औद्योगिक विकासमा योगदान गर्न सकेको छैन न त औद्योगिक विकासले कृषि विकासलाई प्रवर्धन गर्न सकेको छ । कृषि र उद्योगबिचको अन्तर्निर्भरता र अन्तरसम्बन्धका आधारमा दुवै क्षेत्रको विकास गर्ने योजना तथा कार्यक्रमबाट मात्रै प्रदेशको आर्थिक समृद्धि, रोजगारी वृद्धि, आयातमाथि निर्भरतामा कमी र निर्यात वृद्धि सम्भव हुन्छ ।

**(ञ) मूल्य शृङ्खलामा नजोडिएको कृषि उत्पादन**

अधिकांश कृषि उत्पादन मूल्य शृङ्खलामा नजोडिएकाले सम्भाव्य लाभबाट कृषकहरू वञ्चित भइरहेको स्थिति छ । त्यसैले केही कृषि वस्तुबाट सुरु गरी क्रमशः सम्भाव्य सबै कृषि उत्पादनलाई मूल्य शृङ्खलासँग जोड्न सकेमा कृषकको आय वृद्धि हुने र कुल गार्हस्थ्य उत्पादन पनि बढ्ने आर्थिक प्रणाली निर्माण हुन सक्छ ।

**(ट) उत्पादनसँग नजोडिएको सडक सञ्जाल**

नेपालमा विगत पाँच दशकमा विकास हुन सकेको एक मात्र क्षेत्र सडक सञ्जाल हो । तर सडकलाई केवल पहुँच (कनेक्टिभिटी)का रूपमा मात्र हेर्ने दृष्टिकोणले गर्दा उत्पादनसँग जोड्नेतर्फ ध्यान नदिएकाले सडक विकास मूलतः यातायातका लागि मात्रै केन्द्रित हुन पुगेको स्थिति छ । यसैले सडक र उत्पादन क्षेत्र समानान्तर रूपमा अगाडि बढाउनु पर्ने आवश्यकता छ ।

**(ठ) सरकारको खर्च गर्ने क्षमता कमजोर**

पहिलो आवधिक योजनाले रु. ३७ खर्ब ६८ अर्बको कुल लगानी हुने अनुमान गरेको र सोमध्ये सरकारले गर्ने लगानी ३२.३ प्रतिशत अर्थात रु. १२ खर्ब १७ अर्ब हुने अनुमान गरेको थियो । तर योजनाको पहिलो चार वर्षको अवधिमा बागमती प्रदेश सरकारले १ खर्ब ४७ अर्ब मात्र खर्च गरेको स्थिति छ जुन अनुमानित लगानीको १२.१ प्रतिशत मात्र हुन आउँछ । यसबाट सरकारको खर्च गर्ने क्षमता साह्रै कमजोर रहेको देखिन्छ ।

**(ड) अर्थतन्त्रको विरोधाभासपूर्ण संरचना**

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको हिस्सा अत्याधिक उच्च (७७.४ प्रतिशत) रहेको

छ भने प्राथमिक क्षेत्रको ११.९ प्रतिशत र द्वितीय क्षेत्रको १०.४ प्रतिशत योगदान रहेको छ । आर्थिक वृद्धिका लागि उत्पादन क्षेत्रको योगदान उच्च हुने र उत्पादन क्षेत्रलाई टेवा दिने किसिमले सेवा क्षेत्रको विकास हुनु आवश्यक छ । यस दृष्टिमा समग्र नेपाल तथा प्रदेश अर्थतन्त्रमा विरोधाभासपूर्ण प्रवृत्ति विकसित हुदै गएको देखिन्छ ।

उपरोक्त चुनौतीहरू बागमती प्रदेशका लागि मात्र नभएर अन्य छ वटै प्रदेश र समग्र मुलुककै लागि पनि सान्दर्भिक हुन्छ । माथि उल्लिखित चुनौतीमध्ये भौगोलिक विषमता प्रकृतिले नै निरूपण गरेको हुँदा त्यसबाट सिर्जित अप्ठ्यारालाई नीतिगत हस्तक्षेपद्वारा अवसरमा बदल्न आवश्यक छ ताकि त्यस क्षेत्रको आर्थिक गतिविधि चलायमान बनाउँदै जनजीवनलाई सहज बनाउन सकियोस । अन्य चुनौती भने मुलुकले विगतमा अवलम्बन गरेको विकृत तथा विसङ्गत आर्थिक विकासले सिर्जना गरेको परिणाम मान्न सकिन्छ । यसैले विगतको अभ्यासमा क्रमभङ्गता गर्दै धरातलीय यथार्थमा आधारित योजनाको माध्यमद्वारा रूपान्तरणकारी आर्थिक विकासको ढाँचा तर्जुमा गर्न आवश्यक हुन्छ । यसका लागि धरातलीय यथार्थमा आधारित योजनाका साथै राजनीतिक तथा प्रशासनिक प्रतिबद्धता अनिवार्य हुन्छ।

## ३.३ दोस्रो आवधिक योजनाको आधार

दोस्रो आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधानको प्रस्तावनामा नै उल्लिखित ‘समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण’लाई नै मुख्य सैद्धान्तिक मार्गदर्शनको रूपमा लिइएको छ । समृद्धिको मुख्य आधार कुल गार्हस्थ्य उत्पादनको वृद्धि र मूलतः प्रतिव्यक्ति आम्दानीलाई लिने अन्तर्राष्ट्रिय अभ्यास रहेको पाइन्छ । यसले समग्रमा आर्थिक समृद्धिलाई मापन त गर्छ तर सबै जनता समृद्ध भएको मान्न सकिदैन । वर्तमान संविधानले परिकल्पना गरेको समृद्धि समतामूलक समृद्धि हो । यसका लागि आर्थिक वृद्धिले थपेको नयाँ अवसर तथा आम्दानीको ठुलो हिस्सा विपन्न वर्गको पक्षमा जाने आर्थिक ढाँचा हुनु आवश्यक छ । यसैले विगतमा अवलम्बन गरिएको समावेशी आर्थिक वृद्धि (Inclusive Growth) को रणनीतिले सबैलाई समान अवसर दिने हुँदा विपन्न तथा सीमान्तकृत वर्ग समाजमा विद्यमान विविध अवरोधले गर्दा सो अवसरबाट लाभान्वित हुन सक्दैनन् । यसका लागि सम्पतिको पुनःवितरण आवश्यक हुन्छ तर नेपालको विद्यमान राजनीतिक अवस्थामा यो कार्य स्वीकार्य नहुने हुँदा विपन्न र सीमान्तकृत वर्गको भौतिक तथा मानवीय पुँजी वृद्धिका लागि राज्यबाट हस्तक्षेपकारी भूमिका आवश्यक हुन्छ ।आर्थिक वृद्धिका लागि विभिन्न कालखण्डमा विभिन्न किसिमका शास्त्रीय सिद्धान्त तथा अवधारणाहरू बहसमा आए तापनि र यस सम्बन्धमा भएका अध्ययन अनुसन्धानले पनि आर्थिक वृद्धिको मुख्य चालक के हो भन्ने निक्यौंल गर्न सकेको छैन । यी अध्ययन अनुसन्धानहरू तथा विगतको अन्तर्राष्ट्रिय अनुभवबाट आर्थिक वृद्धिको लागि एउटै मात्र कारक तत्त्व नभएर विभिन्न कारक तत्त्वहरूको उपयुक्त सम्मिश्रण आवश्यक हुने देखिन्छ । यी तत्त्वहरू मुख्यरूपमा निम्नबमोजिम

रहेका छन्:

१ पुँजी निर्माण

२ उत्पादनका साधनहरूको उत्पादकत्व

३ संस्थागत क्षमता

४ राजनीतिक तथा प्रशासनिक प्रतिबद्धता

नेपालका सन्दर्भमा माथि उल्लिखित आर्थिक वृद्धिका कारकहरू सबै उतिकै महत्त्वपूर्ण रहेका छन्। उत्पादनका चार मुख्य तत्त्वहरूमध्ये मुलुकमा भूमि र श्रम प्रचुर मात्रामा रहेका छन् भने पुँजीको कमी र व्यवस्थापकीय क्षमता कमजोर रहेको छ । पुँजी अपर्याप्त भएपनि पनि वैदेसिक सहयोगले सो अपर्याप्तताको पूर्ति गर्दै आएको छ । आर्थिक वृद्धिको लागि पुँजीको साथसाथै पुँजीको उत्पादकत्व वृद्धि र पुँजी खर्च गर्न सक्ने संस्थागत क्षमता आवश्यक पर्छ । तर नेपालको सन्दर्भमा पुँजीको उत्पादकत्व मापन गर्ने सीमान्त पुँजी उत्पादन अनुपात अझै उच्च रहेको तथा सरकारी निकायहरूको बजेट खर्च गर्ने क्षमता कमजोर रहेको छ । त्यस्तै नीति निर्माण र कार्यान्वयन पक्ष पनि कमजोर रहेको छ । यस अतिरिक्त, सुशासन, जवाफदेहिता र पारदर्शिताको अभाव पनि समस्याको रूपमा रहेको छ । तर राजनीतिक र प्रशासनिक प्रतिबद्धता भएमा आन्तरिक कमीकमजोरीहरूलाई कम गर्न सकिने र उपलब्ध पुँजीबाट पनि आर्थिक वृद्धिदर बढाउन सकिन्छ। विगतको झन्डै सात दशको योजनाबाट मुलुकमा केही क्षेत्रमा खास गरी यातायात क्षेत्रमा सन्तोषजनक प्रगति भए तापनि आर्थिक वृद्धि तथा क्षेत्रगत विकासमा योजनाको लक्ष्य र उपलब्धिबिच ठुलो खाडल रहेको छ । योजना तर्जुमा गर्दा महत्त्वकाङ्क्षी लक्ष्य राख्ने तर कार्यान्वयनतर्फ भने उदासिन रहने प्रवृत्तिले गर्दा यस्तो भएको हो । त्यस्तै योजनालाई नतिजामुखी बनाउन वास्तविकतामा आधारित लक्ष्य निर्धारण तथा कार्यान्वयनमा राजनीतिक तथा प्रशासनिक प्रतिबद्धताको जरुरी हुन्छ ।

नेपाल जस्तो भौगोलिक विषमता भएको मुलुकको सबै क्षेत्रको सन्तुलित तथा सबै वर्ग समुदायको समतामूलक विकासका लागि परम्परागत योजना प्रणाली प्रभावकारी हुन नसकेको तथ्य विगतको झन्डै ७० वर्षको योजनाबद्ध विकासको अनुभवले प्रस्ट पारेको छ । यसैले हिमाल, पहाड, मधेश, भित्री मधेशको भौगोलिक, पर्यावरणीय तथा ती क्षेत्रको अन्तरनिहीत क्षमता भिन्न हुने हुनाले भौगोलिक योजना (Spatial Planning) को अवधारणा अनुरूप योजनाले समेट्ने भूगोललाई भौगोलिक तथा पर्यावरणीय समानताको आधारमा विभक्त गरी क्षेत्र विशेषको आवश्यकता अनुरूप उत्पादन, रोजगारी, पूर्वाधार विकास, सामाजिक विकासका योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक हुन्छ । यसपछिको योजना तर्जुमा गर्दा भौगोलिक योजनाको अभ्यास गरिनुपर्छ ।

यस दोस्रो आवधिक योजनामा भौगोलिक योजनाको अवधारणालाई हुबहु अनुशरण गर्न नसकिए तापनि कृषि उत्पादनका योजना तथा कार्यक्रमलाई  प्रदेशको भौगोलिक संरचनाका आधारमा उपयुक्त हुने गरी समावेश गरिएको छ । प्रदेशको दोस्रो आवधिक योजना तर्जुमा गर्दा अबको तीन वर्षमा नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुनुपर्ने र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्नुपर्ने आवश्यकतालाई केन्द्रविन्दुमा राखिएको छ ।

## ३.४ दीर्घकालीन सोच तथा लक्ष्य

**दीर्घकालीन सोच**

बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज

**लक्ष्य**

सुशासन अभिवृद्धि गर्दै समृद्ध तथा समतामूलक प्रदेश निर्माण गर्ने ।

**उद्देश्य**

उपरोक्त लक्ष्य हासिल गर्न योजनाले निम्नलिखित उद्देश्यहरू राखेको छः

१. प्रदेशलाई प्रमुख कृषिजन्य वस्तु र औद्योगिक उत्पादनमा स्वनिर्भर बनाउने,
२. उच्च तथा दिगो आर्थिक वृद्धि र रोजगारीका अवसरमा व्यापक विस्तार गर्ने,
३. आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका जिल्लाहरू तथा मानव विकास सूचकाङ्कमा अति पछाडि परेका गाउँपालिकाहरूको अन्तरनिहीतको आर्थिक उपयोग गर्ने र पूर्वाधार तथा आधारभूत सेवा पुर्‍याउने,
४. मानव संशाधन योजनामार्फत भविश्यमा प्रदेशका लागि आवश्यक पर्ने विविध सिप र दक्षता भएका मानव संशाधनको प्रक्षेपण गरी सोहीअनुसार प्राविधिक तथा अन्य जनशक्ति उत्पादन गर्ने शैक्षिक प्रणाली विकास गर्ने,
५. गुणस्तरीय स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
६. मूर्त तथा अमूर्त मौलिक कला, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्धन गर्ने,
७. भौतिक पूर्वाधारलाई व्यवस्थित र गुणस्तरीय बनाउने तथा सडकसँग जोडिएका क्षेत्रमा कृषि उत्पादन, फलफूल र तरकारी उत्पादन र उद्योग व्यवसायका कार्यक्रमहरू सञ्चालन गर्ने,
८. पहाडी तथा दुर्गम क्षेत्रहरूमा छरिएर रहेका घरपरिवारलाई एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने तथा बसाईँसराइलाई निरुत्साहित गर्ने,

९. अतिविपन्न तथा सीमान्तकृत वर्ग र लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षाका लागि सबल आधार तयार गर्ने,
१०. उपलब्ध साधानस्रोतको निपुणतम उपयोगका लागि सबै सरकारी निकायहरूमा सुशासन अभिवृद्धि गर्ने,
११. लैङ्गिक समता र सामाजिक समावेशीकरण तथा दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको हक अधिकार सुनिश्चित गर्ने,
१२. विकास निर्माणका योजना तर्जुमा गर्दाकै चरणमा विपद् प्रतिकार्य, वातावरण संरक्षण, जलवायु अनुकूलन आदिलाई केन्द्रमा राख्ने ।

**रणनीति**

उल्लिखित उद्देश्यहरू हासिल गर्न निम्नबमोजिमका रणनीतिहरू लिइने छः

१. आर्थिक वृद्धिको लागि उत्पादनमूलक तथा सेवा क्षेत्रहरू जस्तैः कृषि, उद्योग, पर्यटन आदि क्षेत्रमा रूपान्तरणकारी परिवर्तन ल्याउने,
२. भौतिक पूर्वाधारको विकास मार्फत उत्पादन वृद्धि तथा आपूर्ति प्रणालीको सुदृढीकरण गर्ने,
३. मुलुकलाई आवश्यक दक्ष जनशक्ति तयार गर्न शिक्षा प्रणालीको संरचनामा परिवर्तन गर्ने,
४. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्ने,
५. लक्षित वर्ग, समूह, भूगोल केन्द्रित आर्थिक सामाजिक सशक्तीकरणका ठोस कार्यक्रमहरू सञ्चालन गर्ने,
६. सार्वजनिक निर्माण तथा सेवा प्रवाहमा संस्थागत सुशासन अभिवृद्धि गर्ने,
७. अव्यवस्थित सहर र बसोबास व्यवस्थित र उत्थानशील बनाउने,
८. विकास अभियानमा विपद् प्रतिकार्य, वातावरणमैत्री, जलवायु अनुकूलनको सुनिश्चितता गर्ने,
९. विकास निर्माण तथा सेवाप्रवाहमा सङ्घ, प्रदेश तथा स्थानीय तहबिच समन्वय र सहकार्य गर्ने।

**प्राथमिकता**

आवधिक योजनाका सोच, लक्ष्य र उद्देश्यलाई कार्यरूप दिन लिनुपर्ने प्राथमिकताः

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि,
२. प्राकृतिक स्रोत (वन, जडीबुटी, पानी, ढुङ्गा, गिट्टी, वालुवा आदि) को अत्युत्तम उपयोग,
३. स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगधन्दा,

४. श्रम सघनता भएका क्षेत्रहरूको विकास,
५. पर्यटन विकास,
६. शिक्षा तथा स्वास्थ्य,
७. मानव विकास सूचकाङ्क ज्यादै कम भएका पालिकाहरू,
८. सूचना तथा प्रविधि,
९. सुशासन प्रवर्धन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह ।

**प्रदेश रूपान्तरणकारी आयोजना**

प्रदेशको रूपान्तरणका लागि निम्नअनुसारका आयोजनाहरू प्राथमिकता दिई सञ्चालन गरिने छः

१. काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुली जिल्लाका केही पालिकाका क्षेत्रहरू समेटेर हरित क्षेत्र आयोजना,
२. सिन्धुली, काभ्रेपलाञ्चोक, ललितपुर, काठमाडौं र मकवानपुरमा पर्ने महाभारत शृङ्खलाहरूको संरक्षण, पर्यापर्यटन प्रवर्धन र जडीबुटी खेती विस्तार,
३. प्रदेश गौरवको योजनाको रूपमा पाँचपोखरी, गोसाईकुण्ड, गणेश हिमाल, जुगल हिमालको पर्यापर्यटकीय र पारिस्थितिक प्रणाली स्थापना र उपयोग योजना र कार्यान्वयन,
४. दोलखा तथा रामेछाप लक्षित गरी बृहत्तर शैलुङ पर्यटन विकास गुरुयोजना सञ्चालन,
५. सहकारीमार्फत कोदो उत्पादन तथा प्रशोधन विशेष आयोजना,
६. सहकारीमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम,
७. सहकारीमार्फत जैविक मल उद्योगको स्थापना र सञ्चालन,
८. दोलखा, धुलिखेल र नगरकोटलाई चलचित्र छायाङ्कन स्थलका रूपमा विकास,
९. कोदो, फापर लगायतका उच्च मूल्यका रैथाने बालीहरूको ब्रान्डिङ,
१०. दलित, महिला, विपन्न, सीमान्तकृत समुदाय, लोपोन्मुख समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, असहाय, हिंसा पीडित लगायतका समुदायको संरक्षण, सशक्तीकरण र आधारभूत सेवा सुविधामा पहुँच वृद्धि,
११. दोलखाको जिरीमा कृत्रिम ताल निर्माण गरी पर्यटन प्रवर्धन।

## ३.५ विकासमा विभिन्न क्षेत्रको भूमिका

नेपालको संविधानमा आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने निर्देशक सिद्धान्त रहेको छ । यसैले प्रदेशको दिगो आर्थिक वृद्धि र सर्वाङ्गीण विकासको लागि सरकारले नेतृत्वदायी, सहजकर्ता, सहयोगी

तथा नियमनकारी भूमिका निर्वाह गर्नेछ भने निजी क्षेत्रले उत्पादन वृद्धि, उद्योगधन्दामा लगानी, व्यापार व्यवसाय सञ्चालन लगायतका भूमिका निर्वाह गर्नेछ । त्यस्तै सहकारी क्षेत्र निजी क्षेत्र खासै आकर्षित नहुने ग्रामीण तथा दुर्गमा क्षेत्रमा उत्पादन, बिक्री वितरण तथा अन्य सेवाका कार्यहरूमा संलग्न हुने छ भने गैरसरकारी क्षेत्र मूलतः विकास तथा नीति पैरवीको भूमिका निर्वाह गर्नेछ । केही कार्यक्रमहरूमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य हुने छ ।

## ३.६ दोस्रो आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य

दोस्रो आवधिक योजना अवधिमा औसत आर्थिक वृद्धिदर ६.४ प्रतिशत हुने र योजनाको अन्त्यमा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ३१ खर्ब ३५ अर्बको तथा प्रतिव्यक्ति आय ३५८० अमेरिकी डलर हुने छ । क्षेत्रगत आधारमा प्राथमिक क्षेत्रको वृद्धिदर ६.८ प्रतिशत, द्वितीय क्षेत्रको वृद्धिदर ७.० प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर ६.० प्रतिशत हुने अनुमान गरिएको छ ।

**तालिका ३.१: कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत मूल्यअभिवृद्धिको लक्ष्य (रकम रु. दश लाखमा)**

| क्षेत्र | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजनाको औसत |
|---|---|---|---|---|---|---|---|
| प्राथमिक क्षेत्र | १२६६४५.७ | १३५४७०.५ | १४५२७२.१ | १५५४७१.९ | १६५७९२.१ | १७५६३८.६ | |
| वृद्धिदर | | ७.० | ७.२ | ७.० | ६.६ | ५.९ | ६.८ |
| द्वितीय क्षेत्र | ११२२४८.१ | १२००६९.७ | १२८४९६.१ | १३७५८९.३ | १४७०४९.२ | १५७५७९.२ | |
| वृद्धिदर | | ७.० | ७.० | ७.१ | ६.९ | ७.२ | ७.० |
| सेवा क्षेत्र | ६२४१०७.६ | ६६०५२९.४ | ६९९४५४.९ | ७४१५३६.३ | ७८७६२६.९ | ८३५५३३.५ | |
| वृद्धिदर | | ५.८ | ५.९ | ६.० | ६.२ | ६.१ | ६.० |

**तालिका ३.२: कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत मूल्यअभिवृद्धिको लक्ष्य प्रचलित मूल्यमा (रकम रु. दश लाखमा)**

| क्षेत्र | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | २०८३२२ | २१२५२७.५ | २४४७८६.१ | २६२४१०.७ | २८०२५४.६ | २९७०६९.९ |
| खानी तथा उत्खनन | ११७६८ | १२५५२.४५ | १३४५५.७८ | १४०४७.८३ | १४६३७.८४ | १५३६९.७३ |
| उत्पादनमूलक उद्योग | ८९१८५ | ८९२१४.०५ | ९०५७७.०४ | ९२७०१.८७ | ९५०८२.३६ | ९८९१६.३३ |
| विद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ३०३०५ | ३५७६२.०९ | ३८४४४.२५ | ४११३५.३५ | ४३६०३.४७ | ४६७४२.९२ |

| क्षेत्र | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|
| पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ५२२१ | ६३४४.५२ | ६६१०.९९ | ६९०१.८७३ | ७१९१.७५२ | ७५०८.१८९ |
| निर्माण | ६९८२६ | ७२४७६.८१ | ७७१८७.८ | ८२५९०.९५ | ८८५३७.५ | ९४७३५.१२ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा | ३९५३९६ | ४२२३७९.३ | ४४२६५३.५ | ४६५६७१.५ | ४९१७४९.१ | ५२१२५४ |
| यातायात तथा भण्डारण | १७३७०३ | १७७७९१.२ | १९०५९२.२ | २०३९३३.६ | २१९२२८.७ | २३३२५९.३ |
| आवास तथा भोजन सेवा | ४८६२७ | ५४५८०.५१ | ६१४०३.०८ | ६८१५७.४१ | ७३९५०.७९ | ७९८६६.८६ |
| सूचना तथा सञ्चार | ३०६११ | ४४५९२.४२ | ४८४४८.०७ | ५०८७०.४७ | ५२९०५.२९ | ५५१२७.३१ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | २१२८६१ | २३३७९२.५ | २५२०२८.३ | २७०१७४.४ | २९०४३७.४ | ३१०१८७.२ |
| घरजग्गा कारोबार सेवा | २८१५२१ | २९४२९७.३ | ३०८४२३.६ | ३२५०७८.४ | ३४३२८२.८ | ३६१८२०.१ |
| पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ३३२४३ | ३५८०१.९४ | ३७६२७.८४ | ३९४७१.६ | ४१६०३.०७ | ४३९३२.८४ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | २६२९० | २८०७८.४७ | २९५९४.७१ | ३१०१५.२५ | ३२७५२.११ | ३४३८९.७१ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ८९९६१ | ९३०४६.७७ | ९५१९४ | १०१०९६ | १०७१६१.८ | ११३५९१.५ |
| शिक्षा | ९१८११ | ९४४०९.२ | ९४५३९.४२ | १००४००.९ | १०७२२८.१ | ११४९४८.६ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | २४५७४ | २६१५२.८७ | २८११४.३४ | ३०१३८.५७ | ३२३०८.५५ | ३४५७०.१४ |
| अन्य सेवाका क्रियाकलापहरू | १३००० | १३५०१.५९ | १४२०३.६८ | १५०५५.९ | १५९८९.३६ | १७०२८.६७ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | १८३६२२४ | १९४७३०१ | २०७३८८५ | २२००८५३ | २३३७९०५ | २४८०३१८ |
| खुद वस्तु तथा सेवा उत्पादन कर | २३८१९४ | ४२३९८५.३ | ४६२१४४ | ५०८३५८.४ | ५६९३६१.४ | ६५४७६५.६ |
| कुल गार्हस्थ्य उत्पादन | २०७४४१८ | २३७१२८७ | २५३६०२९ | २७०९२११ | २९०७२६६ | ३१३५०८४ |
| प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) | २४८६ | २८१४ | २९८१ | ३१५४ | ३३५२ | ३५८० |

**तालिका ३.३: कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत मूल्यअभिवृद्धिको लक्ष्य (रकम रु. दश लाखमा)**

| क्षेत्र | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ११८००७.९ | १२६५०४.४ | १३५९९२.३ | १४५७८३.७ | १५५६९७.० | १६५०३८.८ |
| खानी तथा उत्खनन | ८६३७.८ | ८९६६.० | ९२७९.८ | ९६८८.२ | १००९५.१ | १०५९९.८ |
| उत्पादनमूलक उद्योग | ४५८९२.० | ४९५६३.४ | ५३२८०.६ | ५७२२३.४ | ६१३४३.५ | ६५९४४.२ |
| विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | २०८५०.१ | २२३५१.३ | २४०२७.७ | २५७०९.६ | २७२५२.२ | २९२१४.३ |
| पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ४०६७.० | ४२२९.७ | ४४०७.३ | ४६०१.२ | ४७९४.५ | ५००५.५ |
| निर्माण | ४१४३९.० | ४३९२५.३ | ४६७८०.५ | ५००५५.१ | ५३६५९.१ | ५७४१५.२ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा | १९७१६६.२ | २०६०३८.७ | २१५९२८.५ | २२७१५६.८ | २३९८७७.६ | २५४२७०.३ |
| यातायात तथा भण्डारण | ६५८४८.६ | ७१११६.५ | ७६२३६.९ | ८१५७३.५ | ८७६९१.५ | ९३३०३.७ |
| आवास तथा भोजन सेवा | १७४०४.५ | १९४९३.० | २१९२९.७ | २४३४१.९ | २६४११.० | २८५२३.९ |
| सूचना तथा सञ्चार | ३०१९१.२ | ३१८५१.७ | ३३४१२.५ | ३५०८३.१ | ३६४८६.४ | ३८०१८.८ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | ९००३१.० | ९७४१३.५ | १०५०११.८ | ११२५७२.६ | १२१०१५.६ | १२९२४४.७ |
| घरजग्गा कारोबार सेवा | १२८०११.० | १३३७७१.५ | १४०१९२.५ | १४७७६२.९ | १५६०३७.६ | १६४४६३.७ |
| पेसागत वैज्ञानिक तथा प्राविधिक कृयिाकलापहरू | १४८५३.१ | १५५६६.१ | १६३५९.९ | १७१६१.६ | १८०८८.३ | १९१०१.२ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | १२७३४.० | १३३७०.७ | १४०९२.७ | १४७६९.२ | १५५९६.२ | १६३७६.१ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | २२३८१.० | २३८५८.१ | २५३८५.१ | २६९५८.९ | २८५७६.५ | ३०२९१.१ |
| शिक्षा | ३०८८७.० | ३२५५४.९ | ३४३७८.० | ३६५०९.४ | ३८९९२.० | ४१७९९.५ |

| क्षेत्र | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ९२३२.० | ९८६९.० | १०६०९.२ | ११३७३.० | १२१९१.९ | १३०४५.३ |
| अन्य सेवाका क्रियाकलापहरू | ५३६८.० | ५६२५.७ | ५९१८.२ | ६२७३.३ | ६६६२.२ | ७०९५.३ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | ८६३००१.४ | ९१६०६९.६ | ९७३२२३.१ | १०३४५९७.५ | ११००४६८.२ | ११६८७५१.३ |
| खुद वस्तु तथा सेवा उत्पादन कर तथा अनुदान | १०१०१३ | १०८०८३.९ | ११५८६६ | १२४५५५.९ | १३४५२०.४ | १४५२८२ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ९६४०१४.४ | १०२४१५३.५ | १०८९०८९.१ | ११५९१५३.४ | १२३४९८८.६ | १३१४०३३.३ |

दोस्रो आवधिक योजनाको अन्तिम वर्ष २०८५/८६ मा कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवाको २१ प्रतिशत, घरजग्गा कारोबार सेवा १४.६ प्रतिशत, वित्तीय तथा बिमा क्रियाकलापहरू १२.५ प्रतिशत तथा कृषि क्षेत्रको योगदान १२ प्रतिशत योगदान रहने छ ।

**तालिका ३.४: औद्यागिक वर्गीकरणअनुसारको योगदान हिस्सा**

| औद्योगिक वर्गीकरण | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ११.३ | १०.९ | ११.८ | ११.९ | १२ | १२ |
| खानी तथा उत्खनन | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ |
| उत्पादनमूलक उद्योग | ४.९ | ४.६ | ४.४ | ४.२ | ४.१ | ४ |
| विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | १.७ | १.८ | १.९ | १.९ | १.९ | १.९ |
| पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ०.३ | ०.३ | ०.३ | ०.३ | ०.३ | ०.३ |
| निर्माण | ३.८ | ३.७ | ३.७ | ३.८ | ३.८ | ३.८ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा | २१.५ | २१.७ | २१.३ | २१.२ | २१ | २१ |
| यातायात तथा भण्डारण | ९.५ | ९.१ | ९.२ | ९.३ | ९.४ | ९.४ |

| औद्योगिक वर्गीकरण | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|
| आवास तथा भोजन सेवा | २.६ | २.८ | ३ | ३.१ | ३.२ | ३.२ |
| सूचना तथा सञ्चार | १.७ | २.३ | २.३ | २.३ | २.३ | २.२ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | ११.६ | १२ | १२.२ | १२.३ | १२.४ | १२.५ |
| घरजग्गा कारोबार सेवा | १५.३ | १५.१ | १४.९ | १४.८ | १४.७ | १४.६ |
| पेसागत वैज्ञानिक तथा प्राविधिक कृयिाकलापहरू | १.८ | १.८ | १.८ | १.८ | १.८ | १.८ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | १.४ | १.४ | १.४ | १.४ | १.४ | १.४ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ४.९ | ४.८ | ४.६ | ४.६ | ४.६ | ४.६ |
| शिक्षा | ५ | ४.८ | ४.६ | ४.६ | ४.६ | ४.६ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | १.३ | १.३ | १.४ | १.४ | १.४ | १.४ |
| अन्य सेवाका क्रियाकलापहरू | ०.७ | ०.७ | ०.७ | ०.७ | ०.७ | ०.७ |

**तालिका ३.५: कुल गार्हस्थ्य उत्पादनको औद्योगिक वर्गीकरणअनुसार अनुमानित वृद्धिदर**

| औद्योगिक वर्गीकरण | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | योजना अवधिको औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ७.२ | ७.५ | ७.२ | ६.८ | ६ | ६.९४ |
| खानी तथा उत्खनन | ३.८ | ३.५ | ४.४ | ४.२ | ५ | ४.१८ |
| उत्पादनमूलक उद्योग | ८ | ७.५ | ७.४ | ७.२ | ७.५ | ७.५२ |
| विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ७.२ | ७.५ | ७ | ६ | ७.२ | ६.९८ |

| औद्योगिक वर्गीकरण | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | ०८५ /८६ | योजना अवधिको औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|
| पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ४ | ४.२ | ४.४ | ४.२ | ४.४ | ४.२४ |
| निर्माण | ६ | ६.५ | ७ | ७.२ | ७ | ६.७४ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा | ४.५ | ४.८ | ५.२ | ५.६ | ६ | ५.२२ |
| यातायात तथा भण्डारण | ८ | ७.२ | ७ | ७.५ | ६.४ | ७.२२ |
| आवास तथा भोजन सेवा | १२ | १२.५ | ११ | ८.५ | ८ | १०.४ |
| सूचना तथा सञ्चार | ५.५ | ४.९ | ५ | ४ | ४.२ | ४.७२ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | ८.२ | ७.८ | ७.२ | ७.५ | ६.८ | ७.५ |
| घरजग्गा कारोबार सेवा | ४.५ | ४.८ | ५.४ | ५.६ | ५.४ | ५.१४ |
| पेसागत वैज्ञानिक तथा प्राविधिक कृयिाकलापहरू | ४.८ | ५.१ | ४.९ | ५.४ | ५.६ | ५.१६ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | ५ | ५.४ | ४.८ | ५.६ | ५ | ५.१६ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ६.६ | ६.४ | ६.२ | ६ | ६ | ६.२४ |
| शिक्षा | ५.४ | ५.६ | ६.२ | ६.८ | ७.२ | ६.२४ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६.९ | ७.५ | ७.२ | ७.२ | ७ | ७.१६ |
| अन्य सेवाका क्रियाकलापहरू | ४.८ | ५.२ | ६ | ६.२ | ६.५ | ५.७४ |
| कुल गार्हस्थ्य उत्पादन | ६.२ | ६.३ | ६.४ | ६.५ | ६.४ | ६.४ |

## ३.७ योजनामा गरिने लगानी रकम र सोको स्रोत व्यवस्थापन

योजनाले तय गरेको आर्थिक वृद्धि हासिल गर्न कुल लगानी रु. ३१ खर्ब ५२ अर्ब ४८ करोड आवश्यक पर्ने अनुमान गरिएको छ । सो लगानीमध्ये प्रदेश सरकारको हिस्सा २२.५ प्रतिशत, निजी क्षेत्रको हिस्सा ६९.६ प्रतिशत र सहकारी क्षेत्रको हिस्सा ७.९ प्रतिशत हुने अनुमान गरिएको छ । यस आधारमा योजनाको पाँच वर्षमा सरकारले रु. ७ खर्ब ८ अर्ब लगानी गर्नुपर्ने हुन्छ ।

**तालिका ३.६: अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी (रु. दशलाखमा)**

| औद्योगिक वर्गीकरण | सीमान्त पुँजी उत्पादन अनुपात | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | योजनाको कुल लगानी |
|---|---|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | २.९७ | १२४८९.६ | ९५८०८.१ | ५२३४५.१ | ५२९९६.५ | ४९९४१.४ | २६३५८०.६ |
| खानी तथा उत्खनन | ५.७१ | ४४८०.९ | ५१५८.० | ३३८०.६ | ३३६९.० | ४१७९.१ | २०५६७.६ |
| उत्पादनमूलक उद्योग | ५.३५ | १५५.४ | ७२९२.० | ११३६७.८ | १२७३५.६ | २०५११.७ | ५२०६२.६ |
| विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | १३.१२ | ७१५९३.१ | ३५१८९.९ | ३५३०७.२ | ३२३८१.७ | ४११८९.६ | २१५६६१.५ |
| पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ६.५६ | ७३७०.३ | १७४८.० | १९०८.२ | १९०१.६ | २०७५.८ | १५००४.० |
| निर्माण | ३.५३ | ९३५८.८ | १६६२९.८ | १९०७३.१ | २०९९१.३ | २१८७७.६ | ८७९३०.६ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा | २.७६ | ७४४७५.० | ५५९५६.८ | ६३५२९.६ | ७१९७४.२ | ८१४३३.६ | ३४७३६९.३ |
| यातायात तथा भण्डारण | ११.३६ | ४६६०५.७ | १४५४१९.० | १५१५५८.९ | १७३७५१.५ | १५९३८८.० | ६७६७२३.१ |

| औद्योगिक वर्गीकरण | सीमान्त पुँजी उत्पादन अनुपात | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | योजनाको कुल लगानी |
|---|---|---|---|---|---|---|---|
| आवास तथा भोजन सेवा | ६.०६ | ३६०७८.३ | ४१३४४.७ | ४०९३१.३ | ३५१०७.९ | ३५८५१.३ | १८९३१३.५ |
| सूचना तथा सञ्चार | ९.९२ | १३८६९७.६ | ३८२४८.१ | २४०३०.२ | २०१८५.४ | २२०४२.५ | २४३२०३.८ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | २.८२ | ५९०२६.८ | ५१४२५.० | ५११७१.८ | ५७१४१.९ | ५५६९४.३ | २७४४५९.८ |
| घरजग्गा कारोबार सेवा | ५.६४ | ७२०५८.३ | ७९६७२.२ | ९३९३३.५ | १०२६७२.८ | १०४५५०.२ | ४५२८८६.९ |
| पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | २.९ | ७४२०.९ | ५२९५.१ | ५३४६.९ | ६१८१.३ | ६७५६.३ | ३१०००.५ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | ३.०२ | ५४०२.१ | ४५७९.० | ४२९०.० | ५२४५.३ | ४९४५.६ | २४४६२.० |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ३.४२ | १०५५३.३ | ७३४३.५ | २०१८४.९ | २०७४४.९ | २१९८९.६ | ८०८१६.३ |
| शिक्षा | ४.०४ | १०४९६.७ | ५२६.१ | २३६८०.२ | २७५८२.१ | ३११९०.५ | ९३४७५.७ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ७.३२ | ११५५७.३ | १४३५७.९ | १४८१७.४ | १५८८४.२ | १६५५४.९ | ७३१७१.८ |
| अन्य सेवाका क्रियाकलापहरू | २.६८ | १३४४.३ | १८८१.६ | २२८४.० | २५०१.७ | २७८५.३ | १०७९६.८ |
| जम्मा लगानी | ४.७७ | ५७९१६४.५ | ६०७८७४.९ | ६१९१४०.९ | ६६३३४८.८ | ६८२९५७.४ | ३१५२४८६.६ |

*नोटः सीमान्त पुँजी-उत्पादन अनुपात सङ्घीय सरकारको सोह्रौं योजनाबाट लिइएको ।*

**तालिका ३.७: दोस्रो आवधिक योजनाको क्षेत्रगत लगानी (रु. दश लाखमा)**

| औद्योगिक वर्गीकरण | सार्वजनिक | | निजी | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम |
| कृषि, वन र मत्स्यपालन | २५ | ६५८९५.२ | ५५.० | १४४९६९.३ | २०.० | ५२७१६.१ | १००.० | २६३५८०.६ |
| खानी तथा उत्खनन | ३५ | ७१९८.७ | ६५.० | १३३६९.० | ०.० | ०.० | १००.० | २०५६७.६ |
| उत्पादनमूलक उद्योग | २० | १०४१२.५ | ६५.० | ३३८४०.७ | १५.० | ७८०९.४ | १००.० | ५२०६२.६ |
| विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ५५ | ११८६१३.८ | ४०.० | ८६२६४.६ | ५.० | १०७८३.१ | १००.० | २१५६६१.५ |
| पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ७० | १०५०२.८ | २८.० | ४२०१.१ | २.० | ३००.१ | १००.० | १५००४.० |
| निर्माण | ४० | ३५१७२.२ | ५५.० | ४८३६१.८ | ५.० | ४३९६.५ | १००.० | ८७९३०.६ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा | ५ | १७३६८.५ | ८५.० | २९५२६३.९ | १०.० | ३४७३६.९ | १००.० | ३४७३६९.३ |
| यातायात तथा भण्डारण | १५ | १०१५०८.५ | ८०.० | ५४१३७८.५ | ५.० | ३३८३६.२ | १००.० | ६७६७२३.१ |
| आवास तथा भोजन सेवा | ५ | ९४६५.७ | ९०.० | १७०३८२.२ | ५.० | ९४६५.७ | १००.० | १८९३१३.५ |
| सूचना तथा सञ्चार | २५ | ६०८०१.० | ७०.० | १७०२४२.७ | ५.० | १२१६०.२ | १००.० | २४३२०३.८ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | १५ | ४११६९.० | ७५.० | २०५८४४.९ | १०.० | २७४४६.० | १००.० | २७४४५९.८ |
| घरजग्गा कारोबार सेवा | ५ | २२६४४.३ | ८५.० | ३८४९५३.९ | १०.० | ४५२८८.७ | १००.० | ४५२८८६.९ |

| औद्योगिक वर्गीकरण | सार्वजनिक | | निजी | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम |
| पेसागत वैज्ञानिक तथा प्राविधिक कृयिाकलापहरू | २५ | ७७५०.१ | ७०.० | २१७००.४ | ५.० | १५५०.० | १००.० | ३१०००.५ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | ७० | १७१२३.४ | ३०.० | ७३३८.६ | ०.० | ०.० | १००.० | २४४६२.० |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १०० | ८०८१६.३ | ०.० | ०.० | ०.० | ०.० | १००.० | ८०८१६.३ |
| शिक्षा | ६० | ५६०८५.४ | ३५.० | ३२७१६.५ | ५.० | ४६७३.८ | १००.० | ९३४७५.७ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६० | ४३९०३.१ | ३५.० | २५६१०.१ | ५.० | ३६५८.६ | १००.० | ७३१७१.८ |
| अन्य सेवाका क्रियाकलापहरू | १५ | १६१९.५ | ७५.० | ८०९७.६ | १०.० | १०७९.७ | १००.० | १०७९६.८ |
| जम्मा | **२२.५** | **७०८०५०.०** | **६९.६** | **२१९४५३५.७** | **७.९** | **२४९९००.९** | **१००.०** | **३१५२४८६.६** |

सरकारले गर्नुपर्ने लगानी रु. ७ खर्ब ८ अर्ब मध्ये प्रदेश सरकारले रु ५ खर्ब २४ अर्ब र बाँकी रु. १ खर्ब ८४ अर्ब सङ्घीय सरकार र स्थानीय सरकारसँगको सहकार्यमा लगानी हुने अनुमान छ । प्रदेश सरकारले ब्यहोर्ने रु. ५ खर्ब २४ अर्बमध्ये अनुदानबाट रु. १ खर्ब २९ अर्ब ६८ करोड (२४.७ प्रतिशत) र परम्परागत स्रोतबाट रु. ३ खर्ब ९४ अर्ब ६४ करोड (७५.३ प्रतिशत) परिचालन हुने छ।

**तालिका ३.८: सरकारी लगानीको अनुमानित स्रोत व्यवस्थापन (रु. करोडमा)**

| स्रोतहरू | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| समानीकरण अनुदान | ८६९ | ९५५.९ | १०५१.५ | ११५६.६ | १२७२.३ | १३९९.५ | ५८३५.९ |
| ससर्त अनुदान | ७८०.९ | ८९८ | १०३२.७ | ११८७.६ | १३६५.७ | १५७०.६ | ६०५४.५ |
| समपूरक अनुदान | ९३.५ | १०२.९ | ११३.१ | १२४.४ | १३६.९ | १५०.६ | ६२७.९ |

| स्रोतहरू | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| विशेष अनुदान | ६७.१ | ७३.८ | ८१.२ | ८९.३ | ९८.२ | १०८.१ | ४५०.६ |
| जम्मा अनुदान | १८१०.५ | २०३०.५ | २२७८.५ | २५५८ | २८७३.१ | ३२२८.७ | १२९६८.९ |
| कुल स्रोतमा अनुदानको हिस्सा (प्रतिशत) | २६.८ | २६.२ | २५.६ | २४.९ | २४.३ | २३.६ | २४.७ |
| सवारी साधन विभाज्य कोष | ६२७.९ | ६५९.३ | ६९२.३ | ७२६.९ | ७६३.२ | ८०१.४ | ३६४३ |
| कर राजस्व | ३०९४.८ | ३७१३.८ | ४४५६.५ | ५३४७.८ | ६४१७.४ | ७७००.९ | २७६३६.३ |
| अन्य राजस्व | ७००.७ | ७७०.८ | ८४७.८ | ९३२.६ | १०२५.९ | ११२८.५ | ४७०५.६ |
| रोयल्टी | ५१८.१ | ५६९.९ | ६२६.९ | ६८९.६ | ७५८.६ | ८३४.४ | ३४७९.४ |
| परम्परागत स्रोत | ४९४१.५ | ५७१३.८ | ६६२३.५ | ७६९६.९ | ८९६५.१ | १०४६५.२ | ३९४६४.३ |
| कुल स्रोतमा परम्परागत स्रोत को हिस्सा (प्रतिशत) | ७३.२ | ७३.८ | ७४.४ | ७५.१ | ७५.७ | ७६.४ | ७५.३ |
| जम्मा | ६७५२ | ७७४४.३ | ८९०२ | १०२५४.९ | ११८३८.२ | १३६९३.९ | ५२४३३.२ |

बागमती प्रदेशको केही आर्थिक सामाजिक परिसूचकका हालको स्थिति र दोस्रो आवधिक योजनाका लक्ष्य तथा सङ्घीय सरकारको सोह्रौं योजनाको लक्ष्य तालिका ३.९ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.९: बागमती प्रदेशको दोस्रो आवधिक योजना र सङ्घीय सरकारको सोह्रौं योजनाका केही लक्ष्यहरू**

| क्र.सं | सूचक | एकाइ | बागमती प्रदेश | | सोह्रौं योजनाको लक्ष्य (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य २०८५/८६) | |
| १ | औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.६३ | ६.४ | ७.३ |
| २ | प्राथमिक क्षेत्रको वृद्धिदर (औसत) | प्रतिशत | २.३ | ६.८ | ३.९ |
| ३ | द्वितीय क्षेत्रको वृद्धिदर (औसत) | प्रतिशत | १.२ | ७.० | ९.४ |
| ४ | सेवा क्षेत्रको वृद्धिदर (औसत) | प्रतिशत | ४.४ | ६.० | ७.१ |

| क.सं | सूचक | एकाइ | बागमती प्रदेश | | सोह्रौं योजनाको लक्ष्य (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य २०८५/८६) | |
| ५ | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु. दश लाखमा | | ११६८७५१.३ | |
| ५ | कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | रु. अर्ब | २०७४.४ | ३१३५.० | १०५१२.५ |
| ६ | कुल लगानी (प्रचलित मूल्यमा) | रु. अर्ब | | ३१५२.५ | ११४०९.८ |
| ७ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | २४८४ | ३५८० | २४१३ |
| ८ | गरिबीको रेखामुनीको जनसङ्ख्या | प्रतिशत | १२.६ | ७.६ | १२.० |
| ९ | औसत आयु | वर्ष | ७२.४ | ७६ | ७३ |
| १० | मानव विकास सूचकाङ्क | | ०.६६१ | ०.६८५ | ०.६५ |
| ११ | सुरक्षित खानेपानीको स्रोत प्रयोग गर्ने परिवार | प्रतिशत | ९१.९५ | १००.० | ९९.० |
| १२ | खाना पकाउने इन्धन (विजुली, एलपीजी र बायोग्यास) प्रयोग गर्ने परिवार | प्रतिशत | ७१ | ८५ | |
| १३ | बत्ती बाल्न स्वच्छ इन्धन (विजुली, सोलार र बायोग्यास)को प्रयोग गर्ने परिवार | प्रतिशत | ९९.६७ | १०० | |
| १४ | खाद्यान्न बालीको उत्पादन | मे.ट | १४५१७५५ | १७५०३२९ | |
| १५ | खाद्यबाली लगाइएको क्षेत्रफल | हेक्टर | ४७६४३२ | ५३१६७४ | |
| १६ | सिञ्चित क्षेत्रफल | हेक्टर | १३२०३६ | १५११०० | |
| | सिँचाइ सुविधा पुगेको खेतीयोग्य जमिन | प्रतिशत | ४४.६२ | ५० | |
| | खेतीयोग्य जमिन | हेक्टर | २३३०७० | | |
| १७ | साना तथा घरेलु उद्योग | सङ्ख्या | १८१२२९ | २४०००० | |
| १८ | उद्योगको क्षमता उपयोग | प्रतिशत | ४७ | ७५ | |
| १९ | पर्यटकको औसत बसाइ | दिन | १३.२ | १६ | |

| क्र.सं | सूचक | एकाइ | बागमती प्रदेश | | सोह्रौं योजनाको लक्ष्य (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य २०८५/८६) | |
| २० | पर्यटकको औसत दैनिक खर्च | अमेरिकी डलर | ४०.५ | ८५ | ८० |
| २१ | बेरोजगारी दर | प्रतिशत | ७.० | ४.० | |
| २२ | सडक विस्तार | कि.मि. | १०४३ | २००० | |
| २३ | प्रादेशिक सडक (कालोपत्रे दुईलेन) | कि.मि. | ९६३ | २००० | |
| २४ | स्थानीय तहको केन्द्रसम्म सडक पहुँच नपुगेको | सङ्ख्या | १ | ० | |
| २५ | स्थानीय तहको केन्द्रसम्म सडक पहुँच पुगेको तर पक्की सडक नभएको | सङ्ख्या | ३२ | ० | |
| २६ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९९.५ | १०० | |
| २७ | साक्षरता दर (पाँचवर्ष उमेर माथिका) | प्रतिशत | ८२.१ | १०० | ९५ |
| २८ | मातृमृत्युदर (प्रतिलाख जीवित जन्ममा) | | ९८ | ७० | ८५ |
| २९ | पाँच वर्षमुनीका बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | | २४ | २० | २२ |
| ३० | नवजात शिसु मृत्युदर | सङ्ख्या | १७ | १२ | १३ |
| ३१ | पाँच वर्षमुनीका बालबालिकामा भएको पुड्को पन | प्रतिशत | १८ | १५ | १६.६ |
| ३२ | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३० | ८० | ७० |
| ३३ | पोषण पुनस्थापना केन्द्र | सङ्ख्या | ६ | १३ | |

# परिच्छेद - चार

# आर्थिक क्षेत्र

## ४.१ कृषि, पशुपन्छी तथा मत्स्यपालन

### १. पृष्ठभूमि

नेपालको संविधानले सबै नेपालीलाई खाद्य अधिकारको प्रत्याभूति गरेको छ । दिगो विकास लक्ष्यअनुरूप नेपाल सरकारले पनि वि.सं २०८७भित्र भोकमुक्त नेपाल बनाउने नीति लिएको छ । कृषिको व्यावसायीकरण, आधुनिकीकरण तथा विविधीकरणमार्फत उत्पादन वृद्धि, रोजगारी सिर्जना, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न सकिन्छ ।

### २. वस्तुस्थिति

बागमती प्रदेशको कृषि क्षेत्रले मुलुकको कुल कृषि गार्हस्थ्य उत्पादनमा १७.६ प्रतिशत र प्रादेशिक कुल गार्हस्थ उत्पादनमा १२ प्रतिशत योगदान पुर्‍याएको छ । राष्ट्रिय कृषि गणना, २०७८ अनुसार बागमती प्रदेशमा ६ लाख ६८ हजार १७७ कृषक परिवार रहेका छन् । यो अङ्क प्रदेशको कुल परिवार सङ्ख्या १५ लाख ६७ हजार ९१७ को ४२.६२ प्रतिशत हुन आउँछ । कुल कृषक परिवारको ७२.६ प्रतिशतको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ भने २७.४ प्रतिशतको आम्दानीको मुख्य स्रोत गैरकृषि क्षेत्र रहेको छ । यस प्रदेशमा आफ्नो उत्पादनले वर्षभरी खान नपुग्ने कृषक परिवार ५५.९ प्रतिशत रहेको छ । प्रदेशको ६६.४ प्रतिशत कृषक परिवारले आफ्नो सबै उत्पादन घरायसी उपभोगमा खर्च गर्छन् भने २५.३ प्रतिशत परिवारले धेरैजसो घरायसी उपभोगमा खर्च गर्छन् भने केही बिक्री गर्छन्, ७.४ प्रतिशतले धेरैजसो बिक्री गर्छन भने थोरै जसो उपभोग गर्छन् तर ०.९ प्रतिशतले सबै उत्पादन बिक्री गर्छन् ।

कुल कृषक परिवारमा ८५ प्रतिशतको प्रमुख उत्पादन खाद्यान्न बाली रहेका छन् भने ११.१ प्रतिशतको तरकारी बाली, २.१ प्रतिशतको पशुपालन, ०.६ प्रतिशतको पन्छीपालन, ०.३ प्रतिशतको फलफूल बाली, ०.२ प्रतिशतको नगदे बाली र ०.७ प्रतिशतको अन्य कृषि उत्पादन रहेका छन् । खाद्यान्न बालीको हकमा कुल कृषक परिवारमध्ये ५५.१ प्रतिशत कृषक परिवारले धान, ८५.४ प्रतिशतले मकै र २२.७ प्रतिशतले गहुँ खेती गरेका छन् । धान, मकै र गहुँ खेती गर्ने कृषक परिवारमध्ये ४८.८ प्रतिशत धान कृषक, ६७.१ प्रतिशत मकै कृषक र ८२ प्रतिशत गहुँ कृषकले स्थानीय जातको बिउ प्रयोग गरेका छन् । धानमा ४८.१ प्रतिशत, मकैमा २९.३ प्रतिशत र गहुँमा १२.१ प्रतिशत कृषक परिवारले किटनाशक विषादी प्रयोग गर्ने गर्दछन् ।

मलको हकमा १३ प्रतिशत धान कृषक, २१.२ प्रतिशत मकै कृषक र ४१ प्रतिशत गहुँ कृषकले स्थानीय/जैविक मल प्रयोग गर्दछन् भने ७७.१ प्रतिशत धान कृषक, ७३.७ प्रतिशत मकै कृषक र ५०.४ प्रतिशत गहुँ कृषकले स्थानीय/जैविक तथा खनिज/रासायनिक मल गरी दुबै मल प्रयोग गर्दछन् । यसैगरी, ५४ हजार ६१९ कृषक परिवारले ५८७.८ हेक्टरमा सुन्तला खेती र ७८ हजार ४३५ कृषक परिवारले ४५९.५ हेक्टरमा कागती खेती गरेका छन् । १ लाख ३५ हजार १७९ कृषक परिवारले ५३१.५ हेक्टरमा आँप र १ लाख १२ हजार २३७ कृषक परिवारले १ हजार १२०.३ हेक्टरमा केरा खेती गरेका छन् ।

कुल कृषक परिवारको ७७.२ प्रतिशतले ४१ लाख १३ हजार ४६१ पशुचौपाया पालेका छन जुन प्रतिपरिवार ८ पशुचौपाया हुन आउँछ ।पशुचौपायामध्ये सङ्ख्याको हिसाबले ७०.७ प्रतिशत बाख्रा/च्याङ्ग्रा, १४.२ गाई/गोरू, ११ प्रतिशत राँगा/भैंसी, ३.१ प्रतिशत सुँगुर/बङ्गुर र भेडा/भेंडी र अन्य पशुको ०.९ प्रतिशत रहेका छन् । ३ लाख ९४ हजार ४२७ कृषक परिवारले १ करोड ५२ लाख ७३ हजार १९८ पाल्तु पन्छी पालेका छन् जुन प्रति कृषक परिवार ३८.७ वटा हुन आउँछ । कुल पाल्तु पन्छीमा जस्मा कुखुराको हिस्सा ९७.८ प्रतिशत र अन्य पन्छीको हिस्सा २.२ प्रतिशत रहेका छन् । केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्रको आ. व. २०७९/८० को तथ्याङ्कअनुसार यस प्रदेशमा कुल ३ हजार ५४७ पोखरीमा ५ हजार २१० मेट्रिक टन माछा उत्पादन भएको थियो जसमध्ये ४ हजार ६ सय मेट्रिक टन चितवनमा, २२० मेट्रिक टन मकवानपुरमा, ८९ मेट्रिक टन सिन्धुलीमा र ६६ मेट्रिक टन धादिङ् जिल्लामा उत्पादन भएको थियो।

कुल कृषक परिवारमा १२.३ प्रतिशतले कृषि ऋण लिएका, १०.४ प्रतिशतले कृषि बिमा गरेका र ८.३ प्रतिशतले कृषि अनुदान प्राप्त गरेका छन् । लैङ्गिकताको दृष्टिबाट हेर्दा ६२.८ प्रतिशत मुख्य कृषक पुरुष र ३७.२ प्रतिशत मुख्य कृषक महिला रहेका छन् ।

## ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजना अवधिमा प्रदेश कृषि विकास ऐन, २०८० तर्जुमा गरी प्रदेश सभामा पेस भएको छ । कृषि र पशुपन्छीजन्य उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्ममा करिब रु. ७० करोड ४ लाख ८० हजार दुध उत्पादनमा आधारित अनुदान कृषकलाई प्रदान गरिएको छ । साना सिँचाइ कार्यक्रममार्फत सिञ्चित क्षेत्रफल विस्तार भएको छ। पशुपन्छीमा लाग्ने महामारी रोग नियन्त्रण, कृषिमा यान्त्रीकरण प्रवर्धन तथा सामूहिक खेती कार्यक्रमको सुरुआत भएको छ । मकवारपुरको हेटौंडामा दुध पाउडर प्लान्ट र प्रादेशिक कृषि थोक बजार निर्माण भएको छ । त्यस्तै प्रदेशका आठ जिल्लामा तरकारी तथा फलफूल भण्डारणका लागि साझेदारीमा शीतभण्डार निर्माण भएका छन् ।

## ४. चुनौती

कृषि उपजहरूको उत्पादन र उत्पादकत्व न्यून रहनु, रसायनिक मल समयमा नै उपलब्ध नहुनु, सिँचाइ सुविधा पर्याप्त नहुनु, कृषिमा यान्त्रिकीकरण हुन नसक्नु, कृषि उपजको बिक्री वितरणमा समस्या हुनु, कृषियोग्य जमिनमा अनियन्त्रित सहरीकरण र बस्ती विस्तार हुनु, बसाइँसराइका कारण पहाडी क्षेत्रमा कृषियोग्य जमिन बाँझो हुँदै जानु, कृषि पेसा युवाहरूको लागि आकर्षक बन्न नसक्नु र कृषिमा जलवायु परिवर्तनको असर देखिनु आदि कृषि क्षेत्रका चुनौतीहरू हुन् । यसका अतिरिक्त सबै स्थानीय तहमा दक्ष प्राविधिक जनशक्तिसहितको कृषि प्रसार सेवा पुऱ्याउनु, सिँचाइ सुविधा विस्तार गर्नु, कृषि भूमिको संरक्षण गर्नु, समयमै मल, बिउ, उपकरण आदि उपलब्ध गराउनु, युवाहरूलाई कृषि पेसामा आकर्षित गर्नु, कृषिमा मूल्य शृङ्खला विकास गर्नु र जैविक खेतीको विस्तार गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

## ५. अवसर

भौगोलिक र मौसमी विविधताका कारण उत्पादनमा विविधताको सम्भावना हुनु, कृषिजन्य उपजको बजारको उपलब्ध हुनु, अर्गानिक कृषि उपजहरूको माग बढ्दै जानु, पहाडी क्षेत्रमा रेन्बो ट्राउट र चैते धान खेतीको विस्तार हुनु, हरियो मकै, पुष्पखेती, बेमौसमी तरकारी, च्याउ, मौरी जस्ता तुलनात्मक लाभका बाली व्यवसायमा विदेशबाट फर्केका युवाहरूको आकर्षण बढ्दै जानु, कृषि तथा पशुपन्छीजन्य उत्पादनको लागि सुपर जोन, जोन, ब्लक र पकेट क्षेत्रहरूको विकास हुनु, बाँझो जग्गाको उपयोग र जमिनको चक्लाबन्दीमा सरकारको प्राथमिकता रहनु, सडक आसपास केन्द्रित व्यावसायिक कृषि कार्यक्रम, कृषि विपद् राहत कार्यक्रम, कृषि तथा पशुपन्छी बिमा, उत्पादनमा आधारित अनुदान, कृषि औजारमा अनुदान हुनु प्रमुख अवसरहरू हुन्।

## ६. सोच

दिगो खाद्य तथा पोषण सुरक्षा ।

## ७. लक्ष्य

कृषि, पशुपन्छी तथा मत्स्यपालनलाई व्यावसायिक बनाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

## ८. उद्देश्य

१. कृषियोग्य भूमिको उपयोग बढाउने,
२. कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन प्रवर्धन गर्ने,
३. कृषिलाई आकर्षक र मर्यादित पेसाको रूपमा विकास गर्ने ।

## ९. रणनीति तथा कार्यनीति

**उद्देश्य १: कृषियोग्य भूमिको उपयोग बढाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१.१ कृषि भूमिको संरक्षणका लागि नीतिगत व्यवस्था गर्ने । | १. तीन तहको सरकारको सहकार्यमा कृषि भूमि संरक्षणका लागि उपयुक्त कानुन तर्जुमा गरी लागु गरिने छ ।<br>२. भूमि बैङ्कसम्बन्धी प्रादेशिक कानुन तर्जुमा गरी लागु गरिने छ।<br>३. एकीकृत भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । |
| ४.१.२ बाँझो जमिनको उपयोग गर्ने । | १. स्थानीय तहसँगको सहकार्यमा बाँझो जमिनको अभिलेख तयार गरिने छ ।<br>२. स्थानीय तहसँगको सहकार्यमा भूमि बैङ्कको स्थापना र सञ्चालनका लागि सहयोग र सहजीकरण गरिने छ ।<br>३. बाँझो जमिनको उपयोगसम्बन्धी नीति र योजना तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय तहलाई प्रोत्साहित गरिने छ । |

**उद्देश्य २: कृषि, पशुपन्छी तथा मत्स्य प्रवर्धन गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१.३<br>कृषि उत्पादन प्रवर्धन गर्ने। | १. धान उत्पादन वृद्धि गर्नका लागि चैते धान, बास्नादार र मसिनो धान मिसन कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. मकै, कोदो र फापर लगायतका बालीहरूको उत्पादन वृद्धिका लागि मिसन कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. दलहन र तेलहन बालीको प्रवर्धन गरिने छ ।<br>४. अदुवा, बेसार, लसुन, प्याज र खुर्सानी लगायतका मसलाजन्य बालीको उत्पादन वृद्धिका लागि मिसन कार्यक्रम सञ्चालन गरिने छ।<br>५. व्यावसायिक र बेमौसमी तरकारी खेती प्रवर्धन गरिने छ ।<br>६. आलु र च्याउ खेती प्रवर्धन गरिने छ ।<br>७. पोषणयुक्त रैथाने बालीहरू उत्पादन वृद्धिका लागि मिसन कार्यक्रम गरिने छ।<br>८. स्थानअनुसार फलफूल र पुष्पखेती प्रवर्धन गरिने छ ।<br>९. प्रमुख सहरी क्षेत्रमा सहरी कृषि प्रवर्धन गरिने छ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ४.१.४<br>कृषि उत्पादन प्रवर्धन लागि सहयोग गर्ने। | १. कृषि तथ्याङ्क व्यवस्थापन गरिने छ।<br>२. चक्लाबन्दी र जग्गा एकीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. सामुहिक, सहकारी र व्यावसायिक खेती प्रवर्धन गरिने छ ।<br>४. माटो परीक्षण र माटोको अम्लियपना कम गर्ने कार्यक्रम सञ्चालन गरिने छ।<br>५. साना सिँचाइ कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>६. बिउबिजन उत्पादन प्रवर्धन गरिने छ ।<br>७. रैथाने जातका बिउबिजनको पहिचान गरी संरक्षणका लागि सामुदायिक बिउ बैङ्क स्थापना गरिने छ ।<br>८. जैविक तथा प्राङ्गारिक खेतीसम्बन्धी प्रचार प्रसार गरिने छ ।<br>९. जलवायु परिवर्तन अनुकूल खेती प्रवर्धन गरिने छ ।<br>१०. प्रविधिमैत्री कृषि प्रसार सेवा कार्यक्रम सञ्चालन गरिने छ ।<br>११. कृषिउपज तथा पशुपन्छी एवम् पशुपन्छीजन्य उत्पादनका मूल्यबारे प्रदेश कृषि मन्त्रालय अन्तर्गत रहने गरी कृषिमूल्य सूचना प्रणालीको विकास तथा प्रचारप्रसार गरिने छ।<br>१२. समुदायमा आधारित एक वडा एक विशेष उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।<br>१३. बजार प्रवर्धन तथा न्यूनतम समर्थन मूल्यका कृषि उपज खरिद बिक्री कार्यक्रम सञ्चालन गरिने छ ।<br>१४. रसायन तथा विषादीहरूबाट कृषि क्षेत्र लगायत समग्र मानव स्वास्थमा हुने जोखिम तथा हानी बारे जनचेतानामूलक कार्यक्रम सञ्चालन गरिने छ |
| ४.१.५<br>पशुपन्छी र मत्स्य उत्पादन प्रवर्धन गर्ने। | १. दुध उत्पादन वृद्धिका लागि गाईभैंसी प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. पशुजन्य मासु उत्पादन वृद्धिका लागि पाडा, राँगा, बाखा र भेडा प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. हिमाली क्षेत्रमा चौंरी तथा चौंरीजन्य उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ ।<br>४. अण्डा र मासु प्रवर्धनका लागि कुखुरा तथा हाँस प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ ।<br>५. सम्भाव्यताका आधारमा मत्स्य उत्पादन मिसन कार्यक्रम सञ्चालन गरिने छ।<br>६. व्यावसायिक मौरी प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ । |
| ४.१.६<br>पशुपन्छी तथा मत्स्य उत्पादन प्रवर्धनका लागि सहयोग गर्ने। | १. पशुपन्छीमा लाग्ने महामारीजन्य रोग न्यूनीकरणका लागि खोप अभियान सञ्चालन गरिने छ।<br>२. पशुपन्छीको दाना उत्पादन तथा पशु आहार प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. पशु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने छ ।<br>४. स्वस्थ मासु उत्पादन र प्रशोधनका लागि आधुनिक पशु वधशाला निर्माण (विदुर, बनेपा, चितवन र हेटौंडा एक-एक वटा) गरिने छ । |
| ४.१.७<br>कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन लागि साझा कार्यक्रम सञ्चालन गर्ने। | १. उच्च मूल्यका कृषि, पशुपन्छी उपजको मूल्यशृङ्खला विकास गरिने छ ।<br>२. कृषि तथा पशुपन्छी बिमा कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. प्रदेशस्तरीय पशुपन्छी र कृषि क्वारेन्टाइन पोस्ट सञ्चालन गरिने छ।<br>४. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा भएका असल अभ्यासको प्रवर्धन गरिने छ।<br>५. वैदेशिक रोजगारीबाट फर्केका युवालक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिने छ ।<br>६. आकस्मिक र महामारीजन्य रोगहरूको नियन्त्रण तथा रोकथाम कार्यक्रम सञ्चालन गरिने छ ।<br>७. औचित्यका आधारमा बिउपुँजी तथा उत्पादनमा आधारित अनुदान प्रदान गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ८. कृषक तथा कृषि व्यवसायीहरूका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिने छ ।<br>९. कृषि तथा पशुपन्छी क्षेत्रमा आधुनिकीकरण र यान्त्रिकीकरणका लागि प्रविधि हस्तान्तरण गरिने छ ।<br>१०. कृषक तथा सरोकारवालाहरूको क्षमता विकासको लागि तालिम तथा अभिमुखीकरण सञ्चालन गरिने छ ।<br>११. स्थान विशेष र गुणस्तरको आधारमा उत्पादनको ब्रान्डिङ र बजारीकरणमा सहयोग गरिने छ ।<br>१२. कृषि प्रसार कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक कृषि/पशु प्राविधिकको व्यवस्था गरिने छ ।<br>१३. कृषि उत्पादन, प्रशोधन, बजारीकरण, अध्ययन अनुसन्धान आदिका लागि सङ्घ, प्रदेश, स्थानीय तह, सहकारी र निजी क्षेत्रबिच सहकार्य गरिने छ।<br>१४. उच्च पहाडी क्षेत्रमा चौंरी तथा भेडा, पहाडी क्षेत्र तथा तराईमा बाख्रा, कुखुरा, मौरी तथा माछा जस्ता पशुपन्छी पालनमा जोड दिइने छ ।<br>१५. स्थानीय सम्भावनाका नगदे खेती (किवी, मसलाबाली, कफी आदि) बहुखेती र सघन खेतीमार्फत कृषि उत्पादन बढाउँदै खाद्य सुरक्षा कायम गरिने छ।<br>१६. आनुवंशिक सुधारको लागि प्रदेशमा स्रोत केन्द्रहरू स्थापना गरिने छ।<br>१७. कृषि प्राविधिक उत्पादन गर्ने शैक्षिक संस्थासँग समन्वय गरी प्रदेशको आवश्यकता अनुरूपको दक्ष जनशक्ति उत्पादन गर्न प्रेरित गरिने छ |
| ४.१.८<br>अध्ययन, अनुसन्धान र कृषकको सम्मान गर्ने । | १. प्रदेश कृषि अनुसन्धान कोषको स्थापना गरी कृषि तथा वन विज्ञान विश्वविद्यालय र नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गरी कृषकको आवश्यकताअनुसारको अनुसन्धान गर्ने व्यवस्था मिलाइने छ ।<br>२. कृषि क्षेत्रमा नवप्रवर्धनलाई प्रवर्धन गर्नका लागि नवप्रवर्धन कोष स्थापन गरी सञ्चालन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. एक वडा एक विद्यार्थीका लागि ससर्त कृषि तथा पशुपन्छी अध्ययन छात्रवृति प्रदान गरिने छ ।<br>४. सिर्जनशील तथा कृषि क्षेत्रमा नवीनतम प्रणाली अवलम्बन गर्ने स्थानीय अन्वेषक कृषकलाई प्रोत्साहन एवम् कदर गरिने छ । |

**उद्देश्य ३: कृषिलाई आकर्षक र मर्यादित पेसाको रूपमा विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१.९<br>कृषक अभिलेख तयार गरी पहिचानको व्यवस्था गर्ने । | १. स्थानीय तहसँगको सहकार्यमा कृषकहरूको अभिलेख तयार गरी परिचयपत्र प्रदान गरिने छ ।<br>२. कृषक परिचयपत्रलाई सरकारी सेवा सुविधामा आबद्ध गर्दै लगिने छ। |
| ४.१.१०<br>कृषकको सम्मान गर्ने । | १. 'कृषकको नेतृत्वमा कृषि कार्यक्रम' भन्ने नारासहित प्रदेश र स्थानीय तहले आयोजना गर्ने कृषिसम्बन्धी कार्यक्रमहरूको आतिथ्यता र उद्घाटन लगायतका कार्यहरू कृषकहरूबाट नै हुने व्यवस्था गरिने छ।<br>२. कृषकहरू पुरस्कार र सम्मानपत्र प्रदान गरिने छ । |

## १०. भौगोलिक संरचना तथा हावापानी अनुकूलको खेती तथा पशुपालन

बागमती प्रदेशमा हिमाली, पहाडी, काठमाडौं उपत्यका र भित्री मधेश समेटिएको हुँदा भौगोलिक तथा जलवायुका दृष्टिले विविधता छ । त्यसैले, प्रदेशमा रहेका जिल्लाहरूको भौगोलिकस्वरूप तथा हावापानीको आधारमा क्लस्टर बनाई उपयुक्त किसिमको खेती विस्तार तथा पशुपन्छीपालन प्रवर्धन गर्न सकेमा उत्पाकत्व तथा उत्पादन वृद्धि गर्न तथा रोजगारीका अवसर सिर्जना गर्न सम्भव हुन्छ ।

क्लस्टरिङको अवधारणा अनुरूप योजना तर्जुमा गर्नेतर्फ प्रयास हुन सकेको छैन । यस्तो योजनामा जिल्लागत तथा पालिकागत आधारमा खासखास कृषि उत्पादन तथा पशुपन्छी पालनका लागि जोड दिइएको हुन्छ । यस खण्डमा जिल्लागतरूपमा पहिचान गरिएका खेती तथा पशुपन्छी पालनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

**तालिका ४.१: जिल्लागतरूपमा प्राथमिकता दिइएका कृषिबाली, फलफूल तथा पशुपन्छी**

| जिल्ला | खेतीयोग्य जमिन(हे.) | सिञ्चित क्षे.फ.(हे.) | कृषिबाली | फलफूल | पशुपन्छी तथा माछा |
|---|---|---|---|---|---|
| रामेछाप | २८४३४ | २५५६ | धान, मकै, गहुँ, कोदो, फापर, चिया, कफी, आलु, गहत, मस्याङ, अलैंची | जुनार, बेल, कागती, नासपती, किवी, स्याउ | चौंरी, रेन्बो ट्राउट, गाई, बाख्रा |
| सिन्धुली | ६२७१३ | १२२४१ | धान, मकै, गहुँ, कोदो, फापर, कफी, कागती, तरकारी, आलु, तोरी, भट्मास, लसुन | जुनार, सुन्तला, रुख कटहर, भुईं कटहर, आँप, केरा, एभोकाडो, हलुवावेद | बाख्रा, माछा, गाई, भैंसी, बँगुर |
| दोलखा | ४४५१३ | ७७२७ | धान, मकै, गहुँ, कोदो, फापर, लसुन, आलु, तरकारी, अलैंची, चिया, कफी, | किवी, स्याउ, हलुवावेद, नासपती, कागती, | चौंरी, रेन्बो ट्राउट, भेडा, गाई, बाख्रा |
| सिन्धुपाल्चोक | ७३७१० | १०३२२ | मकै, कोदो, गहुँ, धान, चिया, कफी, आलु, च्याउ | किवी, कागती, नासपती | चौंरी, रेन्बो ट्राउट, भेडा, गाई, भैंसी, बाख्रा |
| काभ्रेपलाञ्चोक | ६१५९८ | ७७१४ | कफी, आलु, खाद्यान्न, पुष्प, तरकारी, | किवी, स्ट्रवेरी, कागती, लप्सी | गाई, भैंसी, बाख्रा |
| भक्तपुर | १२७३८ | ५८१६ | तरकारी (उच्च प्रविधि), च्याउ, आलु, कौसी खेती | कागती, एभोकाडो, नासपाती, लप्सी | कुखुरा, गाई |
| ललितपुर | १५२९६ | ७२६५ | कफी, पुष्प, तरकारी (उच्च प्रविधि), मह, च्याउ, | कागती, एभोकाडो, नासपाती, लप्सी | कुखुरा, बाख्रा, भैंसी, रेन्बो ट्राउट |

| जिल्ला | खेतीयोग्य जमिन(हे.) | सिञ्चित क्षे.फ.(हे.) | कृषिबाली | फलफूल | पशुपन्छी तथा माछा |
|---|---|---|---|---|---|
| काठमाडौं | २१२०० | १२१०० | पुष्प, तरकारी, च्याउ, कौसी खेती | कागती, नासपती, लप्सी | कुखुरा, गाई |
| रसुवा | १६८११ | ४१२५ | मकै, कोदो, गहुँ, धान, आलु, तरकारी, च्याउ | कागती, स्याउ | चौंरी, रेन्बो ट्राउट, भेडा, बाख्रा |
| नुवाकोट | ४८२५३ | ७८४५ | धान, मकै, गहुँ, कोदो, फापर, जौ, आलु, तरकारी, कफी, च्याउ, मास, तोरी, सिमी, कागती, लप्सी, लसुन, प्याज | स्ट्रबेरी, किवी, नाशपती, खुर्पानी, लप्सी | रेन्बो ट्राउट, भेडा, बाख्रा |
| धादिङ | ४८१३६ | १८५१२ | धान, मकै, गहुँ, कोदो, फापर, तरकारी (उच्च प्रविधि), मकै, | लिची, कागती, सुन्तला | बाख्रा, गाई, भैंसी, रेन्बो ट्राउट, कुखुरा |
| चितवन | ४४५३७ | ३१९५० | खाद्यान्न, पुष्प, बिउ, तरकारी, मह, चिउरी, कौसी खेती, तरकारी (उच्च प्रविधि), | केरा, एभोकाडो, हलुवावेद, लिची, किवी, कागती, सुन्तला, आँप, मेवा | बाख्रा, माछा, गाई, भैसी, कुखुरा, बङ्गुर |
| मकवानपुर | ३५७७९ | १२७७५ | तरकारी, अलैची, मह, च्याउ, चिउरी, आलु, कौसी खेती | नासपती, एभोकाडो, सुन्तला, हलुवावेद, कागती, किवी | माछा, गाई, बाख्रा, बङ्गुर, रेन्बो ट्राउट |

जिल्लागतरूपमा प्रस्तावित कृषिबाली, फलफूल, पशुपन्छी तथा माछापालनलाई व्यावसायिक उत्पादन गर्न जिल्लाका पालिकाहरू, अन्तरजिल्ला पालिकाहरूलाई हावापानी तथा भूसंरचनाको आधारमा क्लस्टर बनाई किसानहरूलाई समूह वा सहकारीमार्फत उत्पादन वृद्धिका लागि सहयोग प्याकेज उपलब्ध गराइने छ ।

## ११. उत्पादन वृद्धिको लक्ष्य

**तालिका ४.२: दोस्रो आवधिक योजनामा कृषि क्षेत्रको उत्पादन वृद्धिको लक्ष्य**

| कृषिबाली | २०८०/०८१ | | | २०८५/०८६ | | | योजना अवधिमा थप | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मे.ट) | खेती लगाइएको क्षे.फ. (हे) | उत्पादकत्व | उत्पादन (मे.ट) | खेती लगाइएको क्षे.फ. (हे) | उत्पादकत्व | खेती लगाइएको क्षे.फ. (हे) | उत्पादकत्व |
| धान | ५१९२१८ | १३६०९० | ३.८ | ५९२३०६ | १४२८२८ | ४.१ | ६७३८ | ७३०८८ |
| मकै | ७१२०१७ | २१८५०१ | ३.३ | ८१२२४५ | २२९३१८ | ३.५ | १०८१७ | १००२२८ |
| गहुँ | १७७१६१ | ५९७४८ | ३.० | २०२०९९ | ६२७०५ | ३.२ | २९५७ | २४९३८ |
| कोदो | ६९०२१ | ६०३५७ | १.१ | १३५००० | ९०००० | १.५ | २९६४३ | ६५९७९ |
| फापर | ४९९५ | ४६५६ | १.१ | ५६९८ | ४८८७ | १.२ | २३१ | ७०३ |
| जौ | २६१३ | १८४४ | १.४ | २९८१ | १९३६ | १.५ | ९२ | ३६८ |
| आलु | ७१५४०९ | ३३४९१ | २१.४ | ७८७९९५ | ३५१४९ | २२.४ | १६५८ | ७२५८६ |
| तेलहन | ३२६७२ | २९६७८ | १.१ | ३५९८७ | ३११४७ | १.२ | १४६९ | ३३१५ |
| दलहन | २२५९२ | १९११८ | १.२ | २४८८४ | २००६५ | १.२ | ९४७ | २२९२ |
| अदुवा | ४३९२७ | ३४९१ | १२.६ | ४८३८४ | ३६६३ | १३.२ | १७२ | ४४५७ |
| अलैंची | ३९९ | ७१९ | ०.६ | ४४० | ७५५ | ०.६ | ३६ | ४१ |
| तरकारी | ७७७३७६ | ५३४१३ | १४.६ | ८५६२४९ | ५६०५७ | १५.३ | २६४४ | ७८८७३ |
| फलफूल | १९१३४१ | १६८४० | ११.४ | २१०७५५ | १७६७३ | ११.९ | ८३३ | १९४१४ |
| दुध | ४९१८४८ | | | ६०९४०० | | | | ११७५५२ |
| मासु | १५९८१० | | | २०३९६३ | | | | ४४१५३ |

| कृषिबाली | २०८०/०८१ | | | २०८५/०८६ | | | योजना अवधिमा थप | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मे.ट) | खेती लगाइएको क्षे.फ. (हे) | उत्पाद कत्व | उत्पादन (मे.ट) | खेती लगाइएको क्षे.फ. (हे) | उत्पाद कत्व | खेती लगाइएको क्षे.फ. (हे) | उत्पादकत्व |
| अण्डा (गोटा) हजारमा | ८२५५७९ | | | १०५३६७२ | | | | २२८०९३ |
| माछा | ४०७० | | | ५१९४ | | | | ११२४ |

*स्रोतः बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०*

## १२. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **क** | **नीति, कानुन र योजना** | | √ | √ | | |
| १ | कृषि भूमि संरक्षणको लागि उपयुक्त कानुन तर्जुमा | | √ | √ | | |
| २ | भूमि बैङ्कसम्बन्धी प्रादेशिक कानुन तर्जुमा | | √ | √ | | |
| ३ | एकीकृत भूउपयोग योजना तर्जुमा | | √ | √ | | |
| **ख** | **कृषिको उत्पादन र उत्पादकत्व वृद्धि** | | | | | |
| ४ | चैते धान प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ५ | मसिनो तथा बास्नादार धान प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ६ | मकै खेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ७ | कोदो खेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ८ | फापर खेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ९ | तेलहन बाली प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १० | दलहन बाली प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ११ | मसला बाली प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| १२ | रैथाने बाली प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| १३ | व्यावसायिक तरकारी खेती विकास कार्यक्रम | √ | √ | √ | √ | √ |
| १४ | बैमौसमी तरकारी खेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| १५ | आलु खेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| १६ | च्याऊ खेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| १७ | सहरी कृषि प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| १८ | आलङ्कारिक पुष्पखेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| १९ | फलफूल खेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| **ग** | **पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व वृद्धि** | | | | | |
| २० | गाईभैंसी/राँगा प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| २१ | बाखा/भेंडा प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| २२ | कुखुरा/हाँस (मासु अण्डा) प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| २३ | चौंरी तथा चौंरीजन्य उत्पादन प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| २४ | मत्स्य उत्पादन प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| २५ | मौरी प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| **घ** | **कृषिका लागि लगानी (प्रोडक्टिभ इन्पुट्स)** | | | | | |
| २६ | कृषि तथ्याङ्क व्यवस्थापन कार्यक्रम | √ | √ | √ | √ | √ |
| २७ | बाँझो जमिनको अभिलेख तयार | | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| २८ | भूमि बैङ्कको स्थापना र सञ्चालन | | √ | √ | √ | √ |
| २९ | चक्लाबन्दी र जग्गा एकीकरणसम्बन्धी कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३० | सामुहिक, सहकारी र व्यावसायिक खेती प्रवर्धन | √ | √ | √ | √ | √ |
| ३१ | माटो परीक्षण कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३२ | माटोको अम्लीयपना कम गर्ने कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३३ | साना सिँचाइ कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३४ | बिउबिजन उत्पादन प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३५ | कृषि यान्त्रीकीकरण प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३६ | रैथाने जातका बिउबिजनको पहिचान गरी संरक्षणका लागि सामुदायिक बिउ बैङ्क स्थापना | √ | √ | √ | √ | √ |
| ३७ | एक प्रदेश निर्वाचन क्षेत्र-एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम | | √ | √ | √ | √ |
| ३८ | जैविक तथा प्राङ्गारिक खेतीसम्बन्धी प्रचार प्रसार | √ | √ | √ | √ | √ |
| ३९ | जलवायु परिवर्तन अनुकूल खेती प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ४० | प्रविधिमैत्री कृषि प्रसार सेवा कार्यक्रम | √ | √ | √ | √ | √ |
| ४१ | कृषिमूल्य सूचना प्रणालीको स्थापना र सञ्चालन | √ | √ | √ | √ | √ |
| ४२ | समुदायमा आधारित एक वडा एक विशेष उत्पादन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ४३ | बजार प्रवर्धन तथा न्यूनतम समर्थन मूल्यका कृषि उपज खरिद बिक्री कार्यक्रम | √ | √ | √ | √ | √ |
| **ङ** | **पशुपन्छीका लागि लगानी (प्रोडक्टिभ इन्पुट्स)** | | | | | |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ४४ | पशुपन्छीमा लाग्ने महामारीजन्य रोग न्यूनीकरणको लागि खोप अभियान | √ | √ | √ | √ | √ |
| ४५ | पशुपन्छीको दाना उत्पादन तथा पशु आहार प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ४६ | पशु स्वास्थ्य सेवा कार्यक्रम | √ | √ | √ | √ | √ |
| ४७ | आधुनिक पशु वधशाला निर्माण (विदुर, बनेपा, चितवन र हेटौँडा एक-एक वटा) | √ | √ | √ | √ | √ |
| ४८ | आधुनिक खोर तथा गोठ प्रवर्धन | √ | √ | √ | √ | √ |
| **च** | **कृषि तथा पशुपन्छीका लागि साझा लगानी (प्रोडक्टिभ इन्पुट्स)** | √ | √ | √ | √ | √ |
| ४९ | उच्च मूल्यका कृषि, पशुपन्छी उपजको मूल्यशृङ्खला विकास कार्यक्रम | √ | √ | √ | √ | √ |
| ५० | कृषि तथा पशुपन्छी बिमा कार्यक्रम | √ | √ | √ | √ | √ |
| ५१ | प्रदेशस्तरीय पशुपन्छी र कृषि क्वारेन्टाइन पोस्ट सञ्चालन | √ | √ | √ | √ | √ |
| ५२ | असल अभ्यास प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ५३ | वैदेशिक रोजगारीबाट फर्केका युवालक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम | √ | √ | √ | √ | √ |
| ५४ | आकस्मिक र महामारीजन्य रोगहरूको नियन्त्रण तथा रोकथाम कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| ५५ | बिउपुँजी तथा उत्पादनमा आधारित अनुदान | √ | √ | √ | √ | √ |
| ५६ | सहुलियतपूर्ण कर्जा | √ | √ | √ | √ | √ |
| ५७ | आधुनिकीकरण र यान्त्रिकीकरणका लागि प्रविधि हस्तान्तरण | √ | √ | √ | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ५८ | तालिम र अभिमुखीकरण | √ | √ | √ | √ | √ |
| ५९ | स्थान विशेष र गुणस्तरको आधारमा उत्पादनको ब्रान्डिङ र बजारीकरण सहयोग | √ | √ | √ | √ | √ |
| ६० | कृषि प्रसार कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक कृषि/पशु प्राविधिकको व्यवस्था | √ | √ | √ | √ | √ |
| ६१ | कृषि उत्पादन, प्रशोधन, बजारीकरण, अध्ययन अनुसन्धान आदिका लागि सङ्घ, प्रदेश, स्थानीय तह, सहकारी र निजी क्षेत्रबिच सहकार्य विकास | √ | √ | √ | √ | √ |
| ६२ | रसायन तथा विषादीहरूबाट कृषि क्षेत्र लगायत समग्र मानव स्वास्थमा हुने जोखिम तथा हानी बारे जनचेतानामूलक कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| **छ** | **अध्ययन, अनुसन्धान र सम्मान** | | | | | |
| ६३ | प्रदेश कृषि अनुसन्धान कोषको स्थापना गरी कृषि तथा पशुपन्छीसम्बन्धी अध्ययन अनुसन्धान | √ | √ | | | |
| ६४ | नवप्रवर्तन कोषको स्थापना र सञ्चालन | | √ | √ | √ | √ |
| ६५ | कृषक परिचयपत्र वितरण | | √ | √ | √ | √ |
| ६६ | पुरस्कार र सम्मानपत्र प्रदान | | √ | √ | √ | √ |
| ६७ | कृषकको नेतृत्वमा कृषि कार्यक्रम | | √ | √ | √ | √ |
| ६८ | एक वडा एक विद्यार्थीका लागि ससर्त कृषि तथा पशुपन्छी अध्ययन छात्रवृति | √ | √ | √ | √ | √ |
| ६९ | सिर्जनशील तथा कृषि क्षेत्रमा नवीनतम प्रणाली अवलम्बन गर्ने स्थानीय अन्वेषक कृषकलाइ प्रोत्साहन एवम् कदर | √ | √ | √ | √ | √ |

### १२. अपेक्षित उपलब्धि

कृषि विकासका कार्यक्रमहरू कार्यान्वयनबाट दोस्रो योजनाको अन्त्यसम्ममा धानको उत्पादन ५,९२,३०६ मे.ट., मकै उत्पादन ८,१२,२४५ मे.ट., कोदो उत्पादन १,३५,००० मे.ट. पुगेको हुने छ । त्यस्तै नगदेबाली, रैथाने बाली, दलहन, तेलहन, तरकारी र फलफूल आदिको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने छ । योजनाको अन्त्यसम्ममा, फलफूल तथा तरकारीमा स्वनिर्भर भएको हुने छ । साथै, लोकमार्ग कोरिडोरमा उपयुक्त खाद्यान्न बाली, तरकारी बाली, फलफूल बाली तथा पशुपालन व्यवसाय विस्तार भई उत्पादन तथा कृषकहरूको आय वृद्धि भएको हुने छ ।

यसका अतिरिक्त, मासु उत्पादन ५१,७६२ मे.ट., दुध उत्पादन १,२७,१९६ मे.ट. ले वृद्धि भएको हुने छ। त्यस्तै अण्डाको उत्पादन ३४ प्रतिशतले वृद्धि भई १०५ करोड (गोटा)भन्दा बढी भएको हुने छ । प्रदेशका थप तीन जिल्लामा आधुनिक पशुवधशाला निर्माण भएको हुने छ । व्यावसायिक राँगापालन विस्तार भई चीनतर्फ मासुको निर्यात भएको हुने छ । कोदो खेती लगाइएको क्षेत्रफल विस्तार र उत्पादन वृद्धि भई कोदोबाट बन्ने मदिरा तथा विभिन्न प्रकारका बेकरी उत्पादन गर्ने प्रशोधन उद्योगको स्थापना भएको हुने छ। यसरी उत्पादन हुने मदिराको गुणस्तर परीक्षण गरी ब्रान्डिङ गरिने छ।

## ४.२ उद्योग तथा खानी

### १. पृष्ठभूमि

मुलुकको आर्थिक विकासमा उद्योग क्षेत्रको गहन भूमिका हुन्छ । औद्योगिक विकासले रोजगारी सिर्जना, कृषि उत्पादनमा प्रोत्साहन, मूल्य शृङ्खलामा वृद्धि, प्रविधिको विकास, आयात प्रतिस्थापन र निर्यात प्रवर्धन आदिमा योगदान पुऱ्याउँछ । उद्योग र कृषि क्षेत्रको विकास अन्तरसम्बन्धित रूपमा अगाडि बढाउन सकिएमा दुईखुट्टे अर्थतन्त्रको आधार स्थापित हुन गई आर्थिक स्थिरता र मुलुकको दिगो समृद्धि सम्भव हुन्छ । उद्योगको लागि आवश्यक खनिजहरूको उपयोग गरी प्रदेशको विकासलाई नयाँ गति दिन सकिन्छ ।

द्वितीय विश्वयुद्धले सिर्जना गरेको मागको अप्रत्यासित वृद्धिले नेपालमा पनि उद्योग स्थापना हुन थाले। वि.सं. १९९४ सालमा जुट उद्योग र वि.सं. १९९६ सालमा कपडा उद्योग तथा अन्य केही उद्योगहरू स्थापना भए तापनि दिगो आधार नभएकाले युद्धको अन्त्यसँगै अधिकांश उद्योग बन्द भए । वि.सं. २०१३ सालमा योजनाबद्ध विकासको प्रक्रिया सुरु भएपछि औद्योगिक विकासलाई आवधिक योजनामा समाहित गरी निजी स्वामित्वमा पनि उद्योग स्थापना तथा सञ्चालन हुन थाले ।

योजनाबद्ध विकासको क्रमसँगै वैदेशिक सहयोग अन्तर्गत मूलतः चीन र रुसबाट आयात प्रतिस्थापन गर्ने उद्देश्यका साथ सरकारी स्वामित्वमा उत्पादन, व्यापार, सेवा, वित्त आदि क्षेत्रमा केही उद्योगहरू स्थापना

भए भने अमेरिकी सहयोग अन्तर्गत दुईवटा औद्योगिक क्षेत्र स्थापना भए । २०४२/४३ पछि निर्विकल्प ठानिएको आर्थिक उदारीकरण, निजीकरण र विश्वव्यापीकरण सुरु भएसँगै सरकारी स्वामित्वका उद्योगहरू निजीकरण गर्ने प्रक्रिया सुरु भयो र निजी क्षेत्रलाई उद्योगधन्दा खोल्न प्रेरित गर्ने वातावरण सिर्जना गर्नेतर्फ जोड दिइयो । निजीकरण गरिएका अधिकांश सार्वजनिक उद्योगहरू जस्तैः छाला जुत्ता, कपडा, इँटा, टायल, कृषि औजार, चिनी आदि एक पछि अर्को गर्दै विलिन हुँदै गए ।

मुलुकमा पन्ध्रौं योजनाको अन्त्यसम्म आइपुग्दा छ दशकभन्दा बढीको योजनाबद्ध विकासको अवधिसम्म पनि उद्योग क्षेत्रको अपेक्षित वृद्धि र विकास हुन सकेको छैन । कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.३ प्रतिशत मात्र रहेको छ । पछिल्लो दश वर्षमा औद्योगिक उत्पादनको वृद्धिदर औसत ३.३ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा योगदान वार्षिक औसत ५.६ प्रतिशत रहेको छ ।

## २. वस्तुस्थिति

मुलुकको समग्र औद्योगिक विकासमा उद्योगको सङ्ख्या, लगानी तथा रोजगारीको हिसाबले बागमती प्रदेश अग्रणी स्थानमा रहेको छ । मुलुकको कुल उद्योग सङ्ख्या, कुल औद्योगिक लगानी र कुल औद्योगिक रोजगारी क्रमशः ८,७६४, रु. २६.२७ खर्ब र ६.८ लाख रहेकोमा तिनमा बागमती प्रदेशको हिस्सा क्रमशः ६४.६ प्रतिशत, ३५.७ प्रतिशत र ५६.४ प्रतिशत रहेका छन् । साथै, प्रदेशमा सङ्घीय सरकार अन्तर्गतको एघार औद्योगिक क्षेत्रमध्ये बालाजु, पाटन, भक्तपुर र हेटौंडा गरी कुल चारवटा औद्योगिक क्षेत्र सञ्चालनमा रहेका छन् । यस प्रदेशको उद्योग क्षेत्रले मुलुकको कुल औद्योगिक गार्हस्थ्य उत्पादनमा ३५.८ प्रतिशत योगदान गरेको छ । यति हुँदाहुँदै पनि प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान ४.९ प्रतिशत मात्र रहेको छ ।

नेपालका महाभारत शृङ्खलाको मध्य पहाडी भाग खनिज सम्पदाका दृष्टिले सबैभन्दा सम्पन्न छ । चुरे भावर क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा, प्रसस्त छ भने युरानियम, तेल तथा दुर्लभ धातु र ग्यासको पनि उत्तिकै सम्भावना छ । यहाँ धातु, अधातु, औद्योगिक, शृङ्गारिक, रत्नपत्थर, कोइला आदि गरी ६० भन्दा बढी खनिजहरू पाइन्छन् । यो क्षेत्रमा चुनढुङ्गा र डोलोमाइटको अपार भण्डार रहेको छ ।

महाभारत शृङ्खलाको मध्यपहाडी भागको केही खण्ड बागमती प्रदेशअन्तर्गत रहेको हुँदा खनिज पदार्थबाट आय वृद्धि गर्ने सम्भावना रहेको छ। यस अतिरिक्त काठमाडौं उपत्यकाको लगभग २६ वर्ग किलोमिटर क्षेत्रमा ३१०० लाख क्युविक मिटर ग्यास हुन सक्ने अनुमान छ । बागमती प्रदेशमा पाइने खनिजको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४: बागमती प्रदेशका विभिन्न क्षेत्रमा पाइने खनिज विवरण**

| क्र.सं. | खनिज | पाइने स्थान र परिमाण |
|---|---|---|
| १ | एन्टिमोनी | मकवानपुरको दामन, ललितपुरको टुङ्गान खोला (एन्टिमोनी सँगसँगै सुन, चाँदी फलाम, लिड, जिङ्क र तामा जस्ता धातुहरू पनि रहेका हुन्छन्) |
| २ | क्याडमियम | गणेश हिमाल क्षेत्र (घडी, मोवाइल, क्यामेर आदिमा रिचार्जएबल ब्याट्री बनाउन प्रयोग हुने) |
| ३ | सुन | त्रिशुली नुवाकोट (५०-१५०) मिलीग्राम प्रति क्युविक यार्ड |
| ४ | फलाम | फुल्चोकी ललितपुर (२२.९ लाख टन), ठोसे रामेछाप (९१.४० लाख टन) जिवाङ्ग चितवन (३ लाख टन) |
| ५ | तामा | कालीटार मकवानपुर (२२.९ करोड टन) |
| ६ | लिड | गणेश हिमाल रसुवा (८.५ लाख टन प्रमाणित, ५.१३ लाख टन सम्भवित) खैराङ्ग मकवानपुर (४ लाख टन), फुल्चोकी ललितपुर (१.१ लाख टन) (यो पाइने क्षेत्रमा जिङ्क र चाँदी पाइने सम्भावना उच्च हुन्छ) |
| ७ | लिथियम | रसुवाको गणेश हिमाल |
| ८ | मोलिब्डेनम | मकवानपुरको चाउखोला |
| ९ | टान्टालम | मकवानपुर पालुङ |
| १० | युरानियम | चुरेक्षेत्र |
| ११ | अक्वामेरिन | धादिङ तथा काठमाडौं |
| १२ | टुर्मालिन | लाङटाङ उपत्यका |
| १३ | रूबी | धादिङको चुमार र रुयालमा तथा रसुवाको गणेश हिमाल |
| १४ | निलम | रसुवाको गणेश हिमाल |
| १५ | रक क्रिस्टल | नुवाकोटको रालुका |

*स्रोतः नेपालका खनिज सम्पदा, डा. लालुप्रसाद पौडेल*

## ३. पहिलो आवधिक योजनाको लक्ष्य तथा प्रगति

पहिलो आवधिक योजनामा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको योगदान ५.५ प्रतिशतबाट योजनाको अन्तिम वर्ष सम्ममा ६.० प्रतिशत पुऱ्याउने, औद्योगिक लगानीको वृद्धिदर ५.० प्रतिशतबाट १०.० प्रतिशत पुऱ्याउने, औद्योगिक उत्पादन रु. ६१ अर्ब १० करोडबाट रु १ खर्ब ११ अर्ब ७ करोड पुऱ्याउने लक्ष्य राखिएको थियो । त्यस्तै औद्योगिक रोजगारी १० लाख ७२ हजारबाट १८ लाख रोजगारी पुऱ्याउने लक्ष्य राखिएको थियो । प्रदेशभित्र हाल चार औद्योगिक क्षेत्र सञ्चालनमा रहेकामा योजनाको अन्तिम वर्षसम्ममा सातवटा पुऱ्याउने तथा २५ औद्योगिक ग्रामहरू स्थापना गर्ने लक्ष्य थियो ।

पहिलो आवधिक योजनामा उल्लेख भएका कार्यक्रमहरूमध्ये प्रदेश औद्योगिक व्यवसाय ऐन,२०७६ जारी, उद्योग दर्ता र अनुमति, नवीकरण, खारेजी प्रक्रियाको कानुनी व्यवस्थालाई सरल बनाईएको र नागरिक बडापत्र जारी गरिएका लघुउद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि विभिन्न सिपमूलक तालिमहरू सञ्चालन, प्रविधि हस्तान्तरण कार्यक्रम, औद्योगिक ग्रामको स्थापना, साझा सुविधा केन्द्र र बजार घरको निर्माण गरिएको छ । प्रदेशका सबै जिल्लामा गरी साझा सुविधा केन्द्र, कोसेली घर, बिक्री घर जस्ता औधोगिक पूर्वाधार करिव ७० वटाको निर्माण भएको, चितवनको भरतपुरमा बृहत घरेलु तथा उद्योग उपज प्रदर्शनी भवन निर्माण भएको तथा चितवन र भक्तपुर जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयको भवन निर्माण भइरहेको छ ।खानी सञ्चालनसम्बन्धी स्पष्ट नीति बन्न नसक्दा यी वस्तुहरूको सही र दिगो उपयोग हुन सकेको छैन।

## ३. चुनौती

औद्योगिक लगानीमैत्री नीतिहरूको अभाव तथा प्रशासनिक झमेला, जग्गाको अस्वभाविक मूल्य र जग्गा प्राप्तिमा जटिलता, उत्पादनमूलक उद्योगभन्दा 'स्क्रु ड्राइभर' टेक्नोलोजीमा आधारित उद्योगतर्फ लगानी आकर्षण, पुँजी र श्रमको अपेक्षित निपुणता नहुँदा उत्पादन लागत उच्च हुनु आदि उद्योग क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् । त्यस्तै अन्तर्राष्ट्रियस्तरको गुणस्तरको औद्योगिक वस्तुहरू उत्पादन, उद्योगधन्दामा नवीनतम प्रविधिको उपयोग, पुँजी र श्रमको उत्पादकत्व वृद्धि, वातावरण प्रदूषण न्यूनीकरण आदि औद्योगिक क्षेत्रका प्रमुख चुनौतीहरू छन् ।

## ४. अवसर

उपभोग्य एवम् निर्माण सामग्रीहरूको बढ्दो आन्तरिक बजार, नवप्रवर्तनमा सरकारी सहुलियत, अन्य प्रदेशको तुलनामा पूर्वाधारको राम्रो अवस्था, पुनर्कर्जाको सुविधा, निर्यात सम्भावना तथा निर्यात प्रोत्साहन अनुदान, उद्योगमैत्री वातावरण बनाउन सरकारको प्रतिबद्धता, वैदेशिक लगानी प्रवर्धन गर्ने सरकारी नीति, उद्योगलाई

आवश्यक पर्ने जल, जमिन र जङ्गलको उपलब्धता, जनसाङ्ख्यिक लाभका कारण श्रमशक्तिको उपलब्धता र कृषि तथा पशुजन्य कच्चा पदार्थको उपलब्धता आदि औद्योगिक लगानी वृद्धिका लागि अवसर तथा सम्भावनाहरू हुन् ।

**५. सोच**

उद्योगको विकासः आर्थिक समृद्धिको आधार ।

**६. लक्ष्य**

औद्योगिक उत्पादन र रोजगारीमा वृद्धि गर्ने ।

**७. उद्देश्य**

१ साना र मध्यमस्तरका उद्योग विकास गर्ने,

२ उच्च गुणस्तर र मूल्यका उत्पादन प्रवर्धन गर्ने,

३ उद्योग व्यवसायको तथ्याङ्क व्यवस्थित गर्ने,

४ खनिज पदार्थको अन्वेषण तथा उत्खनन सहयोग गर्ने ।

**८. रणनीति तथा कार्यनीति**

**उद्देश्य १: साना र मध्यमस्तरका उद्योगको विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.२.१<br>उद्योग ग्राम र औद्योगिक क्षेत्रहरूको निर्माण गर्ने । | १. स्थानीय तहमा उद्योग व्यवसायको प्रवर्धनको लागि एक पालिका एक उद्योग ग्राम स्थापना गर्न सहयोग गरिने छ ।<br>२. सम्भाव्यताको आधारमा थप तीन स्थानमा औद्योगिक क्षेत्रको स्थापना गरिने छ ।<br>३. उद्योग ग्राम, औद्योगिक क्षेत्र र यातायात सुविधा पुगेका उपयुक्त स्थानहरूमा उद्योगहरूको क्लस्टरिङ गरिने छ । |
| ४.२.२<br>स्थानीय उद्योग र उत्पादन प्रवर्धन गर्ने। | १. नवप्रवर्तनका क्षेत्रहरूको पहिचान गरी नवप्रवर्तनलाई प्रवर्धन गर्न नवप्रवर्तन कोष स्थापना गरिने छ ।<br>२. प्रदेशका मुख्य पर्यटकीय तथा व्यापारिक स्थानहरूमा बृहत घरेलु तथा उद्योग उपज प्रदर्शनी स्थल तथा कोसेली घरहरू निर्माण गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. प्रदेश सरकारका कार्यालयहरूमा प्रयोग गरिने वस्तुहरू स्वदेशी उद्योगबाट उपलब्ध भएसम्म अनिवार्य खरिद गर्नुपर्ने व्यवस्था गरिने छ ।<br>४. सम्भाव्यताका आधारमा रामेछाप, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, धादिङ र मकवानपुरमा जडीबुटीमा आधारित औषधीजन्य वस्तुको प्रशोधन, उत्पादन र निर्यातमा सहयोग गरिने छ ।<br>५. सम्भाव्यताका आधारमा प्रादेशिक गार्हस्थ्य उत्पादनमा टेवा पुऱ्याउने सक्ने उद्योगहरूको प्रवर्धन गरिने छ ।<br>६. वैदेशिक रोजगारीबाट सिप र क्षमता लिएर आएका श्रमशक्तिलाई घरेलु तथा साना व्यवसाय सञ्चालन गर्न सहयोग गरिने छ ।<br>७. हस्तकला र महिला उद्यमीहरूद्वारा सञ्चालित उद्योगहरूको प्रवर्धन गरिने छ । |
| ४.२.३<br>व्यवसाय विकास तथा स्तरोन्नतिका लागि सहयोग गर्ने । | १. नवप्रवर्तनका क्षेत्रहरूको पहिचान गरी नवप्रवर्तनलाई प्रवर्धन गर्न नवप्रवर्तन कोष स्थापना र सञ्चालन गरिने छ ।<br>२. एक स्थानीय तह एक विशेष उत्पादन प्रवर्धन गरिने छ ।<br>३. उद्यमशीलता विकास र प्रवर्धनका लागि नव प्रवर्तन केन्द्रको स्थापना गर्ने ।<br>४. स्टार्टअप स्थापना र सञ्चालन गर्न युवाहरूलाई भौतिक र वित्तीय सहयोग गरिने छ ।<br>५. महिला, दलित, विपन्न समुदायले सञ्चालन गरेका उद्योगहरूका लागि सहुलितपूर्ण कर्जाको व्यवस्था गरिने छ ।<br>६. साना उद्योगहरूको उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्रविधि हस्तान्तरण गरिने छ ।<br>७. कृषि, पशुपन्छी, मत्स्य र वन पैदावार लगायतका स्थानीय कच्चा, स्थानीय सिप, ज्ञान र जनशक्तिमा आधारित साना उद्योगहरूको स्तरोन्नति गर्न सहयोग गरिने छ । |

**उद्देश्य २: उच्च गुणस्तर र मूल्यका उत्पादन प्रवर्धन।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.२.४<br>भूगोल र जलवायुअनुसारका उच्च गुणस्तर र मूल्यका उत्पादनको प्रवर्धन गर्ने । | १. प्रदेशको भूगोल र जलवायुअनुसार उत्पादन हुने उच्च गुणस्तर र मूल्यका उत्पादन वृद्धि गर्न कृषि, पशुपन्छी, मत्स्य, वन, पानी तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्धन गरिने छ।<br>२. स्थान विशेष र गुणस्तरको आधारमा उत्पादनको ब्रान्डिङ र बजारीकरणमा सहयोग गरिने छ ।<br>३. 'मेक इन नेपाल'लाई नेपाली औद्योगिक उत्पादनको मानक बनाउन पहल गरिने छ । |

**उद्देश्य ३: उद्योग व्यवसायको तथ्याङ्क व्यवस्थित गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.२.५<br>उद्योग व्यवसायको तथ्याङ्क व्यवस्थित गर्ने । | १. प्रदेश मातहतका कार्यालयहरूमा हालसम्म दर्ता भएका उद्योग व्यवसायको तथ्याङ्कलाई अद्यावधिक गरिने छ ।<br>२. सफ्टवेयरको प्रयोग गरी उद्योग व्यवसायको दर्ता, नवीकरण लगायतका तथ्याङ्कको अभिलेख राखिने छ।<br>३. स्थानीय तहमा दर्ता र नवीकरण भएका उद्योग व्यवसायको तथ्याङ्क अद्यावधिक गर्न स्थानीय तहलाई सहयोग गरिने छ। |

**उद्देश्य ४: खनिज पदार्थको अन्वेषण तथा उत्खननमा सहयोग गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.२.६<br>खनिज पाइने सम्भाव्य ठाउँहरूको अन्वेषण तथा उत्खनन गर्ने । | १. बन्द भएका खानीहरू सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिने छ।<br>२. खनिज उद्योग सञ्चालनको सम्भावना भएका ठाउँहरूको अन्वेषण गरिने छ ।<br>३. व्यावसायिक उत्पादनको सम्भावना भएका खनिजको उत्खनन गर्न तीन तहका सरकारसँग सहकार्य गरिने छ । |

## ९. प्रमुख कार्यक्रमहरू

| क.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **क** | **उद्योग ग्राम र औद्योगिक क्षेत्रको प्रवर्धन** | | | | | |
| १ | सबै पालिकाहरूमा एक/एक औद्योगिक ग्राम स्थापना | √ | √ | √ | √ | √ |
| २ | सम्भाव्यताका आधारमा थप तीन ठाउँमा औद्योगिक क्षेत्र निर्माण | √ | √ | √ | √ | √ |
| ३ | उद्योग ग्राम, औद्योगिक क्षेत्र र यातायात सुविधा पुगेका उपयुक्त स्थानहरूमा उद्योगहरूको क्लस्टरिङ | √ | √ | √ | √ | √ |
| **ख** | **उद्योग र उत्पादन प्रवर्धन** | | | | | |
| ४ | नवप्रवर्तनलाई प्रवर्धन गर्न नवप्रवर्तन कोष स्थापना | | √ | √ | √ | √ |
| ५ | प्रदेशका मुख्य पर्यटकीय तथा व्यापारिक स्थानहरूमा बृहत घरेलु तथा उद्योग उपज प्रदर्शनी स्थल तथा कोसेली घरहरू निर्माण | | √ | √ | √ | √ |
| ६ | प्रदेश सरकारका कार्यालयहरूमा प्रयोग गरिने वस्तुहरू स्वदेशी उद्योगबाट उपलब्ध भएसम्म अनिवार्य खरिदको व्यवस्था | √ | √ | √ | √ | √ |
| ७ | सम्भाव्यताका आधारमा रामेछाप, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, धादिङ र मकवानपुरमा जडीबुटीमा आधारित औषधीजन्य वस्तुको प्रशोधन, उत्पादन र निर्यातमा सहयोग | √ | √ | √ | √ | √ |
| ८ | सम्भाव्यताका आधारमा प्रादेशिक गार्हस्थ्य उत्पादनमा टेवा पुऱ्याउने सक्ने उद्योगहरूको प्रवर्धन | | √ | √ | √ | √ |
| ९ | वैदेशिक रोजगारीबाट सिप र क्षमता लिएर आएका श्रमशक्तिलाई घरेलु तथा साना व्यवसाय सञ्चालन गर्न सहयोग | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १० | हस्तकला र महिला उद्यमीहरूद्वारा सञ्चालित उद्योगहरूको प्रवर्धन | √ | √ | √ | √ | √ |
| ११ | वन्द भएका खानीहरू सञ्चालनका लागि सम्भाव्यता अध्ययन | √ | √ | √ | √ | √ |
| १२ | खनिज उद्योग सञ्चालनको सम्भावना भएका ठाउँहरूको अन्वेषण | √ | √ | √ | √ | √ |
| १३ | व्यावसायिक उत्पादनको सम्भावना भएका खनिजको उत्खनन गर्न तीन तहका सरकारसँग सहकार्य | √ | √ | √ | √ | √ |
| **ग** | **व्यवसाय विकास तथा स्तरोन्नति** | | | | | |
| १४ | नवप्रवर्तनलाई प्रवर्धन गर्न नवप्रवर्तन कोष स्थापना र सञ्चालन | √ | √ | √ | √ | √ |
| १५ | एक स्थानीय तह एक विशेष उत्पादन प्रवर्धन | √ | √ | √ | √ | √ |
| १६ | उद्यमशीलता विकास र प्रवर्धनका लागि नव प्रवर्तन केन्द्रको स्थापना र सञ्चालन | | √ | √ | √ | √ |
| १७ | स्टार्टअप स्थापना र सञ्चालन गर्न युवाहरूलाई भौतिक र वित्तीय रूपले सहयोग | √ | √ | √ | √ | √ |
| १८ | महिला, दलित, विपन्न समुदायले सञ्चालन गरेका उद्योगहरूको लागि सहुलितपूर्ण कर्जाको व्यवस्था | √ | √ | √ | √ | √ |
| १९ | साना उद्योगहरूको उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्रविधि हस्तान्तरण | √ | √ | √ | √ | √ |
| २० | कृषि, पशुपन्छी, मत्स्य, वन पैदावार लगायतका स्थानीय कच्चा, स्थानीय सिप, ज्ञान, जनशक्तिमा आधारित साना उद्योगहरूको स्तरोन्नति गर्न सहयोग | √ | √ | √ | √ | √ |
| **घ** | **व्यवसाय विकास तथा स्तरोन्नति** | | | | | |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| २१ | कृषि, पशुपन्छी, मत्स्य, वन, पानी तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्धन | √ | √ | √ | √ | √ |
| २२ | स्थान विशेष र गुणस्तरको आधारमा उत्पादनको ब्रान्डिङ र बजारीकरणमा सहयोग | √ | √ | √ | √ | √ |
| २३ | 'मेक इन नेपाल'लाई नेपाली औद्योगिक उत्पादनको मानक बनाउन पहल | √ | √ | √ | √ | √ |
| **ङ** | **उद्योग व्यवसायको तथ्याङ्क व्यवस्थापन** | | | | | |
| २४ | प्रदेश मातहतका कार्यालयहरूमा हालसम्म दर्ता भएका उद्योग व्यवसायको तथ्याङ्क अद्यावधिक | √ | √ | | | |
| २५ | सफ्टवेयरको प्रयोग गरी उद्योग व्यवसायको दर्ता, नवीकरण लगायतका तथ्याङ्कको अभिलेख तयार | | √ | √ | √ | √ |
| २६ | स्थानीय तहमा दर्ता र नवीकरण भएका उद्योग व्यवसायको तथ्याङ्क अद्यावधिक गर्न स्थानीय तहलाई सहयोग | | | √ | √ | √ |

## १०. अपेक्षित उपलब्धि

प्रदेशको औद्योगिक रोजगारी करिब ५ लाख पुगेको हुने छ । त्यस्तै योजनाको अन्त्यसम्ममा साना, लघु तथा घरेलु उद्योगको सङ्ख्या २ लाख ४० हजार पुगेको हुने तथा यी उद्योगहरूले १२ लाख ५० हजार जनालाई रोजगारी पुऱ्याएको हुने छ । साथै, प्रदेशका उद्योगको क्षमता उपयोग हालको ४७ प्रतिशतबाट वृद्धि भई ७५ प्रतिशत पुगेको हुने छ ।

प्रदेशमा उद्यमशीलता विकास भई स्थानीय कच्चा पदार्थमा आधारित मझौला तथा साना घरेलु उद्योगको सङ्ख्या वृद्धि भएको हुने र थप रोजगारीका अवसरहरू सिर्जना भएको हुने छ । केही स्टार्टअप उद्योगहरू पनि सुरु भएका हुने छन् । त्यस्तै कृषि तथा जडीबुटी प्रशोधनका उद्योगहरू स्थापना भई औद्योगिक क्षेत्रको मूल्य अभिवृद्धि बढेको हुने छ । साथै, उद्योगहरूको क्षमता उपयोग वृद्धि भई औद्योगिक उत्पादन तथा उत्पादकत्व बढेको हुने छ । हालका औद्योगिक क्षेत्रहरूमा थप उद्योगहरू स्थापना भएका हुने छन् । महिला उद्यमशीलता अभिवृद्धि भएको हुने छ । वातावरण प्रदूषण गर्ने उद्योगहरूको स्थानान्तरण

भएको हुने छ । यसैगरी, सम्भाव्यताको आधारमा बन्द भएका खानीहरू सञ्चालन हुने र नयाँ खानीको सम्भाव्यता अध्ययन गरी सञ्चालनका लागि पहल हुने छ ।

## ४.३ वाणिज्य एवम् आपूर्ति

### १. पृष्ठभूमि

मुलुकको समृद्धिको लागि उत्पादन वृद्धि एउटा आधार स्तम्भ हो भने व्यापार, वाणिज्य एवम् आपूर्ति अर्का आधारस्तम्भहरू हुन् । कृषि एवम् औद्योगिक क्षेत्रमा भएको उत्पादन वृद्धिको निकासका लागि व्यापार, वाणिज्य एवम् आपूर्ति आवश्यक पर्छ भने व्यापार र वाणिज्यको विकासका लागि उत्पादन वृद्धि जरुरी हुन्छ। यसैले यी दुवै क्षेत्रबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । जनमुखी सरकारको एउटा प्रमुख दायित्व मुलुकमा उत्पादित तथा आयातित उपभोग्य वस्तु एवम् निर्माण सामग्री गुणस्तरीय अवस्थामा उचित मूल्यमा निर्वाधरूपले विभिन्न क्षेत्रमा उपलब्ध गराउनु हो । यस कार्यका लागि वैज्ञानिक एवम् प्रभावकारी वाणिज्य, व्यापार एवम् आपूर्ति प्रणाली आवश्यक पर्छ ।

### २. वस्तुस्थिति

अन्य क्षेत्रमा झैं मुलुकको व्यापार, वाणिज्य र आपूर्ति उपक्षेत्रमा बागमती प्रदेशको नेतृत्वदायी भूमिका रहेको छ । मुलुकको महत्त्वपूर्ण व्यापारिक तथा वाणिज्य केन्द्र, आपूर्तिकर्ता र उपभोक्ताहरू यसै प्रदेशमा केन्द्रित छन् । साथै यो प्रदेशको रसुवाको केरुङ र सिन्धुपाल्चोकको खासा गरी दुईवटा चीनसँगका व्यापारिक नाकाहरू रहेका छन् । त्यस्तै भारततर्फ पनि मधेस प्रदेशमा रहेको वीरगञ्ज नाका प्रदेशको निकटमा पर्दछ । बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापारको योगदान २१.५ प्रतिशत छ जबकि देशको कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापारको योगदान १३.८ प्रतिशत रहेको छ ।

### ३. पहिलो आवधिक योजनाको लक्ष्य तथा प्रगति

पहिलो आवधिक योजना अवधिमा वाणिज्य क्षेत्रमा उपलब्धि सीमित रहेको छ । अधिकांश रणनीति अन्तर्गतका कार्यनीतिहरू कार्यान्वयन नभएको स्थिति रहेको छ । उपलब्धि भएका कार्यहरूमा प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन २०७६ जारी गरिएको, प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ तर्जुमा गरी कार्यान्वयन सुरु गरिएको तथा आन्तरिक आपूर्ति प्रणालीमा कालो बजारी, सिन्डिकेट र बिचौलियाको नियन्त्रण गर्न संयुक्त बजार अनुगमन निर्देशिका, २०७५बमोजिम नियमितरूपमा बजार अनुगमन र कालो बजारी गर्ने व्यापारीलाई कारवाही गर्दै आएको छ । गोदाम घर, शीत भण्डार, प्रादेशिक बफर स्टकको व्यवस्था गर्ने कार्यनीति अन्तर्गत केही कृषि वस्तुहरूको समर्थन मूल्य तोक्ने कार्य भएको छ । यसका अतिरिक्त दर्ता नवीकरणमा सफ्टवेर प्रयोगको थालनी भएको छ।

## ३. चुनौती

प्रदेशमा उत्पादित केही खाद्यवस्तुहरूको आन्तरिक माग पूरा नहुनु, उत्पादित वस्तुहरूको गुणस्तर कायम गर्न नसक्नु, सबल र भरपर्दो आपूर्ति संयन्त्र स्थापित हुन नसक्नु, विभिन्न उपभोग्य तथा निर्माणसम्बन्धी वस्तुहरूको माग र आपूर्तिबारे अध्ययन, अनुसन्धान र प्रक्षेपण नहुनु, आयातित खाद्यवस्तुहरूको गुणस्तर जाँच गर्न सबै नाकाहरूमा क्वारेन्टिन तथा प्रयोगशालाहरू नहुनु तथा कार्टेलिङ, सिन्डिकेटको व्यापकता, खासगरी केही कृषि वस्तुहरूको बजारीकरणमा बिचौलियाको बिगबिगी हुनु र प्रदेशका दुर्गम क्षेत्रहरूमा सर्वयाम अविच्छिन्न आपूर्तिको लागि भौगोलिक कठिनाई आदि वाणिज्य तथा आपूर्ति क्षेत्रका समस्या तथा चुनौतीहरू हुन् ।

## ४. अवसर

प्रदेशमा महत्त्वपूर्ण औद्योगिक तथा कृषिमा आधारित उद्योगहरू हुनु, अन्य प्रदेशको तुलनामा उपभोक्ताहरू पनि यस प्रदेशमा केन्द्रित रहनु आपूर्ति क्षेत्रको अवसर तथा सम्भावना हुन् । त्यस्तै चीनसँग दुई नाका सञ्चालनमा रहनु, भारतसँगको नाका नजिक हुनुका कारणले निर्यात व्यापार वृद्धि गर्न सकिने ठुलो सम्भावना रहेको छ । मुलुकको वैदेशिक व्यापार घाटा वर्षेनी बढ्दै जाने प्रवृत्ति भएको हुँदा निर्यातयोग्य वस्तुहरूको उत्पादन वृद्धि गरी छिमेकी राष्ट्रका बजारका साथै अन्तर्राष्ट्रिय बजारमासमेत निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

## ५. सोच

नियमित आपूर्ति प्रणाली र व्यवस्थित वाणिज्य ।

## ६. लक्ष्य

उपभोक्ताको हित हुनेगरी बजार र आपूर्ति प्रणालीलाई व्यवस्थित बनाउने ।

## ७. उद्देश्य

१ आपूर्ति प्रणालीलाई व्यवस्थित गर्ने,

२ वस्तुहरूको गुणस्तर नियमन्त्रण तथा बजार सूचना व्यवस्थित गर्ने,

३ कृषि, वन र हस्तकलामा आधारित उत्पादनहरूको बजारीकरण गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: आपूर्ति प्रणालीलाई व्यवस्थित गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.३.१<br>भौतिक संरचना निमाण गर्ने । | १. प्रदेशका मुख्य स्थानहरूमा गोदामघर तथा शीतभण्डार निर्माणमा सहयोग गरिने छ ।<br>२. प्रमुख सहरहरूमा कृषि वस्तु सङ्कलन तथा बिक्री केन्द्र विस्तार गर्न सहयोग गरिने छ । |

**उद्देश्य २: वस्तुहरूको गुणस्तर नियमन्त्रण तथा बजार सूचना व्यवस्थित गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.३.२<br>गुणस्तर परीक्षण प्रयोगशाला निर्माण र बजार नियमन गर्ने । | १. प्रदेशका मुख्य स्थानहरूमा गुणस्तर परीक्षण प्रयोगशालाहरू स्थापना गरिने छ ।<br>२. नियमित बजार अनुगमन कालो बजारी, कार्टेलिङ, सिन्डिकेट र बिचौलियाको नियन्त्रण गरिने छ ।<br>३. व्यापारिक केन्द्रहरूमा मुख्य वस्तुहरूको मूल्यसम्बन्धी तथ्याङ्क सङ्कलन गरी डिजिटाइजेसन गरिने छ ।<br>४. बजार केन्द्रहरूमा मुख्य मुख्य वस्तुहरूको दैनन्दिनको मूल्य डिजिटल डिस्प्लेको व्यवस्था गरिने छ ।<br>५. आपूर्ति सहज बनाउन निजी क्षेत्रसँग सहकार्य गरिने छ ।<br>६. उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिने छ । |

**उद्देश्य ३: कृषि, वन, र हस्तकलामा आधारित उत्पादनहरूको बजारीकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.३.४<br>स्थानीय उत्पादनको बजारीकरण गर्ने। | १. हाट बजारहरूको स्थापना र सञ्चालन गरिने छ ।<br>२. निर्यात हुँदै आएका तथा निर्यात सम्भावना भएका वस्तुहरूबारे अध्ययन गरिने छ ।<br>३. पहिचान गरिएका वस्तुहरूको निर्यात प्रोत्साहन स्किम ल्याई निर्यात प्रवर्धन गरिने छ । |

## ९. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **क** | **भौतिक संरचना निमाण र बजार नियमन** | | | | | |
| १ | गोदामघर तथा शीतभण्डार निर्माणमा सहयोग | √ | √ | √ | √ | √ |
| २ | कृषि वस्तु सङ्कलन तथा बिक्री केन्द्र विस्तार गर्न सहयोग | √ | √ | √ | √ | √ |
| **ख** | **गुणस्तर परीक्षण प्रयोगशाला निर्माण** | | | | | |
| ३ | प्रदेशका मुख्य स्थानहरूमा गुणस्तर परीक्षण प्रयोगशालाहरू स्थापना | | √ | √ | √ | √ |
| ४ | नियमित बजार अनुगमन कालो बजारी, कार्टेलिङ, सिन्डिकेट र बिचौलियाको नियन्त्रण | √ | √ | √ | √ | √ |
| ५ | व्यापारिक केन्द्रहरूमा मुख्य वस्तुहरूको मूल्यसम्बन्धी तथ्याङ्क सङ्कलन गरी डिजिटाइजेसन | √ | √ | √ | √ | √ |
| ६ | बजार केन्द्रहरूमा मुख्य मुख्य वस्तुहरूको दैनन्दिनको मूल्य डिजिटल डिस्प्लेको व्यवस्था | √ | √ | √ | √ | √ |
| ७ | आपूर्ति सहज बनाउन निजी क्षेत्रसँग सहकार्य | √ | √ | √ | √ | √ |
| ८ | उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| **ग** | **स्थानीय उत्पादनको बजारीकरण** | | | | | |
| ९ | निर्यात हुँदै आएका तथा निर्यात सम्भावना भएका वस्तुहरूबारे अध्ययन | | √ | | | |
| १० | निर्यात प्रोत्साहन स्किम ल्याई निर्यात प्रवर्धन | | | √ | √ | √ |
| ११ | हाट बजारहरूको स्थापना र सञ्चालन | √ | √ | √ | √ | √ |

### १० अपेक्षित उपलब्धि

व्यापार व्यवसाय दर्ता तथा नवीकरणमा सफ्टवेयरको प्रयोग सुरु भएको हुने छ । त्यस्तै प्रमुख सहरी केन्द्रहरूमा कृषि वस्तु सङ्कलन तथा बिक्री केन्द्रको स्थापना तथा विस्तार, गोदाम घर, शीतभण्डार, प्रादेशिक बफरस्टकको व्यवस्था भएको हुने छ । साथै, निर्यातजन्य वस्तुहरूको पहिचान र विकास गर्न निजी तथा सहकारी संस्थाहरूलाई सहयोग गरी निर्यात व्यापारमा वृद्धि भएको हुने छ । सहज पहुँच नभएका क्षेत्रमा सहकारीको माध्यमबाट सुपथ मूल्यका पसलहरूको सञ्चालन तथा कृषिको पकेट क्षेत्र र बजार केन्द्रहरूमा विषादी परीक्षण तथा गुणस्तर परीक्षण प्रयोगशालाहरूको स्थापना र विस्तार भएको हुने छ । यसका अतिरिक्त, कालोबजारी, कार्टेलिङ, सिन्डिकेट र बिचौलियाको बिगबिगी कम भएको हुने तथा उपभोक्ताहरू वस्तुहरूको मूल्य, उपभोग्य वस्तु तथा औषधीको म्याद गुज्रिए वा नगुज्रिएको बारे सचेत भएका हुने छन् ।

## ४.४ पर्यटन क्षेत्र

### १. पृष्ठभूमि

नेपालको संविधानमा पर्यटन नीति अन्तर्गत ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने उल्लेख गरेको छ ।

### २. वस्तुस्थिति

सांस्कृतिक तथा जैविक विविधता भएको बागमती प्रदेश पर्यटनको प्रचुर सम्भावना भएको प्रदेश हो। प्रदेशमा बाह्य तथा आन्तरिक पर्यटक आकर्षित गर्ने प्रशस्त स्थानहरू रहेका छन् । नेपालका विश्वसम्पदा सूचीमा सूचीकृत १० मध्ये ८ सम्पदाहरू यसै प्रदेशमा रहेका छन् । त्यस्तै चितवन राष्ट्रिय निकुञ्ज, शिवपुरी राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्जका केही स्थान र गौरीशङ्कर संरक्षण क्षेत्र जस्ता स्थानहरू यसै प्रदेशमा रहेका छन् । त्यस्तै साहसिक पर्यटन अन्तर्गत र्‍याफ्टिङका लागि त्रिशुली, सुनकोशी, भोटेकोशी, कायाकिङका लागि त्रिशुली तथा भोटेकोशी, पर्वतारोहणका लागि लाङटाङ, गणेश र रोल्वालिङ हिमाल, पदमार्गका लागि लाङटाङ उपत्यका-गोशाईंकुण्ड पदमार्ग, नगरकोट-हेलम्बु पदमार्ग, कालिञ्चोक पदमार्ग, तामाङ सम्पदा पदमार्ग र लाङटाङ-जुगल हिमाल पदमार्ग जस्ता पदमार्ग रहेका छन् । पर्यटकीय सुविधाका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, होटल, रेस्टुरेन्ट, ट्राभल तथा ट्रेकिङ एजेन्सीहरू, साउना, स्पा, डान्सबार, पब, डिस्कोथेक, नाइटक्लब जस्ता रात्रिकालीन व्यवसाय आदिका हिसाबले पनि यो प्रदेश अन्य प्रदेशका तुलनामा विशिष्ट रहेको छ ।

नेपालमा सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, व्यापारिक पर्यटन, मनोरञ्जन पर्यटन, शाहसिक पर्यटन, पर्वतारोण तथा पदयात्रा आदिका लागि विभिन्न मुलुकहरू मुख्यतः भारत, चीन, अन्य पूर्वी तथा दक्षिण एसियाली देश तथा अमेरिका, युरोप लगायतका पश्चिमी मुलुकहरूबाट पर्यटकहरू आउने गर्दछन् । पछिल्ला केही वर्षयता भारतीय तथा चिनीयाँ पर्यटकहरूको सङ्ख्या बढ्दो क्रममा छ । नेपालको पर्यटन क्षेत्र विदेशी मुद्रा आर्जन तथा रोजगारी सिर्जनाका लागि एक भरपर्दो स्रोतको रूपमा रहेको हुँदा पर्यटन क्षेत्र मुलुकको आर्थिक समृद्धिको सम्वाहक बन्न सक्ने देखिन्छ ।

**३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा**

पहिलो आवधिक योजनामा १० वटा पर्यटकीय नमुना गन्तव्य घोषणा गरिएकोमा ९ वटाको गुरुयोजना तयार भई कार्यान्वयनमा रहेको र १० वटा हिलस्टेशनको डीपीआर तयार भएको छ ।

**४. चुनौती**

मुलुकमा पर्यटकहरू आउने क्रम बढेता पनि उनीहरूको सरदर बसाइ १३.२ दिन मात्र र दैनिक औसत खर्च ४०.५ अमेरिकी डलर मात्र रहेको छ । बागमती प्रदेशको मात्रै छुट्टै तथ्याङ्क भने उपलब्ध छैन । गुणस्तरीय पर्यटकीय पूर्वाधारहरू अपुग रहेको, नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान र विकास हुन नसकेको, निजी क्षेत्र र सरकारबिच आवश्यक सहकार्य र समन्वयको अभाव रहेको, सम्भाव्य वनक्षेत्रमा पर्यटकीय पूर्वाधार विस्तार गर्न जग्गा प्राप्तिमा समस्या आदि पर्यटन क्षेत्रका मुख्य समस्याहरू हुन् । पर्यटकहरूको औसत बसाइ लम्ब्याउने र औसत दैनिक खर्च बढाउन आवश्यक पर्यटकीय वस्तु तथा सेवाहरू वृद्धि गर्नुपर्ने चुनौती रहेको छ ।

**५. अवसर**

बागमती प्रदेशको पर्यटक पूर्वाधार अन्य प्रदेशको तुलनामा राम्रो रहनु, धार्मिक, सांस्कृतिक, साहसिक पयर्टन तथा पदयात्रा र पर्वतारोहणको उच्च सम्भावना हुनु, विश्व सम्पदा सूचीमा परेका १० वटा सम्पदाहरूमध्ये ८ वटा सम्पदा हुनु, सामाजिक र सांस्कृतिक विविधताका कारण प्रदेशमा थप पर्यटक आकर्षण गर्ने अवसर तथा सम्भावना रहेको छ ।

**६. सोच**

पर्यटनको दिगो विकासः प्रदेशको पहिचान र समृद्धिको आधार ।

**७. लक्ष्य**

प्रदेशलाई पर्यटन केन्द्रको रूपमा विकास गर्ने ।

## ८. उद्देश्य

१ विद्यमान पर्यटकीय गन्तव्यहरूको स्तरोन्नति गर्ने,

२ नयाँ पर्यटकीय गन्तव्य, वस्तु र सेवाहरूको विकास गर्ने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: विद्यमान पर्यटकीय गन्तव्यहरूको स्तरोन्नति गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.४.१ विद्यमान पर्यटन गन्तव्यका प्रवर्धन गर्ने । | १. उच्च सम्भावना भएका विद्यमान पर्यटकीय गन्तव्यहरूको स्तरोन्नति गरिने छ।<br>२. प्रदेशको सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधता बारे श्रव्यदृष्य सामग्रीहरू तयार गरी प्रसारण गरिने छ ।<br>३. पर्यटन प्रवर्धनको लागि अन्तर्राष्ट्रिय मेलाहरूमा सहभागिता जनाइनेछ ।<br>४. पर्यापर्यटन, कृषि पर्यटन, खेल तथा सभा पर्यटनका लागि आवश्यक पूर्वाधार विकास गरिने छ ।<br>५. आन्तरिक पर्यटन प्रवर्धन गरिने छ ।<br>६. अफ-सिजन टुरिज्मका सम्भाव्य वस्तु तथा सेवाहरूको विकास गरिने छ ।<br>७. तामाङ्, नेवार, चेपाङ लगायतका जनजातिहरूको संस्कृति र संस्कारलाई पर्यटकीय वस्तुको रूपमा प्रवर्धन गरिने छ ।<br>८. प्रमुख ऐतिहासिक गढीहरू (मकवानपुरगढी, सिन्धुलीगढी, हरिहरपुरगढी र रसुवागढी) मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>९. प्रमुख राष्ट्रिय निकुञ्जहरू (शिवपुरी-नागार्जुन, चितवन र लाङटाङ) मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>१०. प्रमुख राष्ट्रिय निकुञ्जहरू (शिवपुरी-नागार्जुन, चितवन र लाङटाङ) मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>११. प्रमुख ताल तथा पोखरी (बीस हजारिया, गोसाइकुण्ड, च्छोरोल्पा, जटापोखरी, पाँचपोखरी र बहुलाह पोखरी) मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>१२. प्रमुख सांस्कृतिक तथा धार्मिक स्थान (पशुपतिनाथ, बौद्धनाथ, चागुनारायण, कालिञ्चोक भगवती, भीमेश्वर, नमोबुद्ध, दक्षिणकाली, पलाञ्चोक भगवती, भक्तपुर दरबार, नुवाकोट दरबार, पाटन दरबार, बसन्तपुर-हनुमान ढोका, |

| रणनीति | कार्यनीति |
|---|---|
| | पोखरी नारायण स्थान, कुशेश्वर दुम्जा, डोलेश्वर, टोखा आदि) मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>१३. तिमाल, हेलम्बु, महाभारत, डाडापरी, फुलपाती भन्ज्याङ-नमोबुद्ध साहसिक पदयात्रा, नारायणस्थान-फुलपाती भन्ज्याङ-नमोबुद्ध बुद्धिस्ट पदमार्ग लगायत जैविक विविधतामा आधारित पर्यटन कार्यक्रम सञ्चालन गरिने छ ।<br>१४. सुनकोशी, भोटेकोशी, त्रिशुली लगायत नदीहरूमा र्‍याफ्टिङ सञ्चालन गर्न सहयोग गरिने छ ।<br>१५. काभ्रेपलाञ्चालोक, दोलखा र रामेछापमा साहसिक उड्डयन (एभिएसन स्पोर्ट) खेल सञ्चालन गर्न सहयोग गरिने छ ।<br>१६. रोशी, इन्द्रावती, झिकुखोलालाई ड्यामका माध्यमबाट हरित दृश्यालोकन मनोरञ्जन स्थलका रूपमा विकास गर्न सहयोग गरिने छ ।<br>१७. प्रदेश सरकारद्वारा निर्मित पर्यटकीय-सांस्कृतिक केन्द्रहरू निश्चित सर्तका आधारमा स्थानीय तह एवम् समुदायबाट सञ्चालन हुने व्यवस्था मिलाइने छ। |

**उद्देश्य २: नयाँ पर्यटकीय गन्तव्य, वस्तु र सेवाहरूको विकास गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.४.२<br>नयाँ पर्यटकीय गन्तव्यहरूको विकास गर्ने । | १. उच्च लाभ प्राप्त गर्न सकिने नयाँ पर्यटकीय गन्तव्यहरूको अध्ययन गरी पहिचान गरिने छ ।<br>२. तीन तहको सरकारको समन्वय र सहकार्यमा पहिचान भएका नयाँ पर्यटकीय गन्तव्यहरूको विकास गरिने छ ।<br>३. दोलखा, धुलिखेल र नगरकोटलाई चलचित्र छायाङ्कन स्थलका रूपमा विकास गरिने छ ।<br>४. लोकमार्ग, बाटो तथा अन्य सार्वजनिक भौतिक संरचनाको सौन्दर्यकरण गरिने छ ।<br>५. नारायणस्थानलाई पर्यटकीय संग्राहालय, कामीडाँडालाई द्वन्द्व स्मृति पार्क, धुलिखेल, जिरी, नमोबुद्ध, नगरकोट, शैलुङलाई दृश्यावलोकन स्थल, हेलम्बुलाई जैविक सङ्ग्रहालय, तिम्वुलघ्याङ्वुल - तार्केघ्याङलाई ऐतिहासिक सङ्ग्राहालय, रुबीभ्यालीलाई पर्वतीय |

| रणनीति | कार्यनीति |
|---|---|
| | जैविक पर्यटनस्थल, ककनीलाई योग, दर्शन तथा अध्ययन अनुसन्धान स्थलका रूपमा विकास गरिने छ।<br>६. किस्पाङ पोखरी, फिकुरी महादेव, गयर फुङफुङ झरना, सिङला म्हाने, मनकामना लुम्बुडाँडा, चामछप्पा र गोङ्गा भन्ज्याङ आदि स्थानहरूलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने छ ।<br>७. दोलखा तथा रामेछाप लक्षित गरी बृहत्तर शैलुङ पर्यटन विकास योजना सञ्चालन गरिने छ । |

## १०. प्रमुख कार्यक्रमहरू

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| १ | उच्च सम्भावना भएका विद्यमान पर्यटकीय गन्तव्यहरूको स्तरोन्नति | √ | √ | √ | √ | √ |
| २ | प्रदेशको सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधता बारे श्रव्यदृष्य सामग्रीहरू तयार र प्रसारण | | √ | | √ | |
| ३ | पर्यटन प्रवर्धनको लागि अन्तर्राष्ट्रिय मेलाहरूमा सहभागिता | | √ | | √ | |
| ४ | पर्यापर्यटन, कृषि पर्यटन, खेल तथा सभा पर्यटनका लागि आवश्यक पूर्वाधार विकास | √ | √ | √ | √ | √ |
| ५ | आन्तरिक पर्यटन प्रवर्धन | √ | √ | √ | √ | √ |
| ६ | अफ-सिजन टुरिज्मका सम्भाव्य वस्तु तथा सेवाहरूको पहिचान गरी विकास | | √ | √ | √ | √ |
| ७ | तामाङ्, नेवार, चेपाङ लगायतका जनजातिहरूको संस्कृति र संस्कारलाई पर्यटकीय वस्तुको रूपमा प्रवर्धन | √ | √ | √ | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ८ | प्रमुख ऐतिहासिक गढीहरू (मकवानपुरगढी, सिन्धुलीगढी, हरिहरपुरगढी र रसुवागढी) मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन | √ | √ | √ | √ | √ |
| ९ | प्रमुख राष्ट्रिय निकुञ्जहरू (शिवपुरी-नागार्जुन, चितवन र लाङटाङ) मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन | √ | √ | √ | √ | √ |
| १० | प्रमुख ताल तथा पोखरी (बीस हजारिया, गोसाइकुण्ड, च्छोरोल्पा, जटापोखरी, पाँचपोखरी र बहुला पोखरी) मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन | √ | √ | √ | √ | √ |
| ११ | प्रमुख सांस्कृतिक तथा धार्मिक स्थान (पशुपतिनाथ, बौद्धनाथ, चागुनारायण, कालिञ्चोक भगवती, भीमेश्वर, नमोबुद्ध, दक्षिणकाली, पलाञ्चोक भगवती, भक्तपुर दरबार, नुवाकोट दरबार, पाटन दरबार, बसन्तपुर-हनुमान ढोका, पोखरी नारायण स्थान, कुशेश्वर दुम्जा, डोलेश्वर, टोखा आदि)मा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालन | √ | √ | √ | √ | √ |
| १२ | तिमाल, हेलम्बु, महाभारत, डाडापरी, फुलपाती भन्ज्याङ-नमोबुद्ध साहसिक पदयात्रा, नारायणस्थान-फुलपातीभन्ज्याङ-नमोबुद्ध बुद्धिस्ट पदमार्ग लगायत जैविक विविधतामा आधारित पर्यटन कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| १३ | सुनकोशी, भोटेकोशी, त्रिशुली लगायत नदीहरूमा र्‍याफ्टिङ सञ्चालन | | √ | √ | √ | √ |
| १४ | काभ्रेपलाञ्चालोक, दोलखा, रामेछापमा साहसिक उड्डयन (एभिएसन स्पोर्ट) खेल सञ्चालन | | | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १५ | रोशी, इन्द्रावती, झिकुखोलालाई ड्यामका माध्यमबाट हरित दृश्यालोकन मनोरञ्जन स्थलका रूपमा विकास | | | | √ | √ |
| १६ | दोलखा, धुलिखेल र नगरकोटलाई चलचित्र छायाङ्कन स्थलका रूपमा विकास | | √ | √ | √ | √ |
| १७ | प्रदेश सरकारबाट निर्माण भएका पर्यटकीय-सांस्कृतिक केन्द्र निश्चित सर्तका आधारमा स्थानीय तह एवम् समुदायबाट सञ्चालन | √ | √ | √ | √ | √ |
| १८ | लोकमार्ग, बाटो तथा अन्य सार्वजनिक भौतिक संरचनाको सौन्दर्यकरण | √ | √ | √ | √ | √ |
| १९ | नारायणस्थानलाई पर्यटकीय सङ्ग्रहालय, कामीडाँडालाई द्वन्द्व स्मृति पार्क, धुलिखेल, जिरी, नमोबुद्ध, नगरकोट, शैलुङलाई दृश्यावलोकन स्थल, हेलम्बुलाई जैविक सङ्ग्रहालय, तिम्वुलघ्याङ्वुल-तार्केघ्याङलाई ऐतिहासिक सङ्ग्रहालय, रुबीभ्यालीलाई पर्वतीय जैविक पर्यटनस्थल, ककनीलाई योग, दर्शन तथा अध्ययन अनुसन्धान स्थलका रूपमा विकास | | √ | √ | √ | √ |
| २० | किस्पाङ पोखरी, फिकुरी महादेव, गयर फुङफुङ झरना, सिङला म्हाने, मनकामना लुम्बुडाँडा, चामछप्पा र गोङ्गाभन्ज्याङ आदि स्थानहरूलाई पर्यटकीय क्षेत्रको रूपमा विकास | √ | √ | √ | √ | √ |
| २१ | दोलखा तथा रामेछाप लक्षित गरी बृहत्तर शैलुङ पर्यटन विकास योजना सञ्चालन | | | | √ | √ |
| २२ | पर्यटकीय सम्भावना भएका तर पहिचान हुन नसेका स्थानहरूको पहिचान गरी प्रचार प्रसार | | √ | √ | √ | √ |

### १०. अपेक्षित उपलब्धि

पर्यटनसम्बन्धी विभिन्न पर्यटक पदमार्गको विकास, साहसिक पर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटनको विकास भएको हुने छ । पर्यटकीय आकर्षणका नयाँ स्थानको पहिचान भई आन्तरिक तथा विदेशी पर्यटकको सङ्ख्यामा वृद्धि भएको हुने छ । पर्यटन व्यवसाय र पर्यटन सेवासम्बन्धी आर्थिक क्रियाकलापहरूले गर्दा स्थानीयस्तरमा आय वृद्धि तथा रोजगारीको अवसर बढेको हुने छ । कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको हिस्सा बढेको हुने छ । पर्यटकको औसत बसाइ १३.२ दिनबाट १६ दिन भएको हुने छ र दैनिक औसत खर्च अमेरिकी डलर ४०.५ बाट ८५ पुगेको हुने छ ।

## ४.५ सहकारी क्षेत्र

### १. पृष्ठभूमि

सहकारी, गाउँघर तथा सहरमा छरिएर रहेको साना पुँजी, श्रम, सिप र प्रविधि एकीकृत गरी उद्योग व्यवसायको विकास, रोजगारी वृद्धि र गरिबी न्यूनीकरण आदिमा एक सशक्त माध्यम हुन सक्छ। मुख्यतः ग्रामीण क्षेत्र तथा न्यून आय भएका घरपरिवारलाई वित्तीय सेवा पुऱ्याउन सहकारी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहन्छ ।

नेपालमा संस्थागत रूपमा सहकारी संस्था सञ्चालन गर्ने प्रक्रिया २०१३ सालमा चितवनबाट सुरु भए यता सहकारी क्षेत्रको विकास र विस्तारका लागि आवश्यक ऐन, नियमावली आदि भई सहकारी प्रवर्धन र नियमन गर्ने निकायहरू पनि स्थापना भएका छन् । तत्पश्चात, विशेषतः वि. सं. २०४६ पछि सहकारी संस्थाको सङ्ख्यामा अप्रत्याशित वृद्धि हुँदै गयो । नेपालको संविधानले त सहकारीलाई मुलुकको आर्थिक विकास र समृद्धिको एक महत्त्वपूर्ण खम्बाको रूपमा उल्लेख गरेको छ ।

### २. वस्तुस्थिति

मुलुकभरमा सहकारी संस्थाहरूको सङ्ख्या ३१ हजार ३ सय ७३ र सहकारीमा आबद्ध सदस्यहरूको सङ्ख्या ७३ लाख ८१ हजार २१८ रहेको तथा यी संस्थाहरूको कुल सेयर पुँजी रु. ९४ अर्ब १५, कुल बचत परिचालन रु. ४ खर्ब ७८ अर्ब ३ करोड तथा कुल ऋण लगानी रु. ४ खर्ब २६ अर्ब ३५ करोड रहेको छ । यस क्षेत्रले ९३ हजार ७ सय ७१ जनालाई प्रत्यक्ष रोजगारी र लाखौंको सङ्ख्यामा अप्रत्यक्ष रोजगारी दिएको छ ।

मुलुकभरमा रहेका सहकारी संस्थामध्ये एक तिहाइ (१०,४१८) सहकारी संस्था बागमती प्रदेशमा रहेका छन् भने कुल सेयर पुँजी ५१ अर्ब ४० करोड रहेको छ । यी सहकारी संस्थाहरूमा बचत रु. २ खर्ब १५ अर्ब रहेको छ भने ऋण प्रवाह रु. २ खर्ब रहेको स्थिति छ । सहकारीमा आबद्ध कुल सदस्य

२७ लाख १७ हजारमध्ये आधाभन्दा बढी सदस्य महिला रहेका छन् । यी सहकारी संस्थाहरूले ३३ हजार ८ सय ९२ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ । जिल्लागत रूपमा सबैभन्दा बढी सहकारी काठमाडौंमा र सबैभन्दा कम रसुवा जिल्लामा रहेका छन् ।

## ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो योजना अवधिमा प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा सहकारी संस्था सञ्चालन मापदण्ड २०७९ तर्जुमा भई कार्यान्वयनमा आएको छ । केही नियमित प्रकृतिका कार्यहरूका अतिरिक्त पहिलो आवधिक योजनामा उल्लेख गरिएका अन्य कार्यनीतिहरू कार्यान्वयन हुन सकेका छैनन् ।

## ४. चुनौती

सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित सहकारी संस्थाहरू सञ्चालन हुनु, संस्थागत सुशासनको अभाव हुनु, सहकारीहरूको नियमन कमजोर हुनु तथा प्रभावकारी अनुगमनको अभाव रहनु, अधिकांश सहकारी संस्थाहरू बचत तथा ऋणमा केन्द्रित रहनु, करिब तीन सय जति बचत तथा ऋण सहकारीहरू सीमित सञ्चालकहरूको निजी स्वार्थपूर्तिको लागि बचतकर्ताको सञ्चित रकम दुरूपयोग हुनु आदि प्रमुख समस्या रहेका छन् भने हाल सङ्कटग्रस्त सहकारी संस्थाहरूमा रहेको जनताको बचत सुरक्षित फिर्ता गर्ने कार्य, सहकारी संस्थाहरूको डुबेको ऋण असुली गर्ने र बदनियतपूर्ण तवरले जनताको बचत हिनामिना गर्ने सञ्चालकहरूलाई कारवाही र सहकारी संस्थाहरूको प्रभावकारी अनुगमनको लागि दोस्रो तह (सेकेन्ड टियर) को संस्थाको निर्माण, सहकारी संस्थाहरूको वित्तीय विवरण डिजिटलाइज्ड गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

## ५. अवसर

नेपालको संविधानले सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा उल्लेख गर्नु, कुल गार्हस्थ्य उत्पादनमा ज्यादै न्यून (३ प्रतिशत हाराहारी) योगदान हुनु, उत्पादन, कृषि, प्रशोधन उद्योग, बजारीकरण, स्वास्थ्य, पर्यटन, यातायात परिवहन, बिमा, पर्यावरण, आवास र नवीकरणीय ऊर्जा लगायतका क्षेत्रमा सहकारी संस्था सञ्चालन गर्न सकिने आदि अवसर तथा सम्भावना रहेका छन् ।

## ६. सोच

सहकारीमा सुशासन; अर्थतन्त्रमा योगदान ।

## ७. लक्ष्य

सहकारीमार्फत उत्पादन र रोजगारी वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने।

## ८. उद्देश्य

१ सहकारी संस्थाहरूमा सुशासन कायम गर्ने,

२ सहकारीमा आधारित उद्योग प्रवर्धन र बजारीकरण गर्ने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: सहकारी संस्थाहरूमा सुशासन कायम गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.५.१<br>सहकारी संस्थाहरूलाई व्यवस्थित र प्रभावकारी बनाउने । | १. सहकारी संस्थाका सञ्चालकहरू लक्षित सुशासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरूलाई सहकारी आदर्श, नीति, ऐन, नियम र विधि आदिबारे अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>३. समस्याग्रस्त सहकारी संस्थाहरूको समस्या समाधानका लागि विशेष पहल गरिने छ ।<br>४. सहकारी संस्थाहरूमा सुशासन कायम गर्नका लागि अनुगमन र नियमनमा जोड दिइने छ ।<br>५. प्रदेशमा भएका सहकारी संस्थाहरूको विद्यमानस्थितिको अध्ययन तथा सहकारी विकासको दीर्घकालीन रणनीतिक योजना तर्जुमा गरिने छ ।<br>६. विषयगत सहकारीहरूको सञ्जाल स्थापनामा सहयोग गरिने छ ।<br>७. प्रदेश सहकारी तालिम केन्द्र स्थापना गरिने छ ।<br>८. प्रत्येक वर्ष उत्कृष्ट सहकारीहरूलाई पुरस्कार र सम्मान प्रदान गरिने छ।<br>९. सहकारी संस्थाहरूको विद्युतीय अभिलेखलाई व्यवस्थित र अध्यावधिक गरिने छ । |

**उद्देश्य २: सहकारीमा आधारित उद्योग प्रवर्धन र बजारीकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.५.२<br>सहकारीका नवीन क्षेत्र पहिचान र त्यसतर्फ सहकारीलाई प्रोत्साहन गर्ने। | १. सहकारीमार्फत कोदोमा आधारित रक्सी उत्पादन तथा ब्रान्डिङ र कोदोबाट विभिन्न किसिमका बेकरी उत्पादन गर्ने उद्योग स्थापना गर्न सहयोग गरिने छ ।<br>२. स्वास्थ्य, आवास, पर्यटन, यातायात/ परिवहन, बिमा, श्रम जस्ता नयाँ क्षेत्रमा सहकारी प्रवर्धन गरिने छ ।<br>३. श्रम सहकारीको स्थापना र सञ्चालनमा सहयोग गरिने छ। |
| ४.५.३<br>उत्पादन, प्रशोधन, बजारीकरण तथा रोजगारी वृद्धिमा सहकारीहरूलाई प्रोत्साहन गर्ने । | १. कृषि वस्तुहरूको बजारीकरणमा हुने बिचौलियाहरूको चलखेल न्यूनीकरणका लागि सहकारी सङ्कलन केन्द्र र थोकबजार स्थलहरूको निर्माणमा सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरिने छ ।<br>२. सहकारीद्वारा कृषिवस्तुको आन्तरिक आपूर्ति व्यवस्थापनको लागि शीतभण्डार, गोदाम, ढुवानी, थोक बिक्री केन्द्र निर्माणमा सहयोग गरिने छ ।<br>३. स्थानीय उत्पादन, प्रशोधन, आपूर्ति, मूल्य शृङ्खला विकास आदिमा सहकारी संस्थाहरूलाई उत्प्रेरित गरिने छ ।<br>४. जग्गा चक्लाबन्दी वा लिजमा लिई व्यावसायिक खेती गर्ने सहकारी संस्थाहरूलाई प्रविधि, बिमा र कृषि सामग्रीमा सहयोग गरिने छ ।<br>५. सहकारीबाट उत्पादित वस्तुहरूको ब्रान्डिङ गर्न आवश्यक सहयोग गरिने छ । |

## १०. प्रमुख कार्यक्रमहरू

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **क** | **सहकारी सुशासन** | | | | | |
| १ | सहकारी संस्थाका सञ्चालकहरू लक्षित सुशासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| २ | सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरूलाई सहकारी आदर्श, नीति, ऐन, नियम र विधि आदिबारे अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन | √ | √ | √ | √ | √ |
| ३ | समस्याग्रस्त सहकारी संस्थाहरूको समस्या समाधानका लागि विशेष पहल | √ | √ | √ | √ | √ |
| ४ | सहकारी संस्थाहरूमा सुशासन कायम गर्नका लागि अनुगमन र नियमन | √ | √ | √ | √ | √ |
| ५ | प्रदेशमा भएका सहकारी संस्थाहरूको विद्यमानस्थितिको अध्ययन तथा सहकारी विकासको दीर्घकालीन रणनीतिक योजना तर्जुमा | √ | √ | | | |
| ६ | विषयगत सहकारीहरूको सञ्जाल स्थापनामा सहयोग | | | √ | √ | |
| ७ | प्रदेश सहकारी तालिम केन्द्र स्थापना | | | √ | | |
| ८ | प्रत्येक वर्ष उत्कृष्ट सहकारीहरूलाई पुरस्कार र सम्मान प्रदान | √ | √ | √ | √ | √ |
| ९ | सहकारी संस्थाहरूको विद्युतीय अभिलेखलाई व्यवस्थित र अध्यावधिक | √ | √ | √ | √ | √ |
| **ख** | **नवीन क्षेत्रमा सहकारी प्रवर्धन** | | | | | |
| १० | सहकारीमार्फत कोदोमा आधारित रक्सी उत्पादन तथा ब्रान्डिङ र कोदोबाट विभिन्न किसिमका बेकरी उत्पादन गर्ने उद्योग स्थापना गर्न सहयोग | | √ | √ | √ | √ |
| ११ | स्वास्थ्य, आवास, पर्यटन, यातायात/ परिवहन, बिमा, श्रम जस्ता नयाँ क्षेत्रमा सहकारी प्रवर्धन | √ | √ | √ | √ | √ |
| १२ | श्रम सहकारीको स्थापना र सञ्चालनमा सहयोग | √ | √ | √ | √ | √ |
| **ग.** | **सहकारी प्रवर्धनात्मक सहयोग** | | | | | |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १३ | कृषि वस्तुहरूको बजारीकरणमा हुने बिचौलियाहरूको चलखेल न्यूनीकरणका लागि सहकारी सङ्कलन केन्द्र र थोकबजार स्थलहरूको निर्माणमा सम्बन्धित सरोकारवालाहरूसँग समन्वय | √ | √ | √ | √ | √ |
| १४ | सहकारीद्वारा कृषिवस्तुको आन्तरिक आपूर्ति व्यवस्थापनको लागि शीतभण्डार, गोदाम, ढुवानी, थोक बिक्री केन्द्र निर्माणमा सहयोग | √ | √ | √ | √ | √ |
| १५ | स्थानीय उत्पादन, प्रशोधन, आपूर्ति, मूल्य शृङ्खला विकास आदिमा सहकारी संस्थाहरूलाई उत्प्रेरणा | √ | √ | √ | √ | √ |
| १६ | जग्गा चक्लाबन्दी वा लिजमा लिई व्यावसायिक खेती गर्ने सहकारी संस्थाहरूलाई प्रविधि, बिमा र कृषि सामग्रीमा सहयोग | √ | √ | √ | √ | √ |
| १७ | सहकारीबाट उत्पादित वस्तुहरूको ब्रान्डिङमा सहयोग | | | √ | √ | √ |

## ११. अपेक्षित उपलब्धि

सहकारीको माध्यमबाट कोदोमा आधारित कृषिजन्य उद्योग स्थापना भएको हुने, कृषिवस्तु भण्डारण, ढुवानी, बजारीकरणमा सहकारी संस्थाहरूको सङ्ख्या वृद्धि भएको हुने छ । प्रत्येक पालिकामा कम्तीमा एक कृषि उत्पादन सहकारी स्थापना तथा सञ्चालन भएको हुने तथा प्रत्येक जिल्लामा एक-एक वटा कृषि उपज प्रशोधन सहकारी स्थापना तथा सञ्चालन भएको हुने छ । नयाँ क्षेत्रहरू जस्तै स्वास्थ्य, आवास, पर्यटन, यातायात, ढुवानी सहकारी संस्था स्थापना भई कार्य गरेको हुने छ । नियमन कार्य प्रभावकारी हुने र सहकारी संस्थाको सञ्चालन, व्यवस्थापनमा सुशासन कायम भएको हुने छ । सहकारी संस्थाहरू व्यवस्थित रूपमा सञ्चालन भई अर्थतन्त्रमा छुट्टै पहिचान बनाएका हुने छन् । सहकारीका माध्यमबाट ठुलो क्षेत्रफलमा केही कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन भएको हुने छ । यी सबै कार्यबाट कुल गार्हस्थ्य उत्पादनमा सहकारीको योगदान वृद्धि भएको हुने र स्वरोजगारी तथा रोजगारी वृद्धि भएको हुने छ ।

# परिच्छेद - पाँच
# सामाजिक क्षेत्र

## ५.१ शिक्षा

### १. पृष्ठभूमि

शिक्षा समग्र विकासको आधार हो । शिक्षित समाजको माध्यमबाट नै मुलुकको दिगो शान्ति र समृद्धि तथा सामाजिक आर्थिक रूपान्तरणको महत्त्वपूर्ण माध्यम हुन सक्छ । नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हरूको रूपमा प्रत्याभूत गरेको छ । संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने तथा राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा दायित्वको रूपमा उल्लेख गरिएको छ ।

### २. वस्तुस्थिति

मुलुकको औसत तथा अन्य प्रदेशका साक्षरता दरभन्दा बागमती प्रदेशको साक्षरता दर उच्च छ । राष्ट्रिय औसत साक्षरता दर ७६.३ प्रतिशत रहेकोमा बागमती प्रदेशको ८२.१ प्रतिशत रहेको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान ४-५ प्रतिशतकोबिचमा रहेको छ ।

बागमती प्रदेशमा आधारभूत विद्यालय (१-५ कक्षा) २ हजार ७८९ वटा, आधारभूत विद्यालय (१-८ कक्षा) ९९८ वटा, माध्यमिक (९-१० कक्षा) एक हजार ८८४ र माध्यमिक (११-१२ कक्षा) एक हजार १६६ वटा रहेका छन् । शैक्षिक सत्र २०७९/८० मा बागमती प्रदेशको विद्यार्थी खुद भर्नादर आधारभूत कक्षा (१-५ कक्षा) मा ९६.१ प्रतिशत, आधारभूत तह (६-८ कक्षा) ९५.६ प्रतिशत, आधारभूत तह (१-८ कक्षा) ९५.९ प्रतिशत, माध्यमिक तह (९-१० कक्षा) ७६.६ प्रतिशत, उच्चमाध्यमिक तह (११-१२ कक्षा) ४६.९ प्रतिशत, माध्यमिक तह (९-१२ कक्षा) ६१.२ प्रतिशत रहेको छ । त्यस्तै बागमती प्रदेशमा ४६ आङ्गिक, १७१ सामुदायिक र ४१६ संस्थागत गरी कुल ६३३ उच्च शैक्षिक संस्थाहरू रहेका छन् भने यी शैक्षिक संस्थाहरूमा २ लाख ६८ हजार ८३८ विद्यार्थीहरू अध्ययनरत छन् । प्रदेशका उच्च शिक्षण संस्थाहरूका कुल कार्यक्रमको २७.८ प्रतिशत प्राविधिक शिक्षाका कार्यक्रम मात्र रहेका छन् ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजनामा उल्लेख गरिएका कार्यक्रमहरूमध्ये शिक्षकहरूको तालिम कार्यक्रम, पूर्ण साक्षर प्रदेश घोषणा गर्न स्थानीय तहसँग सहकार्य, केही विद्यालयको भौतिक पूर्वाधार निर्माण, सामुदायिक

विद्यालयहरूमा विज्ञान र आइसिटी प्रयोगशाला स्थापना, प्रदेश विश्वविद्यालयको स्थापना, भूकम्पबाट क्षतिग्रस्त विद्यालयको मर्मत सम्भार र पुनर्निमाण जस्ता कार्यक्रमहरू सम्पन्न भएका छन भने दिनेश-रामजी बहुप्राविधिक शिक्षालयको पूर्वाधार निर्माण सम्पन्न भएको छ । तर महिला शिक्षकको अनुपात वृद्धि गर्ने, नैतिक शिक्षाको पाठ्यक्रम लागु गर्ने, बहु प्राविधिक शिक्षालयको स्थापना, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने लगायतका कार्यक्रमहरू प्रभावकारी हुन सकेको देखिदैन ।

त्यस्तै पहिलो आवधिक योजनामा उल्लेख भएका विश्वविद्यालयबाट स्वर्णपदक प्राप्त गरेका विद्यार्थीहरूले शिक्षण पेसामा सिधै प्रवेश गर्न पाउने व्यवस्था, उच्चशिक्षामा अनिवार्यरूपमा कम्तीमा ६ महिनाको स्वयमसेवक कार्यक्रम, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम केन्द्रहरूको स्थापना तथा सञ्चालन लगायतका कार्यक्रमहरू कार्यान्वयनमा आउन सकेको देखिदैन ।

## ४. चुनौती

विद्यालयहरूको वैज्ञानिक नक्साङ्कन हुन नसक्नु, सामुदायिक विद्यालयमा गरिएको लगानी पूर्णतः सदुपयोग हुन नसक्नु, शैक्षिक संस्थाहरूको विकास भौगोलिकरूपमा सन्तुलित नहुनु, भौतिक पूर्वाधार अपर्याप्त हुनु, प्रादेशिक विशिष्टताको आधारमा शैक्षिक कार्यक्रमहरू सञ्चालन हुन नसक्नु र उद्यमशील जनशक्तिको विकास अपेक्षाकृत हुन नसक्नु आदि शिक्षा क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आम नागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबिच सन्तुलन कायम गर्ने, समुदायलाई संविधान प्रदत्त शिक्षासम्बन्धी हकहरू बारे सुसूचित गर्ने, शैक्षिक संस्थाहरूको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य आदि चूनौतीहरू रहेका छन् । त्यस्तै विद्यालयमा विद्यार्थी टिकाउ दरलाई वृद्धि गर्ने, विद्यार्थीको पढाइ छाड्ने सङ्ख्या घटाउने तथा उच्च शिक्षाका लागि विदेशिने प्रवृत्तिलाई निरुत्साहन गर्नु पनि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

## ५. अवसर तथा सम्भावना

शैक्षिक पूर्वाधारहरूको विस्तार हुनु, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्नादरमा वृद्धि हुनु, समुदायमा प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति आकर्षण बढ्दै जानु र बहुप्राविधिक विश्वविद्यालयको आवश्यकता बढ्दै जानु आदि शिक्षा क्षेत्रका प्रमुख अवसरहरू हुन् । शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधारशिला तयार भएको र शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले

गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ । त्यस्तै हाल कार्यरत जनशक्तिहरूको अनुभव र क्षमतामा अभिवृद्धि हुनु, उच्च शिक्षा ऐन तथा नियमावली जारी भई विश्वविद्यालय स्थापना हुनु, प्राविधिक तथा व्यवासायिक शिक्षा र तालिम परिषद् ऐन तथा नियमावली जारी हुनु आदिले शिक्षा क्षेत्रको विकासका लागि सम्भावनाको ढोका खोलेका छन् ।

## ६. सोच

आर्थिक समृद्धि तथा सामाजिक रूपान्तरणका लागि शिक्षित जनता ।

## ७. लक्ष्य

उच्चस्तरीय सिपयुक्त दक्ष जनशक्ति उत्पादन गर्नु ।

## ८. उद्देश्य

१ गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउने,

२ शिक्षालाई उद्यम तथा रोजगारीसँग प्रत्यक्ष जोडिने बनाउने,

३ स्वदेशी बजारको माग अनुरूप उच्च शिक्षालाई प्रयोगात्मक र गुणस्तरीय बनाउने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१.१ सामुदायिक शैक्षिक संस्थामा शिक्षाको गुणस्तर वृद्धि गर्ने । | १. सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. वृत्तिमार्ग निर्देशन सेवा सञ्चालनका लागि प्रदेश, स्थानीय तह, विद्यालय र शिक्षालयमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि, डिजिटल सामग्री निर्माण र प्राविधिक सहयोग गरिने छ ।<br>३. सामुदायिक विद्यालयहरूमा पठनपाठनमा आधुनिक प्रविधिको प्रयोग गर्न सहयोग गरिने छ ।<br>४. सामुदायिक विद्यालयहरूलाई भौतिक पूर्वाधार निर्माणमा सहयोग गरिने छ।<br>५. दुर्गम क्षेत्रहरूमा आवासीय विद्यालय निर्माण गरी निःशुल्क पठनपाठनको व्यवस्था गरिने छ ।<br>६. सामुदायिक तथा निजी शैक्षिक संस्थाहरूमा पनि नियमित अनुगमन गरिने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ७. नक्साङ्कनका आधारमा शैक्षिक संस्थाहरू गाभ्ने, नयाँ स्थापना गर्ने, तथा दुर्गम क्षेत्रहरूमा आवासीय विद्यालयहरू स्थापना गरिने छ ।<br>८. माध्यमिक विद्यालय शिक्षक अनुदान प्रदान गरिने छ ।<br>९. नवप्रवेशी शिक्षककहरूका लागि सेवा प्रवेश तालिम र शिक्षक मेन्टोरिङको व्यवस्था गरिने छ ।<br>१०. वौद्धिक अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाहरूका लागि नमुना तथा आवासीय विद्यालय सञ्चालन सहयोग गरिने छ ।<br>११. विषयगत विद्युतीय सामग्री तयार र वितरण गरिने छ ।<br>१२. प्रदेशभित्रका विद्यालयहरूमा आधारभूत तहमा तामाङ वा नेपाल भाषामध्ये एक भाषा ऐच्छिक विषय बनाउने व्यवस्था मिलाइने छ ।<br>१३. एक माध्यमिक विद्यालय एक सूचना प्रविधि शिक्षकको व्यवस्था गर्न सहयोग गरिने छ ।<br>१४. प्राविधिक शिक्षा र उच्च शिक्षासम्बन्धी छात्रवृत्तिको व्यवस्था गरिने छ ।<br>१५. सामुदायिक विद्यालयहरूमा शैक्षिक पूर्वाधार प्रयोगशाला, कम्प्युटर, ई लाइब्रेरी, आदिको लागि सहयोग गरिने छ ।<br>१६. शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको नतिजासँग जोड्नका लागि सहयोग गरिने छ ।<br>१७. विशेष (जस्तैः अटिज्म) प्रकृतिका विद्यालय एवम् संस्थाहरूको सुदृढीकरणका लागि सहयोग गरिने छ । |

**उद्देश्य २: शिक्षालाई उद्यम तथा रोजगारीसँग प्रत्यक्ष जोडिने बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१.२<br>सिप शिक्षालाई अभियानका रूपमा सञ्चालन गर्न स्थानीय तथा सङ्घीय सरकारसँग सहकार्य गर्ने । | १. आधारभूत तहसम्म ब्यवहारोपयोगी पाठ्यक्रम अनिवार्य गरिने छ।<br>२. माध्यमिक तहबाट प्राविधिक र व्यावसायिक शिक्षा दिने व्यवस्था सुरु गरिने छ ।<br>३. सामुदायिक विद्यालयहरूमा सिप शिक्षा अभियानका रूपमा अगाडि बढाउन स्थानीय सरकारसँग सहकार्य गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१.३<br>प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच विस्तार र गुणस्तर सुधार गर्ने। | १. जनसङ्ख्या तथा स्थानीय आवश्यकताको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम विस्तार गरिने छ।<br>२. विभिन्न औद्योगिक प्रतिष्ठानहरूसँग समन्वय गरी सिपयुक्त जनशक्तिलाई रोजगारीको लागि सहजीकरण गरिने छ ।<br>३. बहुप्राविधिक महाविद्यालयहरूको स्थापना गर्न सहयोग गरिने छ।<br>४. आरपिएल माध्यमको सिप परीक्षण गर्न सहयोग गरिने छ ।<br>५. दिनेश-रामजी बहुप्राविधिक शिक्षालय र बौद्धिक अपाङ्गता विद्यालय पूर्वाधार निर्माणमा सहयोग गरिने छ । |

**उद्देश्य ३: स्वदेशी बजारको मागअनुरूप उच्च शिक्षालाई प्रयोगात्मक र गुणस्तरीय बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१.४<br>उच्च शैक्षिक संस्थाहरूलाई प्राज्ञिक स्वायत्तताका स्थल बनाउने । | १. प्रदेश विश्वविद्यालय सञ्चालन र व्यवस्थापन गरिने छ ।<br>२. विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूमा हुने नियुक्तिहरूमा खुला प्रतिस्पर्धाबाट गर्ने व्यवस्था गरिने छ।<br>३. विश्वविद्यालयका विद्यार्थीहरूलाई अध्ययन अनुसन्धान कार्यमा प्रोत्साहन गर्न अनुसन्धान कोषको व्यवस्था गरिने छ ।<br>४. प्रदेश विद्यालय शिक्षा ऐन तथा नियमावली लगायतका कानुनी परिमार्जन गरिने छ । |

## १०. प्रमुख कार्यक्रमहरू

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **क** | **शैक्षिक गुणस्तर सुधार** | | | | | |
| १ | सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| २ | वृत्तिमार्ग निर्देशन सेवा सञ्चालनका लागि प्रदेश, स्थानीयतह, विद्यालय र शिक्षालयमा कार्यरत | | √ | | √ | |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| | जनशक्तिको क्षमता अभिवृद्धि, डिजिटल सामग्री निर्माण र प्राविधिक सहयोग | | | | | |
| ३ | सामुदायिक विद्यालयहरूमा पठनपाठनमा आधुनिक प्रविधिको प्रयोग गर्न सहयोग | √ | √ | √ | √ | √ |
| ४ | सामुदायिक विद्यालयहरूलाई भौतिक पूर्वाधार निर्माणमा सहयोग | √ | √ | √ | √ | √ |
| ५ | दुर्गम क्षेत्रहरूमा आवासीय विद्यालय निर्माण गरी निःशुल्क पठनपाठनको व्यवस्था | √ | √ | √ | √ | √ |
| ६ | सामुदायिक तथा निजी शैक्षिक संस्थाहरूमा पनि नियमित अनुगमन | √ | √ | √ | √ | √ |
| ७ | नक्साङ्कनका आधारमा शैक्षिक संस्थाहरू गाभ्ने, नयाँ स्थापना गर्ने, तथा दुर्गम क्षेत्रहरूमा आवासीय विद्यालयहरू स्थापना | √ | √ | √ | √ | √ |
| ८ | माध्यमिक विद्यालय शिक्षक अनुदान | | √ | √ | √ | √ |
| ९ | नवप्रवेशी शिक्षकहरूको लागि सेवा प्रवेश तालिम र शिक्षक मेन्टोरिङको व्यवस्था | | √ | √ | √ | √ |
| १० | वौद्धिक अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाहरूका लागि नमुना तथा आवासीय विद्यालय सञ्चालन सहयोग | √ | √ | √ | √ | √ |
| ११ | विषयगत विद्युतीय सामग्री तयार र वितरण | | | √ | √ | √ |
| १२ | देशभित्रका विद्यालयहरूमा आधारभूत तहमा तामाङ वा नेपाल भाषामध्ये एक भाषा ऐच्छिक विषय बनाउने व्यवस्था | | √ | √ | √ | √ |
| १३ | एक माध्यमिक विद्यालय एक सूचना प्रविधि शिक्षकको व्यवस्था गर्न सहयोग | | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १४ | प्राविधिक शिक्षा र उच्च शिक्षासम्बन्धी छात्रवृत्तिको व्यवस्था | √ | √ | √ | √ | √ |
| १५ | सामुदायिक विद्यालयहरूमा शैक्षिक पूर्वाधार ल्याब, कम्प्युटर, ई लाइब्रेरी, आदिको लागि सहयोग | √ | √ | √ | √ | √ |
| १६ | शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको नतिजासँग जोड्नका लागि सहयोग | | | √ | √ | √ |
| १७ | विशेष (जस्तैः अटिज्म) प्रकृतिका विद्यालय एवम् संस्थाहरूको सुदृढीकरणका लागि सहयोग | | | √ | √ | √ |
| **ख** | **उद्यमशील तथा रोजगारी क्षमता विकास** | | | | | |
| १८ | आधारभूत तहसम्म व्यवहारोपयोगी पाठ्यक्रम विकास | | √ | √ | | |
| १९ | माध्यमिक तहबाट प्राविधिक र व्यावसायिक शिक्षा दिने व्यवस्था | | | √ | √ | √ |
| २० | सामुदायिक विद्यालयहरूमा सिप शिक्षा अभियानका रूपमा अगाडि बढाउन स्थानीय सरकारसँग सहकार्य | √ | √ | √ | √ | √ |
| २१ | जनसङ्ख्या तथा स्थानीय आवश्यकताको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम विस्तार | √ | √ | √ | √ | √ |
| २२ | विभिन्न औद्योगिक प्रतिष्ठानहरूसँग समन्वय गरी सिपयुक्त जनशक्तिलाई रोजगारीको लागि सहजीकरण | √ | √ | √ | √ | √ |
| २३ | बहुप्राविधिक महाविद्यालयहरूको स्थापना गर्न सहयोग | √ | √ | √ | √ | √ |
| २४ | आरपिएल माध्यमको सिप परीक्षण गर्न सहयोग | | √ | √ | √ | √ |
| २५ | दिनेश-रामजी बहुप्राविधिक शिक्षालय र वौद्धिक अपाङ्गता विद्यालय पूर्वाधार निर्माणमा सहयोग | √ | √ | √ | √ | √ |
| **ग** | **उच्च शिक्षा प्रवर्धन** | | | | | |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| २६ | प्रदेश विश्वविद्यालय सञ्चालन र व्यवस्थापन | √ | √ | √ | √ | √ |
| २७ | विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूमा हुने नियुक्तिहरूमा खुला प्रतिस्पर्धाबाट गर्ने व्यवस्था | √ | √ | √ | √ | √ |
| २८ | विश्वविद्यालयका विद्यार्थीहरूलाई अध्ययन अनुसन्धानकार्यमा प्रोत्साहन गर्न अनुसन्धान कोषको व्यवस्था | √ | √ | √ | √ | √ |
| २९ | प्रदेश विद्यालय शिक्षा ऐन तथा नियमावली लगायतका कानुनी समयानुकूल परिमार्जन | √ | √ | √ | √ | √ |

### ११. अपेक्षित उपलब्धि

प्रदेश विश्वविद्यालय स्थापना भई सञ्चालनमा आएको हुने छ । प्रदेशमा कम्तीमा एक बहुप्राविधिक महाविद्यालय स्थापना भई प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या बढेको हुने छ । सामुदायिक विद्यालय तथा क्याम्पसको भौतिक पूर्वाधार सुधार भएको हुने तथा शिक्षणमा आधुनिक प्रविधिको प्रयोग भएको हुने छ । विद्यार्थीहरूले एप्रेन्टिसिप तालिमको अवसर पाएका हुने छन् । शिक्षकहरूको क्षमता अभिवृद्धि तथा शैक्षिक उन्नयनको अवसरले गर्दा गुणस्तरीय पठनपाठन भएको हुने छ । त्यस्तै साक्षरता दर शतप्रतिशत हुने, विद्यालय छाड्ने विद्यार्थीको सङ्ख्या नगन्य हुने छ।

## ५.२ स्वास्थ्य तथा जनसङ्ख्या

### (क) स्वास्थ्य

### १. पृष्ठभूमि

नेपालको संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वन्चित नहुने व्यवस्था गरिएको छ। नागरिकलाई गुणस्तरीय, सहज र सुलभ स्वास्थ्य सेवामा समान पहुँच पु¥याउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्ने नीति रहेको छ। सङ्घीय र स्थानीय सरकारसँगको समन्वय र सहकार्यबाट बागमती प्रदेशको स्वास्थ्य क्षेत्र उल्लेखनीय प्रगति भएको छ। विशेष गरेर मातृ र बाल स्वास्थ्य, औसत आयु र सङ्क्रामक रोगहरूको नियन्त्रणमा

उपलब्धि हासिल भएका छन्। तथापि विभिन्न वर्ग तथा समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा असमानता देखिन्छ। स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्दै यस्ता असमानताहरू कम गर्न सुधार गर्नुपर्ने देखिन्छ।

## २. वस्तुगत स्थिति

सङ्घीय राजधानी अवस्थित प्रदेश भएकाले पनि बागमतीमा सरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य क्षेत्रमा अन्य प्रदेशको तुलनामा ठुलो लगानी भएको छ। नेपाल जनसाङ्ख्यिक तथा स्वाथ्य सर्वेक्षण, २०२२ का अनुसार किशोरावस्थाको प्रजनन दर ७.८ प्रतिशत, नवजात शिशु मृत्युदर १८ प्रति १ लाख जीवित जन्ममा, पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर २४ प्रति हजार जीवित जन्ममा, मातृ मृत्यू दर ९८ प्रति लाख जीवित जन्ममा, परिवार नियोजनका आधुनिक साधनहरूको प्रयोग दर ४३ प्रतिशत, पुड्कोपना १७.६ प्रतिशत र ख्याउटेपना ४.५ प्रतिशत रहेका छन् । संस्थागत प्रसूति दर ८८.३ प्रतिशत, दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति गराउने महिला ८६.६ प्रतिशत र पूर्ण रूपमा खोप पाएका (कुनै समयमा) १२-२३ महिनाको बालबालिका ८३ प्रतिशत रहेका छन् । बागमती प्रदेशमा मुटुरोग, मधुमेह, दीर्घ श्वासप्रश्वास रोग र क्यान्सर लगायतका नसर्ने रोगका मुख्य जोखिम तत्त्वहरू विशेषगरी मोटोपना, अपर्याप्त शारीरिक क्रियाकलाप, सुर्तीजन्य पदार्थको सेवन, मद्यपान, अपर्याप्त फलफूल तथा अखाद्य पदार्थको सेवनको दर उच्च हुनु हुन् ।

## ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजनामा प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५, प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ जारी भई प्रदेशभित्रको समग्र स्वास्थ्य सेवाको व्यवस्थापन, अनुगमन र नियमन गर्ने व्यवस्था गरिएको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ जारी भई चिकित्सा विज्ञानका स्नातक तहका चारवटा विधाको अध्यापन सुरुआत भएको छ । साविकमा ८ वटा जिल्ला अस्पताल सञ्चालनमा रहेकोमा ५ वटा स्थानीय तहका अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रहरूलाई प्रदेशको स्वामित्वमा ल्याई तिनको स्तरोन्नति गरी सबै जिल्लामा प्रादेशिक अस्पताल स्थापना तथा सञ्चालन भएको छ । एघार वटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र २ वटा अञ्चल आयुर्वेद औषधालयलाई स्तरोन्नति गरी सबै जिल्लामा आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको रूपमा सञ्चालनमा ल्याइएको छ। प्रदेश सरकारसमेतको सहयोगमा विभिन्न स्थानीय तहमा प्राथमिक र आधारभूत तथा नगर र ग्रामीण अस्पताल सञ्चालनमा ल्याइएको छ। प्रदेशलाई आयुर्वेद औषधीमा आत्मनिर्भर बनाउनका लागि चितवन जिल्लाको रत्ननगरमा आयुर्वेद औषधी उत्पादन केन्द्र स्थापना गरिएको छ। स्वास्थ्य विपद् पूर्वतयारी, प्रतिकार्य तथा व्यवस्थापन, रोगको निगरानी कार्यका लागि प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनमा ल्याइएको छ। धादिङ, हेटौंडा र धुलिखेल गरी तीन स्थानमा एम्बुलेन्स डिस्प्याच सेन्टर स्थापना र सञ्चालन गरी एम्बुलेन्स सेवालाई व्यवस्थित गर्ने गरिएको छ। नसर्ने रोगको

रोकथाम, शीघ्र पहिचान, निदान र उपचारका लागि स्थानीय तहका स्वास्थ्य संस्थादेखि अतिविशिष्टीकृत अस्पतालसम्ममा मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम सञ्चालनमा ल्याइएको छ । मातृ तथा नवशिशु मृत्युदरलाई कम गर्न ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको निःशुल्क हवाई उद्धार सेवा शुरुवात गरिएको छ । अति सिमान्कृत एवम् लोपोन्मुख समुदायका आमाहरूले स्वास्थ्य संस्थामा प्रसूति गराएमा र बालबालिकाहरूलाई पूर्ण खोप लगाएमा प्रोत्साहन भत्ता स्वरूप रु. ५००० उत्प्रेरणा खर्च दिने व्यवस्था गरिएको छ।

देशमै नमुना कार्यक्रमका रूपमा आर्थिक वर्ष २०७५/७६ देखि २० वटा माध्यमिक विद्यालयबाट सुरु गरिएको "एक विद्यालय एक नर्स" कार्यक्रमलाई हाल ११९ वटै स्थानीय तहका ८४८ वटा विद्यालयमा विस्तार गरिएको छ । मानव स्वास्थ्यमा प्रभाव पार्ने सामाजिक निर्धारकहरूलाई बहुपक्षीय तथा बहुक्षेत्रीय समन्वय, सहकार्य, साझेदारी र सहभागितामा सम्बोधन गर्न "सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका, २०८०" कार्यान्वयनमा ल्याइएको छ। अतिसीमान्तकृत, लोपोन्मुख, अपाङ्गता 'ख' वर्गका व्यक्ति, आश्रममा आश्रित, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूसहित करिब १८,००० घरपरिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिएको छ । प्रदेशका विपन्न नागरिकहरूलाई नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा निःशुल्क ब्लड ब्याग उपलब्ध गराइएको छ । विशेषज्ञ चिकित्सकलाई प्रदेशका अस्पतालमा काम गर्न प्रोत्साहित र विशेषज्ञ स्वास्थ्य सेवाको विस्तार गर्न "दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम" सञ्चालन गरिएको छ।

## ४. चुनौती

स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्डअनुसार स्वास्थ्यसम्बन्धी पूर्वाधारहरूको विकास र विस्तार नहुनु, स्वास्थ्य संस्थाहरू मूलतः सहरी क्षेत्रमा केन्द्रित हुनु, विपन्न वर्गका मानिसलाई जटिल प्रकारका रोग लागेमा उपचारमा सहज पहुँच नहुनु, अपाङ्गता समायोजित जीवन वर्ष (Disabliity Adjusted Life Years)मा मानसिक रोग, उच्च रक्तचाप, मधुमेह, मुटु रोग र क्यान्सर लगायतका नसर्ने रोगको भार बढी हुनु, आत्महत्याको दर र सडक दुर्घटनाका कारण हुने मृत्यु र अपाङ्गता दर बढ्दो हुनु, स्वास्थ्य प्रवर्धनका कार्यक्रमहरू समुदाय स्तरसम्म पर्याप्त रूपमा लागु गर्न नसकिनु, पुनर्स्थापनात्मक स्वास्थ्य सेवाहरू पर्याप्त रूपमा विस्तार गर्न नसक्नु, ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य सेवाको पर्याप्त तयारी नहुनु, ग्रामीण क्षेत्रका अस्पतालहरूमा आवश्यक दक्ष जनशक्ति तथा रोग पहिचान र उपचारको लागि आधुनिक प्रविधि पुऱ्याउन नसक्नु तथा पोषण कार्यक्रमको विस्तारमा चुनौती रहेका छन् । त्यस्तै आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका स्वास्थ्य उपचार सेवा लगायतका अन्य परम्परागत तथा वैकल्पिक चिकित्सा प्रणालीहरूको एकीकृत रूपमा पर्याप्त विकास र विस्तार गर्न पनि चुनौती देखिएको छ।

## ५. अवसर र सम्भावना

यस प्रदेशमा मुलुककै प्रमुख अस्पतालहरूसहित झन्डै एक तिहाइ स्वास्थ्य संस्था र विशिष्टीकृत स्वास्थ्य सेवाका केन्द्रहरू हुनु, स्वास्थ्यमा निजी क्षेत्रको संलग्नता उल्लेख्य रहनु, सरकारी र निजी क्षेत्रसमेत गरी स्वास्थ्यकर्मीहरू उत्पादन गर्ने १२ वटा मेडिकल कलेज तथा अनुसन्धान केन्द्रहरू यसै प्रदेशमा हुनु, स्वास्थ्य विज्ञान प्रतिष्ठान मार्फत प्रदेशलाई आवश्यक पर्ने स्वास्थ्य जनशक्ति उत्पादन गर्न सक्ने सम्भावना रहनु, वैकल्पिक स्वास्थ्य सेवाका लागि आवश्यक आयुर्वेद अस्पताल, योग केन्द्र, प्राकृतिक चिकित्सालय, आम्ची लगायतका उपचार पद्धतिहरूसमेत यस प्रदेशमा बढी केन्द्रित रहनु, प्रदेश सरकारद्वारा स्थापित आयुर्वेद औषधी उत्पादन केन्द्र मार्फत प्रदेशलाई आयुर्वेद औषधीमा आत्मनिर्भर बनाउने प्रयास हुनु, तीनै तहका सरकारले स्वास्थ्यलाई प्राथमिकता दिनु, स्थानीय स्तरमै भौगोलिक, सामाजिक, आर्थिक मुद्दाहरू सम्बोधन हुने गरी योजना तर्जुमा र स्रोत परिचालन हुनु, सडक सञ्जाल लगायत भौतिक पूर्वाधार विकासले गति लिनु, सूचना प्रविधिमा नवीनतम् प्रयोगहरू हुनु, नसर्ने रोग, सडक दुर्घटना लगायतका स्वास्थ्य चुनौतीहरूलाई सम्बोधन गर्न सबै नीतिमा स्वास्थ्य कार्यान्वयनमार्फत बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्यमा गर्न सकिने अवसर र सम्भावनाहरू रहेको छ।

## ६. सोच

स्वस्थ नागरिक; गुणस्तरीय जीवनयापन ।

## ७. लक्ष्य

स्वास्थ्य सेवामा प्रदेशबासी सबै नागरिकको सर्वव्यापी पहुँच स्थापित गरी जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने।

## ८. उद्देश्य

१. आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ रूपमा उपलब्ध गराउने,
२. गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने,
३. पारदर्शी, जवाफदेही, उत्तरदायी, नागरिकमैत्री, उत्थानशील स्वास्थ्य प्रणालीको विकास गर्ने,
४. महामारी र आकस्मिक स्वास्थ्य सेवाको पूर्वतयारी र व्यवस्थापन गर्ने,
५. प्रदेश अस्पताल र अन्य स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको स्वास्थ्य तथ्याङ्क व्यवस्थित गर्ने।

## ९. रणनीति तथा कार्यनीति

**उद्देश्य १: आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ रूपमा उपलब्ध गराउने।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.२.१<br>निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाको उपलब्धताको सुनिश्चितता गर्ने। | १. सङ्घ र स्थानीय तहको समन्वय र सहकार्यमा आधारभूत स्वास्थ्य सेवा स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।<br>२. स्वास्थ्य संस्थाहरूमा आवश्यकता र औचित्यका आधारमा आधारभूत स्वास्थ्य सेवा विस्तार गर्दै लगिने छ।<br>३. स्वास्थ्य सेवाको पहुँच नपुगेका स्थानहरूमा स्थानीय तहको सहकार्यमा स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाको विस्तार गर्दै लगिने छ।<br>४. आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न प्रयाप्त स्रोतको व्यवस्था मिलाइने छ।<br>५. आकस्मिक स्वास्थ्य सेवा तुरुन्त र अविछिन्न रूपमा उपलब्ध गराउनका लागि प्रदेशभित्रका स्वास्थ्य संस्थाहरूमा आकस्मिक स्वास्थ्य सेवाका लागि निश्चित शैय्या छुट्याइने छ।<br>६. शीघ्र तथा आकस्मिक स्वास्थ्य सेवा आवश्यक भएका व्यक्तिलाई प्रादेशिक डिस्प्याच सेन्टर मार्फत एम्बुलेन्स तथा हवाई उद्धारकोसमेत व्यवस्था मिलाइने छ।<br>७. सडक दुर्घटना लगायतका दुर्घटनाका घाइतेको शीघ्र तथा आकस्मिक स्वास्थ्य सेवाको लागि एम्बुलेन्समार्फत पूर्व अस्पताल सेवाको व्यवस्था गरिने छ।<br>८. दुर्घटनाको जोखिमपूर्ण स्थानहरूको पहिचान गरी त्यस्ता स्थानहरूका विद्यमान स्वास्थ्य संस्थाहरूको सेवालाई सुदृढीकरण गरिने छ।<br>९. शीघ्र तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न विद्यमान स्वास्थ्य संस्थाहरूको सेवालाई सुदृढीकरण र विस्तार गर्दै लगिने छ। |
| ५.२.२<br>बालबालिका, किशोरकिशोरी र महिलाको स्वास्थ्य तथा प्रजनन स्वास्थ्य | १. स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेशभित्रका स्वास्थ्य संस्थाहरूलाई किशोरकिशोरीमैत्री स्वास्थ्य संस्थाको रूपमा विकास र विस्तार गरिने छ। |

| | |
|---|---|
| लगायतका अधिकार सुनिश्चित गर्ने। | २. प्रजनन स्वास्थ्य अधिकार सुनिश्चिततताका लागि स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य एवं सुरक्षित मातृत्व सेवाको विकास र विस्तार गरिने छ।<br>३. घरमा नै गएर उत्तर प्रसुति सेवा प्रवाह गर्ने कार्यलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा क्रमश: विस्तार गर्दै लगिने छ।<br>४. प्रजनन स्वास्थ्य रुग्णताको स्क्रिनिङ, परीक्षण, रोकथाम तथा उपचारको यथोचित व्यवस्था मिलाइने छ।<br>५. किशोरीहरूलाई हुम्यान प्यापिलोमा भाइरस विरुद्धको खोप (एच.पी.भी.) लगायतका खोप लगाउने व्यवस्था मिलाइने छ।<br>६. स्थानीय तहको समन्वय र सहकार्यमा रणनीतिक स्थानमा मातृ प्रतिक्षा गृह, बर्थिङ सेन्टर, आधारभूत आकस्मिक प्रसुति तथा शल्यक्रियासहितको सुत्केरी तथा नवजातशिशु सेवा केन्द्रको स्थापना र स्तरोन्नति गर्दै लगिने छ।<br>७. प्रदेशका अस्पतालहरूमा विशेष नवजात शिशु हेरचाह एकाइ (स्पेसियल न्यूवर्न केयर युनिट) नवजात शिशु सघन हेरचाह एकाइ (नियोनेटल ईन्टेन्सिभ केयर युनिट) सेवाको विकास र विस्तार गर्दै लगिने छ।<br>८. ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी तथा नवजात शिशुलाई हवाई उद्धार लगायतका द्रुत सवारी साधनको व्यवस्था गरी विशेषज्ञ तथा विशिष्टीकृत सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।<br>९. लैङ्गिक तथा यौन हिंसा न्यूनीकरण, हिंसा पीडितहरूको उपचार र व्यवस्थापको लागि अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन सेवा केन्द्रको स्थापना र सुदृढीकरण गरिने छ।<br>१०. सुरक्षित गर्भपतन सेवालाई गुणस्तरीय, सहज, पहुँच योग्य र थप व्यवस्थित गर्दै लगिने छ।<br>११. महिला र पुरुषमा हुने बाँझोपनको पहिचान, रोकथाम र उपचारका लागि यथोचित व्यवस्था गरिने छ।<br>१२. सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन नर्सिङ्ग कर्मचारी मार्फत आधारभूत/ग्रामीण अल्ट्रासाउण्ड सेवालाई विस्तार गर्दै लगिने छ। |

| | |
|---|---|
| | १३. विशेषज्ञ चिकित्सक नभएका अस्पतालमा सुरक्षित मातृत्व सेवाका लागि तालिम प्राप्त अन्य विशेषज्ञ चिकित्सक वा मेडिकल अधिकृतमार्फत अल्ट्रासाउण्ड सेवा प्रदान गर्ने व्यवस्था गरी सोको विस्तार गर्दै लगिने छ।<br>१४. विद्यालयमा बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य सुधार तथा प्रवर्धनका लागि सङ्घ र स्थानीय तहसमेतको समन्वय र सहकार्यमा विद्यालय नर्स परिचालन गरिने छ ।<br>१५. परिवार नियोजन र आकस्मिक गर्भ निरोधका साधनको सङ्घीय तथा स्थानीय सरकारको समन्वय र सहकार्यमा सहज र शुलभ उपलब्धता सुनिश्चित गरिने छ।<br>१६. कानुनबमोजिम जीवनपथमा आधारित सबै प्रकारका खोप सेवाको सुनिश्चितता गरिने छ। |

**उद्देश्य २. गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.२.३<br>स्थानीय तहको सहकार्यमा स्वास्थ्य सेवा एवं संस्थाको सुदृढीकरण गर्ने। | १. प्रादेशिक स्वास्थ्य निकाय र स्थानीय तहबिच समन्वय तथा सहकार्यका लागि उपयुक्त संयन्त्र निर्माण गरिने छ।<br>२. स्थानीय तहका स्वास्थ्य संस्था तथा अस्पतालको सञ्चालन तथा सेवा विस्तारका लागि आर्थिक, प्राविधिक तथा स्वास्थ्य सामग्रीको सहयोग र सहकार्य गरिने छ।<br>३. स्थानीय तहका स्वास्थ्यकर्मीहरूलाई तालिम प्रदान तथा क्षमता अभिवृद्धि गरिने छ।<br>४. स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेशका नीति, रणनीति, अभियान तथा कार्यक्रमहरू कार्यान्वयन गरिने छ।<br>५. स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्थानीय स्तरमा खोप तथा औषधीजन्य सामग्रीहरूको आधुनिक भण्डारण तथा वितरण प्रणालीको विकास गरिने छ। |

| | |
|---|---|
| | ६. गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताका लागि प्रदेश सरकारबाट सञ्चालन स्वीकृति प्राप्त गरेका स्वास्थ्य संस्थाहरूको अनुगमन स्थानीय तहबाटसमेत हुने व्यवस्था गरिने छ। |
| ५.२.४<br>विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवाको सुदृढीकरण गरी समतामुलुक पहुँच र उपयोगलाई विस्तार गर्ने। | १. विद्यमान संरचनामा नै समयानुकूल सबै चिकित्सा पद्धतिको विशेषज्ञ सेवाको विकास र विस्तार गरिने छ तथा विशिष्टीकृत स्वास्थ्य सेवा सञ्चालन र विस्तारको लागि सम्बन्धित मेडिकल कलेज, अस्पताल, सङ्घ संस्था र विशेषज्ञ चिकित्सकसँग साझेदारी र सहकार्य गरिने छ।<br>२. प्रदेशका अस्पतालहरूमा सघन उपचार सेवाको विकास, विस्तार र सुदृढीकरण गरिने छ।<br>३. दूर चिकित्सा सेवा (टेलिमिडिसिन) विधिको विस्तार गरी दुर्गम तथा पहुँच नपुगेका स्थानहरूमासमेत विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराइने छ।<br>४. विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवाको पहुँच हुन नसकेका स्थानहरूमा घुम्ती शिविरमार्फत स्वास्थ्य सेवा उपलब्ध गराइने छ।<br>५. आँखा, नाक, कान, घाँटी, छाला तथा यौन रोग, जलन (वर्न), मुख तथा दन्त सेवा र मानसिक स्वास्थ्य सेवा लगायतका विशेषज्ञ सेवाहरूलाई प्रदेश अन्तरगतका सबै अस्पतालहरूमा स्थापना र विस्तार गर्दै लगिने छ।<br>६. विपन्न, असहाय, बेवारिसे, अपाङ्ग, लोपोन्मुख जाति, सीमान्तकृत, द्वन्द्व पीडित तथा सहिद परिवार लगायतका व्यक्तिहरूलाई विशिष्टीकृत र विशेषज्ञ सेवा मापदण्ड बनाई निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।<br>७. सङ्घीय विशिष्टीकृत अस्पताल र मेडिकल कलेजहरूसँग समन्वय र सहकार्य गरी समाजिक सञ्जाल लगायतको प्रयोगबाट विशिष्टीकृत स्वास्थ्य सेवा प्रदानमा सहजीकरण गरिने छ।<br>८. सेवाग्राही रहेकै स्थानमा विशिष्टीकृत स्वास्थ्य सेवाको पहुँचका लागि विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा स्वास्थ्य संस्थासँग सम्झौता गरी सो सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ। |

| | |
|---|---|
| ५.२.५<br>गुणस्तरीय स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेशको जनसङ्ख्या, भूगोल तथा स्वास्थ्य समस्या अनुरूप दक्ष स्वास्थ्य जनशक्तिको उत्पादन र व्यवस्थापन गर्ने । | १. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि विशेषज्ञ स्वास्थ्य जनशक्ति लगायत आवश्यक सिप मिश्रित स्वास्थ्य जनशक्तिको प्रक्षेपण, उत्पादन र व्यवस्थापन गरिने छ।<br>२. स्वास्थ्य संस्थाहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणलाई नियमित रूपमा अद्यावधिक गरी स्वास्थ्य क्षेत्रको सङ्गठनात्मक संरचना र जनशक्तिको समयानुकूल व्यवस्थापन गरिने छ।<br>३. प्रादेशिक अस्पतालहरूलाई स्वास्थ्यसम्बन्धी शिक्षण संस्थाको रूपमासमेत विकास गरी स्वास्थ्य क्षेत्रलाई आवश्यक पर्ने दक्ष र सिपयुक्त स्वास्थ्य जनशक्ति उत्पादन गरिने छ।<br>४. प्रदेशभित्रका स्वास्थ्य विज्ञान प्रतिष्ठान र मेडिकल कलेजहरूका आवासीय विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई प्रादेशिक र स्थानीय तहका अस्पतालहरूमा क्लिनिकल अभ्यासका लागि समन्वय, सहकार्य र साझेदारीमा परिचालन गरिने छ।<br>५. स्वास्थ्यकर्मीलाई सेवामा स्थायित्व कायम राख्न, सेवा प्रवाहमा थप जिम्मेवार बनाउन र दुर्गम क्षेत्रमा कामका लागि प्रोत्साहन गर्न स्वास्थ्यकर्मीको वृत्ति विकास र प्रोत्साहनको मापदण्ड तयार गरी लागु गरिने छ।<br>६. स्थानीय तह, सहकारी, सामुदायिक र निजी स्वास्थ्य संस्थाका कर्मचारीको सिप र क्षमता विकासको लागि समन्वय, सहकार्य वा साझेदारीमा तालिम तथा क्षमता अभिवृद्धिको व्यवस्था गरिने छ।<br>७. स्वास्थ्य तथा चिकित्सा विज्ञान अध्ययन वा तालिम पूरा गरी आउने छात्रवृत्तिका स्वास्थ्यकर्मी तथा चिकित्सकलाई कार्यविधि बनाई समुदाय तथा स्वास्थ्य संस्थामा परिचालन गरिने छ।<br>८. सरकारी, सहकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि समयानुकूल क्लिनिकल तालिम साइटको विकास तथा विस्तार गरिने छ। |
| ५.२.६<br>प्रवर्धनात्मक,<br>प्रतिकारात्मक, | १. जीवनपथको अवधारणा अनुरूप स्वास्थ्य प्रणाली, सेवा, जनशक्ति, पूर्वाधार र स्रोत साधन लगायतको विकास र विस्तार गरिने छ। |

| | |
|---|---|
| उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (प्यालियटिभ)स्वास्थ्य सेवालाई स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरूप विकास तथा विस्तार गर्ने। | २. सबै चिकित्सा पद्धतिद्वारा स्वस्थकर जीवनशैली प्रवर्धन गर्नका लागि स्वास्थ्य प्रवर्धन, स्वास्थ्य शिक्षा तथा सञ्चारलाई प्राथमिकता दिइने छ।<br>३. स्वास्थ्य सञ्चार तथा सूचनालाई विद्युतीय, छापा, सामाजिक लगायतका सञ्चार माध्यमको प्रयोग गरी स्वास्थ्य सचेतना अभिवृद्धि गरिने छ।<br>४. स्वस्थकर विद्यालयको अवधारणालाई संस्थागत गर्दै प्रदेशका सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा एक विद्यालय एक नर्स सुनिश्चितता लगायतका विद्यालय स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन र विस्तार गरिने छ ।<br>५. खोपबाट बचाउन सकिने रोगहरूको रोकथामका लागि रोगको प्रकोपको आधारमा समयानुकूल खोप सेवाहरू थप गर्दै लक्षित वर्गका सम्पूर्ण व्यक्तिहरूले अनिवार्य रूपमा खोप लिने व्यवस्था मिलाइने छ।<br>६. स्वास्थ्य जोखिमहरूको शीघ्र पहिचान गर्न स्वास्थ्य संस्था तथा समुदायस्तरमा स्वास्थ्य परीक्षण (स्क्रिनिङ्) तथा रोग पहिचान गर्ने व्यवस्था मिलाइने छ।<br>७. खानेपानी, खाद्यपदार्थ, वायु, भौतिक पूर्वाधार तथा पर्यावरण लगायतका विषयहरू जनस्वास्थ्यका मापदण्ड अनुरूप भएको सुनिश्चित गर्न सम्बन्धित निकायहरूसँगको सहकार्यमा निगरानी प्रणाली लागु गरिने छ।<br>८. स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरू तथा सामुदायिक, सहकारी, निजी, तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूबिच समन्वय, सहकार्य तथा साझेदारी गरिने छ।<br>९. प्रदेशका अस्पतालहरूमा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको विकास र विस्तार गरिने छ।<br>१०. सङ्घ, प्रदेश र स्थानीय तह लगायतका निकाय र सङ्घ संस्थासँग आवश्यक समन्वय तथा सहकार्यमा प्रदेशका अस्पतालहरूमा प्रशामक (प्यालियटिभ) स्वास्थ्य सेवाको विकास र विस्तार गरिने छ ।<br>११. स्वस्थ बुढ्यौलीपनको अवधारणा अनुरूप स्वास्थ्य सेवाको विकास र विस्तार गर्दै प्रादेशिक अस्पतालमा जेष्ठ नागरिक शैय्या/वार्ड स्थापना गर्दै लगिने छ। |

| | |
|---|---|
| | १२. 'आफ्नो स्वास्थ्य आफ्नै जिम्मेवारी; यसमा प्रदेश सरकारको भागीदारी' जस्ता अभियानलाई प्रवर्धन गर्दै नागरिकहरूमा आफ्नो स्वास्थ्यप्रतिको जिम्मेवारी बोध गराउने कार्यक्रम सञ्चालन गरिने छ। |
| ५.२.७ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न समयानुकूल स्वास्थ्य पूर्वाधार विकास गरी स्वास्थ्य संस्था र सेवालाई प्रविधिमैत्री बनाउने। | १. वार्षिक प्रक्षेपण र परिमाण निर्धारण तथा आवश्यकताको आधारमा औषधी तथा स्वास्थ्य उपकरणहरू खरिद गर्ने प्रणालीको विकास गरिने छ।<br>२. सङ्घ र स्थानीय तहसँगको सहकार्यमा निःशुल्क प्रदान गरिने अत्यावश्यक औषधीहरू आवश्यकताअनुसार थप गर्दै सो औषधीहरूको उपलब्धता सुनिश्चित गरिने छ।<br>३. निश्चित स्वास्थ्य सेवा, औषधीजन्य सामग्री एवं स्वास्थ्य औजार उपकरणहरूको प्रयोग गरी प्रादेशिक स्वास्थ्य संस्थामा सेवा प्रवाहमा निजी, सहकारी, सामुदायिक क्षेत्रसमेतको सहकार्यलाई प्रोत्साहन गरिने छ।<br>४. प्रदेशभित्रका स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यकता र मापदण्डअनुसार प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास र विस्तार गर्दै लगिने छ।<br>५. स्वास्थ्य औजार उपकरण, औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर तथा भण्डारण अनुगमन, उत्पादन, बिक्री वितरण, मूल्यनिर्धारण, नियमन एवं विसर्जन गर्नको लागि आवश्यक संयन्त्र तथा मापदण्ड निर्माण गरी लागु गरिने छ।<br>६. प्रदेश स्तरमा वायोमेडिकल वर्कसपको स्थापना गरी अस्पताल तथा स्वास्थ्य संस्थाका उपकरणहरूको मर्मत, संभार तथा जडानसम्बन्धी कार्यलाई व्यवस्थित गरिने छ।<br>७. स्वास्थ्य पूर्वाधार निर्माण पूर्व वातावरणीय प्रभाव अध्ययन र कार्यान्वयनलाई प्रभावकारी बनाइने छ। |
| ५.२.८ मानसिक रोगको प्राथमिकताका साथ रोकथाम, नियन्त्रण एवं | १. "बागमती प्रदेश सरकारको गन्तव्य; आत्महत्याको अन्त्य" अभियान सञ्चालन गरी आत्महत्या र मानसिक स्वास्थ्य समस्याको न्यूनीकरण गर्न प्रादेशिक अस्पतालहरूमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा विस्तार गर्दै समुदाय र स्थानीय तहका स्वास्थ्य संस्थामा मानसिक रोगको |

| | |
|---|---|
| उपचारको व्यवस्था मिलाउने। | स्क्रिनिङ, निदान, उपचार र मनोसामाजिक परामर्श सेवाको विस्तार गरिने छ।<br>२. आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि बहुक्षेत्रीय कार्ययोजना बनाई लागु गरिने छ।<br>३. बहुक्षेत्रीय तथा बहुपक्षीय समन्वयमार्फत सामुदायिक मनोपरामर्श कार्यक्रमको विकास र विस्तार गरिने छ। |
| ५.२.९ नसर्ने रोगको प्राथमिकताका साथ रोकथाम, नियन्त्रण एवं उपचारको व्यवस्था मिलाउने। | १ प्रमुख नसर्ने रोगहरूको पहिचान र नियन्त्रणका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्वास्थ्य परीक्षण (स्क्रिनिङ्ग) गर्ने कार्यको विस्तार गरिने छ।<br>२ प्रमुख नसर्ने रोगहरूको उपचारमा र अति जोखिममा रहेका बिरामीलाई सूचीकृत अस्पतालहरूमा उपचार तथा सहुलियतको व्यवस्था मिलाइने छ।<br>३ दीर्घ नसर्ने रोगहरूको उपचारमा निश्चित रकम सहुलियत वा अनुदान प्रदान गर्ने व्यवस्था मिलाइने छ।<br>४ बहुक्षेत्रीय समन्वय र सहकार्यमा सुर्ती र मदिराजन्य तथा लागु पदार्थको बिक्री वितरण तथा प्रयोगलाई कानुनबमोजिम नियन्त्रण एवं नियमन गरिने छ।<br>५ मदिरा, सुर्तीजन्य तथा गुलियो पेय पदार्थ र अधिक नुनिला पदार्थ लगायतका स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तुहरूको उपभोगलाई निरुत्साहित गर्न करमा उल्लेख्य वृद्धिका लागि पहल र पैरवी गर्दै सचेतना, नियमन तथा निगरानी प्रणालीलाई सुदृढीकरण गरिने छ।<br>६ विषादीको न्यूनीकरण तथा उचित प्रयोगको लागि सचेतना, पैरवी तथा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिने छ।<br>७ अनुवांशिक एवं जन्मजात रोगहरू र उमेर सापेक्ष विकाससँग सम्बन्धित रोगहरूको स्क्रिनिङ, अनुसन्धान र उपचारको व्यवस्था मिलाइने छ।<br>८ प्रादेशिक अस्पतालमा नसर्ने रोग र मानसिक रोगको उपचारात्मक सेवाको विकास, विस्तार र सुदृढीकरण गरिने छ।<br>९ स्थानीय तहको समन्वयमा समुदाय र स्थानीय तहका स्वास्थ्य संस्थामा मनोसामाजिक परामर्श सेवाको विस्तार गरिने छ। |

| | |
|---|---|
| | १० नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय सहभागिता रहेको संयन्त्र र कार्ययोजना निर्माण गरिने छ।<br>११ बहुक्षेत्रीय सहभागितामा आत्महत्या रोकथामको योजना बनाई कार्यान्वयन गरिने छ।<br>१२ नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार तथा समुदायसमेतलाई जिम्मेवार बनाई स्वस्थ जीवनशैलीको प्रवर्धन गरिने छ। |
| ५.२.१० गुणस्तरीय पोषण सेवाको सुनिश्चितता गरी पोषण अवस्थाको सुधार गर्ने। | १ बहुक्षेत्रीय समन्वयमार्फत स्वास्थ्यवर्द्धक खाद्य पदार्थको पहिचान, उत्पादन, प्रवर्धन र उपभोगको लागि पैरवी गरिने छ।<br>२ बहुक्षेत्रीय पोषण योजना तेस्रोसमेतलाई ध्यानमा राखी बहुक्षेत्रीय पोषण कार्ययोजना तर्जुमा गरी बहुक्षेत्रीय सहयोग र समन्वयमा कार्यान्वयन गरिने छ ।<br>३ स्थानीय तहसँगको सहकार्यमा पोषण उपचार तथा पुर्नस्थापना केन्द्रको स्थापना र विस्तार गर्दै लगिने छ।<br>४ जनस्वास्थ्यमा नकारात्मक असर पार्ने प्रशोधित तथा तयारी खानेकुराको उत्पादन, प्रचारप्रसार, बिक्री वितरण र उपभोगलाई निरुत्साहित गर्न विद्यालय, समुदाय तथा सञ्चार माध्यम परिचालन गरिने छ।<br>५ जीवन चक्रमा आधारित पोषण विशेष योजना निर्माण गरी कार्यान्वयन गरिने छ।<br>६ बालबालिकाको उमेर सापेक्ष वृद्धि विकासका लागि पोषण सेवाको सुनिश्चिता गरिने छ।<br>७ खाद्य तथा पेय पदार्थको गुणस्तर सुनिश्चित गर्नको लागि निगरानी प्रणाली विकास गरी कार्यान्वयन गरिने छ।<br>८ बहुक्षेत्रीय संयन्त्रमार्फत कुपोषणका कारक तत्त्वहरूलाई सम्बोधन गरिने छ। |
| ५.२.११ आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथि, युनानी, आम्ची तथा अन्य | १ आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सा सेवाहरूलाई एकद्वार प्रणालीमार्फत प्रवाह गरिने छ र अन्तरङ्ग उपचारात्मक सेवालाई विस्तार गर्दै लगिने छ। |

| | | |
|---|---|---|
| वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्धन र विस्तार गर्ने। | २ | आयुर्वेद औषधीमा आत्मनिर्भरताको लागि प्रदेशमा जी.एम.पी. मापदण्डअनुसारको आयुर्वेद औषधी उत्पादन, वितरण तथा बिक्री गर्ने व्यवस्था मिलाइने छ। |
| | ३ | जडिबुटी लगायतका कच्चा पदार्थमा आत्मनिर्भरताको लागि स्थानीय तहसँगको सहकार्यमा उत्पादन गर्ने व्यवस्था मिलाइने छ। |
| | ४ | सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा एकीकृत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विकास र विस्तार गरिने छ । |
| | ५ | गुणस्तरीय आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सुनिश्चितताका लागि निदानात्मक लगायतका सेवाहरू समावेस गरी सेवा सुदृढीकरण गर्दै लगिने छ। |
| | ६ | गुणस्तरीय आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाहको लागि स्तरीय उपचार पद्धति विकास गरी लागु गरिने छ। |

**उद्देश्य ३: स्वास्थ्यमा लगानी अभिवृद्धि गर्ने**

| रणनीति | | कार्यनीति |
|---|---|---|
| ५.२.१२<br>स्वास्थ्य सेवाको उपभोगमा हुने व्यक्तिगत व्ययभारलाई कम गर्ने र गुणस्तरीय स्वास्थ्य सेवा सहज र सुलभ रूपमा प्रदान गर्ने व्यवस्था मिलाउने। | १. | स्वास्थ्य क्षेत्रको बजेट समयानुकूल अन्तराष्ट्रिय मापदण्डअनुसार प्रदेशको कुल वार्षिक बजेटको कम्तिमा दश प्रतिशत पुऱ्याइने छ। |
| | २. | सङ्घीय तथा स्थानीय सरकारसँगको समन्वय तथा सहकार्यमा स्वास्थ्य बिमाको आबद्धतालाई हरेक घरधुरीसम्म विस्तार गर्न पहल गरिने छ। |
| | ३. | प्रदेश सरकार मातहतका पदाधिकारी तथा कर्मचारी र निजको परिवारको स्वास्थ्य बिमाको आबद्धतालाई अनिवार्य गरिने छ। |
| | ४. | अति सीमान्तकृत र लोपोन्मुख जाति, पूर्ण असक्त अपाङ्गता भएका व्यक्ति, आश्रममा आश्रित व्यक्ति र महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका लगायतका लक्षित वर्गका नागरिकहरूलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था मिलाइने छ। |
| | ५. | सरकारी, सहकारी, सामुदायिक र निजी लगायतका अस्पतालमा सामाजिक सेवा एकाइ स्थापना गरी विपन्न, अति गरिब, असहाय, |

| | |
|---|---|
| | बेवारिसे लगायतका लक्षित वर्गको उपचारमा सहुलियत प्रदान गरी उपचार सहज, सुलभ र व्यवस्थित गरिने छ।<br>६. निजी, सहकारी र सामुदायिक लगायतका अस्पतालहरूमा कुल शैय्याको दस प्रतिशत शैय्या छुट्याई गरिब, असहाय र बेवारिसे बिरामीलाई निःशुल्क रूपमा उपचार गर्ने व्यवस्था मिलाइने छ।<br>७. आर्थिक, औद्योगिक तथा व्यावसायिक सङ्घ संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको स्रोतलाई स्वास्थ्य सेवा र कार्यक्रममा लगानी गर्न प्रोत्साहन गरिने छ।<br>८. साझेदार निकाय र गैरसरकारी सङ्घ संस्थालाई निःशुल्क गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रोत्साहित गरिने छ। |

**उद्देश्य ४: स्वास्थ्य सेवा प्रवाहमा बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.२.१३<br>सबै नीतिमा स्वास्थ्य अवधारणा कार्यान्वयन गरी रोग रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्यका सामाजिक निर्धारकको सम्बोधन गरिने छ। | १ स्वास्थ्यका सामाजिक निर्धारकलाई सम्बोधन गर्न बहुक्षेत्रीय निकायसँग योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहकार्य र साझेदारी गरिने छ।<br>२ सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका र सो को कार्ययोजना बनाई लागु गरिने छ।<br>३ बागमती प्रदेशका बहुक्षेत्रीय निकाय तथा विषयगत मन्त्रालयहरूको समन्वय र सहकार्यमा सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिकाबमोजिम गरिने क्रियाकलापहरू तय गरी कार्यान्वयन गरिने छ।<br>४ प्रतिजैविक प्रतिरोधलाई न्यूनीकरण गर्नका लागि बहुपक्षीय संयन्त्र निर्माण र योजना बनाई कार्यान्वयन गरिने छ।<br>५ बहुपक्षीय संयन्त्रमार्फत सडक तथा अन्य दुर्घटनाका कारक तत्त्वहरूको विश्लेषण गरी जोखिम न्यूनीकरण एवं रोकथामका कार्यहरू गरिने छ । |

| | |
|---|---|
| ५.२.१४<br>स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैरसरकारी, सहकारी, सामुदायिक र निजी क्षेत्रसँग बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी गर्ने। | १ प्रदेशको स्वास्थ्य सेवा र कार्यक्रममा निजी, सामुदायिक र सहकारी संस्थाहरूसँग सहकार्य तथा साझेदारी गरिने छ।<br>२ प्रदेशको प्राथमिकता प्राप्त स्वास्थ्य सेवा एवं कार्यक्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूसँग सहकार्य तथा साझेदारी गरिने छ।<br>३ निजी, सामुदायिक, सहकारी, गैरसरकारी र संस्थागत अस्पतालहरूलाई सामाजिक उत्तरदायित्व बहन गर्न र सेवामूलक बनाउन प्रोत्साहन गरिने छ।<br>४ निजी क्षेत्रले अनलाइन माध्यमबाट स्वास्थ्य सेवा प्रदान गर्ने प्रणालीलाई मापदण्ड बनाई व्यवस्थित गरिने छ।<br>५ निजी, सामुदायिक, सहकारी तथा गैरसरकारी स्वास्थ्य संस्था, अस्पताल एवम् अन्य सेवा प्रदायकबाट घर तथा समुदायमा आधारित स्वास्थ्य सेवाको विस्तार गर्न प्रोत्साहन एवम् नियमन गरिने छ । |
| ५.२.१५<br>प्रदेशको अर्थतन्त्रलाई योगदान पुग्ने गरी बहुपक्षीय समन्वय र सहकार्यमा स्वास्थ्य पर्यटनको अवधारणालाई अवलम्बन गर्ने। | १. आयुर्वेद, योग, ध्यान र प्राकृतिक चिकित्सा लगायतका अन्य वैकल्पिक चिकित्साको प्रवर्धन र पूर्वाधार विकास गरी स्वास्थ्य पर्यटनलाई प्रोत्साहन गरिने छ।<br>२. पूरक वैकल्पिक चिकित्सा (Complementary alternative medicine) को माध्यमबाट स्वास्थ्य पर्यटनलाई प्रवर्धन गरिने छ।<br>३. स्वास्थ्य पर्यटन प्रवर्धनको लागि सरकारी, सहकारी, सामुदायिक, निजी अस्पताल तथा मेडिकल कलेजलाई प्रोत्साहन गरिने छ।<br>४. पर्यापर्यटन (इको टुरिजम) प्रवर्धनका लागि जडीबुटीको पकेट क्षेत्र पहिचान, संरक्षण र सम्बर्धन गर्न समन्वय र सहकार्य गरिने छ। |
| ५.२.१६<br>कार्यस्थलमा काम गर्ने स्वास्थ्यकर्मी, श्रमिक र कामदारहरूको पेसागत स्वास्थ्य सुरक्षाको सुनिश्चितता गर्ने। | १. विभिन्न कार्यस्थलमा काम गर्ने कामदारको पेसागत स्वास्थ्य सुरक्षाको लागि मापदण्ड बनाई लागु गरिने छ।<br>२. उद्योग, कलकारखाना तथा व्यवसायमा संलग्न व्यक्तिहरूको पेसागत स्वास्थ्य सुरक्षा तथा प्रवर्धनको व्यवस्था मिलाइने छ।<br>३. औद्योगिक क्षेत्रमा प्रचलित मापदण्डबमोजिमको स्वास्थ्य सेवा र स्वास्थ्यकर्मीको व्यवस्थाको नियमन गरिने छ। |

| | |
|---|---|
| | ४. विभिन्न पेसा तथा व्यवसायमा संलग्न व्यक्तिहरूको स्वास्थ्य बिमा भएको सुनिश्चितताका लागि आवश्यक कानुनी प्रवन्ध गरिने छ ।<br>५. श्रमिकको स्वास्थ्यसम्बन्धी अधिकारको सुनिश्चितताका लागि प्रचलित श्रमसम्बन्धी कानुन कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिने छ। |

**उद्देश्य ५: पारदर्शी, जवाफदेही, उत्तरदायी, नागरिकमैत्री, उत्थानशील स्वास्थ्य प्रणालीको विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.२.१७<br>स्वास्थ्य प्रणालीमा सुशासन कायम गरी स्वास्थ्य सेवालाई थप उत्तरदायी तथा जवाफदेही बनाउने। | १. नागरिक बडापत्रलाई अनिवार्य गरी सेवा शुल्कको पारदर्शिता, नियमित रूपमा गुनासो सुनुवाइ, सार्वजनिक सुनुवाइ, सामाजिक लेखा परीक्षण लगायतका सुशासनका विधि अवलम्बन गरिने छ।<br>२. नतिजामा आधारित कार्य सम्पादन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ।<br>३. स्वास्थ्य संस्थाहरूलाई अपाङ्ग, प्रविधि तथा सेवाग्राहीमैत्री बनाइने छ।<br>४. सूचनामैत्री स्वास्थ्य संस्थाको अवधारणालाई लागु गरी सेवाग्राहीले उपचारको जानकारी पाउने हकलाई अन्तरव्यक्ति सञ्चार र सामाजिक माध्यमको व्यापक प्रयोग गरी सुनिश्चित गरिने छ।<br>५. स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षाको प्रत्याभूति गर्न र कार्यस्थलमा हुने हिंसालाई निरुत्साहित गर्न आवश्यक संयन्त्र र मापदण्डको विकास गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।<br>६. निजी स्वास्थ्य संस्थाहरू, साझेदार निकाय तथा गैरसरकारी सङ्घ संस्थाहरूले प्रदान गर्ने स्वास्थ्य सेवालाई नागरिकमैत्री, परिणामुखी र जवाफदेही बनाउन आवश्यक सहजीकरण र नियमन गरिने छ ।<br>७. स्वास्थ्यसँग सरोकार राख्ने विभिन्न वस्तु तथा सामग्रीहरूको विज्ञापन तथा प्रचारप्रसारलाई नियमन गरिने छ।<br>८. स्वास्थ्य क्षेत्रका व्यावसायिक परिषद्हरुसँगको सहकार्यमा स्वास्थ्य व्यवसायीहरूको आचार संहिताको पालनालाई सुनिश्चित गरिने छ। |

| | |
|---|---|
| | ९. निजी, सामुदायिक, सहकारी तथा गैरसरकारी स्वास्थ्य संस्था तथा अस्पतालको सञ्चालन अनुमति, नवीकरण, स्तरोन्नति र नियमनसम्बन्धी मापदण्ड बनाई लागु गरिने छ।<br>१०. स्वास्थ्य क्षेत्रको बजेट समयानुकूल अन्तराष्ट्रिय मापदण्डअनुसार प्रदेशको कुल वार्षिक बजेटको कम्तिमा दश प्रतिशत पुऱ्याइने छ। । |
| ५.२.१८<br>स्वास्थ्य क्षेत्रमा अनुगमन, मूल्याङ्कन र अनुसन्धान पद्धतिको विकास र प्रवर्धन गर्ने। | १. प्रदेशमा स्वास्थ्य अनुसन्धानको लागि आवश्यक संरचना र संयन्त्र विकास गरिने छ।<br>२. प्राज्ञिक र शैक्षिक संस्थाहरूको समन्वय र सहकार्यमा स्वास्थ्य अनुसन्धानमा जोड दिइने छ।<br>३. औषधीजन्य जडीबुटी, खनिज द्रव्य लगायतका आयुर्वेद तथा परम्परागत चिकित्सासम्बन्धी ज्ञान, सिप र ग्रन्थ आदिको अनुसन्धान, अभिलेखीकरण, संरक्षण र प्रवर्धन गरिने छ।<br>४. स्वास्थ्यसँग सम्बन्धित दिगो विकास लक्ष्य लगायतका अन्य प्रतिबद्धताहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ।<br>५. संयन्त्र निर्माण गरी स्वास्थ्य सूचकहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ। |
| ५.२.१९<br>स्वास्थ्य सेवामा विद्युतीकरण (डिजिटलाइजेसन) र नवप्रवर्तक प्रविधिहरू (इन्नोभेटिभ टेक्नोलोजिज) को विकास, विस्तार र नियमन गर्ने। | १. विद्युतीय माध्यमको प्रयोगद्वारा प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थानात्मक तथा प्रशामक (प्यालिएटिभ) सेवाको पहुँचलाई वृद्धि गरिने छ।<br>२. स्थानीय तहसँगको समन्वय र सहकार्यमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयार गरी कार्यान्वयन गरिने छ।<br>३. प्रवर्धनात्मक, निदानात्मक, उपचारात्मक लगायतका सेवामा नवप्रवर्तक प्रविधिहरूको अनुसरण गरिने छ।<br>४. स्वास्थ्य क्षेत्रमा टोल फ्री नं., जी.पी.एस., जी.आई.एस., ई-हेल्थ लगायतका विद्युतीय माध्यमहरूको प्रयोगलाई प्रोत्साहन गरिने छ।<br>५. प्रदेश सरकार मातहतका सबै अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड लागु गरिने छ। |

| | |
|---|---|
| ५.२.२० स्वास्थ्य सूचना प्रणालीलाई एकीकृत, सुदृढ र प्रविधि मैत्री बनाई यसको विश्लेषण र उपयोग गरी तथ्यमा आधारित स्वास्थ्य योजना तर्जुमा गर्ने। | १. प्रदेशभित्रका सबै स्वास्थ्य संस्थाहरूमा आधुनिक प्रविधिको पहुँच अभिवृद्धि गरी विद्युतीय अभिलेख र प्रतिवेदन प्रणालीको विकास र विस्तार गरिने छ।<br>२. प्रदेशभित्रका सबै अस्पताल तथा स्वास्थ्य संस्थामा इलेक्ट्रोनिक मेडिकल अभिलेखीकरण र प्रतिवेदन प्रणाली लागु गरिने छ।<br>३. सङ्घीय सरकारको साझेदारीमा प्रदेशभित्रका अस्पताल तथा स्वास्थ्य संस्थाको तथ्याङ्क व्यवस्थापन प्रणालीमा एकरूपता कायम गरिने छ।<br>४. स्वास्थ्य क्षेत्रमा रहेका मानव संसाधन, पूर्वाधार, औषधी, औजार उपकरण, वित्तीय व्यवस्थापन लगायतका विभिन्न प्रकारका सूचना प्रणालीहरूलाई एकीकृत गरी तथ्याङ्कमा शुद्धता, समयवद्धता र पूर्णता सुनिश्चित गरिने छ।<br>५. प्रदेश तथा स्थानीय तहको स्वास्थ्य क्षेत्रको योजना तर्जुमा तथा निर्णय प्रक्रियामा एकीकृत सूचना प्रणालीको सूचना तथा तथ्याङ्कको विश्लेषण गरी तथ्यको आधारमा गरिने छ।<br>६. परिमार्जित आई.सी.डी. कोडअनुसार विद्युतीय मेडिकल अभिलेखीकरण (ई.एम.आर.) लाई अद्यावधिक गरी लागु गरिने छ।<br>७. निजी, सहकारी, सामुदायिक तथा गैरसरकारी स्वास्थ्य संस्थालाई स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य रूपमा आबद्ध गरिने छ।<br>८. स्वास्थ्य समस्याको शीघ्र पहिचान, रोकथाम तथा व्यवस्थापनको लागि जनस्वास्थ्य निगरानी प्रणालीलाई संस्थागत गरिने छ। |

**उद्देश्य ६: महामारी र आकस्मिक स्वास्थ्य सेवाको पूर्वतयारी र व्यवस्थापन गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.२.२१ जनस्वास्थ्य विपद् तथा प्रकोपको पूर्व तयारी, रोकथाम, न्यूनीकरण, | १ विपद् तथा महामारीको व्यवस्थापन गर्न द्रुत प्रतिकार्य समूह (र्‍यापिड रेस्पोन्स टिम) र आकस्मिक चिकित्सकीय टोली (इमर्जेन्सी मेडिकल टिम) परिचालन गरिने छ।<br>२ स्वास्थ्य तथा पोषण क्षेत्रको आपत्कालिन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिने छ। |

| | | |
|---|---|---|
| नियन्त्रण गरी प्रभावकारी व्यवस्थापन गर्ने। | ३ | विपद् तथा महामारी व्यवस्थापनको लागि प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रलाई व्यवस्थित र आधुनिकीकरण गर्दै लगिने छ। |
| | ४ | महामारी तथा प्रकोपजन्य रोगहरूको रोकथाम, पहिचान तथा नियन्त्रणका लागि एकीकृत रोग निगरानी प्रणालीको विकास र विस्तार गरिने छ। |
| | ५ | विपद् तथा महामारीको व्यवस्थापनको लागि हव र सेटेलाइट अस्पतालहरूबिचको समन्वय र सहकार्यलाई सुदृढीकरण गर्दै लगिने छ। |
| | ६ | विपद् र महामारीको समयमा अविछिन्न स्वास्थ्य सेवा प्रवाहको लागि रणनीतिक स्थानमा अत्यावश्यक औषधी तथा सामग्रीहरूको अतिरिक्त भण्डारणको व्यवस्था मिलाइने छ। |
| | ७ | विपद् र महामारीको समयमा आवश्यकताको आधारमा क्वारेन्टाइन तथा एकान्तवासको लागि अन्तर सरकार तथा निकायबिच स्थान तथा स्रोतको व्यवस्थापनका लागि समन्वय र सहकार्य गरिने छ। |
| | ८ | स्वास्थ्य मन्त्रालयमा स्वास्थ्य आपतकालीन कार्य सञ्चालन कोष स्थापना गरी परिचालन गरिने छ। |
| ५.२.२२ किटजन्य, पशुपन्छीजन्य लगायतका सरुवा रोगहरूको रोकथाम, निवारण र नियन्त्रण गर्ने। | १ | उपेक्षित उष्णप्रदेशीय, उदियमान (इमर्जिङ) तथा पुनउदियमान (रि-इमर्जिङ) रोगहरूको रोकथाम, उपचार र नियन्त्रणसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गरिने छ। |
| | २ | स्थानीय तहको समन्वय र सहकार्यमा किटजन्य तथा पशुपन्छीजन्य रोगहरूको रोकथाम, नियन्त्रण र उपचारका लागि सेवा विस्तार गरिने छ। |
| | ३ | सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोगको निगरानी, अध्ययन र अनुसन्धानमा जोड दिइने छ। |
| | ४ | सिमा-नाकाहरूमा सङ्क्रामक रोगहरूको निगरानी तथा स्क्रिनिङ गर्ने व्यवस्था मिलाइने छ। |
| | ५ | बहुक्षेत्रीय निकाय र सङ्घ संस्थाको समन्वयमा एक स्वास्थ्य (वान हेल्थ) को अवधारणालाई कार्यान्वयन गरिने छ । |

| | | |
|---|---|---|
| ५.२.२३<br>वातावरणीय प्रभाव, जलवायू परिवर्तन तथा स्वास्थ्यजन्य फोहरका कारणले स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरको न्यूनीकरण तथा व्यवस्थापन गर्ने। | १ | स्वास्थ्य क्षेत्रको जलवायु अनुकूलन योजना तयार गरी कार्यान्वयन गरिने छ। |
| | २ | स्वास्थ्यजन्य फोहोर व्यवस्थापनका लागि सरोकारवाला निकायको सहकार्यमा फोहोर सङ्कलन, प्रशोधन र विसर्जनको व्यवस्था मिलाइने छ। |
| | ३ | किटनाशक विषादी तथा औद्योगिक रसायनहरूको समुचित विर्सजनका लागि सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा वातावरणीय प्रतिकूल प्रभावलाई न्यूनीकरण गरिने छ। |
| | ४ | वातावरणलाई प्रतिकूल असर गर्ने वस्तु तथा पदार्थहरूको प्रयोग र व्यवहारलाई न्यूनीकरण, प्रशोधन र पुन:प्रयोगलाई प्रोत्साहन गरिने छ। |
| | ५ | स्वास्थ्यमा प्रतिकूल असर पार्न सक्ने घरायसी वायु प्रदूषणको रोकथाम तथा नियन्त्रण गर्न बहुक्षेत्रीय पहल गरिने छ। |
| | ६ | वातावरणीय प्रभावले स्वास्थ्यमा पर्न सक्ने असरहरूका विषयलाई विद्यालयस्तरका पाठ्यक्रममा समावेस गर्न सम्बद्ध निकायसँग समन्वय गरिने छ। |
| | ७ | प्रदेशभित्रका सार्वजनिक पूर्वाधार विकासका क्रियाकलापहरूमा स्वास्थ्यमैत्री पूर्वाधारको अवधारणा कार्यान्वयन गरिने छ। |

## १०. प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| क | **प्रवर्धनात्मक स्वास्थ्य कार्यक्रम** | | | | | |
| १ | प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रसँग सम्बन्धित नीति, रणनीति, मापदण्ड, निर्देशिका आदि तर्जुमा | √ | √ | | | |
| २ | स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रको रणनीतिक योजना तर्जुमा | √ | √ | | | |
| ३ | स्वास्थ्यका निर्धारकहरूलाई सम्बोधन गर्न "सबै नीतिमा स्वास्थ्य" निर्देशिका कार्यान्वयन खाका निर्माण | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ४ | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| ५ | बहुक्षेत्रीय समन्वय र सहकार्यमार्फत स्वस्थ जीवनशैली प्रवर्धन | √ | √ | √ | √ | √ |
| ६ | योग, ध्यान आदिलाई प्रवर्धन गर्न आवश्यक स्थान - खुला जीम र पार्क) र उपकरणहरूको व्यवस्थापन | √ | √ | √ | √ | √ |
| **ख** | **प्रतिकारात्मक स्वास्थ्य कार्यक्रम** | | | | | |
| ७ | स्वास्थ्य अनुसन्धान तथा नवप्रवर्तन प्रवर्धन कार्यक्रम | √ | | √ | | √ |
| ८ | नसर्ने रोगको परामर्श, परीषण, निदान तथा उपचारका लागि मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम | √ | √ | √ | √ | √ |
| ९ | खोपबाट बचाउन सकिने रोगहरूको आधारमा समयानुकूल खोपहरूको व्यवस्था | √ | √ | √ | √ | √ |
| १० | स्वास्थ्य जोखिमहरू शीघ्र पहिचान गर्न स्वास्थ्य संस्था तथा समुदाय स्तरीय स्वास्थ्य परीषण | √ | √ | √ | √ | √ |
| ११ | समुदाय र स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा मनोसामाजिक परामर्श सेवाको विस्तार | √ | √ | √ | √ | √ |
| १२ | अनुवांशिक रोगहरूको स्क्रिनिङ | √ | √ | √ | √ | √ |
| १३ | पेसागत स्वास्थ्य जोखिमहरूबारे सचेतना कार्यक्रम | √ | √ | √ | √ | √ |
| १४ | वैदेशिक रोजगारमा जाने नागरिकहरूको स्वास्थ्य सुरक्षा सचेतना कार्यक्रम | √ | √ | √ | √ | √ |
| १५ | स्वास्थ्यसम्बन्धी जिज्ञासाहरूको समाधान गर्न र स्वास्थ्यका विषयमा परामर्श प्रदान गर्नको लागि हटलाईन सेवा | √ | √ | √ | √ | √ |
| १६ | प्रतिजैविक औषधीहरूको सही प्रयोगका लागि सचेतना तथा अनुगमन नियमन | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १७ | खुला सिमानाबाट भित्रिन सक्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि सिमानाकाहरूमा हेल्थ डेस्क सुदृढीकरण | √ | √ | √ | √ | √ |
| **ग** | **उपचारात्मक स्वास्थ्य कार्यक्रम** | | | | | |
| १८ | प्रादेशिक अस्पतालहरूमा नसर्ने रोग र मानसिक रोगको उपचारात्मक सेवाको विकास र विस्तार | √ | √ | √ | √ | √ |
| १९ | शीघ्र आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन एम्बुलेन्स तथा हवाई उद्धार सेवा | √ | √ | √ | √ | √ |
| २० | सडक दुर्घटनाका घाइतेहरूको शीघ्र उपचारको लागि दुर्घटनाको उच्च जोखिम रहेका स्थानहरूमा पूर्व अस्पताल सेवा | √ | √ | √ | √ | √ |
| २१ | आपतकालीन स्वास्थ्य सेवाको शीघ्र व्यवस्थापनको लागि आकस्मिक कोष स्थापना | √ | √ | √ | √ | √ |
| २२ | एकीकृत रोग निगरानी प्रणालीको विकास तथा क्षमता अभिवृद्धि | √ | √ | √ | √ | √ |
| २३ | अति विपन्न, अपाङ्गता भएका व्यक्ति, लोपान्मुख जाती, द्वन्द्वपीडित, शहिद परिवार, जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका लगायतका नागरिकहरूलाई निःशुल्क स्वास्थ्य बिमा | √ | √ | √ | √ | √ |
| २४ | सामाजिक सेवा एकाइ मार्फत निःशुल्क उपचार व्यवस्थापन - शहिद परिवार, जनयुद्ध र जनआन्दोलनका घाइते, सडक दुर्घटनाका घाइते, विपद्का घाइते, विपन्न नागरिक सेवा, अपाङ्गता (क र ख वर्गका) भएका नागरिक-वन्यजन्त आक्रमणबाट घाइतेको निःशुल्क उपचार | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| २५ | प्रादेशिक अस्पतालहरूमा विशेषज्ञ सेवाको विकास र विस्तार | √ | √ | √ | √ | √ |
| २६ | ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रम | √ | √ | √ | √ | √ |
| २७ | अस्पतालहरूमा आवश्यक तर महंगा स्वास्थ्य परीषण उपकरणहरू निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन | √ | √ | √ | √ | √ |
| २८ | अति सीमान्तकृत एवं लोपान्मुख जातीहरूको मातृ तथा बालस्वास्थ्य सेवामा सहज पहुँच तथा उपभोग बढाउन संस्थागत सुत्केरी र तिनका बालबालिकाले पूर्णखोप लगाएका आमालाई रु. ५ हजार उत्प्रेरणा खर्च | √ | √ | √ | √ | √ |
| २९ | रक्त सञ्चारका लागि निःशुल्क ब्लड व्याग कार्यक्रम | √ | √ | √ | √ | √ |
| **घ** | **पुनर्स्थापनात्मक स्वास्थ्य कार्यक्रम** | | | | | |
| ३० | अटिजम तथा अन्य आनुवांशिक स्वास्थ्य समस्यासम्बन्धी कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३१ | प्रादेशिक अस्पतालमा अपाङ्गता भएका व्यक्तिका लागि पुनर्स्थापना सेवा सञ्चालन | √ | √ | √ | √ | √ |
| ३२ | प्यालिएटिभ स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने | √ | √ | √ | √ | √ |
| ३३ | मानसिक स्वास्थ्य समस्या भएका बिरामीहरूलाई पुनर्थापना कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| ३४ | स्पाइनल इन्जुरी भएका बिरामीहरूको लागि पुनर्थापना कार्यक्रम | √ | √ | √ | √ | √ |
| **ङ** | **स्वास्थ्य भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन** | | | | | |
| ३५ | स्वास्थ्य सेवा प्रवाहका लागि स्थानीय तहमा भएका स्वास्थ्य संस्थाहरूका भौतिक पूर्वाधार, जनशक्ति, प्रविधि, आदिको क्षमता अभिवृद्धि | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ३६ | प्रदेशस्तरीय सरुवा रोग अस्पताल, मुटु रोग अस्पताल लगायतका विशिष्टीकृत अस्पतालहरूको स्थापना तथा सञ्चालन | √ | √ | √ | √ | √ |
| ३७ | स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्डअनुसार औजार उपकरण, औषधी, भौतिक संरचनालगायत पूर्वाधारको विकास | √ | √ | √ | √ | √ |
| ३८ | एक प्रदेश निर्वाचन क्षेत्र एक स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रम | √ | √ | √ | √ | √ |
| **च** | **आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथी, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य सेवा प्रवर्धन** | | | | | |
| ३९ | प्रदेशस्तरमा आयुर्वेदिक लगायतका औषधी उत्पादन | √ | √ | √ | √ | √ |
| ४० | आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथिक, युनानी, आम्ची, योग तथा अन्य परम्परागत वैकल्पिक चिकित्सा प्रणाली प्रवर्धन र विस्तार | √ | √ | √ | √ | √ |
| ४१ | आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको विकास र विस्तार | √ | √ | √ | √ | √ |
| ४२ | आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्तरोन्नति र सुदृढीकरण | √ | √ | √ | √ | √ |
| ४३ | विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्नको लागि प्रदेश स्तरीय आयुर्वेद औषधालय, होमियोप्याथिक अस्पताल, प्राकृतिक चिकित्सा अस्पताल लगायतका विशेषज्ञ तथा विशिष्टीकृत अस्पतालहरूको स्थापना | √ | √ | √ | √ | √ |
| **छ** | **पोषणसम्बन्धी** | | | | | |
| ४४ | विद्यालय र समुदायमा आधारित पोषण प्रवर्धनका कार्यक्रमहरू | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ४५ | पोषण पुनर्स्थापना केन्द्रको स्थापना र विस्तार | √ | √ | √ | √ | √ |
| ४६ | महिला, बालबालिका तथा किशोरकीशोरीहरूका लागि पोषण विशेष कार्यक्रम | √ | √ | √ | √ | √ |

## ११. अपेक्षित उपलब्धि

बागमती प्रदेशका ११९ स्थानीय तहमा रहेका १४९८ वटा माध्यामिक विद्यालयहरूमा एक विद्यालय एक नर्स कार्यक्रम विस्तार भई विद्यालयहरूमा स्वास्थ्य प्रवर्धन, रोगको रोकथाम, उपचार सेवा प्रवाह भएको हुने छ । अति सिमान्कृत एवं लोपोन्मुख समुदायका नागरिक तथा सेवा आश्रममा आश्रित नागरिकहरूलाई स्वास्थ्य सेवामा सहज पहुँच बढाउन निःशुल्क रूपमा स्वास्थ्य बिमामा आबद्ध गर्ने र कुल जनसङ्ख्याको ८० प्रतिशतलाई बिमामा आबद्ध गरी स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ। वैकल्पिक चिकित्सा पद्धतिको विस्तार भएको हुने छ । प्रदेशका १३ वटा आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूको स्तरोन्नति भई सेवा प्रवाह भएको हुने छ। बालबालिकामा हुने मोटोपन तथा ख्याउटेपन क्रमशः एक प्रतिशतभन्दा कम र चार प्रतिशतभन्दा कममा झरेको हुने छ । प्रदेश अस्पतालहरूमा आधुनिक स्वास्थ्य उपकरणहरू जडान भई रोग परीक्षणको सुविधा प्रभावकारी भएको हुने छ । पाँच वर्ष मुनिको बाल मृत्युदर ०७९/८० मा ३३ (प्रति हजार जीवित जन्ममा) भएकोमा दोस्रो योजनाको अन्त्यसम्ममा २० पुगेको हुने छ । त्यस्तै संस्थागत सुत्केरी सेवाको दायरा ०७९/८० मा ७९ प्रतिशत रहेकोमा दोस्रो योजनाको अन्त्यसम्ममा ९५ प्रतिशत पुगेको तथा दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिने गर्भवती महिला ०७९/८० मा ८७ प्रतिशत रहेकोमा दोस्रो योजनाको अन्त्यसम्ममा ९५ प्रतिशत पुगेको हुने छ ।

**तालिका ५.१: दोस्रो योजनाको परिमाणात्मक लक्ष्य**

| परिसूचक | २०७९/८० को यथार्थ | दोस्रो योजनाको लक्ष्य (२०८५/८६) |
|---|---|---|
| सरकारी अस्पतालको शैया | ८३६ | २३९० |
| आयुर्वेद तथा वैकल्पिक चिकित्सालय शैया | ० | २५० |
| प्राथमिक/आधारभूत अस्पताल | | ११९ |

| परिसूचक | २०७९/८० को यथार्थ | दोस्रो योजनाको लक्ष्य (२०८५/८६) |
|---|---|---|
| प्राथमिक स्वास्थ्य केन्द्र | ४० | ० |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | | ११२१ |
| आयुर्वेद औषधालय | ५१ | १०० |
| सहरी स्वास्थ्य केन्द्र | २०० | १०० |
| सामुदायिक स्वास्थ्य एकाइ | १८८ | ९४ |
| गाउँघर क्लिनिक | १९८३ | १९८३ |
| बर्थिङ सेन्टर | ३९८ | ४१० |
| खोप केन्द्र | २४८२ | २५६४ |
| नागरिक आरोग्य केन्द्र | ५१ | ११९ |
| स्वास्थ्य स्वंयमसेविका | ८९१७ | ८९१७ |
| पोषण पुनर्स्थापना केन्द्र | ६ | १३ |
| स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या (प्रतिशत) | ३० | ८० |
| मातृ मुत्युदर (प्रतिलाख जीवित जन्ममा) | ९८ | ७० |
| औसत आयु (वर्ष) | ७२.४ | ७६ |
| पाँच वर्षमुनीको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | २४ | २० |
| नवजात शिसु मृत्युदर | १७ | १२ |
| कुल प्रजनन दर | १.६ | १.६ |
| स्वास्थ्य संस्थामा सुत्केरी हुने प्रतिशत | ८८ | ९५ |
| प्रजनन उमेरका महिलामा रक्तअल्पता प्रतिशत | ३४ | १० |
| विद्यालय नर्स (एक माध्यमिक विद्यालय एक नर्स) | ५१९ | १४९८ |
| टेलिमेडिसिन केन्द्र | २ | १३ |
| प्रादेशिक मेडिसिन ल्याब (गुणस्तर जाँच केन्द्र) | ० | १ |

| परिसूचक | २०७९/८० को यथार्थ | दोस्रो योजनाको लक्ष्य (२०८५/८६) |
|---|---|---|
| मनोपरामर्शदाता सङ्ख्या | ० | ६३ |
| अस्पतालमा आधारित सडक दुर्घटना न्यूनीकरण तथा आपतकालीन उपचार केन्द्र | ० | १३ |
| मोटोपन भएका बालबालिकाको प्रतिशत | ३ | < १ प्रतिशत |
| ख्याउटेपन भएका बालबालिकाको प्रतिशत | ५ | < ५ प्रतिशत |
| पुड्को पन (पाँच वर्ष मुनीका बालबालिका) प्रतिशत | १८ | १५ |

**(ख) जनसङ्ख्या**

## १. पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार बागमती प्रदेशको कुल जनसङ्ख्या ६१ लाख १६ हजार ८ सय ६६ रहेको छ । जुन नेपालको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ को २१ प्रतिशत हुन आउँछ। २०६८ को जनसङ्ख्या ५५ लाख २९ हजार ४१५ को तुलनामा १० वर्षमा प्रदेशको जनसङ्ख्या १०.६ प्रतिशतले वृद्धि भएको देखिन्छ । प्रदेशको लैङ्गिक अनुपाल ९९.४ प्रतिशत रहेको छ । प्रदेशमा १५ लाख ७० हजार ९ सय २७ घरधुरी रहेका छन् भने जनघनत्व ३०१ रहेको छ । यसअनुसार प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.९७ प्रतिशत र कुल प्रजननदर १.८ प्रतिशत रहेको छ ।

प्रदेशमा ४० वर्षभन्दा कम उमेरका जनसङ्ख्याको हिस्सा दुई तिहाइभन्दा बढी (६७.३ प्रतिशत) रहेको छ भने १५ देखि ५९ वर्षका जनसङ्ख्याको हिस्सा ६७.२ प्रतिशत रहेको छ । ६० वर्षमाथिका जनसङ्ख्याको हिस्सा १०.७ प्रतिशत रहेको छ । बागमती प्रदेशमा सहरी जनसङ्ख्या ७७.३ प्रतिशत र ग्रामीण जनसङ्ख्या २२.७ प्रतिशत रहेका छन्।

२०७८ को जनगणनाअनुसार बागमती प्रदेशका कुल ११९ पालिकाहरूमध्ये ७३ पालिकाहरूमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको देखिन्छ । यसको एक प्रमुख कारण बसाइँसराइ पनि हो । रसुवा र चितवनका सबै पालिकाहरूमा जनसङ्ख्या वृद्धिदर धनात्मक रहेको छ।

## २. पहिलो आवधिक योजनाको उपलब्धि समिक्षा

प्रदेश सरकारले जनसङ्ख्या व्यवस्थापनको लागि परिवार योजना कार्यक्रम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरे तापनि आन्तरिक तथा बाह्य बसाइसराईलाई व्यवस्थापन गर्न उल्लेखनीय काम

गर्न सकेको देखिंदैन । जनसङ्ख्या व्यवस्थापन कार्यक्रममार्फत जनसङ्ख्या व्यवस्थापनलाई असर गर्ने विविध पक्ष समेटी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ । प्रदेश स्तरीय जनसङ्ख्या व्यवस्थापन समिति गठन गरिएको छ। प्रदेशको जनसङ्ख्या नीति बनाउने प्रक्रिया अगाडि बढेको छ।

### ३. चुनौती

आन्तरिक तथा बाह्य बसाइँसराइ उच्च हुनु, ६० वर्ष र सोभन्दा माथिको आश्रित जनसङ्ख्याको अनुपात बढ्दै जानु र उच्च आन्तरिक बसाइँसराइको कारण सहरीकरण अव्यवस्थित बन्दै जानु लगायतका कारणले बागमती प्रदेशमा जनसङ्ख्या व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।

देशकै राजधानीसमेत रहेको प्रदेश भएकोले पनि आन्तरिक बसाइँसराइ र यसका कारण देखा पर्न सक्ने स्वास्थ्य चुनौती उच्च रहेको छ। प्रदेशको कुल प्रजनन दर १.६ पुगे तापनि बालविवाह, सहरकेन्द्रित बसाइसराईं र बाह्य बसाइँसराइको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

### ४. अवसर

कुल जनसङ्ख्यामा १५ देखि ५९ वर्ष उमेर समूहका वयस्कको प्रतिशत उच्च (६७.२ प्रतिशत) रही जनसाङ्ख्यिक लाभ प्राप्त हुन थालेकाले प्रदेशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन सकिने अवसर तथा सम्भावना छ ।

सिपका हिसाबले मिश्रित जनसङ्ख्याको बाक्लो उपस्थिति रहेको प्रदेश भएकोले उक्त जनसङ्ख्यालाई जनशक्तिको रूपमा प्रयोग गर्न सकेमा प्रदेशको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने अवसर छ।

### ५. सोच

उत्पादनशील जनसङ्ख्या ।

### ६. लक्ष्य

जनसाङ्ख्यिक लाभांशको सदुपयोग गर्ने ।

### ७. उद्देश्य

१ जनसङ्ख्या तथा बसाइँसराईको उचित व्यवस्थापन गर्ने ।

## ८. रणनीति र कार्यनीति

| रणनीति | | कार्यनीति |
|---|---|---|
| ५.२.१ आन्तरिक तथा वाह्य बसाइँसराइबाट स्वास्थ्यमा पर्न सक्ने समस्याको यथोचित सम्बोधन गर्ने। | १ | जनसाङ्ख्यिक परिवर्तन र यसको प्रभावलाई सम्बोधन गर्ने गरी प्रदेश जनसङ्ख्या नीति बनाई लागु गरिने छ। |
| | २ | स्वस्थ सहरको अवधारणा स्थानीय तहसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्न सहजीकरण गरिने छ। |
| | ३ | वैदेसिक रोजगारमा जाने, रोजगारमा रहेका तथा रोजगारीबाट फर्केका नागरिकहरूको स्वास्थ्य सुरक्षाको लागि कार्यविधि बनाई लागु गरिने छ। |
| | ४ | बढ्दो सहरीकरण तथा आधुनिकीकरणका कारणले उत्पन्न स्वास्थ्य समस्याहरूलाई सम्बोधन गरिने छ। |
| | ५ | सहरी क्षेत्रका अव्यवस्थित तथा अस्थायी बसोबास गरेका नागरिकलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गरिने छ। |
| | ६ | व्यवस्थित परिवार योजनाको अवधारणा लागु गरिने छ। |
| ५.२.२ यौन तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रूपमा विकास गर्ने। | १ | सुरक्षित यौन तथा प्रजनन स्वास्थ्य स्वास्थ्य सेवालाई अधिकारका रूपमा विकास गरी गुणस्तरीय बनाउँदै लगिने छ। |
| | २ | किशोरी आमाबाट हुने जन्मदर तथा कम उमेरमा हुने गर्भधारणलाई न्यूनीकरण गर्न यौन तथा प्रजनन शिक्षा, सुरक्षित गर्भपतन सेवा, तथा प्रजनन स्वास्थ्य सेवालाई विस्तार गर्दै लगिने छ। |
| | ३ | किशोरकिशोरी तथा युवायुवतीहरूमा सुरक्षित एवं जिम्मेवार बानी व्यवहार प्रवर्धन गर्दै उनीहरूको जीवनउपयोगी क्षमता विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ। |
| | ४ | बालविवाह न्यूनीकरणको लागि सरोकारवाला निकायसँगको समन्वय र साझेदारीमा विशेष अभियान सञ्चालन गरिने छ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ५.२.३<br>जनसाङ्ख्यिक लाभांश सदुपयोग गर्न ज्ञान र सिपमा आधारित रोजगारीका अवसर सिर्जना गर्ने। | १ प्रदेश र स्थानीय तहमा जनसङ्ख्या व्यवस्थापन कार्यलाई स्थानीय आवश्यकताअनुसार सञ्चालन गर्न संयन्त्रको विकास गरिने छ।<br>२ मानव संसाधन विकासका लागि विस्तृत कार्य योजना बनाई जनसाङ्ख्यिक लाभांशको सदुपयोग गरिने छ।<br>३ वैदेसिक रोजगारीबाट फर्किएका जनसक्तिलाई रोजगारी र उत्पादनशील क्षेत्रमा परिचालन गर्न पैरवी गरिने छ। |
| ५.२.४<br>जनसङ्ख्या तथा बसाइँसराइसम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, प्रक्षेपण, विश्लेषण गरी जनसङ्ख्या सूचनालाई व्यवस्थित गर्ने। | १ जन्म, विवाह, बसाइँसराइ, मृत्यु जस्ता व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई सुदृढीकरण गर्न प्रोत्साहन गरिने छ।<br>२ मृत्युको कारण परीक्षण गर्ने व्यवस्थाको विकास गर्दै स्वास्थ्य संस्थामा हुने जन्म र मृत्युलाई विद्युतीय-व्यक्तिगत घटना दर्तासँग आबद्ध गरिने छ।<br>३ विकास योजना तर्जुमा गर्दा पूर्व सम्भाव्यता अध्ययन प्रणालीलाई पारदर्शी र वैज्ञानिक बनाउन पहल गरिने छ।<br>४ आन्तरिक र वाह्य बसाइँसराइसम्बन्धी अभिलेख र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्न प्रोत्साहन गरिने छ।<br>५ जनसङ्ख्या तथा बसाइँसराइ, विकास र वातावरणबिच समन्वय र सहकार्य गर्दै जनसङ्ख्या व्यवस्थापनलाई विकासको अभिन्न अङ्गको रूपमा संस्थागत गरिने छ।<br>६ जनसङ्ख्या र बसाइँसराइसम्बन्धी अध्ययन र अनुसन्धान गरिने छ। |
| ५.२.५<br>जनसङ्ख्या व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्ने । | १ किशोर किशोरीहरूका लागि सुरक्षित यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी चेतना अभिवृद्धि गरिने छ ।<br>२ परिवार नियोजनका साधनको प्रयोग, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिने छ ।<br>३ जनसङ्ख्या, विकास र वातावरणबिचको अन्तरसम्बन्ध सम्बन्धी अध्ययन, अनुसन्धान गरिने छ । |

| रणनीति | | कार्यनीति |
|---|---|---|
| | ४ | विस्तृत कार्ययोजना बनाई जनसाङ्ख्यिक लाभको सदुपयोग गरिने छ । |
| ५.२.६<br>ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, पूर्वाधार विस्तार गरी आन्तरिक बसाइँसराइलाई कम गर्ने । | १ | आन्तरिक बसाइँसराइलाई कम गर्न ग्रामीण क्षेत्रमा यातयात पूर्वाधार, रोजगार अवसर, शिक्षा तथा स्वास्थ्य सेवा विस्तार गरी गरिने छ । |
| | २ | आन्तरिक बसाइँसराइको कारण अव्यवस्थित बन्दै गएका सहरहरूको व्यवस्थित विकास गर्न अन्य सम्बद्ध निकायहरूसँग सहकार्य गरिने छ । |
| | ३ | बसाइँसराइ उच्च भएका क्षेत्रहरूमा जनताको आय वृद्धि गर्न तरकारी, फलफूल, नगदेबाली, पशुपन्छी पालन, पर्यटन, जडीबुटी खेती जस्ता कार्यक्रमका लागि प्रोत्साहन गरिने छ। |
| ५.२.७<br>आत्महत्या निरूत्साहन गर्ने । | १ | बढ्दो आत्महत्याका कारण र समाधानका उपायहरूका पहिचान गर्नका लागि व्यवस्थित अध्ययन गरिने छ । |
| | २ | आत्महत्याको जोखिममा रहेका वा आत्महत्याको प्रयास गरेका नागरिक लक्षित उत्प्रेरणा, क्षमता विकास र रोजगारी प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ । |

## ९. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | प्रदेशको जनसङ्ख्या नीति तर्जुमा | | √ | | | |
| २ | विकास कार्यक्रम र जनसङ्ख्याबिच सामञ्जस्य हुने गरी कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| ३ | परिवार नियोजनसम्बन्धी जनचेतना कार्यक्रम | √ | √ | √ | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ४ | वैदेसिक रोजगारमा जाने, रोजगारमा रहेका तथा रोजगारीबाट फर्केका नागरिकहरूको स्वास्थ्य सुरक्षाको लागि कार्यविधि बनाई लागु | √ | √ | √ | √ | √ |
| ५ | स्थानीय तहसँगको सहकार्यमा स्वस्थ सहरको अवधारणा कार्यान्वयन | √ | √ | √ | √ | √ |
| ६ | जनसङ्ख्या, आन्तरिक बसाइँसराइ र सहरीकरणसम्बन्धी अध्ययन | | √ | | | |
| ७ | जन्म, विवाह, मृत्यु तथा बसाइँसराइ जस्ता घटनाको दर्ता प्रणालीलाई सुदृढ गर्न पैरवी | √ | √ | √ | √ | √ |
| ८ | सहरी क्षेत्रका अव्यवस्थित तथा अस्थायी बसोबास गरेका नागरिकलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार | √ | √ | √ | √ | √ |
| ९ | मृत्युको कारण परीक्षण गर्ने व्यवस्थाको विकास गर्दै स्वास्थ्य संस्थामा हुने जन्म र मृत्युलाई विद्युतीय व्यक्तिगत घटना दर्तासँग आबद्ध | √ | √ | √ | √ | √ |
| १० | किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाको विकास र विस्तार | √ | √ | √ | √ | √ |
| ११ | वैदेसिक रोजगारीबाट फर्किएका जनसक्तिलाई रोजगारी र उत्पादनशील क्षेत्रमा परिचालन गर्न पैरवी | √ | √ | √ | √ | √ |
| १२ | सबै नीतिमा स्वास्थ्य कार्यान्वयन गर्दै बहुपक्षीय समन्वय र सहकार्यमा जनसङ्ख्या व्यवस्थापनसम्बन्धी कार्य योजना तर्जुमा | √ | √ | √ | √ | √ |
| १३ | बढ्दो आत्महत्याका कारण र समाधानका उपायहरूका पहिचान गर्नका लागि व्यवस्थित अध्ययन | | √ | | | |

| क.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १४ | आत्महत्याको जोखिममा रहेका वा आत्महत्याको प्रयास गरेका नागरिक लक्षित उत्प्रेरणा, क्षमता विकास र रोजगारी प्रवर्धनका कार्यक्रमहरू सञ्चालन | √ | √ | √ | √ | √ |

### १०. अपेक्षित उपलब्धि

परिवार नियोजनसम्बन्धी जनचेतना अभिवृद्धि भएको हुने छ । जनसङ्ख्या, आन्तरिक बसाइँसराइ र सहरीकरणसम्बन्धी अध्ययनका नतिजाका आधारमा आवश्यक नीतिहरू तर्जुमा भएका हुने छन् । जनसङ्ख्या व्यवस्थापन सूचना प्रणाली मार्फत जनसङ्ख्याको अद्यावधिक तथ्याङ्क उपलब्ध भएको हुने छ।

## ५.३ लैङ्गिक समानता र सामाजिक समावेशीकरण

### १. पृष्ठभूमि

#### महिला

नेपालको संविधानले 'महिलाको हक' अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हकको प्रत्याभूति गरेको छ।

#### बालबालिका

नेपालको संविधानमा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने र प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने उल्लेख छ । त्यस्तै कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, सेना,

प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने तथा घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक र मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने उल्लेख छ । यसका अतिरिक्त, प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने तथा यस विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुने तथा त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था पनि संविधानमा उल्लेख छ ।

**ज्येष्ठ नागरिक**

ज्येष्ठ नागरिकहरूका लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक संविधानले प्रत्याभूत गरेको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ (पहिलो संशोधन २०७९) ले ६० वर्ष उमेर पूरा गरेको नागरिकलाई ज्येष्ठ नागरिक मानेको छ । त्यसैगरी ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा रहेका छन् ।

**अपाङ्गता भएका जनसङ्ख्या**

जनगणना २०७८ अनुसार नेपालको कुल ६६ लाख ६६ हजार ९३७ घरपरिवारमध्ये ५ लाख ५९ हजार ८३० अर्थात ८.४ प्रतिशत घरपरिवारमा कुनै न कुनै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । प्रदेशअनुसार कर्णाली प्रदेशमा सबैभन्दा बढी १२.१ प्रतिशत परिवारमा र बागमती प्रदेशमा सबैभन्दा कम अर्थात ६.८ प्रतिशत परिवारमा अपाङ्गता भएका व्यक्तिहरूको बसोबास रहेको देखिन्छ । नेपालको कुल जनसङ्ख्याको २.२ प्रतिशत अर्थात ६ लाख ४७ हजार ७४४ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको जनगणनाले देखाएको छ ।

**दलित**

नेपालको संविधानले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रत्याभूत गरेको छ । त्यस्तै सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिता तथा दलित विद्यार्थीलाई कानुनबमोजिम प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्क तथा प्राविधिक र व्यावसायिक उच्च शिक्षामा विशेष व्यवस्था गरेको छ । साथै दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक तथा उनीहरूका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक

पर्ने सिप र स्रोत उपलब्ध गराउने उल्लेख छ । यस अतिरिक्त राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्ने छ ।

**अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय**

नेपालको संविधानले आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने उल्लेख गरेको छ । सरकारले कुसुन्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा, कुसबाडिया (पत्थरकट्टा, सिलकट, कुशवधिया र कुचबधिया) गरी १० जातिलाई लोपोन्मुख मानेको छ। त्यस्तै नेपाल सरकारले कुल जनसङ्ख्याको ०.५ प्रतिशतभन्दा कम जनसङ्ख्या भएका जातीलाई अल्पसङ्ख्यक मानेको छ ।

**२. वस्तुस्थिति**

जनगणना २०७८ अनुसार बागमती प्रदेशको कुल जनसङ्ख्या ६१ लाख १६ हजार ८६६ मध्ये महिला जनसङ्ख्या ५०.२ प्रतिशत र लैङ्गिक अनुपात ९९.४५ प्रतिशत रहेको छ। त्यस्तै प्रदेशका कुल १७ लाख ७० हजार ९२७ घरधुरीमध्ये ४ लाख ८८ हजार २६३ घरधुरी अर्थात ३१.१ प्रतिशत घरधधुरीमा महिला घरमुली रहेका छन् । त्यस्तै प्रदेशमा १६ वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जनसङ्ख्या १५ लाख ७५ हजार ३५८ रहेको छ जुन प्रदेशको कुल जनसङ्ख्याको २५.८ प्रतिशत हुन आउँछ । जसमा ५२.५ प्रतिशत बालक र ४७.५ प्रतिशत बालिकाको जनसङ्ख्या रहेको छ ।

प्रदेशमा ज्येष्ठ नागरिक (६० वर्ष उमेर माथिका) को जनसङ्ख्या ५ लाख ८४ हजार ५८४ रहेको छ जुन प्रदेशको कुल जनसङ्ख्याको ९.६ प्रतिशत हुन्छ । प्रदेशका कुल ज्येष्ठ नागरिकमध्ये ४७.७ प्रतिशत पुरुष र ५२.३ प्रतिशत महिला रहेका छन् । सामाजिक सुरक्षा ऐन, २०७५ (संशोधन २०७९) अनुसार नेपाल सरकारले ६८ वर्षभन्दा बढी उमेर भएका ज्येष्ठ नागरिकहरू र दलित तथा एकल महिलाको हकमा ६० वर्ष उमेर पूरा भएपछि मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । बागमती प्रदेशमा ६८ वर्ष वा त्योभन्दा बढी उमेरका ज्येष्ठ नागरिकको सङ्ख्या ३ लाख ३८ हजार ९१९ रहेको छ जसमा पुरुष १ लाख ५७ हजार ७६२ र महिला १ लाख ८१ हजार १५७ रहेका छन् ।

बागमती प्रदेशमा कुल जनसङ्ख्याको २.० प्रतिशत अर्थात १ लाख २४ हजार १०० जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । प्रदेशमा रहेका कुल अपाङ्गतामध्ये सबैभन्दा बढी क्रमशः शारीरिक अपाङ्गता ३५.१ प्रतिशत, न्यून दृष्टियुक्त १८.० प्रतिशत, बहुअपाङ्गता ९.४ प्रतिशत, सुस्त श्रवण ८.६ प्रतिशत, बहिरा ७.६ प्रतिशत, स्वर र बोलाई ५.९ प्रतिशत, पूर्ण दृष्टिविहीन ५.४ प्रतिशत, मानसिक वा

मनोसामाजिक अपाङ्गता ४.६ प्रतिशत, बौद्धिक अपाङ्गता १.८ प्रतिशत, श्रवण दृष्टिविहीन १.५ प्रतिशत, अनुवंशीय रक्तस्राव (हेमोफेलीया) १.१ प्रतिशत, अटिज्म १ प्रतिशत रहेका छन ।

प्रदेशमा ५ वर्ष वा सोभन्दा माथिको उमेर समूहका ५७ लाख १८ हजार ३८८ जनसङ्ख्यामध्ये ८२.०६ प्रतिशत साक्षर रहेका छन् जसमा पुरुष साक्षरता दर ८८.३ प्रतिशत र महिला साक्षरता ७६.० प्रतिशत रहेको छ । त्यस्तै प्रदेशका कुल अपाङ्गता भएका जनसङ्ख्यामा १० वर्षभन्दा बढी उमेरका १ लाख १५ हजार ४४४ जना रहेका छन् जसमा ४९ प्रतिशत आर्थिक रूपले निष्कृय छन् भने ३८.५ प्रतिशत अक्सर निष्कृय रहेका छन् । यस तथ्याङ्कले अपाङ्गता भएका जनसङ्ख्याको ठुलो हिस्सा आर्थिक रूपले पूर्ण निष्कृय वा अक्सर निष्कृय रहेको देखिन्छ ।

बागमती प्रदेशमा विश्वकर्मा, परियार, मिजार, चमार, हरिजन, मुसहर, लोहार, पासवान र पत्थरकट्टा लगायतका दलितहरूको बसोबास रहेको छ । प्रदेशको कुल जनसङ्ख्यामा दलितको हिस्सा ६.२ प्रतिशत रहेको छ । नेपाल सरकारले लोपोन्मुख मानेका १० मध्ये राउटे बाहेकका सबै जाती बागमती प्रदेशमा छन्। यसमध्ये पनि हायुको कुल जनसङ्ख्या ३०६९ मध्ये २७४५ (८९.४ प्रतिशत), सुरेलको कुल जनसङ्ख्या ३१८ मध्ये १५३ (४८.१ प्रतिशत), वनकरीयाको १८० मध्ये ७३ (४०.६ प्रतिशत) बागमती प्रदेशमा रहेका छन् ।

## ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) अन्तर्गत १० रणनीतिमार्फत ४४ कार्यनीतिहरू राखिएका थिए । जसमध्ये लैससाससम्बन्धी नीति, कानुन र योजनालाई संस्थागत गर्न तथा निकायहरूबिच समन्वय गर्न सामाजिक विकास महाशाखा स्थापना गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा लैङ्गिक अल्पसङ्ख्यकको कार्यक्षेत्र कार्यक्षेत्र निर्धारण गरिएको छ । त्यस्तै यससम्बन्धी विभिन्न ऐनहरू बनेका छन् । त्यस्तै पहिलो आवधिक योजना अवधिमा बालअधिकारको संरक्षण तथा प्रवर्धन गर्न कानुन तथा मापदण्ड तर्जुमा, ज्येष्ठ नागरिकको लागि दिवा सेवा केन्द्र र वृद्धाश्रममार्फत सेवा प्रदान, दलित, विपन्न वर्ग तथा लोपोन्मुख र सीमान्तकृत समूदाय आदिलाई सशक्तीकरण कार्यक्रम सञ्चालन भएको छ ।

## ४. चुनौती

लैङ्गिक तथा घरेलु हिंशा अन्त्य गर्नु, महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउनु र बालविवाह, दाइजो प्रथा, छाउपडी र बोक्सीजस्ता कुरीतिजन्य व्यवहार अन्त्य गर्नु, कार्यक्षेत्रमा विद्यमान विभेद हटाउनु, महिला, यौनिक अल्पसङ्ख्यक, दलित तथा वञ्चितीकरण परेका सीमान्तकृत

समूहको समूहको राज्यका अङ्गहरूमा प्रतिनिधित्व बढाउनु, बालबालिकाको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु, ज्येष्ठ नागरिकहरूमा रहेका विषयगत ज्ञान, सिप, क्षमता र अनुभवको अधिकतम सदुपयोग गर्नु, वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थित गर्नु, ज्येष्ठ नागरिकहरूको लागि काम गर्ने संस्थाहरूलाई प्रदान गरिने अनुदानको मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आदि चुनौतीहरू रहेका छन् ।

## ५. अवसर

लैङ्गिक समानता, बालअधिकार, संविधानमा ज्येष्ठ नागरिकको हकसम्बन्धी व्यवस्थालाई मौलिक हकको रूपमा राखिएको, सार्वजनिक यातायातमा सहुलियत, सरकारी अस्पतालहरूमा बेड छुट्याउने, सेवा प्रदायक निकायहरूबाट विशेष सुविधा दिने व्यवस्थाहरू गरिएको, केन्द्रीय ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना गरी असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने संवैधानिक व्यवस्था हुनु, दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था हुनु, दुर्व्यवहारबाट पीडित ज्येष्ठ नागरिकहरूलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान गरिएको आदिलाई यस क्षेत्रको अवसर तथा सम्भावनाका रूपमा लिन सकिन्छ ।

## ६. सोच

लैङ्गिक समानता र सामाजिक समावेशीकरणः समावेशी र समतामूलक समाज ।

## ७. लक्ष्य

समाजका सबै उमेर, लिङ्ग र समुदायका व्यक्ति तथा समुदायलाई सम्मानपूर्वक जीवन जिउने अवस्था सिर्जना गर्नु।

## ८. उद्देश्य

१ लैङ्गिक समता र सामाजिक समावेशीकरणमार्फत महिलाको आर्थिक-सामाजिक सशक्तीकरण गर्ने,

२ संविधानमा उल्लिखित बालबालिकाको हक पूर्णरूपमा लागु हुने व्यवस्था गर्ने,

३ ज्येष्ठ नागरिकको सहज जीवन बाँच्न पाउने व्यवस्था गर्ने,

४ अपाङ्गता भएका नागरिकलाई आर्थिक-सामाजिक मूल प्रवाहीकरण गरी सम्मानपूर्वक बाँच्न पाउने व्यवस्था गर्ने,

५ संविधानमा उल्लिखित दलितसम्बन्धी हक पूर्णरूपमा लागु हुने व्यवस्था गर्ने,

६ लोपोन्मुख समुदायलाई आर्थिक-सामाजिक मूलप्रवाहीकरण गर्ने,

७ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: लैङ्गिक समता र सामाजिक समावेशीकरणमार्फत महिलाको आर्थिक-सामाजिक सशक्तीकरण गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.३.१<br>महिला सशक्तीकरण र समान अवसरका लागि कार्य गर्ने । | १ लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरिने छ ।<br>२ महिला सशक्तीकरणका लागि सिपमूलक तालिम र उद्यमशीलताको अवसर सिर्जना गरिने छ ।<br>३ लैङ्गिक समानता तथा सशक्तीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिने छ ।<br>४ लैङ्गिक हिंसापीडित र प्रभावितहरूको लागि आवश्यक सेवा सुविधासहितको पुनर्स्थापना केन्द्रहरू स्थापना गरिने छ ।<br>५ लैङ्गिक समता प्राप्तिका लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिने छ ।<br>६ विपन्न घरपरिवारका महिलाहरूलाई आयमूलक विविध स्वरोजगार व्यवसाय सञ्चालनमा (सिप, पुँजी, प्रविधि) सहयोग गरिने छ ।<br>७ सेफ हाउस, ज्येष्ठ नागरिक आश्रम लगायतका पूर्वाधार निर्माणमा सहयोग गरिने छ ।<br>८ बाल गृह, मानव आश्रम, सेफ हाउस र ज्येष्ठ नागरिक आश्रमहरूसँग सहकार्य गरिने छ । |

**उद्देश्य २: संविधानमा उल्लिखित बालबालिकाको हक पूर्णरूपमा लागु हुने व्यवस्था गर्ने ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ५.३.२ बालबालिकाको संवैधानिक हक पूर्णरूपमा लागु गर्ने। | १ | बालबालिका विरुद्ध हुने सबै प्रकारको भेदभाव तथा शोषण अन्त्य गरिने छ। |
| | २ | सबै प्रकारका बालश्रमको अन्त्य गरिने छ । |
| | ३ | बालगृहहरूको संस्थागत विकास गर्ने र विशेष आवश्यकता भएका बालबालिकाहरूको संरक्षण गरिने छ। |
| | ४ | असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकाको विशेष संरक्षण तथा अत्यावश्यक सुविधा दिइने छ। |
| | ५ | वैकल्पिक हेरचाहको आवश्यक पर्ने बालबालिकाहरूको अधिकारको संरक्षण र प्रवर्धन गरिने छ । |

**उद्देश्य ३: ज्येष्ठ नागरिकको सहजजीवन बाँच्न पाउने व्यवस्था मिलाउने ।**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ५.३.३ ज्येष्ठ नागरिकको सम्मानपूर्ण र सहज जीवन बाँच्न पाउने व्यवस्था गर्ने । | १ | ज्येष्ठ नागरिकको हेरचाह र ज्येष्ठ नागरिकमैत्री वातावरण सिर्जना गरिने छ। |
| | २ | ज्येष्ठ नागरिकलाई उपचार खर्चमा कानुनबमोजिम छुट दिने व्यवस्था गरिने छ । |
| | ३ | ज्येष्ठ नागरिकहरूको ज्ञान, सिप तथा अनुभवलाई पुस्तान्तरणका लागि संस्थागत गरिने छ । |
| | ४ | सार्वजनिक सेवामा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिइने छ। |

**उद्देश्य ४: अपाङ्गता भएका नागरिकलाई आर्थिक-सामाजिक मूल प्रवाहीकरण गरी सम्मानपूर्वक बाँच्न**

| रणनीति | कार्यनीति | |
|---|---|---|
| ५.३.४ अपाङ्गता भएका नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने व्यवस्था गर्ने । | १ | अपाङ्गता भएका नागरिकलाई आर्थिक-सामाजिक मूल प्रवाहीकरण गरिने छ । |
| | २ | अपाङ्गता भएका व्यक्तिलाई शिक्षा र रोजगारीमा प्राथमिकता दिइने छ । |
| | ३ | अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुनसक्ने हिंसाको अन्त्य गर्दै |

| | |
|---|---|
| | रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन गरिने छ ।<br>४ सूचना प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच विस्तार गरिने छ ।<br>५ सार्वजनिक सेवामा अपाङ्गता भएका नागरिकलाई प्राथमिकता दिइने छ ।<br>६ अपाङ्गतामैत्री मापदण्ड तर्जुमा र परीक्षण गरिने छ । |

**उद्देश्य ५: संविधानमा उल्लिखित दलितसम्बन्धी हक पूर्णरूपमा लागुहुने व्यवस्था गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.३.५<br>दलितहरूको सामाजिक-आर्थिक मूलप्रवाहीकरण गरी उत्थान गर्ने । | १ प्रदेशका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराइने छ ।<br>२ दलित विद्यार्थीलाई कानुनबमोजिम प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्क गरिने छ ।<br>३ दलितलाई प्राविधिक र व्यावसायिक उच्च शिक्षामा विशेष व्यवस्था गरिने छ।<br>४ दलित समुदायको परम्परागत पेसा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गरिने छ ।<br>५ भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराइने छ। |

**उद्देश्य ६: लोपोन्मुख समुदायलाई आर्थिक-सामाजिक मूलप्रवाहीकरण गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.३.६<br>लोपोन्मुख तथा वञ्चितीकरणमा परेका समुदाय लक्षित सामाजिक तथा आर्थिक उत्थान र सशक्तीकरणको लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने । | १ लोपोन्मुख समुदाय र वञ्चितिमा परेकासबै वर्ग समुदायलाई मूलप्रवाहीकरण गरी स्रोत साधन र सेवामा पहुँच पुऱ्याइने छ।<br>२ सीमान्तीकृत, जोखिममा परेका र लोपोन्मुख समुदाय लक्षित कार्यक्रम सञ्चालन, सकारात्मक विभेद र विशेष प्रथामिकतामार्फत अवसर र लाभको सुनिश्चितता गरिने छ।<br>३ चेपाङ, हायु र वनकरीया लगायत वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक-सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ । |

**उद्देश्य ७: लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.३.७<br>लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने । | १ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकार संस्थाकै सहभागितामा पैरवी र प्रचारप्रसार गरिने छ ।<br>२ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको क्षमता अभिवृद्धि र उपयोग गर्ने कार्यक्रम सञ्चालन गरिने छ। |

## ९. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| क | **महिला सशक्तीकरण तथा सामाजिक संरक्षण** | | | | | |
| १ | लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन | √ | √ | √ | √ | √ |
| २ | महिला सशक्तीकरणका लागि सिपमूलक तालिम र उद्यमशीलताको अवसर सिर्जना | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ३ | लैङ्गिक समानता तथा सशक्तीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास | √ | √ | √ | √ | √ |
| ४ | लैङ्गिक हिंसापीडित र प्रभावितहरूको लागि आवश्यक सेवा सुविधासहितको पुनर्स्थापना केन्द्रहरू स्थापना | √ | √ | √ | √ | √ |
| ५ | लैङ्गिक समता प्राप्तिका लागि पुरुषको सक्रिय सहभागिता प्रवर्धन | √ | √ | √ | √ | √ |
| ६ | विपन्न घरपरिवारका महिलाहरूलाई आयमूलक विविध स्वरोजगार व्यवसाय सञ्चालनमा (सिप, पुँजी, प्रविधि) सहयोग | √ | √ | √ | √ | √ |
| ७ | सेफ हाउस, ज्येष्ठ नागरिक आश्रम लगायतका पूर्वाधार निर्माणमा सहयोग | √ | √ | √ | √ | √ |
| ८ | बाल गृह, मानव आश्रम, सेफ हाउस र ज्येष्ठ नागरिक आश्रमहरूसँग सहकार्य | √ | √ | √ | √ | √ |
| **ख** | **बाल अधिकारको रक्षा** | | | | | |
| ९ | बालबालिका विरुद्ध हुने सबै प्रकारको भेदभाव तथा शोषण अन्त्य | √ | √ | √ | √ | √ |
| १० | सबै प्रकारका बालश्रमको अन्त्य | √ | √ | √ | √ | √ |
| ११ | बालगृहहरूको संस्थागत विकास गर्ने र विशेष आवश्यकता भएका बालबालिकाहरूको संरक्षण | √ | √ | √ | √ | √ |
| १२ | असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकाको विशेष संरक्षण | √ | √ | √ | √ | √ |
| १३ | वैकल्पिक हेरचाहको आवश्यक पर्ने बालबालिकाहरूको अधिकारको संरक्षण | √ | √ | √ | √ | √ |
| **ग** | **ज्येष्ठ अधिकारको रक्षा** | | | | | |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १४ | ज्येष्ठ नागरिकको हेरचाह र ज्येष्ठ नागरिकमैत्री वातावरण सिर्जना | √ | √ | √ | √ | √ |
| १५ | ज्येष्ठ नागरिकलाई उपचार खर्चमा कानुनबमोजिम छुट दिने व्यवस्था | √ | √ | √ | √ | √ |
| १६ | ज्येष्ठ नागरिकहरूको ज्ञान, सिप तथा अनुभवलाई पुस्तान्तरणका लागि संस्थागत व्यवस्था | √ | √ | √ | √ | √ |
| **घ** | **अपाङ्गता भएका नागरिकको अधिकारको रक्षा** | | | | | |
| १७ | अपाङ्गता भएका नागरिकको आर्थिक-सामाजिक मूल प्रवाहीकरण | √ | √ | √ | √ | √ |
| १८ | अपाङ्गता भएका व्यक्तिलाई शिक्षा र रोजगारीमा प्राथमिकता | √ | √ | √ | √ | √ |
| १९ | अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुनसक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| २० | सूचना प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच विस्तार | √ | √ | √ | √ | √ |
| २१ | सार्वजनिक सेवामा अपाङ्गता भएका नागरिकलाई प्राथमिकता | √ | √ | √ | √ | √ |
| २२ | अपाङ्गता मैत्री मापदण्ड तर्जुमा | | √ | | | |
| **ङ** | **दलित अधिकारको रक्षा** | | | | | |
| २३ | प्रदेशका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी | √ | √ | √ | √ | √ |
| २४ | दलित विद्यार्थीलाई कानुनबमोजिम प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्क व्यवस्था | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| २५ | दलितलाई प्राविधिक र व्यावसायिक उच्च शिक्षामा विशेष व्यवस्था | √ | √ | √ | √ | √ |
| २६ | दलित समुदायको परम्परागत पेसा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास | √ | √ | √ | √ | √ |
| २७ | भूमिहीन दलितलाई कानुनबमोजिम जमिनको व्यवस्था | | | | √ | √ |
| **च** | **लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक अधिकारको रक्षा** | | | | | |
| २८ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकार संस्थाकै सहभागितामा पैरवी र प्रचार प्रसार | √ | √ | √ | √ | √ |
| २९ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको क्षमता अभिवृद्धि र उपयोग गर्ने कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |

## १०. अपेक्षित उपलब्धि

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, यौनिक अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदायको आर्थिक तथा सामाजिक विकासमा मुलप्रवाहीकरण भएको हुने, संविधानले प्रत्याभूत गरेका उनीहरूको हक लागु भएको हुने र सबै प्रकारको समाजिक हिंसा तथा विभेदको अन्त्य भएको हुने छ। गृहिणी महिलाहरू सशक्तीकरण भई आत्मनिर्भर भएका हुने तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा उपलब्धि प्राप्त भएको हुने छ । बालविवाह न्यूनीकरण तथा बालअधिकारको संरक्षणमा सुधार भई बालश्रमको अन्त्य भएको हुने छ ।

त्यस्तै दलित समुदायको सशक्तीकरण भएको तथा समुदायमा मूलप्रवाहीकरण भएको हुने, अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण भई आत्मनिर्भर भएका हुने तथा ज्येष्ठ नागरिकहरूको ज्ञान सिप र अनुभवको विविध क्षेत्रमा उपयोग भएको हुने छ । सेफ हाउस र ज्येष्ठ नागरिक आश्रम लगायतको पूर्वाधार निर्माण भई ज्येष्ठ नागरिकको जीवनमा सहजता आउनेछ । लोपोन्मुख समुदायको आर्थिक-सामाजिक मूलप्रवाहीकरण तथा यौनिक अल्पसङ्ख्यकहरूको सशक्तीकरण भई आत्मनिर्भर भएका हुने छन्।

## ५.४ युवा तथा खेलकुद

### १. पृष्ठभूमि

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिएको छ । नेपालको संविधानमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख छ ।

### २. वस्तुस्थिति

बागमती प्रदेशमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४५.४ प्रतिशत रहेको छ । जनसाङ्ख्यिक लाभको अवसरलाई पुँजीकृत गरी प्रदेशको आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ । विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलता लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, दिगो विकास लक्ष्य र युथ भिजन २०२५ ले युवाको विकास र सहभागितामा जोड दिएको छ ।

खेलकुदलाई स्वस्थ तथा अनुशासित व्यक्ति तथा समाज सिर्जना गर्ने माध्यमका रूपमा लिने गरिन्छ। व्यक्तिको शारिरीक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले खेलकुद विकासका लागि योजनाबद्ध रूपमा भौतिक पूर्वाधारको विकास तथा अन्य नीतिगत तथा संस्थागत व्यवस्था गर्न आवश्यक छ ।

### ३. चुनौती

युवाहरूलाई उत्पादन र रोजगारीसँग आबद्ध गर्न नसक्नु, खेलकुदको विकासमा लगानी अभिवृद्धि गर्न नसक्नु, खेलकुद क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित नहुनु, खेलकुद पूर्वाधारहरूमा आवश्यक लगानीको अभाव, खेलकुद सम्बद्ध निकायहरूमा व्यवस्थापकीय र संस्थागत क्षमता अभिवृद्धि नहुनु आदि समस्या छन् । त्यस्तै युवाहरूलाई विदेश पलायन हुनबाट रोक्नु, देशभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्नु, युवाहरूमा उद्यमशीलताको विकास गर्नु, युवाहरूमा वित्तीय पहुँच सुनिश्चित गर्नु तथा खेलकुद पूर्वाधारको अपर्याप्तता, खेलकुदबाट जीविकोपार्जन हुने अवस्था नरहनु आदि यस क्षेत्रका चुनौती हुन् ।

## ४. अवसर

बागमती प्रदेशको जनसङ्ख्याको ठुलो हिस्सा युवाहरूको हुनु, जनसाङ्ख्यिक लाभको अवसरलाई पुँजीकृत गरी प्रदेशको आर्थिक समृद्धिमा युवाको योगदान गर्नु सुनिश्चित गर्नु, राष्ट्रिय युवा नीति र युथ भिजन २०२५ कार्यान्वयनमा हुनु, राजनीतिमा युवा सहभागिता बढ्दै जानु, युवा लक्षित उद्यम विकासका कार्यक्रमहरू सुरु हुनु, युवा स्वरोजगार कोषको कार्यक्रमहरू विस्तार हुँदै जानु, खेलकुद पूर्वाधारमा राज्यको ध्यान जानु, क्रिकेट लगायतका खेलमा अन्तर्राष्ट्रिय पहिचान बन्दै जानु आदि युवा तथा खेलकुद क्षेत्रका अवसर तथा सम्भावना हुन् ।

## ५. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजनाले युवाहरूको क्षमता विकास गर्दै रोजगारीमा उनीहरूलाई आबद्ध गराउँदै लैजाने रणनीति तय गरेको थियो । योजना अवधिमा युवा स्वयम सेवक परिचालन कार्यक्रम सञ्चालन गर्ने कार्यनीति अन्तर्गत युवा स्वयम सेवक तयार गरिएको, विदेशबाट फर्केका ५० जना युवाहरूलाई सिप विकास तालिम प्रदान गरिएको थियो । त्यस्तै खेलकुद पूर्वाधार निर्माण तथा विस्तार गर्ने रणनीति अन्तर्गत सात जिल्लामा रङ्गशालाहरू निर्माण भएको र मकवानपुरको गौरीटारमा एक अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण हुने क्रममा रहेको छ । योजना अवधिमा निजी क्षेत्र, गैरसरकारी संस्था र विकास साझेदारहरूसँग समन्वयमार्फत युवा रोजगारी प्रवर्धन गर्ने कार्यनीति भने कार्यान्वयन हुन सकेन ।

## ६. सोच

युवाको सर्वाङ्गीण विकास राष्ट्र निर्माणको आधार ।

## ७. लक्ष्य

उद्यमशीलता, रोजगारी र खेलकुदमार्फत राष्ट्रनिर्माणमा युवाहरूको योगदान वृद्धि गर्ने।

## ८. उद्देश्य

१ युवा उद्यमशीलता र रोजगारी वृद्धिमार्फत जनसाङ्ख्यिक लाभ लिने,

२ युवामा नेतृत्व विकास, नीति निर्माण र विकासमा सहभागिता वृद्धि गर्ने,

३ खेलकुद क्षेत्रको विकास गर्ने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: युवामा उद्यमशीलता र रोजगारी वृद्धिमार्फत जनसाङ्ख्यिक लाभ लिने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.४.१<br>युवाहरूमा उद्यमशीलता तथा रोजगारी अभिवृद्धि गर्ने | १ युवाहरूलाई उद्यमशीलतातर्फ उत्प्रेरित गर्न दक्षता तथा सिप अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।<br>२ उद्यमशिल बन्न चाहने युवाहरूलाई लक्षित गरी युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँगको सहकार्यमा युवाहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।<br>३ युवाहरूलाई बजारको मागअनुसारको प्राविधिक शिक्षा तथा सिपमूलक तालिम उपलब्ध गराइने छ ।<br>४ परम्परागत सिप तथा पेसामा युवाहरूलाई आकर्षित गर्न वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइने छ ।<br>५ विदेशबाट फर्केका युवाहरूको सिप र क्षमतासहितको तथ्याङ्क अद्यावधिक गरी उद्यमतर्फ लाग्न सहुलियत कर्जा उपलब्ध गराइने छ । |

**उद्देश्य २: युवामा नेतृत्व विकास, नीति निर्माण र विकासमा सहभागिता वृद्धि गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.४.२<br>नीति निर्माण र विकासका विभिन्न क्षेत्रमा युवाहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने । | १ युवाहरूको नेतत्त्व विकास गरी शासकीय जिम्मेवारी बहन गर्न सक्षम बनाउने विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ।<br>२ प्रदेश युवा परिषदको स्थापना गरी युवाहरूको क्षमता विकासमा जोड दिइने छ।<br>३ क्षेत्रगत नीतिहरू तर्जुमा गर्दा युवाहरूको आवश्यकतालाई सम्बोधन गरिने छ। |

उद्देश्य ३: खेलकुद क्षेत्रको विकास गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| ५.४.३<br>खेलकुद पूर्वाधार विकास तथा युवालाई खेलकुदमा प्रोत्साहन गर्ने । | १ प्रत्येक स्थानीय तहमा एक बहुउद्देश्यीय खेल मैदान निर्माण गरिने छ।<br>२ योग, साधना तथा व्यायामलाई स्वस्थ जीवनशैलीको माध्यम बनाउन अभियान चलाइनेछ।<br>३ परम्परागत खेलकुदहरूको जगेर्ना तथा प्रवर्धन गरिने छ ।<br>४ साहसिक खेलकुदका सम्भाव्य स्थानहरू पहिचान गरी आधारभूत पूर्वाधार विकास गरिने छ।<br>५ व्यावसायिक खेलकुद क्लबहरू स्थापना गर्न प्रोत्साहन गरिने छ।<br>६ खेलकुद विकासका लागि अन्तरसरकार तथा निजीक्षेत्रसँग सहकार्य गरिने छ।<br>७ फरक क्षमता भएकाहरूलाई खेलकुदप्रति आकर्षण गर्न विशिष्टीकृत खेलकुद प्रतियोगिताहरूको आयोजना गरिने छ। |

## १०. प्रमुख कार्यक्रमहरू

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | युवाहरूको नेतृत्व क्षमता विकास तालिम | √ | √ | √ | √ | √ |
| २ | युवाहरूका लागि उद्यमशीलता तालिम सञ्चालन | √ | √ | √ | √ | √ |
| ३ | वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई स्वरोजगार व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने | √ | √ | √ | √ | √ |
| ४ | युवा सम्मेलन र प्रोत्साहन | √ | √ | √ | √ | √ |
| ५ | खेलकुद पूर्वाधार मर्मत सम्भार र निर्माण | √ | √ | √ | √ | √ |
| ६ | प्रत्येक दुई वर्षमा प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | | √ | | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ७ | अन्तर प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता | | | √ | | √ |
| ८ | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | √ | √ | √ | √ | √ |
| ९ | खेलाडी एवम् प्रशिक्षक र रेफ्रीहरूको क्षमता अभिवृद्धि कार्यक्रम | √ | √ | √ | √ | √ |
| १० | प्रतिभावान खेलाडीहरूको पहिचान र प्रोत्साहन | √ | √ | √ | √ | √ |
| ११ | विद्यालय शिक्षकहरूका लागि खेलकुदको लागि तालिम र सामग्री प्रोत्साहन | √ | √ | √ | √ | √ |
| १२ | गौरीटार क्रिकेट रङ्शाला र पौडी पोखरी निर्माण | √ | √ | √ | √ | √ |

### १०. अपेक्षित उपलब्धि

युवाहरूमा उद्यमशीलता तथा सिप विकास भई रोजगारी वृद्धि तथा स्वरोजगार व्यवसायहरूको वृद्धि भएको हुने छ । प्रतिभाशाली युवाहरू वैज्ञानिक सोच, खोज अनुसन्धान कार्यमा संलग्न भएका हुने छन् । प्रदेश युवा परिषद्को सहयोगमा युवाहरूको आवश्यकता तथा चासोका आधारमा युवासम्बन्धी प्रदेश नीतिहरू तर्जुमा भएका हुने छन् । वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सिप र क्षमताका उपयोग भई विविध आर्थिक क्रियाकलापहरू सञ्चालन भएका हुने छन् ।

प्रदेशमा विभिन्न खेलका लागि पूर्वाधार निर्माण भएको हुने र खेलाडीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भएको हुने छ । अन्तर्राष्ट्रिय खेलहरूमा नेपाली खेलाडीहरूले आफ्नो पहिचान बनाएका हुने छन्।

## ५.५ भाषा, संस्कृति र कला

### १. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणको हक हुने उल्लेख छ । संविधानले भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रत्येक व्यक्ति तथा समुदायलाई भाषा, लिपि, संस्कृति तथा सम्पदाको संरक्षण र

प्रवर्धन गर्ने हक दिएको छ भने नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुने उल्लेख गरेको छ । नेपाल जातजाति, भाषा, भेषभूषा र रहनसहनका मानिसहरूको बसोबास रहेको ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक दृष्टिले एक समृद्ध राष्ट्र हो । त्यस्तै परम्परागत संस्कृतिलाई जगेर्ना गर्दै एवम् मौलिक स्वरूपमा परिवर्तन नहुने गरी समयानुकूल परिमार्जन गर्दै भावी पुस्ताहरूलाई हस्तान्तरण गर्नु आवश्यक रहेको छ।

## २. वस्तुस्थिति

बागमती प्रदेश जातीय तथा भाषिक विविधता भएको प्रदेश हो । राष्ट्रिय जनगणना २०७८ अनुसार बागमती प्रदेशमा १३५ जातजातिको बसोबास रहेको छ भने तिनले १०७ किसिमका मातृ भाषा बोल्ने गर्छन्। जातजातिका आधारमा प्रदेशमा सबैभन्दा बढी तामाङ (१९.९ प्रतिशत), ब्राह्मण १७.८ प्रतिशत, क्षेत्री १७.४ प्रतिशत, नेवार १५.६ प्रतिशत, मगर ५.१ प्रतिशत, विश्वकर्मा २.७ प्रतिशत, गुरुङ २.३ प्रतिशत, राई १.८ प्रतिशत, थारु १.८ प्रतिशत, परियार १.५ प्रतिशत, मिजार १.३ प्रतिशत र बाँकी अन्य जातजाति रहेका छन्। मातृ भाषाका आधारमा मातृभाषा नेपाली भएका ५६ प्रतिशत, तामाङ मातृभाषा भएका १८ प्रतिशत, नेवारी मातृभाषा भएका ११.८ प्रतिशत र बाँकी मगर, मैथली, भोजपुरी, थारु र अन्य भाषा बोल्ने गर्दछन् । त्यस्तै धर्मको आधारमा प्रदेशको कुल जनसङ्ख्याको ७२ प्रतिशत हिन्दु, २२.३ प्रतिशत बौद्ध, ३.३ प्रतिशत इसाई, १.३ प्रतिशत किरात  र बाँकी इस्लाम, प्रकृति, बोन, जैन, बहाइ र शिख धर्म मान्नेहरू रहेका छन् । यसरी जातीय, धार्मिक तथा भाषिक विविधताले नै बागमती प्रदेशलाई सांस्कृतिकरूपमा सम्पन्न बनाएको छ । त्यस्तै काठमाडौं उपत्यकाको पौराणिक, संस्कृतिक, समाजिक, ऐतिहासिक, सम्पदाले प्रदेशलाई अतुलनीय  सांस्कृतिक सहरको पहिचान दिएको छ ।

## ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो योजनाले "प्रदेशको पहिचानः भाषा, संस्कृति र कलाको प्रवर्धन" भन्ने दीर्घकालीन सोच र ऐतिहासिक सम्पदा तथा मौलिक संस्कृतिहरूको जर्गेना गर्ने लक्ष्य राखेको थियो । यो लक्ष्य पूरा गर्नका लागि ती उद्देश्य र त्यस अन्तर्गत ६ रणनीति र २० कार्यनीतिहरू राखिएका थिए । यीमध्ये संस्कृति मुद्रा सङ्ग्रहालय दोलखा रुट आर्ट सङ्ग्रहालय सिन्धुली र थारु सङ्ग्रहालय चितवन निर्माण भएको छ भने केही ऐतिहासिक एवम् परातात्विक सम्पदाहरूको मर्मतसम्भारको कार्य भएको छ भने अन्य कार्यनीतिहरू कार्यान्वयनमा आएका छैनन् ।

नेपालको संविधानमा प्रदेशले नेपाली भाषाका अतिरिक्त प्रदेशभित्रका बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने अधिकारअनुसार बागमती प्रदेशले २०८१ साल बैशाख २४ गते देखि नेपाल भाषा तथा तामाङ भाषालाई प्रदेश सरकारको कामकाजी भाषाको रूपमा लागु गरेको छ ।

## ३. चुनौती

बाह्य संस्कृतिको अतिक्रमण र नेपालको मौलिक संस्कृतिको संरक्षण हुन नसक्नु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन प्रभावकारी नहुनु; परम्परागत चाडपर्वहरूले मौलिकता गुमाउँदै जानु, बढ्दो सहरीकरण र भूमिको उच्च मूल्यवृद्धिका कारण ऐतिहासिक तथा सांस्कृतिक स्थान तथा प्राचीन सम्पदाहरूमा अतिक्रमण बढ्नु आदि यस क्षेत्रका समस्या हुन भने लोपोन्मुख भाषा, लिपि, संस्कृतिको अभिलेखीकरण, संरक्षण र प्रवर्धन गर्नु र सांस्कृतिक सम्पदाहरूको अध्ययन एवम् संरक्षण गर्नु चुनौती रहेका छन् । यिनीहरूको संरक्षणका लागि यथेष्ट आर्थिक स्रोत उपलब्ध नहुनु र निजी संरक्षण रहेका सम्पदाहरूको आधिकारिक रूपमा सूचीकरण हुन नसक्नु जस्ता चुनौतीहरू पनि क्षेत्रमा रहेका छन् ।

## ४. अवसर

मौलिक संस्कृति, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षणमा समुदायहरूको बढ्दो सकृयता, विभिन्न मेलाहरूमा स्थानीय संस्कृति तथा कलाको प्रवर्धन कार्यक्रमहरू हुनु, आफ्नो संस्कृति र कलाप्रति चासो बढ्दै जानु, सम्पदाहरू र कला साहित्यको संरक्षण एवम् विकास गर्ने संवैधानिक प्रतिबद्धता आदि यस क्षेत्रका विकासका लागि अवसर हुन् । यी सम्पदाहरूमार्फत राष्ट्रका आर्थिक, सामाजिक खासगरी पर्यटन क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याउँदै विश्वमा नेपाललाई चिनाउने अवसर पनि प्राप्त छ।

## ५. सोच

प्रदेशको पहिचान; भाषा, संस्कृति, साहित्य र कलाको प्रवर्धन ।

## ६. लक्ष्य

भाषा, संस्कृति, कला र साहित्य जस्ता सम्पदाको संरक्षण र प्रवर्धन गर्ने ।

## ७. उद्देश्य

१ प्रदेशको भाषिक विविधता तथा लिपिको पहिचान, संरक्षण र प्रवर्धन गर्ने,

२ स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्ने,

३ मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्धन गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: प्रदेशको भाषिक विविधता तथा लिपिको पहिचान, संरक्षण र प्रवर्धन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.५.१<br>भाषिक विविधताको पहिचान, संरक्षण र प्रवर्धन गर्ने | १ प्रदेशमा बोलिने विभिन्न भाषाहरूको अभिलेख तयार गरिने छ।<br>२ मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइने छ ।<br>३ लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण गरिने छ । |
| ५.५.२<br>विभिन्न भाषाको साहित्यको प्रवर्धन गर्ने । | १ साहित्य प्रवर्धनको लागि साहित्यिक मेला र विभिन्न विधाका साहित्यिक प्रतिस्पर्धा जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ।<br>२ विभिन्न भाषाका साहित्यको विकास र प्रवर्धनका लागि विभिन्न साहित्यिक सङ्घ संस्थालाई सहयोग तथा साहित्यिक व्यक्तिहरूसँग सहकार्य गरिने छ ।<br>३ मौलिक कला र संस्कृतिसम्बन्धी जानकारी दिने पठन सामग्रीहरू पाठ्यपुस्तकमा समावेश गर्न पहल गरिने छ। |

**उद्देश्य २: स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.५.३<br>स्थानीय कला तथा संस्कृतिको प्रवर्धनमार्फत प्रदेशको पहिचान विस्तार गर्ने | १ प्रदेशका सबै सांस्कृतिक सम्पदाहरूको अभिलेख तयार गरिने छ।<br>२ स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ।<br>३ एक स्थानीय तह एक भाषा, कला र साहित्य केन्द्र स्थापना गर्न स्थानीय सरकारसँग सहकार्य गरिने छ।<br>४ भाषा, संस्कृति, कला र साहित्यको सम्बर्धन र विकासका लागि संस्थागत प्रयास गरिने छ ।<br>५ मौलिक चलचित्र निर्माणको लागि प्रोत्साहन गरिने छ |

**उद्देश्य ३: मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्धन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.५.४<br>मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अनुसन्धान, अभिलेखीकरण एवम् संरक्षण र प्रवर्धन गर्ने । | १ मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अनुसन्धान, अभिलेखीकरण, संरक्षण तथा प्रवर्धन गरिने छ।<br>२ भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्न प्रतिष्ठानहरूको गठन तथा सुदृढीकरण गरिने छ । |
| ५.५.५<br>गुठी तथा गुठी जग्गाहरूको अभिलेखीकरण गर्ने । | १ गुठीसम्बन्धी तथ्याङ्क तथा सूचना सङ्कलन, अध्ययन, विश्लेषण प्रकासन तथा विद्युतीय अभिलेख तयार गर्दै लगिने छ।<br>२ सरकारवालाहरूसँग सहकार्य गरी गुठी तथा गुठी जग्गाहरूको संरक्षण तथा व्यवस्थापनको कार्य अगाडि बढाइने छ । |

## ९. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | ऐतिहसिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरूको मर्मत तथा संरक्षण | √ | √ | √ | √ | √ |
| २ | गुठीसम्बन्धी तथ्याङ्क तथा सूचना सङ्कलन, अध्ययन, विश्लेषण प्रकाशन तथा डिजिटल अभिलेख तयार | | √ | √ | | |
| ३ | मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था | | √ | √ | √ | √ |
| ४ | धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक महत्त्वका सम्पदास्थलहरूको दिगो विकास एवम् व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन | √ | √ | √ | √ | √ |
| ५ | प्रदेशस्तरीय भाषा साहित्य, तथा कला प्रज्ञा प्रतिष्ठानको गठन | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ६ | लोपोन्मुख भाषा, संस्कृति कला आदिको संरक्षणको लागि सङ्ग्रहालयको स्थापना | | √ | √ | √ | √ |
| ७ | लोपोन्मुख एवम् पिछडिएको वर्गको भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन अनुसन्धान । | | √ | √ | √ | √ |
| ८ | लोपोन्मुख भाषा तथा लिपिहरूको अभिलेखीकरण | | | √ | √ | √ |
| ९ | गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानुन बनाई लागु | | √ | √ | √ | √ |

## १०. अपेक्षित उपलब्धि

प्रदेशको भाषा, तथा लिपिहरूको अभिलेखीकरण भएको हुने छ, प्रदेशस्तरीय भाषा साहित्य, तथा कला प्रज्ञा प्रतिष्ठानको गठन भई प्रदेशको कला, संस्कृतिको संरक्षणको लागि विभिन्न कार्यहरू गरेका हुने छन् । गुठी तथा गुठी जग्गाहरूको अभिलेखीकरण भई संरक्षण तथा व्यवस्थापन भएको हुने छ । त्यस्तै लोपोन्मुख भाषा, संस्कृति कला आदिको संरक्षणको लागि सङ्ग्रहालयको स्थापना भएको हुने छ ।

# परिच्छेद - छ
# पूर्वाधार क्षेत्र

## ६.१ सडक

### १. पृष्ठभूमि

यातायात सञ्जाल अन्तर्गत सडक, जल यातायात, हवाई यातायात, र रज्जुमार्ग आदि पर्ने भए तापनि प्रदेशको भौगोलिक संरचनाको पृष्ठभूमिमा सडकको भूमिका महत्त्वपूर्ण रहेको छ । यसैले बागमती प्रदेशले गाउँपालिका र नगरपालिकाको भूगोलभित्र सडकमा गर्ने लगानीलाई गाउँ र नगरबिचको कनेक्टिभिटीको रूपमा मात्र नलिई त्यहाँका बासिन्दाको जीवन प्रणालीको अभिन्न अङ्गका रूपमा लिनु पर्दछ । सडक सञ्जालको निर्माण लामो समयसम्म चलिरहने प्रक्रिया भएकाले पञ्चवर्षीय आवधिक योजनासँग तादात्म्यता मिलाउनु आवश्यक हुन्छ ।

### २. वस्तुस्थिति

मुलुक भरमा कुल ६६ हजार ५७ किलोमिटर सडक भएकोमा बागमती प्रदेशको हिस्सा २५ प्रतिशत रहेको छ । प्रदेशमा कुल १६४८० कि.मि. सडकमध्ये कालोपत्रे १४६१ कि.मि. (८.९ प्रतिशत), ग्राभेल २८९७ कि.मि. (१७.६ प्रतिशत), र कच्ची सडक १२१२२ कि.मि. (७३.६ प्रतिशत) रहेको छ । सडकको वर्गीकरणअनुसार प्रादेशिक सडक ६,६५५ कि.मि. र स्थानीय सडक ९८२५ कि.मि. रहेको छ । कुल सडकमा कालोपत्रे सडकको हिस्सा भक्तपुरमा (६१.९ प्रतिशत), काठमाडौंमा (३८.७ प्रतिशत), चितवनमा (२१.५ प्रतिशत), ललितपुरमा (१७.२ प्रतिशत) रहेको छ भने प्रदेशका बाँकी जिल्लाहरूमा कालोपत्रे सडकको हिस्सा कुल सडकको १५ प्रतिशतभन्दा कम रहेको देखिन्छ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजनाले प्रादेशिक यातायात सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्ने उद्देश्य राखी यातायात पहुँच र गतिशीलतामा सुधार गर्ने, सडक सञ्जाल सुधार गर्ने, प्रादेशिक सडक र संरचनाहरूलाई व्यावसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने तथा यातायात व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्ने चार रणनीति र यी रणनीति अन्तर्गत कार्यनीति र कार्यक्रमहरू राखिएको थियो । जस अन्तर्गत प्रदेश सार्वजनिक सडक ऐन २०७८ जारी भएको छ भने यातायात गुरुयोजना तर्जुमा भएको छ। यस अवधिमा ९६३ किलोमिटर पक्की सडक, ९३८ कि.मि. ग्राभेल सडक तथा १०४३ कि.मि. कच्ची सडक निर्माण तथा स्तरोन्नति भएका छन् । त्यस्तै १५८ वटा सडक पुल तथा १३ वटा झोलुङ्गे पुल

निर्माण भएका छन् । त्यस्तै भीमफेदी कुलेखानी सुरुङ मार्गको डिपिआर तयार भएको तथा प्रदेश वातावरण संरक्षण ऐन, २०७७ जारी गरी सडक र पुलको वातावरणीय अध्ययन गरिएको छ । तर बहुउद्देश्यीय क्षेत्रीय लजिस्टिक अटो पार्क, क्षेत्रीय बस पार्क आदि कार्यक्रम भने कार्यान्वयनमा आउन सकेका छैनन् ।

### ४. चुनौती

जग्गा प्राप्तिसम्बन्धी समयानुकूल कानुन नबनेको, सडक क्षेत्रको सिमा निर्धारणको मापदण्ड निर्धारण नभएको, वन क्षेत्रको जग्गा प्राप्ति तथा रुख कटानमा जटिलता हुनु, यातायात नीति नहुनु, वैकल्पिक यातायात प्रविधि (रज्जुमार्ग, जलमार्ग, पोडवे) सम्बन्धमा स्पष्ट नीति, प्राविधिक मापदण्ड तथा कार्यक्षेत्र स्पष्ट नहुनु आदि यस क्षेत्रका विद्यमान समस्या हुन् । काठमाडौँ उपत्यका लगायतका प्राकृतिक तथा संस्कृतिक र ऐतिहासिक सम्पदालाई असर नपर्ने गरी भूउपयोग हुन नसक्नु पनि चुनौतीको रूपमा रहेको छ ।

तीन तहका सरकारको समन्वयको अभाव तथा स्रोत परिचालनको अस्वस्थ प्रतिस्पर्धा थप चुनौती भएको देखिन्छ । त्यस्तै आवश्यक प्राविधिक जनशक्ति आपूर्ति, पहाडी पूर्वाधार विकाससम्बन्धी आवश्यक अनुसन्धान र ज्ञानको अपर्याप्तता, यातायात र उत्पादन क्षेत्रलाई जोड्न नसकेको आदि यस क्षेत्रका चुनौतीहरू हुन् । त्यस्तै सडक पूर्वाधार निर्माणमा तीनै तहको सरकारको आ-आफ्नो प्राथमिकताअनुसार योजनाबद्ध विकास तथा समन्वय हुन नसकी कार्यान्वयनमा समस्या तथा विभिन्न चुनौतीहरू देखिएका छन् ।

### ५. अवसर

सङ्घीय सरकारको राजधानी, काठमाडौँ उपत्यकाको व्यापक सघन सहरीकरण तथा चितवन, हेटौँडामा विकास भैरहेका सहरीकेन्द्रहरूले सडक कोरिडोरमा बढेको बाक्लो जनसङ्ख्याको उपस्थितिले आर्थिक उत्पादन र बजारको अवसर वृद्धि गरेको छ भने विशिष्ट सहरी पूर्वाधार सेवाहरूको विकासलाई सम्भव बनाएको छ । प्रदेशका विभिन्न जिल्लाहरूका प्रमुख सहरहरू, उपत्यकाका सहरहरू, काभ्रेपलाञ्चोक, चितवनका सहरहरूको अन्तरसम्बन्ध र अन्तरनिर्भरता छ । प्रदेश र देशभरिका अन्य सहरी केन्द्रहरूबाट सडक सञ्जालमार्फत तथा हवाई मार्गबाट जोडिएका छन् । मुलुकको अन्तर्राष्ट्रिय विमानस्थलले थप लाभ प्रदान गरेको छ । त्यसैले यो प्रदेशमा रहेका प्राकृतिक स्रोत, संस्कृतिक सम्पदा, धार्मिक सम्पदालाई आर्थिक अवसरमा प्रयोग गर्न सघाउ पुग्ने पूर्वाधार तयार गरेर यो प्रदेशका बासिन्दा मात्रै हैन मुलुककै लागि ठुलो आर्थिक कारोबारको केन्द्रको रूपमा विकास गर्ने सम्भावाना छ ।

### ६. सोच

सुरक्षित, सहज र गुणस्तरीय सडक सञ्जाल; दिगो आर्थिक समृद्धिको आधार ।

## ७. लक्ष्य

सडक सञ्जाललाई आर्थिक विकासको उत्प्रेरक तथा आम जनताको जीवन सहज बनाउने ।

## ८. उद्देश्य

१ प्रादेशिक सडक सञ्जालको विकास गर्ने,

२ सडक यातायातलाई समुदायको आर्थिक-सामाजिक समृद्धिको आधार बनाउने,

३ सडक निर्माणको क्रममा भएका तथा हुनसक्ने भूक्षयलाई न्यूनीकरण गरी वातावरणमैत्री बनाउने।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: प्रादेशिक सडक सडक सञ्जालको विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.१.१ सडक गुरुयोजनालाई क्रमिकरूपमा कार्यान्वयन गर्ने। | १ बागमती प्रदेशभरीको सडकको एकीकृत विवरण अद्यावधिक गरी बेसलाइन डेटा तयार गरिने छ ।<br>२ प्रादेशिक सडक तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याई प्रादेशिक सडकको विद्युतीय अभिलेख तयार गरिने छ ।<br>३ सबै सडकहरूलाई प्रदेश सार्वजनिक सडक ऐनबमोजिम वर्गीकरण गरिने छ ।<br>४ सडक मापदण्डअनुसार नभएका सडकहरूलाई स्तरोन्नति तथा लाई क्रमिकरूपमा सर्वयाम सडक बनाइने छ।<br>५ सडक सुरक्षा मापदण्ड बनाई लागु गरिने छ ।<br>६ प्रदेशभित्रका सडक, पक्की पुल, झोलुङ्गे पुल तथा कल्भर्टहरूको अवस्था सूची तयार गरी आवश्यक मर्मत सम्भारको कार्यसूची बनाइने छ ।<br>७ सडक प्रयोगकर्ताबाट नै निर्धारित शुल्क उठाई सडकको गुणस्तर कायम राख्ने विधिमा आधारित सक्रिय मर्मत सम्भार व्यवस्था (Performance Based Maintenance) लागु गरिने छ।<br>८ सडक मर्मत सम्भार कोषलाई सडक बोर्डसँग अन्तरआबद्धता गरिने छ। |

**उद्देश्य २: सडक यातायातलाई समुदायको आर्थिक-सामाजिक समृद्धिको आधार बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.१.२<br>सडक यातायातलाई आर्थिक-सामाजिक रूपान्तरणको माध्यम बनाउने । | १ हाल भएका तथा सम्भाव्य कृषि उत्पादन पकेट क्षेत्र, घरेलु तथा साना उद्योग क्लस्टर, पर्यटकीय क्षेत्र र खानी क्षेत्र आदि सडकसँग जोडिने छ ।<br>२ दुर्गम क्षेत्रका बासिन्दाहरूलाई स्वास्थ्य सेवा, शिक्षण संस्था र बजार आदिसँग पहुँच सहज बनाउन यातायात सेवा पुऱ्याइने छ। ।<br>३ सबै वडा कार्यालय तथा ११९ वटै पालिका केन्द्रलाई पक्की सडक सञ्जालमा आबद्ध गरिने छ । |
| ६.१.३<br>उपयुक्त स्थान पहिचान गरी वैकल्पिक यातायात (जल यातायात, रज्जुमार्ग, पोडवे, ग्राभिटी केवलकार आदि) प्रविधिको विकास र विस्तार गर्ने । | १ वैकल्पिक यातायातको सम्भाव्यता अध्ययन उपयुक्त स्थान र उपयुक्त प्रविधिको पहिचान गरिने छ ।<br>२ अध्ययनको आधारमा हेटौंडा-काठमाडौं रज्जुमार्ग (रोपवे)लाई मर्मत सम्भार गरी पुनःसञ्चालनमा ल्याइनेछ वा अन्य प्रविधिले प्रतिस्थापन गरिने छ ।<br>३ ठुला नदीमा क्रुजसिप र जेट/मोटरबोट डुङ्गाहरू सञ्चालन गर्न प्रोत्साहन गरिने छ। |

**उद्देश्य ३: सडक निर्माणको क्रममा भएका तथा हुनसक्ने भू:क्षयलाई न्यूनीकरण गरी वातावरणमैत्री बनाउने।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.१.४<br>सडक निर्माणमा वातावरणीय क्षति कम गर्ने । | १ सडक निर्माणमा वातावरण संरक्षण ऐनलाई मध्यनजर गरिने छ।<br>२ सडक निर्माणमा सम्भावित वातावरणीय क्षतिको न्यूनीकरण उपायको सुनिश्चितता गरिने छ ।<br>३ हरितीकरणको लागि वायो इञ्जिनियरिङ प्रविधिलाई अनिवार्य गरिने छ ।<br>४ वातावरण मैत्री सवारी साधनलाई प्रोत्साहन गरिने छ । |
| ६.१.५ | १ सडक डिपिआर तयार गर्दा प्रदेश मापदण्डलाई अनिवार्य रूपमा लागु गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| सडकको रेखाङ्कन गर्दा प्राविधिक मापदण्ड पूर्णरूपमा लागु गर्ने । | |

## ९. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | प्रादेशिक सडक यातायात गुरुयोजना कार्यान्वयन | √ | √ | √ | √ | √ |
| २ | प्रदेशस्तरीय सडकहरूको क्षेत्राधिकार कायम | √ | | | | |
| ३ | सडक सम्पत्ति व्यवस्थापन | √ | √ | | | |
| ४ | सबै स्थानीय तहको केन्द्र तथा वडा केन्द्रसम्म पक्की सडक | | | | √ | √ |
| ५ | प्रदेश र स्थानीय तहका केन्द्र जोड्ने सडकको मर्मत, सम्भार तथा स्तरोन्नति | √ | √ | √ | √ | √ |
| ६ | प्रदेश मार्ग तथा प्रदेश लोकमार्गको अध्ययन तथा निर्माण | √ | √ | √ | √ | √ |
| ७ | यातायात पूर्वाधार विकास क्षेत्रमा संलग्न प्राविधिक जनशक्ति, निर्माण व्यवसायी, उपभोक्ता समितिको दक्षता अभिवृद्धि कार्यक्रम | √ | √ | √ | √ | √ |
| ८ | अन्तरप्रदेश र अन्तरसहर लामो दुरीका बस तथा मालवाहक साधनको पार्किङ पायक पर्ने ठाउँमा मर्मत सुविधासहितको अटोपार्क र क्षेत्रीय बसपार्कको निर्माण | √ | √ | √ | √ | √ |
| ९ | पहुँच र गतिशीलता बढाउन तथा दुरी र लागत कम गर्न रणनीतिक महत्त्वका भीमफेदी कुलेखानी लगाएतका सुरूङ मार्गहरू निर्माण | √ | √ | √ | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १० | वायो इन्जिनियरिङ्ग लगाएतका उपयुक्त प्रविधिलाइ उपयोग गरी सतही भूक्षय नियन्त्रण | √ | √ | √ | √ | √ |
| ११ | प्रदेशका आर्थिक केन्द्र, औद्योगिक (कोरिडोर) तथा पर्यटकीय केन्द्र जोड्ने सडक अध्ययन तथा निर्माण | √ | √ | √ | √ | √ |
| १२ | सबै प्रादेशिक सडकहरूमा पर्ने नदी तथा खोलामा पुल अध्ययन तथा निर्माण | √ | √ | √ | √ | √ |
| १३ | लामो तरिको (LSTB) झोलुङ्गे पुलको अध्ययन तथा निर्माण | √ | √ | √ | √ | √ |
| १४ | सडक सुरक्षा कार्यक्रम लागु | √ | √ | √ | √ | √ |
| १५ | रज्जुमार्ग, सुरूङमार्ग, भायाडक्ट, पोडवे, ग्राभिटी लगायतका नवीनतम वैकल्पिक यातायात प्रणालीको सम्भाव्यता अध्ययन तथा विकास | √ | √ | √ | √ | √ |
| १६ | सडक पूर्वाधार निर्माणमा सार्वजनिक-निजी-साझेदारी | √ | √ | √ | √ | √ |
| १७ | प्रादेशिक सडक तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणाली लागु | √ | | | | |
| १८ | Performance based maintenaence लागु गर्न आवश्यक व्यवस्था | √ | √ | √ | √ | √ |
| २१ | यातायात पूर्वाधार तथा व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान | √ | √ | | | |

## १०. अपेक्षित उपलब्धि

प्रादेशिक सडक यातायात गुरुयोजना कार्यान्वयन भई सोहीअनुसार प्रदेशका सडकहरू निर्माण तथा स्तरोन्नति भएका हुने छन् । सबै स्थानीय तहका केन्द्र र वडाका केन्द्रसम्म पक्की सडक पुगेको हुने छ।

प्रादेशिक सडक (कालोपत्रे स्तर, दुई लेनसम्मका) २,००० किलोमिटर बनेको हुने छ भने, सडक पुलको सङ्ख्या ३०० र लामो दुरीका झोलुङ्गे पुलको सङ्ख्या ३५ पुगेका हुने छन् । प्रदेशका सबै सडकहरू सुरक्षित र यातायातका साधनहरू सर्वयाम चल्ने हुने छन् । सडक यातायातले जोडिएका उपयुक्त क्षेत्रहरूमा कृषि तथा औद्योगिक उत्पादनहरूको वृद्धि भएको हुने छ । सम्भाव्यताको आधारमा वैकल्पिक यातायात प्रणालीको विकास र विस्तार भएको हुने छ । साथै काठमाडौं हेटौंडा रज्जुमार्ग सञ्चालनमा आएको हुने छ।

## ६.२ सहरी विकास

### १. पृष्ठभूमि

नेपालमा विगत केही वर्षदेखि सहरीकरण बढ्दै गएको छ । बागमती प्रदेशमा यो प्रक्रिया झन् तीव्र छ । प्रदेशका ११९ स्थानीय तहहरूमध्ये सङ्घीय राजधानी, काठमाडौं महानगरपालिकासहित तीन महानगरपालिका, एक उपमहानगरपालिका र ४१ नगरपालिकाहरू रहेका छन् । २०७८ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्याको २१ प्रतिशत जनसङ्ख्या यस प्रदेशमा रहेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयको ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणअनुसार बागमती प्रदेशका कुल ११२१ वडाहरूमध्ये २९२ सहरी, १५७ सहरोन्मुख र ६७२ ग्रामीण वडाहरू पर्दछन् । यस वर्गीकरणअनुसार मुलुकभरमा सहरी तथा सहरोन्मुख क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या कुल जनसङ्ख्याको ६६.८ प्रतिशत रहेकामा सहरी क्षेत्रमा २७.१ प्रतिशत र सहरोन्मुख क्षेत्रमा ३९.७ प्रतिशत रहेका छन् । बागमती प्रदेशको कुल जनसङ्ख्या ६१ लाख १६ हजार ८ सय ६६ मध्ये सहरी क्षेत्रमा ५५.८ प्रतिशत र सहरोन्मुख क्षेत्रमा १४.३ प्रतिशत र ग्रामीण क्षेत्रमा २९.६ प्रतिशत बसोबास गर्छन ।

### २. वस्तुस्थिति

बागमती प्रदेशका सहरी जनसङ्ख्या मूलतः काठमाडौं उपत्यका, भरतपुर, हेटौंडा, बनेपा, धुलिखेल लगायतका केही क्षेत्रहरूमा केन्द्रित छन् । यी क्षेत्रहरूमा द्रुतगतिमा भइरहेको सहरीकरणलाई व्यवस्थित गर्न र गुणस्तरीय सेवा सुविधाहरू उपलब्ध गराउन सहरी योजनाको अवधारणा अनुरूप सम्भव भएसम्म भित्री सहरी क्षेत्रमा संरचनाहरूमा केही फेरबदल र नयाँ क्षेत्रहरूमा निश्चित मापदण्डका आधारमा सहरी विकासको प्रक्रियालाई अगाडि बढाउनु पर्ने हुन्छ ।

### ३. चुनौती

भित्री सहरी क्षेत्रहरूमा अव्यवस्थित घर निर्माण, खानेपानी, सरसफाइ तथा खुला सार्वजनिक स्थलको अभाव, अव्यवस्थित यातायात प्रणाली, सार्वजनिक शौचालय र पिउने पानी आदिको व्यवस्था नहुनु लगायतका समस्याहरू रहेका छन् । यी समस्याहरूको गहनता सहरपिच्छे फरक-फरक रहेका छन् । प्रदेशका प्रमुख

सहरहरू जस्तै काठमाडौं, ललितपुर, भक्तपुर र हेटौंडा आदिमा बढ्दै गएको सहरीकरणलाई व्यवस्थित बनाउने, सहरोन्मुख पालिकाहरूमा एकीकृत रूपमा सडक र उपयुक्त वैकल्पिक यातायात प्रणालीको विकास प्रमुख चुनौतीहरू हुन् ।

खानेपानी, ढल, बिजुली र टेलिफोन आदिको व्यवस्था गर्ने, सहरी क्षेत्रहरूमा पार्क, पोखरी, हरियाली प्रवर्धन गर्ने, नदी किनारा र सार्वजनिक क्षेत्रको अतिक्रमण रोक्ने, खुल्ला स्थलहरू व्यवस्थापन गर्ने, फोहोरमैलाको दिगो व्यवस्थापन गर्ने, वातावरण प्रदूषण न्यूनीकरण गर्ने, बजारक्षेत्र र मनोरञ्जन क्षेत्र व्यवस्थित गर्ने, सार्वजनिक शौचालय, यातायात व्यवस्थापन र सडक बत्ती आदिको व्यवस्थापन लगायतका थप चुनौतीहरूसमेत रहेका छन्।

### ४. अवसर

सङ्घीय राजधानी भएको तथा अन्य प्रदेशको तुलनामा सामाजिक-आर्थिक सूचकाङ्कका आधारमा अग्रस्थानमा रहेको बागमती प्रदेशले आफ्नै सहरी विकास नीति र रणनीतिहरू तयार गरी स्वच्छ, सुरक्षित, स्मार्ट र पहिचानयुक्त सहरहरू विकास गर्न सक्ने पर्याप्त अवसरहरू रहेका छन् । बागमती प्रदेशका केही क्षेत्रहरू जस्तै हेटौंडा, भरतपुर, धुलिखेल र विदुर आदि ठाउँहरूमा स्मार्ट सहर निर्माणको सम्भावना रहेको छ।

### ५. सोच

स्वच्छ, सुरक्षित र पूर्वाधारयुक्त सुन्दर सहर; बागमती प्रदेश सभ्यता र संस्कृतिको धरोहर ।

### ६. लक्ष्य

सभ्यता र संस्कृतिको जर्गेना गर्दै आधुनिक पूर्वाधारसहितको व्यवस्थित सहर विकास गर्ने ।

### ७. उद्देश्य

१ सम्भावना भएका भित्री सहरी क्षेत्रहरूमा खुला सार्वजनिक स्थल, हरियाली प्रवर्धन, आधारभूत पूर्वाधार तथा सेवा सुविधाहरू उपलब्ध गराउन भौतिक संरचनामा सुधार गर्ने,

२ आधुनिक पूर्वाधार तथा सेवा सुविधासहितको सहरहरूको विकास गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: सम्भावना भएका भित्री सहरी क्षेत्रहरूमा खुला सार्वजनिक स्थल, हरियाली प्रवर्धन, आधारभूत पूर्वाधार तथा सेवा सुविधाहरू उपलब्ध गराउन भौतिक संरचनामा सुधार गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.२.१<br>ऐतिहासिक सम्पदाको संरक्षण तथा भित्री सहरका सार्वजनिक स्थलहरू वातावरण मैत्री बनाउने र विपद् प्रतिकार्य तथा उद्धारका लागि विद्यमान पूर्वाधारलाई अनुकूल बनाउने । | १ सहरभित्रका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको संरक्षण, मर्मतसम्भार र पुनर्निर्माण गरिने छ।<br>२ भित्री सहरी क्षेत्रहरूमा रहेका खुला चोक र बहाल जस्ता सार्वजनिक स्थल संरक्षण र विकासका साथै हरियाली प्रवर्धन गरिने छ ।<br>३ विपद् प्रतिकार्य तथा उद्धारको लागि वारुणयन्त्र र एम्बुलेन्स आदिको सहज पहुँचको लागि अनुकूल पूर्वाधार बनाइने छ । |
| ६.२.२<br>योजनाबद्ध रूपमा एकीकृत सहरी विकासका लागि मितव्ययी तथा जोखिमरहित पूर्वाधार विकास गर्ने । | १ घनाबस्ती एवम् उदीयमान सहर र पालिका केन्द्रहरूमा एकीकृत सहरी विकास मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने छ ।<br>२ सङ्घीय सहरी विकास नीति, निर्देशिका तथा मापदण्डसँग तादाम्यता हुने गरी प्रादेशिक सहरी विकास नीति, निर्देशिका तथा मापदण्ड तयार गरी लागु गरिने छ ।<br>३ विद्यमान सहरहरूको चापलाई कम गर्न व्यवस्थित पूर्वाधार तथा आवश्यक सेवासहितका नयाँ सहरहरू विकास गर्न स्थानीय सरकार तथा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरिने छ ।<br>४ सहरी सार्वजनिक क्षेत्रमा अनाधिकृतरूपमा बसोबास गर्ने प्रवृत्तिलाई नियन्त्रण गरिने छ । |

**उद्देश्य २: आधुनिक पूर्वाधार तथा सेवा सुविधासहितको सहरहरूको विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.२.३<br>दिगो सहरी विकासमा आधारित भई पूर्वाधार तथा सेवा सुविधासहितको सहरी क्षेत्रहरूको विकास गर्ने । | १ स्थानीय तह केन्द्र तथा उदयीमान सहरहरुको व्यवस्थित सहरीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>२ प्रत्येक वडामा एक एक वटा सामुदायिक भवन र इ-लाइब्रेरीको व्यवस्था गरिने छ ।<br>३ प्रत्येक वर्ष सहरी विकास तथा सेवा सूचकाङ्कको आधारमा सहरहरूको वर्गीकरण गरी सार्वजनिक गरिने छ ।<br>४ सहरी क्षेत्रमा भइरहेको कृषिभूमिको क्षयीकरण न्यूनीकरण गर्न कृषिभूमिको संरक्षण साथै सहरी क्षेत्रमा करेसाबारी र खेर गएको जमिनमा सहरी कृषि प्रवर्धन गर्दै हरियाली र खाद्यसुरक्षाको प्रत्याभूति दिलाउन "खाद्य हरियाली सहर" कार्यक्रम अघि बढाइने छ।<br>५ सहरको विशिष्टताका आधारमा पाँचवटा नगरपालिकाहरूलाई पहिचानयुक्त सहर बनाउन आवश्यक पूर्वाधार निर्माण तथा सेवा सुविधाको विस्तार गरिने छ ।<br>६ केही सहरहरू (भरतपुर, हेटौंडा र विदुर) लाई नमुना सहरको अवधारणा अनुरूप विकास गरिने छ । |

## ९. प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | प्रादेशिक सडक यातायात गुरुयोजना अन्तर्गत प्रदेश लोकमार्ग तथा प्रदेश मार्गको स्तरोन्नति | √ | √ | √ | √ | √ |
| २ | स्थानीय तहको केन्द्र पक्की सडकले जोड्ने कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३ | देश सरकारको प्रशासनिक केन्द्रको विकास | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ४ | प्रदेशस्तरीय सडकहरूको क्षेत्राधिकार कायम | √ | √ | √ | √ | √ |
| ५ | सडक सम्पत्ति व्यवस्थापन | √ | √ | √ | √ | √ |
| ६ | सबै स्थानीय तहको केन्द्र तथा वडा केन्द्रसम्म पक्की सडक | √ | √ | √ | √ | √ |
| ७ | प्रदेश र स्थानीय तहका केन्द्र जोड्ने सडकको मर्मत, सम्भार तथा स्तरोन्नति | √ | √ | √ | √ | √ |
| ८ | प्रदेश मार्ग तथा प्रदेश लोकमार्गको अध्ययन तथा निर्माण | √ | √ | √ | √ | √ |
| ९ | यातायात पूर्वाधार विकास क्षेत्रमा संलग्न प्राविधिक जनशक्ति, निर्माण व्यवसायी, उपभोक्ता समितिको दक्षता अभिवृद्धि कार्यक्रम | √ | √ | √ | √ | √ |
| १० | अन्तरप्रदेश र अन्तरसहर लामो दुरीका बस तथा मालवाहक साधनको पार्किङ पायक पर्ने ठाउँमा मर्मत सुविधासहितको अटोपार्क र क्षेत्रीय बसपार्कको निर्माण | √ | √ | √ | √ | √ |
| ११ | पहुँच र गतिशीलता बढाउन तथा दुरी र लागत कम गर्न रणनीतिक महत्त्वका भीमफेदी कुलेखानी लगाएतका सुरुङ्ग मार्गहरू निर्माण | √ | √ | √ | √ | √ |
| १२ | वायो इन्जिनियरिङ्ग लगाएतका उपयुक्त प्रविधिलाइ उपयोग गरी सतही भूक्षय नियन्त्रणलाई बढावा | √ | √ | √ | √ | √ |
| १३ | प्रदेशका आर्थिक केन्द्र, औद्योगिक (कोरिडोर) तथा पर्यटकीय केन्द्र जोड्ने सडक अध्ययन तथा निर्माण | √ | √ | √ | √ | √ |
| १४ | सबै प्रादेशिक सडकहरूमा पर्ने नदी तथा खोलामा पुल अध्ययन तथा निर्माण | √ | √ | √ | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १५ | लामो तरिको (LSTB) झोलुङ्गे पुलको अध्ययन तथा निर्माण | √ | √ | √ | √ | √ |
| १६ | सडक सुरक्षा कार्यक्रम लागु | √ | √ | √ | √ | √ |
| १७ | काठमाडौं-हेटौंडा रज्जुमार्ग नयाँ प्रविधिमा पुनः सञ्चालन | √ | √ | √ | √ | √ |
| १८ | रज्जुमार्ग, सुरूङमार्ग, भायाडक्ट, पोडवे, ग्राभिटी लगायतका नवीनतम वैकल्पिक यातायात प्रणालीको सम्भाव्यता अध्ययन तथा विकास | √ | √ | √ | √ | √ |
| १९ | सडक पूर्वाधार निर्माणमा सार्वजनिक-निजी-साझेदारी | √ | √ | √ | √ | √ |
| २० | प्रादेशिक सडक तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणाली | √ | √ | √ | √ | √ |
| २१ | Performance based maintenaence लागु गर्ने आवश्यक व्यवस्था | √ | √ | √ | √ | √ |
| २२ | पूर्व सम्भाव्यता अध्ययन गरी सर्लाही जिल्लाको बागमती नगरपालिका-मकवानपुरको फापरबारी-काभ्रेको खानीखोला-कामीडाँडा-पनौतीसम्म रज्जुमार्ग सञ्चालन | √ | √ | √ | √ | √ |
| २३ | यातायात पूर्वाधार तथा व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान | √ | √ | √ | √ | √ |

### १०. अपेक्षित उपलब्धि

बागमती प्रदेशको आफ्नै प्रादेशिक सहरी विकास नीति र रणनीति तयार भएको हुने छ । साथै एकीकृत जग्गा विकास नीति तयार भई लागु भएको हुने छ । सार्वजनिक स्थलको जग्गा एवम् सांस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण भएको हुने छ । दिगो सहरी विकास सूचकाङ्क तयार गरी नगरपालिकाहरूको वर्गीकरण भएको हुने छ । यसैगरी एकीकृत जग्गा विकाससम्बन्धी नीति तयार गरी लागु भएको हुने छ ।

## ६.३ बस्ती विकास र भवन निर्माण

### १. पृष्ठभूमि

नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रूपमा उल्लेख गर्दै प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने प्रत्याभूत गरेको छ । बागमती प्रदेशका सबै जिल्लामा छरिएका बस्ती र प्राकृतिक विपदको दृष्टिकोणबाट जोखिमयुक्त घर परिवार, अव्यवस्थित रूपमा बसोबास गरिरहेका घर परिवारहरूलाई उचित आवास र सुरक्षित बसोबासको व्यवस्था गर्नु प्रदेश सरकारको दायित्व हो ।

अव्यवस्थित बस्ती विकास समग्र मुलुककै समस्याको रूपमा रहेको छ । बागमती प्रदेशका भौगर्भिक दृष्टिले अनपयुक्त तथा सार्वजनिक सेवासुविधा पुऱ्याउन कठीन क्षेत्रहरूमा विभिन्न घरपरिवार वर्षौंदेखि घर निर्माण गरी बसोबास गर्दै आएका छन् । यसरी जोखिमयुक्त क्षेत्रमा बसोबास गर्नेहरू मूलतः चरम गरिबीमा रहेका तथा भूमिहीन परिवारहरू हुन् ।

कतिपय घर, बस्ती तथा सरकारी भवनहरू कमजोर जग, कमसल निर्माण सामग्री, प्राविधिक परामर्शविना नै निर्माण जस्ता कारणहरूले गर्दा विभिन्न प्राकृतिक प्रकोपको जोखिममा रहेका छन् । त्यसैले, जोखिमरहित बस्ती, निजी घर तथा सरकारी भवन निर्माणतर्फ सरकारको ध्यान जानु आवश्यक छ ।

### २. वस्तुस्थिति

राष्ट्रिय जनगणना २०७८ अनुसार बागमती प्रदेशका १५ लाख ६७ हजार ९१७ घरधुरीमध्ये करिब २२ प्रतिशत माटो, ईंटा र ढुङ्गाबाट बनेका छन् भने ९ हजार ९६४ घरधुरी खर तथा परालका छाना भएका घरहरू रहेका छन् । यो तथ्याङ्कबाट प्रदेशका ठुलो सङ्ख्याका घरधुरी जोखिम सम्भावनायुक्त स्थितिमा रहेका देखिन्छ । २०७२ वैशाखको विनाशकारी भूकम्प र यसले पुऱ्याएको क्षतिबाट पाठ सिक्दै भवन निर्माणमा प्राविधिक दृष्टिले उपयुक्त र सुरक्षित निर्माण सामग्री र प्रविधि प्रयोग गर्नुपर्ने आवश्यकता रहेको छ। अझैपनि निजी घर तथा सरकारी भवन निर्माणमा पूर्णरूपमा निर्माण मापदण्ड अनुरूप हुन नसकेको स्थिति छ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

हालसम्म एकीकृत बस्ती विकाससम्बन्धी कार्यविधि, २०७७, खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन मापदण्ड २०७७, चेपाङ, वनकरीया, माझी, थामी, मुसहर, बोटे र हायु एकीकृत बस्ती तथा आवास निर्माणसम्बन्धी कार्यविधि, २०७९ तर्जुमा भएको छ । यस अन्तर्गत एकीकृत मुसहर बस्ती विकास कार्यक्रम र एकीकृत माझी बस्ती विकास कार्यक्रमको लागि सर्भेक्षण कार्य पूरा भएको छ।

न्यून आय वर्गका लागि सहज आवासको व्यवस्था गर्न सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्रसँग

सहकार्य गर्ने रणनीति अन्तर्गत काठमाडौं, ललितपुर र भक्तपुर बाहेकका प्रदेशका अन्य जिल्लाहरूमा जनता आवास कार्यक्रम सञ्चालन भइरहेको छ । यस अतिरिक्त, आवास तथा बस्ती विकासका लागि सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्रसमेतको सहकार्यमा रुबीभ्याली बस्ती विकास, गोसाईकुण्ड एकीकृत बस्ती विकास र दासढुङ्गा नारायणी एकीकृत बस्ती विकास आयोजना तयार गरी कार्यान्वयन भइरहेको छ ।

## ४. चुनौती

जोखिमयुक्त स्थानहरू निजी घरहरू तथा सार्वजनिक भवन निर्माण हुनु, कम गुणस्तरका निर्माण सामग्रीहरू प्रयोग हुनु, निजी घर तथा भवन निर्माण मापदण्ड अनुरूप नहुनु, एकीकृत बसोबासका लागि भूउपयोग नीतिमा स्पष्टता नहुनु र अव्यवस्थित बस्तीका कारण मानव स्वास्थ्य तथा वातावरणमा नकारात्मक असर पर्नु, भाडामा बस्नेहरूको समस्या सम्बोधनका लागि संयन्त्र नहुनु, निजी क्षेत्रबाट निर्माण गरिएका बहुतले आवास गृहहरू विपन्न वर्गको पहुँच बाहिर हुनु र व्यक्तिले आफ्नै स्रोतबाट निर्माण गरेका आवास अत्यन्तै खर्चिलो र धान्न नसक्ने हुनु लगायतका यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । त्यस्तै घरविहीनहरूको लागि आवासको व्यवस्था गर्नु, जोखिम सम्भावित क्षेत्रमा बसोबास गर्नेहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु, सुरक्षित बस्ती विकासका लागि जग्गा प्राप्त गर्नु, सहकारी र संयुक्त आवासको अभ्यास कार्यान्वयन गर्नु र आधारभूत सेवा पुऱ्याउन भौगोलिक रूपले अप्ठ्यारो स्थानमा रहेका घरपरिवारलाई स्थानान्तरण गर्नु आदि चुनौती रहेका छन्।

## ५. अवसर

प्रत्येक नागरिकलाई आवासको हक हुने संवैधानिक व्यवस्था हुनु, राष्ट्रिय भूउपयोग नीतिको आधारमा प्रादेशिक भूउपयोग नीति निर्माण गरी एकीकृत जग्गा विकास र एकीकृत बस्ती विकास गर्न सकिने अवस्था रहनु, विनासकारी भूकम्पपश्चात भूकम्प प्रतिरोधी घर निर्माणतर्फ चेतना बढ्नु, भवन निर्माण मापदण्ड लागु हुनु र बागमती प्रदेशका कुल घरपरिवारको झन्डै ३० प्रतिशत भाडाका घरहरूमा बस्नु आदि बस्ती विकासका अवसरहरू हुन् ।

एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयनको लागि कार्यनीति अनुरूप कार्यविधि स्वीकृत हुनु, हेटौंडा, चितवन र विदुर लगायतका ठाउँहरूमा आधुनिक सहर निर्माणको सम्भावना हुनु, सीमान्तकृत, लोपोन्मुख जातजातिलाई सरकारले जनता आवास कार्यक्रममार्फत आवास उपलब्ध गराउने नीति लिनु आदि बस्ती विकासका सम्भावनाहरू हुन् ।

## ६. सोच

एकीकृत बस्ती विकास तथा सुरक्षित भवन निर्माण ।

## ७. लक्ष्य

समावेशी, सुरक्षित र उत्थानशील बस्ती विकास तथा सुरक्षित र किफायती भवन निर्माण गर्ने।

## ८. उद्देश्य

१ घरबारविहीनका लागि आधारभूत सुविधायुक्त, उत्थानशील, सुरक्षित र सुलभ बस्ती विकास गर्ने,

२ भूकम्प तथा बाढीपहिरो लगायतका बहुप्रकोपीय जोखिम सम्भावित क्षेत्रका घरपरिवार तथा बस्ती स्थानान्तरण गर्ने,

३ सरकारी, सामुदायिक तथा निजी भवन निर्माण गर्दा नेपाली सभ्यता, संस्कृति, कला र शैली झल्किने गरी निर्माण गर्ने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: घरबार विहीनका लागि सुरक्षित, आधारभूत सुविधायुक्त, उत्थानशील र सुलभ बस्ती विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.३.१<br>सुरक्षित बस्तीको अवधारणा अनुरूप बस्ती, सेवा र संरचनाबिच आबद्ध गरी आवास जन्य जोखिम न्यूनीकरण गर्ने । | १ भौगोलिकरूपमा विकट ग्रामीण क्षेत्रहरूमा छरिएका बस्तीहरू तथा प्राकृतिक जोखिम सम्भावनायुक्त घर परिवारहरूलाई सुरक्षित, सुलभ र आधारभूत सुविधायुक्त आवासको लागि एकीकृत बस्ती विकास गरिने छ ।<br>२ सहकारीमार्फत सहकारी आवास निर्माणको लागि प्रोत्साहन गरिने छ ।<br>३ विभिन्न लोकमार्ग आसपासमा अव्यवस्थितरूपमा बढ्दै गएका बस्तीहरूलाई व्यवस्थित गरिने छ ।<br>४ निर्माण हुँदै गरेका तथा निर्माण सम्पन्न भएका लोकमार्ग करिडोरको आसपासका उपयुक्त स्थानमा एकीकृत बस्ती विकास गरिने छ ।<br>५ एकीकृत बस्ती विकास गर्दा जीवनयापनको पक्षहरूलाई समेटिनेछ।<br>६ चेपाङ, बनकरीया, माझी, बोटे, थामी जस्ता सीमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्न |

| रणनीति | कार्यनीति |
|---|---|
| | परिवारका लागि जनता आवास कार्यक्रम अन्तर्गत आवासको विस्तार गरिने छ । |
| | ७ साना बस्तीहरूलाई नजिकको बजार केन्द्रमा जोड्ने र बजार केन्द्रको सेवा सुविधा दिन सक्ने क्षमता वृद्धि गरिने छ । |
| | ८ नगरपालिका वा घना आवादी भएका गाउँपालिका तथा राजमार्ग वरपरका बस्तीहरूलाई व्यवस्थित गरिने छ । |
| | ९ सङ्घीय सरकारका सम्बद्ध निकायहरूसँग समन्वय गरी स्थानीयतहको भूउपयोग नीति तथा योजना निर्माण गरी योजनाबद्धरूपमा पूर्वाधारको विकास पश्चात मात्र बस्ती विकासमा प्रोत्साहन दिने कार्य गरिने छ । |
| | १० घर निर्माणका लागि जग्गा स्वीकृत आयोजना सञ्चालन गरी घडेरीहरूको विकासका लागि निजी क्षेत्र र स्थानीय तहसँग सहकार्यमा प्राथमिकता दिइने छ । |
| | ११ कृषि योग्य जमिनमा अव्यवस्थित ढङ्गले हुने जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी कृषिभूमिको संरक्षण एवं विकसित घडेरी विकासमा सन्तुलन ल्याउन आवश्यक मापदण्डहरू बनाई लागु गरिने छ । |
| | १२ निश्चित बस्तीकाबिचमा खुला र हरित क्षेत्रको व्यवस्था गरिने छ। |
| | १३ व्यवस्थित तथा सुविधायुक्त बस्ती विकासको लागि उपयुक्त स्थानहरूमा जग्गा एकीकरण कार्यक्रम सञ्चालनमा ल्याइने छ। |

**उद्देश्य २: भूकम्पीय तथा बाढीपहिरो लगायतका बहुप्रकोपीय जोखिम सम्भावित क्षेत्रका घरपरिवार तथा बस्ती स्थानान्तरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.३.२<br>बाढीपहिरो लगायतका जोखिम सम्भावित क्षेत्रका घरपरिवार तथा बस्ती स्थानान्तरण गर्ने । | १ सबै जिल्लाहरूमा बहुप्रकोपीय जोखिम सम्भावित क्षेत्रहरूको पहिचान गरी नक्साङ्कन गरिने छ ।<br>२ जोखिम संवेदनशिलताको आधारमा घर तथा बस्तीलाई उपयुक्त सुरक्षित स्थान स्थानान्तरण गरिने छ ।<br>३ सार्वजनिक क्षेत्रमा अनाधिकृतरूपले बसोबास गर्दै आएका घरपरिवार पहिचान गरी सङ्घ तथा स्थानीय सरकारसँगको सहकार्यमा व्यवस्थापन गरिने छ । |

**उद्देश्य ३: सरकारी, सामुदायिक तथा निजी भवन निर्माण गर्दा नेपाली सभ्यता, संस्कृति, कला र शैली झल्किने गरी निर्माण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.३.३<br>भवन संहिताको अनिवार्य पालना गर्ने । | १ प्रदेशस्तरीय सरकारी भवनहरूको निर्माण तथा मर्मतसम्भार भवन नीति, निर्देशिका, ऐन, नियमावली, भवन विनियमावली, भवन मापदण्डअनुसार गरिने छ।<br>२ निजी घर, सार्वजनिक भवन तथा संयुक्त आवास निर्माण गर्दा आवास नीति, ऐन, निर्देशिका, संयुक्त आवास ऐन, नियमावली अनिवार्य पालना गराइने छ ।<br>३ भवन निर्माण प्रविधि तथा निर्माण सामग्री मापदण्डअनुसार भए नभएको अनुगमन गरिने छ ।<br>४ भवन व्यवस्थापन सूचना प्रणाली (BMIS) विकास गरी कार्यान्वयनमा ल्याइनेछ । |

## १०. प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | प्रदेशको सहरी विकास नीति तथा रणनीति तयार | √ | √ | | | |
| २ | दिगो सहरी विकास सूचकाङ्क तयार गरी नगरपालिकाहरूको वर्गीकरण | | √ | √ | | |
| ३ | एकीकृत जग्गा विकाससम्बन्धी नीति तयार | √ | √ | | | |
| ४ | हेटौंडालाई सुरक्षित र पहिचानयुक्त समृद्ध प्रादेशिक राजधानीको रूपमा विकास | √ | √ | √ | √ | √ |
| ५ | सहरहरूमा बहुउद्देश्यीय पार्क एवं पोखरी निर्माण | √ | √ | √ | √ | √ |
| ६ | स्मार्ट सडक बत्ती उज्यालो कार्यक्रम | √ | √ | √ | √ | √ |
| ७ | सार्वजनिक स्थलको जग्गा एवं सांस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण | √ | √ | √ | √ | √ |
| ८ | ढल प्रणालीको गुरुयोजना तर्जुमा गरी नदी, खोला, आदि प्रदूषण मुक्त बनाउने | √ | √ | √ | √ | √ |
| ९ | भरतपुर, हेटौंडा र विदुरलाई नमुना सहरको रूपमा विकास | √ | √ | √ | √ | √ |
| १० | केही गाउँपालिकाहरूमा नमुना गाउँ निर्माणको लागि अध्ययन | | √ | | | |
| ११ | बागमती प्रदेशको सम्पूर्ण जिल्लाहरूमा मौलिकता समेटिएका एक प्रादेशिक सङ्ग्रहालय स्थापना | | √ | √ | √ | √ |
| १२ | सार्वजनिक निजी साझेदारी अन्तर्गत दुई ठाउँमा एकीकृत जग्गा विकास कार्यक्रमको अध्ययन र विकास | | √ | √ | | |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १३ | छरिएको बस्तीलाई एकीकृत बस्तीको रूपमा विकास गर्न केही गाउँपालिकाहरूमा एकीकृत बस्ती विकासको सम्भाव्यता अध्ययन | | | √ | √ | |
| १४ | प्रमुख सहरी क्षेत्र आसपासका घाटहरूलाई व्यवस्थित निर्माण | √ | √ | √ | √ | √ |
| १५ | स्थानीय तह केन्द्र तथा उदयीमान सहरहरुको व्यवस्थित सहरीकरण कार्यक्रम सञ्चालन । | √ | √ | √ | √ | √ |

### ११. अपेक्षित उपलब्धि

प्रादेशिक आवास, बस्ती विकाससम्बन्धी प्रादेशिक नीति निर्देशिका र कार्यविधिहरू निर्माण भई सोअनुसार कार्यक्रमहरू लागु भएको हुने छ । सहकारी आवास निर्माणसम्बन्धी नीति, निर्देशिका र कार्यविधि निर्माण भई सहकारी आवास निर्माण सुरु भएको हुने छ । छरिएका र जोखिममा रहेका बस्तीहरू स्थानान्तरण भई एकीकृत बस्ती विकास भएको हुने छ । विभिन्न क्षेत्रहरूमा विकसित घडेरीहरू तयार भई योजनाबद्धरूपमा बस्ती विकास भइरहेको हुने छ । चेपाङ, बनकरीया, माझी, बोटे, थामी जस्ता सीमान्तकृत तथा लोपोन्मुख जातिको लागि दुई ठाउँमा एकीकृत आवासको व्यवस्था भएको हुने छ ।

## ६.४ ऊर्जा

### १. पृष्ठभूमि

नेपालको लागि जलविद्युतबाट ऊर्जाको व्यवस्थापन स्वाधिन अर्थतन्त्रको आधारशिला हो । ऊर्जा मुलुकको विकासको मेरूदण्ड भएकोले नेपालका पछिल्ला आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आएको छ । सरकारी, निजी र सामुदायिक लगानीका साथसाथै विदेशी लगानीमार्फत जलविद्युत् क्षेत्रको विकास तथा प्रवर्धन गर्ने प्रयास भइरहेको छ । आधुनिक समाजमा उद्योगधन्दा, घरेलु उपयोग र यातायात लगायत अन्य धेरै प्रयोजनको लागि ऊर्जाको प्रयोग अपरिहार्य बनेको छ ।

### २. वस्तुस्थिति

जल तथा ऊर्जा आयोगले सन् २०२२ मा गरेको एक अध्ययनअनुसार बागमती प्रदेशमा वार्षिकरूपमा

कुल ८३ हजार ५ सय ३५ टेरा जुल्स (१ टेरा जुल = २७८ मेगावाट प्रतिघण्टा) ऊर्जा उपभोग हुनेमा घरायसी प्रयोगमा ४२.३ प्रतिशत, औद्योगिक क्षेत्रमा ३३.३ प्रतिशत, यातायातमा १५.२ प्रतिशत, निर्माण तथा खानीमा १.० प्रतिशत, व्यापारमा ७.३ प्रतिशत र कृषिमा ०.९ प्रतिशत हुने गर्छ ।

घरायसी काममा प्रयोग हुने ३५ हजार ३ सय टेराजुल्स ऊर्जाका प्रमुख स्रोतमा ५७.५ प्रतिशत दाउरा, २२.१ प्रतिशत एलपिजी, १३.१ प्रतिशत बिजुली र बाँकी अन्य स्रोत रहेको छ । औद्योगिक क्षेत्रमा उपयोग हुने २७ हजार ८ सय ४८ टेराजुल्स ऊर्जामध्ये डिजेल ३६.८ प्रतिशत, काठ/दाउरा २४.८ प्रतिशत, बिजुली ७.७ प्रतिशत र बाँकी अन्य एग्री रेसिड्यु, फर्नेस आयल, कोइला आदिबाट पूर्ति गर्ने गरिन्छ । त्यस्तै यातायात क्षेत्रमा उपयोग हुने १२ हजार ७२६ टेरा जुल्समध्ये डिजेल ४८.९ प्रतिशत, पेट्रोल ३७.६ प्रतिशत, हवाई इन्धन १३.३ प्रतिशत, बिजुली ०.१ प्रतिशत एलपिजी ०.१ प्रतिशत रहेको छ । कृषिमा उपयोग हुने ७ सय ३९ टेराजुल्स ऊर्जामध्ये डिजेल ९१.६ प्रतिशत, बिजुली ७.४ प्रतिशत र बाँकी अन्य रहेको छ । माथि उल्लेखित तथ्याङ्कबाट बागमती प्रदेशमा उपयोग हुने ऊर्जाका स्रोतहरूमध्ये जलविद्युत्को हिस्सा न्यून देखिन्छ । त्यसैले, प्रदेशमा उपयोग गरिने ऊर्जाको मुख्य आपूर्ति स्रोत जलविद्युतलाई बनाउने गरी रणनीति लिनु आवश्यक छ ।

२०७८ को जनगणनाअनुसार बागमती प्रदेशका १५ लाख ७० हजार ९ सय २७ घरधुरीमध्ये ९७.३ प्रतिशत घरधुरीले उज्यालो (बत्ती)को लागि बिजुली र २.३ प्रतिशत घरधुरीले सौयऊर्जा प्रयोग गर्छन भने बाँकीले मट्टितेल, बायोग्यास र अन्य इन्धन प्रयोग गर्छन । त्यस्तै प्रदेशका ६९.८ प्रतिशत घरधुरीले खाना बनाउनको लागि एल.पी. ग्यास प्रयोग गर्छन भने २८.९ प्रतिशत घरधुरी दाउरामा निर्भर छन् । त्यस्तै ०.६ प्रतिशत घरधुरीले बिजुली र बाँकीले मट्टितेल, गोबर गुइँठा तथा गोबर ग्यासको प्रयोग गर्छन् । देशमा स्थापित जलविद्युत् परियोजनाहरूको कुल  क्षमतामध्ये ठुला आयोजनाहरू अपर तामाकोशी (४५६ मेगावाट) लगायत कुलेखानी-पहिलो, दोस्रो र तेस्रो, त्रिशुली, सुनकोशी, भोटेकोशी, खिम्ती र चिलिमे लगायतका परियोजनाहरू बागमती प्रदेशमा छन् । उत्पादनको हिसाबले ११४९ मेगावाट यस प्रदेशमा जडित छन् भने उपभोगका हिसाबले ९६ प्रतिशत जनताले राष्ट्रिय प्रसारण ग्रिडको बिजुली प्रयोग गर्न पाएका छन् ।

### ३. चुनौती

बागमती प्रदेशको ऊर्जाको आवश्यकताको ठुलो हिस्सा आयातित इन्धनमा निर्भर हुनु, घरायसी उपयोगमा काठ दाउराको प्रयोग धेरै हुनु र यसले सिर्जना गर्ने वातावरण प्रदूषण र जनस्वास्थ्यमा पर्ने प्रतिकूल असर आदि समस्या हुन् । आयातित इन्धन तथा काठदाउराको प्रयोगलाई स्वच्छ ऊर्जाले प्रतिस्थापन गर्नु र खासगरी उद्योगधन्दा, यातायात तथा घरायसी इन्धनको मागलाई जलविद्युतमार्फत आपूर्ति गर्नु चुनौती रहेको छ । कम खर्चिलो जलविद्युत् आयोजनाहरूको छनोट, निर्धारित समय र लागतमा सम्पन्न गर्नु, सरकारका

विभिन्न सरोकारवाला निकायहरूबिचको सहयोगी समन्वयको अभाव, सुरक्षित तथा गुणस्तरीय वितरण प्रणाली विस्तार एवम् सुदृढीकरण गर्नु आदि जलविद्युत् विकासका प्रमुख चुनौतीहरू हुन् ।

**४. अवसर**

ऊर्जा क्षेत्र सङ्घीय सरकारको प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीका प्रशस्त अवसर देखिनु, वैदेशिक लगानीको लागि पर्याप्त सम्भावना रहनु, पछिल्ला वर्षहरूमा जलविद्युतको उत्पादन बढ्दै जाँदा घरायसी इन्धनको रूपमा काठ/दाउराको प्रयोगलाई जलविद्युतबाट प्रतिस्थापन गर्न सकिने अवस्था बन्दै जानु, विद्युतीय उपकरण तथा सवारी साधनको प्रयोग बढ्दै जानु आदि ऊर्जा क्षेत्रका अवसर तथा सम्भावनाका रूपमा लिन सकिन्छ ।

**५. सोच**

स्वच्छ र नवीकरणीय ऊर्जा; स्वस्थ जीवन र विकासको आधार ।

**६. लक्ष्य**

प्रदेशमा स्वच्छ र नवीकरणीय ऊर्जाको उत्पादन र उपभोग बढाउने ।

**७. उद्देश्य**

१ स्वच्छ ऊर्जाको उत्पादन र वितरण गर्ने,
२ नवीकरणीय ऊर्जाको प्रवर्धन गर्ने ।

**८. रणनीति र कार्यनीति**

**उद्देश्य १: स्वच्छ ऊर्जा उत्पादन र वितरण गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.४.१<br>प्रदेशस्तरीय सम्भाव्य जलविद्युत् आयोजनाको पहिचान तथा विकास गर्ने। | १ प्रदेश ऊर्जा विकास रणनीति र कार्ययोजना तर्जुमा गरिने छ।<br>२ कम लागतका विद्युत् आयोजना पहिचानको लागि अध्ययन गरिने छ।<br>३ जलविद्युत् उत्पादनमा सहकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति ल्याइने छ ।<br>४ जलविद्युत् आयोजना निर्माणदेखि सम्पन्न हुँदासम्मको कार्यतालिका र प्रगतिको अनुगमन |

| रणनीति | कार्यनीति |
|---|---|
| | र वित्तीय तथा प्राविधिक परीक्षण (अडिट) गरिने छ। |
| ६.४.२<br>प्रदेशका सबै क्षेत्रमा स्वच्छ तथा भरपर्दो ऊर्जाको पहुँच सुनिश्चित गर्दै खपत बढाउने । | १ सङ्घीय सरकारसँगको सहकार्य र समन्वयमा 'पूर्ण उज्यालो बागमती प्रदेश कार्यक्रम' मार्फत बिजुलीको पहुँच नपुगेका क्षेत्रमा ग्रामीण विद्युतीकरण गरिने छ ।<br>२ विद्युतीय यातायात र ढुवानीका साधनहरू प्रयोग गर्न प्रोत्साहन गरिने छ।<br>३ उपयुक्त स्थानमा चार्जिङ स्टेशन निर्माण गरिने छ।<br>४ सामान ढुवानी तथा यातायातका लागि प्रयोग गरिने रज्जुमार्ग (रोपवे, पोडवे आदि)का लागि विद्युत् प्रसारण सहज गराइने छ तथा खपतमा सहुलियत दिइने छ ।<br>५ सरकारी तथा सामुदायिक स्वास्थ्य तथा शिक्षण संस्था, ग्रामीण खानेपानी, साना सिँचाइ तथा घरेलु उद्योगमा खपत हुने विद्युतमा सहुलियत दिइने छ।<br>६ विपन्न परिवारहरूलाई खाना पकाउन विद्युत् प्रयोगका लागि उपकरण वा शुल्कमा अनुदान दिइने छ । |

**उद्देश्य २: नवीकरणीय ऊर्जाको प्रवर्धन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.४.३<br>वैकल्पिक ऊर्जा उत्पादन तथा उपयोगलाई प्रोत्साहन गर्ने । | १ 'पूर्ण उज्यालो बागमती प्रदेश कार्यक्रम' अन्तर्गत वितरण प्रणाली नपुगेका स्थानहरूमा |

| | |
|---|---|
| | सौर्यऊर्जा, मिनी ग्रीड जस्ता अन्य वैकल्पिक ऊर्जा पुऱ्याइने छ।।<br>२ सौर्यऊर्जाबाट बचत हुने विद्युतलाई 'नेट मिटरिङ' प्रणालीबाट राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने व्यवस्था मिलाइने छ ।<br>३ कृषिको रेसिड्युल र जङ्गलबाट सङ्कलन हुने बायोमासलाई प्रशोधन गरी उपयुक्त उत्पादन (ब्रिकेट आदि) बनाउने प्रविधिलाई प्रोत्साहन गरिने छ। |

**९. प्रमुख कार्यक्रमहरू**

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | मन्त्रालय र अन्तर्गतका डिभिजन कार्यालयहरूबाट सम्भाव्यता अध्ययन भएका आयोजनाहरूको प्राथमिकीकरण सूचीसहित आयोजना बैङ्क तयार गरी आयोजनाहरू कार्यान्वयन | √ | | | | |
| २ | जलविद्युत् आयोजना विकास, विद्युत् उत्पादन तथा उपयोग | √ | √ | √ | √ | √ |
| ३ | नवीकरणीय ऊर्जा उत्पादनमा सहयोग | √ | √ | √ | √ | √ |
| ४ | विद्युत् सेवा नपुगेका दुर्गम बस्तीहरूमा ग्रामीण विद्युतीकरण विस्तार तथा काठे पोल विस्थापन | √ | √ | √ | √ | √ |
| ५ | समुदायको मागको आधारमा विद्युतीय वा सोलार सडक बत्ती जडान | √ | √ | √ | √ | √ |
| ६ | ऊर्जा उपभोग हुने लिफ्ट प्रविधिका आयोजनाहरूको निर्माण तथा विस्तार | √ | √ | √ | √ | √ |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ७ | रज्जुमार्ग, ग्राभिटी, रज्जुमार्ग पार्क, खेती तथा कुटिर उद्योगमा बिजुलीको पहुँच पुऱ्याउने गरी संरचना निर्माण | √ | √ | √ | √ | √ |
| ८ | आधारभूत स्वास्थ्य, गरिबी निवारण जस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्ट सिँचाइ तथा घरेलु उद्योग लगायतका क्षेत्रमा खपत हुने बिजुलीमा सहुलियत | √ | √ | √ | √ | √ |
| ९ | हाइब्रिड प्रविधि र बिजुलीबाट चल्ने सार्वजनिक तथा निजी यातायातको प्रवर्धन | √ | √ | √ | √ | √ |
| १० | चार्जिङ स्टेशनहरूको स्थापना | √ | √ | √ | √ | √ |

### १०. अपेक्षित उपलब्धि

बिजुलीको उत्पादन वृद्धि भई ऊर्जाको लागि पेट्रोलीयम पदार्थ माथिको निर्भरता घट्न गएको हुने छ । विद्युतीय गाडीको प्रयोग बढेको तथा चार्जिङ स्टेशनहरूको सङ्ख्या वृद्धि भएको हुने छ । प्रदेशका सबै पालिकाका बस्तीहरूमा सडक बत्ती जडान भएको हुने छ । सौर्यऊर्जाबाट बचत विद्युत् नेट मिटरिङ प्रणालीबाट प्रसारण लाइनमा जोडिएको हुने छ । विपन्न परिवारमा विद्युतीय चुलोको प्रयोग बढेको हुने छ।

## ६.५ सिँचाइ

### १. पृष्ठभूमि

नेपालजस्तो कृषिप्रधान देशमा कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सिँचाइको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सिँचाइको लागि भूबनौटको आधारमा नहर तथा कुलो, लिफ्ट इरिगेसन, कम गहिरो (स्यालो) तथा गहिरो (डिप) ट्युबवेल, पोखरी र वर्षातको पानी सङ्कलन आदि उपयोग गर्न सकिन्छ। सिँचाइका यी माध्यमहरूबाट सिँचाइका अतिरिक्त माछा पालन र घरायसी बाह्य प्रयोगको लागि पानी आदिमा प्रयोग गर्न सकिन्छ ।

## २. वस्तुस्थिति

प्रदेशको कुल कृषियोग्य जमिन ५ लाख २१ हजार ८७१ हेक्टरमध्ये आधाजति जमिन मात्रै सिँचाइयोग्य छ । सिँचाइयोग्य जमिनमा १ लाख ३२ हजार ३६ हेक्टर जमिनमा मात्रै सिँचाइ सुविधा उपलब्ध छ । प्रदेशको कुल सिँचाइयोग्य जमिनमध्ये जिल्लागतरूपमा सबैभन्दा धेरै चितवनमा (४१,९६३ हेक्टर) र त्यसपछि क्रमशः मकवानपुरमा (२३,५०२ हेक्टर), सिन्धुलीमा (२०,६५२ हेक्टर), नुवाकोटमा (१५,०४७ हेक्टर), काठमाडौंमा (१४,०६९ हेक्टर), सिन्धुपाल्चोकमा (१२,२७६ हेक्टर ) र धादिङमा (१०८३९ हेक्टर) रहेको छ । सिँचाइ पुगेको जमिनको हिस्सा (७३ प्रतिशत) को आधारमा पनि चितवन अगाडि छ । बाँकी अन्य जिल्लाहरूमा सिँचाइयोग्य जमिनको एक तिहाइभन्दा कम जमिनमा मात्रै सिँचाइ उपलब्ध छ । प्रदेशले सिँचाइमा आवश्यक लगानी गरेमा कृषि उत्पादकत्व तथा उत्पादनमा वृद्धि भई मुलुकको कुल गार्हस्थ्य उत्पादनमा ठुलो योगदान दिन सक्छ ।

कृषि गणना, २०७८ अनुसार कृषक परिवारले चलन गरेका जग्गा २ लाख ८२ हजार २९२ हेक्टरमध्ये २ लाख ३३ हजार ७० हेक्टर जग्गामात्र खेतीयोग्य जग्गा रहेको छ । ४९ हजार २२२ हेक्टर अत्यन्त भिरालो जमिनमा पनि खेती गरेको देखिन्छ । कुल ६३.१२ प्रतिशत कृषक परिवारले सिँचाइ सुविधा प्राप्त गरेको भए तापनि खेतीयोग्य जग्गाको ४४.६२ प्रतिशत जग्गामा सिँचाइ सुविधा पुगेको छ ।

## ३. चुनौती

प्रदेशको कृषियोग्य भूमिको झन्डै आधा जमिनमा उपयुक्त प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा पुऱ्याउनु, लिफ्ट इरिगेसनलाई भरपर्दो बनाउन प्राकृतिक वहावमा परिवर्तन गर्ने सम्भाव्यता, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, पहाडी क्षेत्रमा सिँचाइको लागि भौगोलिक प्रतिकूलता, बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि साना र मझौला खालका नदीहरूको जल तथा भूमिगत जल उपयोग गर्ने दीर्घकालीन नीतिको अभाव, सुनकोशी जस्ता ठुला नदीहरूको पानी अन्तरजलाधार जल स्थानान्तरण गर्ने कार्यमा जटिलता, सिँचाइ सुविधा उपलब्ध भएका वा सिँचाइ सम्भाव्य क्षेत्र (सिञ्चित क्षेत्र) एकपटक निर्धारण भैसकेपछि अनन्तकालका लागि कृषिका लागि सुरक्षित राख्नु र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको स्रोतको उपलब्धतामा हुने परिवर्तनको जोखिम व्यवस्थापन गर्नु र सिँचाइ क्षेत्रमा योजना सङ्ख्या अनुरूप प्राविधिक जनशक्ति नहुँदा गुणस्तर नियन्त्रण हुन नसक्नु आदि सिँचाइ क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू हुन् ।

## ४. अवसर

सम्पूर्ण सिँचाइयोग्य जमिनमा सिँचाइ सुविधा नपुग्नु, सतह र भूमिगत जलस्रोतको प्रचुरता, सिँचाइ

विकास र विस्तारका लागि उपयुक्त प्रविधि हुनु, प्रदेशभित्रै खाद्यान्न तथा तरकारीको ठुलो बजार हुनु तथा सिँचाइको बहुआयमिक उपयोगको सम्भावना आदिले गर्दा सिँचाइ विकासको ठुलो अवसर रहेको छ ।

**५. सोच**

भरपर्दो, दिगो तथा सर्वयाम सिँचाइमार्फत कृषि उत्पादनमा वृद्धि ।

**६. लक्ष्य**

सिञ्चित क्षेत्र विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

**७. उद्देश्य**

१ विद्यमान सिँचाइ संरचनाहरूको मर्मत सम्भार गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने,
२ सिँचाइ सुविधा नपुगेका क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्ने,
३ पुनर्भरण पोखरीको निर्माण र सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्ने ।

**८. रणनीति र कार्यनीति**

**उद्देश्य १: विद्यमान सिँचाइ संरचनाहरूको मर्मत सम्भार गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.५.१ सिँचाइ संरचनाहरूबाट अधिकतम लाभ लिने । | १ पहाडमा सतह सिँचाइ र उपत्यका तथा भित्री मधेसमा भूमिगत सिँचाइ प्रविधिको विकासमा प्राथमिकता दिइने छ।<br>२ सुनकोशी मरिन जस्ता ठुला सिँचाइ आयोजनाबाट लाभ लिने बारेमा सङ्घ तथा स्थानीय सरकारसँग सहकार्य गरिने छ।<br>३ सिँचाइ प्रणालीलाई व्यवस्थापन गर्ने सरकारी निकायबाट किसान स्वयंले व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइने छ।<br>४ विद्यमान सिँचाइ योजनाहरूको अध्ययन गरी डाटावेस तयार गरिने छ ।<br>५ मर्मतसम्भार गर्नुपर्ने तथा नयाँ सिँचाइ आयोजनाहरूको पहिचान गरिने छ ।<br>६ सिँचाइ आयोजनाहरूको मर्मत सम्भार गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने |

**उद्देश्य २: सिँचाइ सुविधा नपुगेका क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.५.२<br>नयाँ योजनाहरूको सञ्चालन गर्ने। | १ नयाँ सिँचाइ आयोजनाहरूको पहिचान गरी सूची तयार गरिने छ।<br>२ नदी तथा जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापन हुने गरी गुरुयोजना तर्जुमा गरिने छ ।<br>३ सिँचाइ गुरुयोजनाअनुसार नयाँ सिँचाइ आयोजनाहरू सञ्चालन गरिने छ । |

**उद्देश्य ३: पुनर्भरण पोखरीको निर्माण र सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.५.३<br>सिँचाइ प्रणालीका लागि पानीको मुहान तथा जलाधार उपयोगको संरक्षण गर्ने । | १ खानेपानी, सिँचाइ सुविधा र जैविक विविधताको संरक्षणको लागि आवश्यकता र सम्भाव्यताको आधारमा पुनर्भरण पोखरीहरू निर्माण गरिने छ ।<br>२ जोखिममा रहेका सिमसार क्षेत्रको संरक्षण गरिने छ ।<br>३ जलउत्पन्न प्रकोप नियन्त्रणको लागि एकीकृत योजना तर्जुमा गरी जलाधार क्षेत्र र नदीहरूको संरक्षण गरिने छ । |

## ९. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | मन्त्रालय र अन्तर्गतका डिभिजन कार्यालयहरूबाट सम्भाव्यता अध्ययन भएका आयोजनाहरूको प्राथमिकीकरण सूचीसहित आयोजना बैङ्क तयार गरी आयोजनाहरू कार्यान्वयन | √ | √ | | | |
| २ | पहिलो आवधिक योजनामा प्रदेश गौरव आयोजनाको रूपमा रहेको मण्डन पाँचखाल इन्द्रावती बृहत सिंचाई योजना र सल्यानटार बृहत सिंचाई योजना सञ्चालन | √ | √ | √ | | |
| ३ | मझौला सिँचाइ विकास कार्यक्रम | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ४ | सुख्खा टार लिफ्ट सिँचाइ विकास कार्यक्रम | √ | √ | √ | √ | √ |
| ५ | भूमिगत स्यालो ट्युबवेल सिँचाइ विकास कार्यक्रम | √ | √ | √ | √ | √ |
| ६ | भूमिगत डिप ट्युबवेल सिँचाइ विकास कार्यक्रम | √ | √ | √ | √ | √ |
| ७ | सिँचाइको लागी वर्षातको पानी सङ्कलन ताल तलैया सिमसार र जलाधार क्षेत्रको सरक्षण | √ | √ | √ | √ | √ |
| ८ | पहाडी क्षेत्रमा लिफ्ट गरेर करेसाबारी, तरकारी खेती सिँचाइका सम्भावित योजना पहिचान गर्ने नमुना रूपमा निर्माण | √ | √ | √ | √ | √ |
| ९ | निर्माणाधीन तथा सम्पन्न भैसकेका भूमिगत तथा स्यालो तथा डिप ट्युब वेल र लिफ्ट सिंचाई आयोजनाहरूमा सोलार प्रणाली जडान कार्य | √ | √ | √ | √ | √ |
| १० | सिँचाइ प्रणालीलाई किसानद्वारा व्यस्थापन गर्ने प्रणालीमा क्रमिक रूपमा हस्तान्तरण | √ | √ | √ | √ | √ |
| ११ | सिँचाइ प्राविधिकहरूको क्षमता विकास | √ | √ | √ | √ | √ |
| १२ | वृहत नारायणी लिफ्ट सिँचाइ र खगेरी सिँचाइ प्रणाली पूर्ण रूपमा मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने र समुदायलाई हस्तान्तरण | √ | √ | √ | √ | √ |
| १३ | प्रदेश सिँचाइ व्यस्थापन सूचना प्रणाली (PIMIS) अन्तर्गत database प्रयोग | √ | √ | √ | √ | √ |
| १४ | सिँचाइ प्रणालीका लागि पानीको मुहान तथा जलाधार क्षेत्रको संरक्षण गर्ने, समुदायसँग सहकार्य गरि चेकड्याम र बायोइञ्जिनियरिङ्गका काम | √ | √ | √ | √ | √ |
| १५ | गुरुयोजनामा आधारित नदी नियन्त्रण कार्यक्रम | √ | √ | √ | √ | √ |
| १६ | स्थल विशेष जल उत्पन्न प्रकोप (बाढी तथा पहिरो) व्यवस्थापन कार्यक्रम | √ | √ | √ | √ | √ |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| | **सिँचाइ** | | | | | |
| १७ | गुर्जी-घण्टे रतनपुर सिँचाइ योजना, हरिहरपुरगढी | √ | √ | | | |
| १८ | परेवाटार तथा माझीटार सिँचाइ योजना सिद्धलेक | √ | √ | | | |
| १९ | डिपट्युबवेल सिँचाइ योजना पार्वतीपुर भरतपुर | √ | √ | | | |
| २० | गँगटे सिँचाइ योजना हेटौंडा | | √ | √ | | |
| २१ | सिप्चोङ्ग सिँचाइ योजना | | √ | √ | | |
| २२ | ढोडेनी लिफ्ट सिँचाइ योजना | | √ | √ | | |
| २३ | घ्याङखोला सिँचाइ योजना | | √ | √ | | |
| २४ | जहरसिँह पौवा सिमदह ड्याम योजना | | | √ | √ | √ |
| २५ | सप्ताङ्ग सिँचाइ योजना | | | √ | √ | √ |
| २६ | पदमपोखरी बृहत सिँचाइ योजना | | | √ | √ | √ |
| २७ | बृहत लीलावती सिँचाइ सुधार तथा विस्तार योजना | | | √ | √ | √ |
| | **नदी नियन्त्रण** | | | | | |
| २८ | कर्राखोला नदी नियन्त्रण, हेटौंडा | √ | √ | √ | | |
| २९ | बकैया नदी नियन्त्रण | √ | √ | √ | | |
| ३० | तादी खोला नदी यिन्त्रण | | √ | √ | √ | |
| ३१ | महेश खोला नदी नियन्त्रण | | √ | √ | √ | |
| ३२ | इन्द्रावती नदी नियन्त्रण | | √ | √ | √ | |
| ३३ | रोशी खोला नदी नियन्त्रण | | | √ | √ | √ |
| ३४ | लिखुखोला नदी नियन्त्रण | | | √ | √ | √ |
| ३५ | लदरा बुढी राप्ती नदी नियन्त्रण | | | √ | √ | √ |

### १०. अपेक्षित उपलब्धि

सिँचाइयोग्य थप १९ हजार ६४ हेक्टर भूमिमा सिँचाइ सुविधा विस्तार भई सिञ्चित क्षेत्रफल १ लाख ५१ हजार १०० पुगेको हुने छ । भौगोलिक बनावटअनुसार उपयुक्त सिँचाइ प्रविधिको उपयोग विस्तार भएको हुने छ । सिँचाइका लागि वर्षातको पानी उपयोग तथा तालतलैयाको संरक्षण भएको हुने तथा नदी तथा जलाधार क्षेत्रको एकीकृत विकास भएको हुने छ । नदी खोलाको कटानबाट हुने क्षति न्यूनीकरण भएको हुने छ ।

## ६.६ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

नेपालको संविधानमा 'प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने' उल्लेख छ । त्यस्तै खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमासमेत स्थापित छ । दिगो विकास लक्ष्य ६ मा सबैको निम्ति खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चत गर्ने उल्लेख छ । खानेपानी तथा सरसफाइमा गरिने लगानीले जनस्वास्थ्यका चुनौती न्यूनीकरण गर्नमा ठुलो सहयोग पुऱ्याउँछ ।

### २. वस्तुस्थिति

जनगणना २०७८ काअनुसार बागमती प्रदेशका ९५.५ प्रतिशत घरधुरीमा आधारभूत खानेपानी सुविधा उपलब्ध छ । प्रदेशका १५ लाख ६७ हजार ९१७ घरधुरीमध्ये ४३.९ प्रतिशत घरमा निजी धारा जडान छ भने २४.१ प्रतिशत घरधुरीले खानेपानी तथा घरायसी प्रयोगको लागि सार्वजनिक धारा प्रयोग गर्दछन्। त्यस्तै १६.९ प्रतिशत घरधुरीले जार तथा बोतलको पानी प्रयोग गर्छन भने बाँकीले इनार, कुवा, ढुङ्गेधारा, ह्याण्डपम्प तथा अन्य स्रोतबाट खानेपानीको उपभोग गर्दछन् । कुल घरधुरीको ८२.२७ प्रतिशत घरमा फ्लस शौचालयको सुविधा छ १.२४ प्रतिशत घरधुरीमा कुनै पनि प्रकारको शौचालय सुविधा रहेको छैन ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि

पहिलो आवधिक योजना अवधिमा प्रदेशका १३ जिल्ला तथा विभिन्न पालिकाहरूमा प्रादेशिक खानेपानी आयोजना कार्यान्वय भई प्रदेशतर्फ ८२ वटा आयोजना सम्पन्न भई ८३ हजार २१८ जना लाभान्वित भएका तथा ससर्त खानेपानी आयोजना अन्तर्गत २२६ वटा आयोजना सम्पन्न भई ३ लाख १ हजार २५८ जना लाभान्वित भएका छन् । त्यस्तै मकवानपुर र भक्तपुर जिल्लाका विभिन्न पालिकाहरूमा विशेष अनुदानतर्फका एक/एकवटा आयोजना सम्पन्न भई २५०७ जना लाभान्वित भएका छन् । योजना अवधिमा

खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाहरूको स्थापना हुन नसकेको तथा फोहरमैलालाई सुरक्षित रूपमा विसर्जन गर्ने कार्यमा पनि प्रगति हुन नसकेको अवस्था छ ।

## ४. समस्या तथा चुनौती

आयोजनाको सम्भाव्यता वा विस्तृत सर्वेक्षण, अध्ययन विनाका न्यून बजेटका अत्याधिक टुक्रे योजनाहरूमा बजेट विनियोजन हुनु, प्राथमिकताका आधारमा उपलब्ध प्राविधिक जनशक्तिको अनुपातमा बजेट योजना छनोट नहुनु, सबै स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार भैनसकेको हुँदा यथार्थ तथ्याङ्क उपलब्ध नहुने र वास्तविक आवश्यकता रहेको र वञ्चितीकरणमा परेको स्थान, वर्ग, समुदायको पहिचानमा समस्या हुनु आदि समस्या रहेका छन् । त्यस्तै सतही स्रोतहरू सुक्ने तथा घट्दै जाँदा पम्पिङ्ग/लिफ्टिङ्ग प्रविधिबाट योजना सञ्चालन गर्नुपर्ने र योजनाको लागत तथा सञ्चालन खर्च (विद्युत् महशुल)समेत बढ्ने गरेकोले छरिएको पहाडी बस्तीहरूमा खानेपानी आयोजना सञ्चालन गर्नसमेत कठीनाई हुने समस्या रहेको छ । खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने, खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र प्रदेशलाई खुला दिसापिसाबमुक्त प्रदेश बनाउने, फोहर मैला व्यवस्थापन र खानेपानी तथा सरसफाइको क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने आदि चुनौतीहरू रहेका छन्।

## ५. अवसर तथा सम्भावना

खानेपानी तथा सरसफाइ सङ्घ, प्रदेश तथा स्थानीय तीनै तहका सरकारको प्राथमिकतामा रहनु, दिगो विकास लक्ष्यले पनि यसलाई एक प्रमुख लक्ष्यको रूपमा राख्नु, स्वच्छ पानी उपयोग सम्बन्धी जनचेतना वृद्धि हुनु आदि प्रमुख अवसर र सम्भावनाहरू हुन् ।

## ६. सोच

सहज, स्वच्छ र सर्वयाम खानेपानी तथा दिगो सरसफाइ सेवा ।

## ७. लक्ष्य

आधारभूत खानेपानी र सरसफाइ सेवाको सुनिश्चित गरी जनस्वास्थ्यमा सुधार गर्ने ।

## ८. उद्देश्य

१ सबै घरधुरीहरूमा स्वच्छ खानेपानीको सहज र सर्वयाम आपूर्ति गर्ने,

२ व्यवस्थित ढल निर्माण र सबै घरधुरीमा सुरक्षित शौचालय सुविधा पुर्‍याउने ।

## ९. रणनीति तथा कार्यनीति

**उद्देश्य १: सबै घरधुरीहरूमा स्वच्छ खानेपानीको सहज र सर्वयाम आपूर्ति गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.६.१<br>प्रदेशका शतप्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुऱ्याउने। | १ खानेपानी वितरण प्रणालीलाई वैज्ञानिक बनाइने छ ।<br>२ आधारभूत खानेपानीको सुविधा नपुगेका तथा सुख्खाग्रस्त क्षेत्रहरूमा लिफ्टिङ तथा पम्पिङ प्रविधिमा आधारित खानेपानी आयोजना सञ्चालन गरिने छ ।<br>३ सहर र सहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तर वृद्धि तथा सर्वयाम बनाइने छ ।<br>४ खानेपानी आयोजनाहरूको निर्माण तथा नियमित मर्मतसम्भार गरिने छ।<br>५ स्थानीय तह तथा खानेपानी व्यवस्थापन बोर्ड लगायतका निकायहरूसँगको सहकार्यमा सहलगानीका खानेपानी आयोजनाहरू सञ्चालन गरिने छ ।<br>६ खानेपानी आयोजना निर्माण, मर्मतसम्भार तथा व्यवस्थापनमा वैकल्पिक स्रोत तथा जनशक्ति परिचालन गरिने छ ।<br>७ मुहानबाट प्रत्यक्ष पानी आपूर्ति गर्न सम्भावना नभएका क्षेत्रमा 'क्यास्केडिङ'को सम्भाव्यता अध्ययन गरिने छ । |
| ६.६.२<br>पानीका स्रोतहरूको संरक्षण गर्ने। | १ खानेपानीको मुहान तथा जलाधार क्षेत्रको संरक्षण गरिने छ ।<br>२ प्राचीन ढुङ्गेधारा, कुवा, इनार जस्ता पानी स्रोतहरूको संरक्षण तथा प्रवर्धन गरिने छ । |

**उद्देश्य २: व्यवस्थित ढल निर्माण र सबै घरधुरीमा सुरक्षित शौचालय सुविधा पुऱ्याउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.६.३<br>ढल निर्माण र प्रशोधन गर्ने । | १ शौचालयलाई सिधै ढलमा मिसाउने कार्यलाई निरूत्साहन गर्न स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>२ दूषित ढल प्रशोधनसम्बन्धी आयोजनाहरू सञ्चालन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ६.६.४ सुरक्षित शौचालय सुविधा विस्तार गर्ने । | १ सुरक्षित शौचालय सुविधा कम भएका स्थानीय स्थानीय तहहरूमा सुरक्षित सेप्टिक ट्याङ्कसहित शौचालय सुविधा विस्तार गरिने छ। |

## १०. प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | मन्त्रालय र अन्तर्गतका डिभिजन कार्यालयहरूबाट सम्भाव्यता अध्ययन भएका आयोजनाहरूको प्राथमिकीकरण सूचीसहित आयोजना बैङ्क तयार गरी आयोजनाहरू कार्यान्वयन | √ | √ | | | |
| २ | प्रादेशिक खानेपानी कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३ | प्रदेशिक खानेपानी गुणस्तर प्रयोगशालाहरूको स्थापना | | √ | | | |
| ४ | सुख्खा क्षेत्रहरूमा प्राकृतिक नाला, पोखरी तथा जलाधार क्षेत्रको संरक्षण र सुकेका स्रोतहरूको पुनर्उत्थानका लागि जलसम्भाव्य भूअध्ययन तथा नक्साङ्कनमा आधारित संरक्षण तथा पुनरोत्थान कार्यहरू बारे मापदण्ड | | √ | | | |
| ५ | सुख्खाग्रस्त क्षेत्रहरूमा पम्पिङ/लिफ्टिङ खानेपानी आयोजना कार्यक्रम | √ | √ | √ | √ | √ |
| ६ | आर्सेनिक प्रदूषण भएका बस्तीहरूमा आर्सेनिकमुक्त खानेपानीको लागि विशेष कार्यक्रम | √ | √ | √ | √ | √ |
| ७ | खानेपानी गुणस्तर सुधार कार्यक्रम | √ | √ | √ | √ | √ |
| ८ | सहलगानी खानेपानी कार्यक्रम | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ९ | प्राचिन ढुङ्गेधारा, स्रोत संरक्षण तथा भूमिगत जल व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम | √ | √ | √ | √ | √ |
| १० | खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयारी कार्यक्रम | √ | √ | √ | √ | √ |
| ११ | आकासे पानी सङ्कलन तथा पोखरी संरक्षित कार्यक्रम | √ | √ | √ | √ | √ |
| १२ | ढल निर्माण कार्यक्रम | √ | √ | √ | √ | √ |
| १३ | राजमार्ग लगायत सार्वजनिक स्थानमा सार्वजनिक शौचालय निर्माण कार्यक्रम | √ | √ | √ | √ | √ |
| १४ | विपद् कालमा खानेपानी तथा सरसफाइ तयारी कार्य | √ | √ | √ | √ | √ |
| १५ | Fecal sludge व्यवस्थापन प्रणाली अध्ययन तथा विकास | √ | √ | √ | √ | √ |
| १६ | प्रदेश खानेपानी तथा सरसफाइ व्यवस्थापन सूचना प्रणाली (PWMIS) स्थापना | √ | √ | √ | √ | √ |
| १७ | मुलपानी खानेपानी तथा सरसफाइ आयोजना | √ | √ | | | |
| १८ | तादीखोला नुवाकोट दरबार क्षेत्र लिफ्ट खानेपानी | √ | √ | | | |
| १९ | पदमपोखरी खानेपानी आयोजना, हेटौंडा | √ | √ | | | |
| २० | दुधौली वृहत खानेपानी आयोजना सिन्धुली | | | √ | √ | |
| २१ | भोटेचौर वृहत खानेपानी योजना | | | √ | √ | |
| २२ | ३०० धारा खानेपानी योजना | | | √ | √ | |
| २३ | फलाखु खोला बोगरीटार कैदलेटार बेत्रावती खानेपानी आयोजना | | | √ | √ | |
| २४ | इन्द्रावती कोलाचौर लिफ्ट खानेपानी योजना | | | | √ | √ |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| २५ | सिस्नेरी खोला देखि देउराली डाँडासम्म लिफ्ट खानेपानी आयोजना | | | | √ | √ |
| २६ | वैधिकनगर चिसापानी खानेपानी आयोजना | | | | √ | √ |
| २७ | सुरक्षित शौचालय सुविधा कम भएका स्थानीय स्थानीय तहहरूमा सुरक्षित सेप्टिक टयाङ्कसहित शौचालय सुविधा विस्तार | | √ | √ | √ | √ |

## ११. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा प्रदेशका सुख्खाग्रस्त क्षेत्र लगायत शतप्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुगेको हुने छ । त्यस्तै सम्पन्न भएका वा निर्माणाधीन खानेपानी आयोजनाहरूबाट प्रदान गरिने खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तरको मापदण्ड अनुरूपको हुने छ । प्राचीन ढुङ्गेधारा, कुवा, इनार लगायतका पानीका स्रोत संरक्षण भएको हुने तथा सुक्दै गएका पानीका मुहानहरूको पुनर्उत्थान तथा पुनर्भरण भएको हुने छ । सहर तथा सहरोन्मुख क्षेत्रमा ढल प्रणालीको विकास भई पर्यावरणीय स्वच्छता कायम भएको हुने छ। त्यस्तै राजमार्ग लगायत सार्वजनिक स्थलहरूमा शौचालयको सुविधा उपलब्ध भएको हुने छ ।

# परिच्छेद - सात
# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ७.१ वन, जलाधार र जैविक विविधता

### १. पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्त्वपूर्ण योगदान रही आएको छ । देशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, घाँसपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन । पर्यटन आदिमा वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ।

### २. वस्तुस्थिति

नेपालमा रहेको कुल वन क्षेत्र ६१ लाख ६६ हजार ७६६ हेक्टरमध्ये बागमती प्रदेशको हिस्सा १८.७ प्रतिशत अर्थात ११ लाख ५४ हजार ६८५ हेक्टर रहेको छ । बागमती प्रदेशमा संरक्षित सामुदायिक वन र कबुलियती वनको सङ्ख्या क्रमशः ४ हजार ४८९ र ३ हजार ३३७ रहेको छ ।

वनमा हाल कराडौं मूल्यका र घरायसी प्रयोजनका लागी उपयोग हुने काठहरू खेर गैरहेका छन् भने वार्षिक रूपमा करिब रु. १७ अर्बको काठ तथा फर्निचरहरू आयात हुने गरेको स्थिति छ । यसैले वनका काष्ठ तथा गैरकाष्ठ (जडीबुटी लगायत) उत्पादनहरूको सदुपयोग गर्न सक्ने हो भने आयात प्रतिस्थापन तथा काठको उपयोगबाट प्रदेशको आन्तरिक आयमा उल्लेख्य वृद्धि गर्न सकिन्छ ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजना अवधिमा केही सार्वजनिक खाली जग्गाहरूमा फलफूल जडीबुटी लगाउने, सामुदायिक तथा कवुलियती वन क्षेत्रमा तुलनात्मक लाभ हुने उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावार खेती प्रवर्धन भएको छ । साथै, कृषि वन जस्ता वैकल्पिक जीवनयापन उपायको प्रवर्धन, रैथाने वनस्पति, जडीबुटी र सुगन्धित फूलहरूको संरक्षण विस्तार भएको तथा वन डँढेलो नियन्त्रण तथा पूर्व तयारी क्षमता विकासका कार्यक्रमहरू सम्पन्न भएको छ ।

### ४. समस्या तथा चुनौती

वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता वृद्धि र जिम्मेवारी वोध गराउने तथा मुलुकको भौतिक एवम् आर्थिक-सामाजिक विकास र वन संरक्षण कार्यकाबिच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् । त्यस्तै वनको प्राविधिक

क्षमताअनुसार वनबाट उत्पादन हुन सक्ने सेवा र वस्तु उत्पादन हुन नसक्नु, राष्ट्रिय निकुञ्ज आसपासका बस्तीहरूमा मानव तथा वन्यजन्तुबिच हुने आपसी द्वन्द्व तथा जोखिम न्यूनीकरण पनि मुख्य चुनौतीको रूपमा रहेको छ । यसका अतिरिक्त वन फँडानीबाट हुने जलवायु परिवर्तन न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम, सञ्चालन गर्नु थप चुनौतीहरू हुन् ।

**५. अवसर तथा सम्भावना**

वनले ओगटेको भूभाग वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चितिको फाइदा पुग्ने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलस्रोत अभिवृद्धि र कृषि विकासमा टेवा पुऱ्याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् ।

वनक्षेत्रभित्र जडीबुटी उत्पादन तथा सङ्कलन कार्यलाई विकास गर्दै आयआर्जन वृद्धि गर्न सक्ने सम्भावना रहेको छ । वन उद्योगका लागि कच्चा पदार्थ, जडीबुटी उत्पादन तथा पर्यटनसँग पनि जोड्न सकिन्छ । साथै वन, सिमसार तथा संरक्षित क्षेत्र जैविक विविधता संरक्षणका दृष्टिले पनि ज्यादै महत्त्वपूर्ण हुन्छ । वन र जलाधारको एकीकृत व्यवस्थापन गरेर भूक्षय नियन्त्रण गर्न सकिन्छ ।

**६. सोच**

उत्पादनशील वन तथा जलाधार र जैविक विविधताको दिगो संरक्षण ।

**७. लक्ष्य**

वन, जलाधार र पारिस्थितिकीय प्रणालीको एकीकृत व्यवस्थापन र वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

**८. उद्देश्य**

१ वनमा आधारित उत्पादन वृद्धि हुने गरी दिगो वन व्यवस्थापन गर्ने,
२ जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन गर्ने,
३ वनक्षेत्रमा आधारित जैविक विविधताको संरक्षण गर्ने।

## ९. रणनीति तथा कार्यनीति

**उद्देश्य १: वनमा आधारित उत्पादन वृद्धि हुने गरी दिगो वन व्यवस्थापन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ७.१.१<br>वन क्षेत्र संरक्षण गर्ने । | १. वन क्षेत्र अतिक्रमण र वन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. चुरेसहित वनक्षेत्रका खाली ठाउँहरूमा वृक्षारोपण गरिने छ ।<br>३. उच्च प्रविधिको नर्सरीको प्रवर्धन गरिने छ।<br>४. वन क्षेत्रलाई आर्थिक समृद्धिको एक आधारको रूपमा स्थापित गरी वन क्षेत्रको विकास संरक्षण गर्न आवश्यक कानुनी व्यवस्था गरिने छ । |
| ७.१.२<br>वन पैदावारको उपयोग गर्ने । | १. वनमा रहेका काष्ठ र गैरकाष्ठ पैदावारको व्यवस्थित तवरबाट उपयोग गरिने छ।<br>२. वन क्षेत्रलाई जडीबुटी उत्पादनको लागि उपयोग गरी आयआर्जन वृद्धि गरिने छ।<br>३. सरकारी भवन निर्माणमा अनिर्वाय रूपमा स्वदेशी काठबाट बनेका चौकोस, झ्यालढोका प्रयोग गरिने छ। त्यस्तै सरकारी कार्यालयहरूमा स्वदेशी काठबाट उत्पादित फर्निचर प्रयोग गर्ने व्यवस्था गरिने छ । |

**उद्देश्य २: जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ७.१.३<br>जलाधार क्षेत्रको संरक्षण र उपयोग गर्ने। | १. जलाधारको उपल्लो तथा तल्लो तटीय क्षेत्रको अन्तरसम्बन्धलाई ध्यानमा राखी संवेदनशील जलाधार क्षेत्रको संरक्षण र उपयोग गरिने छ।<br>२. घना मानव बस्तीमा मासिंदै गएका जलाधारहरूको पुनरुत्थान गरिने छ र संवेदनशील जलाधारको संरक्षण तथा विकासका लागि विशेष जलाधार क्षेत्र घोषणागरी भूउपयोगको आधारमा व्यवस्थापन गरिने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ७.१.४<br>जलाधार क्षेत्रको संरक्षण र उपयोगका लागि समन्वय र सहकार्य गर्ने । | १. सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्यमा इन्द्र सरोवर लगायतका संवेदनशील ठुला जलाधार क्षेत्रको संरक्षण र उपयोगको लागि गरिने छ ।<br>२. स्थानीय तह र समुदायसँगको समन्वय र सहकार्यमा साना जलाधार क्षेत्रहरूको संरक्षण र उपयोगका गरिने छ । |

**उद्देश्य ३: वन क्षेत्रमा आधारित जैविक विविधताको संरक्षण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ७.१.५<br>वन क्षेत्रमा आधारित जैविक विविधताको अभिलेख राख्ने । | १. वन क्षेत्रमा आधारित जैविक विविधताको दृष्टिले संवेदनशील क्षेत्रहरूको पहिचान र अध्ययन गरी सोको अभिलेख राखिने छ।<br>२. जैविक विविधता संरक्षण रणनीति तर्जुमा गरी कार्यान्वयन गरिने छ। |
| ७.१.६<br>वन्य जीवजन्तुको भोजन र बासस्थानको संरक्षण गर्ने । | १. वनक्षेत्रमा जमिन मुनीको पानीको पुनर्भरण र जीव र जन्तुको लागि पानीको व्यवस्था गर्न पोखरी र सिमसार क्षेत्रहरूको निर्माण र संरक्षण गरिने छ।<br>२. वन्य जीव जन्तुका लागि वन क्षेत्रमा घाँस र फलफूलको बिज छर्ने र वृक्षरोपण गरिने छ |
| ७.१.७<br>मानव तथा वन्यजन्तुबिच हुने आपसी द्वन्द्व तथा जोखिम न्यूनीकरण गर्ने । | १. बाँदर लगायत वन्य जीवजन्तु र मानवबिचको द्वन्द्व नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गरिने छ ।<br>२. प्रदेश र यससँग जोडिएका प्रदेशहरूको संरक्षित क्षेत्र तथा निकुञ्जहरूलाई जोड्ने मौजुदा वन क्षेत्र र नदीहरूलाई वन्यजन्तु आवत-जावत गर्न मिल्ने जैविकमार्गको विकास गरिने छ ।<br>३. वन क्षेत्रमा सडक निर्माण गर्दा वन्यजन्तु वारपार गर्न सक्ने सुरूङ मार्ग वा पुल निर्माण गरिने छ।<br>४. वन्यजन्तुबाट हुने मानवीय तथा बालीनाली क्षतिबापत पीडितलाई उचित राहत र बिमाको व्यवस्था गरिने छ। |

## १०. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | वन क्षेत्र अतिक्रमण तथा वन डढेलो नियन्त्रण कार्यक्रम | √ | √ | √ | √ | √ |
| २ | चुरेसहित वनक्षेत्रका खाली ठाउँहरूमा वृक्षारोपण | √ | √ | √ | √ | √ |
| ३ | उच्च प्रविधिको नर्सरी प्रवर्धन | √ | √ | √ | √ | √ |
| ४ | काष्ठ र गैरकाष्ठ पैदावारको उपयोग | √ | √ | √ | √ | √ |
| ५ | सरकारी कार्यालयमा स्वदेशी फर्निचरको व्यवस्था | √ | √ | √ | √ | √ |
| ६ | इन्द्र सरोवर लगायतका सम्बेदनशील जलाधार क्षेत्रको संरक्षण र उपयोग | | √ | √ | √ | √ |
| ७ | वन क्षेत्रमा जमिन मुनीको पानीको पुनर्भरण र जीव र जन्तुको लागि पानीको व्यवस्था गर्न पोखरी र सिमसार क्षेत्रहरूको निर्माण र संरक्षण | | √ | √ | √ | √ |
| ८ | जैविक विविधताको दृष्टिले संवेदनशील क्षेत्रहरूको पहिचान, अध्ययन र अभिलेख तयार | | √ | √ | √ | √ |
| ९ | वन्य जीव जन्तुका लागि वन क्षेत्रमा घाँस र फलफूलको बिज छर्ने र वृक्षरोपण | | √ | √ | √ | √ |
| १० | बाँदर लगायतका वन्य जीवजन्तु र मानवबिचको द्वन्द्व नियन्त्रण | √ | √ | √ | √ | √ |
| ११ | वन्यजन्तु आवत-जावत गर्न मिल्ने जैविकमार्गको विकास | | √ | √ | √ | √ |
| १२ | वन क्षेत्रमा सडक निर्माण गर्दा वन्यजन्तु वारपार गर्न सक्ने सुरूङ मार्ग वा पुल निर्माण | | | √ | √ | √ |
| १३ | वन्यजन्तुबाट हुने मानवीय तथा बालीनाली क्षतिबापत पीडितलाई राहत र बिमाको व्यवस्था | | √ | √ | √ | √ |

### ११. अपेक्षित उपलब्धिहरू

प्रदेशमा मुख्यतः प्रमुख सहरहरुको वायु लगायतका अन्य प्रदूषणको अवस्थामा कमी आएको हुने छ। नदीहरुमा हुने प्रदूषण गरी जलीय जीवहरुको सुरक्षा हुने छ । जलवायु परिवर्तनसम्बन्धी सचेतना वृद्धि र जलवायु परिवर्तनले स्वास्थ्यमा ल्याउने समस्याको पहिचान र नियन्त्रणमा पहल भएको हुने छ ।

## ७.२ वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन

### १. पृष्ठभूमि

वातावरण प्रदूषण विश्वव्यापी रूपमा देखा परेको एक प्रमुख समस्या हो भने जलवायु परिवर्तन आजको दिनमा मानव सभ्यताको लागि प्रमुख चुनौतीको रूपमा लिने गरिन्छ । द्रुत सहरीकरण भइरहेको परिप्रेक्ष्यमा ढल मिसिएका नदीनाला, धुलो मैलोयुक्त सडक, विभिन्न रसायनिक पदार्थ र विषादी मिसिएको माटो, छरपष्ट मिल्काइएको प्लाष्टिक र कागजहरू, जङ्गलमा थुपारिएको फोहरमैलाको थुप्रो आदिले वातावरणीय प्रदूषणका जटिल समस्यालाई प्रष्ट्याउँछ । यसबाट नागरिकको स्वास्थ्यलाई नकारात्मक असर पुऱ्याइरहेको मात्र नभई सामाजिक आर्थिक पक्षमा पनि ठुलो नोक्सान पुऱ्याइरहेको छ । यस सन्दर्भमा फोहरमैला व्यवस्थापन ऐन, २०६८, र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदूषण नियमन र हानीकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन र फोहरमैला व्यवस्थापन गरी स्वच्छ र स्वास्थ वातावरण कायम राख्ने जिम्मेवारी प्रदान गरेको छ ।

जलवायु परिवर्तनको असर वृद्धि हुदै जाँदा कृषि, जलस्रोत, वन, जैविक विविधता, स्वास्थ्य, पूर्वाधार र जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पारेको छ । नेपालमा कार्बन उत्सर्जनका कारण अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियसको दरले वृद्ध हुदै गएको छ । हिमाली क्षेत्र जस्तैः रसुवा, सिन्धुपाल्चोक, दोलखाका उच्च भागमा तापक्रम वृद्धिको दर अझै उच्च रहेको छ ।

### २. वस्तुस्थिति

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ । यस्तै प्रदेशलाई आवश्यक पर्ने वातावरण र प्रदूषणसम्बन्धी नीति तथा कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रयोगशालाहरूको स्थापना हानीकारक पदार्थहरूको नियमन र व्यवस्थापन आदि विषयवस्तुहरू प्रदेशको कार्यक्षेत्रभित्र पर्दछ । वायुको गुणस्तर कायम गर्नु, फोहरमैला व्यवस्थापन गर्नु, पानीको स्रोत संरक्षण, वनजङ्गल र हरियाली प्रवर्धन र वातावरणको सरसफाइ आदि गरी दिगो विकासका लक्ष्य प्राप्तिका लागि आवश्यक कार्य गर्नु जरुरी छ ।

कृषि गणना, २०७८ अनुसार कुल कृषक परिवारमा ३९.१ प्रतिशत कृषक परिवारको अनुभवमा जलवायु परिवर्तनले कृषिमा प्रभाव परेको छ । यसरी अनुभव गर्ने कृषक परिवारको ८४.३ प्रतिशतले उत्पादनमा कमी आएको, ६४.५ प्रतिशले रोग/किराको प्रकोपमा वृद्धि भएको, ५४.८ प्रतिशतले धेरै वा कम वर्षा हुने गरेको, २३.८ प्रतिशतले फल/फसलको आकारमा परिवर्तन आएको र २३ प्रतिशतले स्वादमा परिवर्तन आएको महसुस गरेका छन् ।

**३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा**

पहिलो आवधिक योजनामा जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लागि रणनीति, कार्यनीति र केही कार्यक्रमहरू तय गरिएका भएता पनि खासै उपलब्धि भएको पाइदैन। यस अवधिमा वातावरण अनुकूलनसम्बन्धी सूचकहरू पनि निर्धारण गरिएको पाइदैन ।

**४. चुनौती**

मानवीय क्रियाकलाप जस्तै, औद्योगिकीकरण, जैविक इन्धन प्रयोग गर्ने यातायातका साधनहरूको बढ्दो प्रयोग, र भौतिक पूर्वाधार विकासले वनजङ्गल विनाशबाट वातावरणलाई नकारात्मक प्रभाव पार्नुका साथै जलवायु पविर्तनका कारण हरितगृह ग्यासको उत्सर्जन गर्न टेवा पुर्‍याउने कार्य, विश्वव्यापीरूपमा बढ्दै गइरहेको छ । नेपालमा हरितगृह ग्यासको उत्सर्जन न्यून (०.०२७ प्रतिशत) मात्रामा छ तर यसको भौगोलिक अवस्थिति र प्राकृतिक अवस्थाले जलवायु परिवर्तन हुँदा ठुलो असर र नोक्सानी ब्यहोर्नु परेको अवस्था छ । बागमती प्रदेश पनि यसको चपेटामा रहेको हुँदा यसतर्फ सजग र असरलाई न्यूनीकरण गर्ने उपायहरू अवलम्बन गर्नु जरुरत छ ।

**५. अवसर**

दिगो विकास लक्ष्यहरू प्राप्तिमा प्रदेश सरकारको प्रतिबद्धता, स्वच्छ वातावरणमा बाच्न पाउने संवैधानिक हक जलवायु परिवर्तनको असर कम गर्न राष्ट्रिय अन्तरप्रदेश विकास साझेदारको सहयोग प्राप्त हुनु, जलवायु परिवर्तन र वातावरण संरक्षणमा बहुसरोकारको प्राथमिकता यस क्षेत्रका अवसर र सम्भावनाहरू हुन्।

**६. सोच**

वातावरण संरक्षण र जलवायु परिर्वतन अनुकूलन

**७. लक्ष्य**

वातावरणीय प्रदूषणलाई न्यूनीकरण गरी स्वच्छता कायम गर्ने तथा जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलका कार्य गर्ने ।

## ८. उद्देश्य

१ उद्योग र पूर्वाधार निर्माणलाई वातावरणमैत्री बनाउने,

२ स्थल, जल, वायु, माटो, ध्वनी, दृश्य लगायत सबै प्रकारका प्रदूषण न्यूनीकरण गर्ने,

३ जलवायु परिवर्तनसम्बन्धी विषयलाई पूर्वाधार, सामाजिक, आर्थिक क्षेत्रका विषयगत नीति तथा कार्यक्रममा आन्तरिकीकरण गर्ने,

४ जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: उद्योग स्थापना पूर्वाधार निर्माणलाई वातावरणमैत्री बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ७.२.१<br>वातावरण संरक्षणसम्बन्धी नीति, कानुन र मापदण्डको पालना गर्ने। | १. उद्योग स्थापना र पूर्वाधार निर्माण गर्दा प्रचलित वातावरण संरक्षणसम्बन्धी नीति, कानुन र मापदण्डबमोजिम गरिने छ ।<br>२. प्रदूषणको मापदण्ड तयार गरी प्रदुषकले आफूले गरेको प्रदूषणको असरलाई ब्यहोर्ने गरी व्यवस्था मिलाइने छ । |
| ७.२.२<br>अनुसन्धानमा आधारित वातावरणमैत्री प्रविधिको विकास र विस्तार गर्ने । | १. प्रदेश सरकार र स्थानीय तहद्वारा निर्माण गरिएका पूर्वाधारबाट वातावरण संरक्षणमा परेका सकारात्मक र नकारात्मक प्रभावहरूको अध्ययन गरिने छ ।<br>२. वातावरणमैत्री प्रविधि र पूर्वाधारसम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न अनुसन्धानमूलक संस्थाहरूलाई उत्प्रेरित र गरिने छ । |

**उद्देश्य २: स्थल, जल, वायु, माटो, ध्वनी, दृश्य लगायत सबै प्रकारका प्रदूषण न्यूनीकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ७.२.३<br>प्रदेशको वन तथा वातावरण मन्त्रालयको संस्थागत विकास गर्ने । | १. मन्त्रालयभित्र वातावरण हेर्ने एक शाखा स्थापना गरी सो को लागि आवश्यक जनशक्तिको व्यवस्था गरिने छ ।<br>२. जनशक्तिलाई आवश्यक प्रशिक्षण, वातावरण र जलवायु परिवर्तनसम्बन्धी दक्षता र सिप हासिल गर्ने व्यवस्था मिलाइने छ । |
| ७.२.४<br>स्थल, जल, वायु, माटो, ध्वनी, दृश्य लगायत सबै प्रकारको | १. सबै प्रकारका प्रदूषणहरूको नियन्त्रण र रोकथामका लागि आवश्यक नियम र मापदण्डहरू तयार गरी लागु गरिने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रदूषणको नियन्त्रण र रोकथाम गर्ने । | २. नियम र मापदण्डहरू लागु गर्न अनुगमनका साथै आवश्यक कारवाही गरिने छ ।<br>३. सम्बद्ध तहहरू र निकायहरूसँग समन्वय गरी प्रदूषण रोकथामका लागि आवश्यक कार्यक्रमहरू कार्यान्वयनमा सहकार्य गरिने छ । |
| ७.२.५<br>सहरी क्षेत्र एवम् औद्योगिक क्षेत्रको फोहरमैला व्यवस्थापनको उचित व्यवस्था मिलाउने । | १. सहरी क्षेत्र तथा औद्योगिक क्षेत्रको फोहरमैला व्यवस्थापनका लागि नवीन प्रविधिहरूको प्रयोग प्रोत्साहन गरिने छ ।<br>२. सहरी क्षेत्र एवम् औद्योगिक क्षेत्रको फोहरमैला व्यवस्थापनसम्बन्धी मापदण्ड पालनाको अनुगमन गरिने छ। |

**उद्देश्य ३: जलवायु परिवर्तनसम्बन्धी विषयलाई पूर्वाधार, सामाजिक, आर्थिक क्षेत्रका विषयगत नीति तथा कार्यक्रममा आन्तरिकीकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ७.२.६<br>जलवायु अनुकूलन कार्यहरूलाई NDC र NAP प्राथमिकताहरूसँग तादात्म्यता मिलाउने । | १. जलवायु अनुकूलन कार्यहरूलाई NDC र NAP प्राथमिकताका आधारमा प्रदेशस्तरका कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।<br>२. हरित जलवायु कोष तथा अन्य जलवायु कोषहरूबाट अनुदान प्राप्त गर्नेतर्फ जोड दिइने छ । |
| ७.२.७<br>जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसम्बन्धी रणनीतिक योजना तर्जुमा गर्ने । | १. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनलाई सबै नीति र योजनामा आन्तरिकीण गर्नका लागि मन्त्रालय र निकायहरूसँगको सहकार्यमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन रणनीतिक योजना तर्जुमा गरिने छ ।<br>२. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन रणनीतिक योजना कार्यान्वयनका लागिसम्बन्धी सबै मन्त्रालय र निकायलाई अभिमुखीकरण गरिने छ । |
| ७.२.८<br>जलवायु अनुकूलन र न्यूनीकरण योजना तर्जुमा र कार्यान्वयनमा सबै स्थानीय सरकारसँग सहकार्य गर्ने । | १. जलवायुमैत्री भूउपयोग योजना तर्जुमा र कार्यान्वयनमा पालिकाहरूसँग सहकार्य गरिने छ ।<br>२. जलवायु न्यूनीकरण र अनुकूलनसम्बन्धी जनजागरण, कार्यान्वयनमा पालिका सरकारहरूसँग सहकार्य गरिने छ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ३. जलवायु परिवर्तनको उच्च जोखिममा रहेका सीमान्तकृत समुदाय, आदिवासी जनजाती लक्षित जलवायु जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने छ । |
| ७.२.९<br>आकासे पानी सङ्कलनलाई जलाधार व्यवस्थापनमा एकीकृत गर्ने । | १. वनजङ्गल, सुख्खा पहाडी क्षेत्रहरूमा आकासे पानी सङ्कलन गर्ने, पानी पोखरीहरू निर्माण गरी जमिन पुनःभरण गर्नका लागि स्थानीय तहहरूलाई सहजीकरण गरिने छ । |

**उद्देश्य ४: जलवायु परिवर्तन न्युनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने ।**

| रणनीति | कार्यनीति |
| --- | --- |
| ७.२.१०<br>जलवायु परिवर्तनको असर, जोखिम र समाधानका उपायसम्बन्धी अध्ययन अनुसन्धान र कार्यक्रम सञ्चालन गर्ने । | १. जलवायु परिवर्तनसम्बन्धी अनुसन्धान गर्ने संस्थाहरू पहिचान गरी जलवायु परिवर्तनले मानव र प्राकतिक स्रोतमा पर्ने असर र समाधानसम्बन्धी अध्ययन अनुसन्धान गराइने छ।<br>२. वनजङ्गल, सुख्खा पहाडी क्षेत्रहरूमा आकासे पानी सङ्कलन गर्ने, पानी पोखरीहरू निर्माण गरी जमिन पुनःभरण गर्नका लागि स्थानीय तहहरूलाई सहजीकरण गरिने छ । |

## १०. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | वातावरण संरक्षणको लागि प्रदुषकले नै ब्यहोर्ने संयन्त्रको विकास एवम् सञ्चालन | √ | √ | √ | √ | √ |
| २ | प्रदेश सरकार र स्थानीय तहद्वारा निर्माण गरिएका पूर्वाधारबाट वातावरण संरक्षणमा परेका सकारात्मक र नकारात्मक प्रभावहरूको अध्ययन | | √ | | | |
| ३ | वातावरणमैत्री प्रविधि र पूर्वाधारसम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न अनुसन्धानमूलक संस्थाहरूलाई उत्प्रेरणा प्रदान | √ | √ | √ | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ४ | मन्त्रालयभित्र वातावरण हेर्ने एक शाखा स्थापना गरी सो को लागि आवश्यक जनशक्तिको व्यवस्था | √ | √ | √ | √ | √ |
| ५ | जनशक्तिलाई आवश्यक प्रशिक्षण, वातावरण र जलवायु परिवर्तनसम्बन्धी दक्षता र सिप हासिल गर्ने व्यवस्था | √ | √ | √ | √ | √ |
| ६ | प्रदूषण रोकथामका लागि आवश्यक कार्यक्रमहरू कार्यान्वयनमा सहकार्य | √ | √ | √ | √ | √ |
| ७ | सहरी क्षेत्र तथा औद्योगिक क्षेत्रको फोहरमैला व्यवस्थापनका लागि नवीन प्रविधिहरूको प्रयोग प्रोत्साहन | | √ | √ | √ | √ |
| ८ | सहरी क्षेत्र एवम् औद्योगिक क्षेत्रको फोहरमैला व्यवस्थापनसम्बन्धी मापदण्ड पालनाको अनुगमन | | √ | √ | √ | √ |
| ९ | जलवायु अनुकूलन कार्यहरूलाई NDC र NAP प्राथमिकताका आधारमा प्रदेशस्तरका कार्यक्रमहरू कार्यान्वयन | √ | √ | √ | √ | √ |
| १० | जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनलाई सबै नीति र योजनामा आन्तरिकीण गर्नका लागि मन्त्रालय र निकायहरूसँगको सहकार्यमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन रणनीतिक योजना तर्जुमा | √ | √ | | | |
| ११ | जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन रणनीतिक योजना कार्यान्वयनका लागिसम्बन्धी सबै मन्त्रालय र निकायलाई अभिमुखीकरण | | √ | | | |
| १२ | जलवायु मैत्री भूउपयोग योजना तर्जुमा र कार्यान्वयनमा पालिकाहरूसँग सहकार्य | | √ | √ | √ | √ |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १३ | वनजङ्गल, सुख्खा पहाडी क्षेत्रहरूमा आकासे पानी सङ्कलन गर्ने, पानी पोखरीहरू निर्माण गरी जमिन पुनःभरण गर्नका लागि स्थानीय तहहरूलाई सहजीकरण | √ | √ | √ | √ | √ |
| १४ | जलवायु परिवर्तनको उच्च जोखिममा रहेका सीमान्तकृत समुदाय, आदिवासी जनजाती लक्षित जलवायु जोखिम न्यूनीकरण कार्यक्रम | √ | √ | √ | √ | √ |

## ११. अपेक्षित उपलब्धि

प्रदेशमा मुख्यतः प्रमुख सहरहरूको वायु लगायतका अन्य प्रदूषणको अवस्थामा कमी आएको हुने छ । अस्पताल तथा उद्योगहरूबाट निस्कने हानिकारक फोहरको छुट्टै व्यवस्था भएको हुने छ । नदीहरूमा हुने प्रदूषण गरी जलीय जीवहरूको सुरक्षा हुने छ । वैज्ञानिक र दीर्घकालीन रूपले फोहरमैला व्यवस्थापन भएको हुने छ । जलवायु परिवर्तनसम्बन्धी सचेतना वृद्धि र जलवायु परिवर्तनले स्वास्थ्यमा ल्याउने समस्याको पहिचान र नियन्त्रणमा पहल भएको हुने छ । त्यस्तै बागमती प्रदेश प्लाष्टिकरहित हुने छ ।

# परिच्छेद - आठ
# यातायात व्यवस्थापन

## १. पृष्ठभूमि

यातायात आर्थिक विकासको अभिन्न अङ्ग हो र यसले मुलुकको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मानिसहरूको आवागमन तथा कच्चा पदार्थ, मेसिन एवं उत्पादित वस्तुको ओसारपसार छिटो, छरितो र सहज रूपमा पुऱ्याउन प्रभावकारी यातायात व्यवस्थापन जरुरी हुन्छ ।

नेपालको संविधानले यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गतामैत्री बनाउने उल्लेख छ ।

सडक सञ्जालको विस्तार र सवारी साधनहरूको उपलब्धताले मात्र सार्वजनिक यातायात व्यवस्थित हुन नसक्ने हुँदा सर्वसुलभ, सुरक्षित, गुणस्तरीय, स्थान विशेष वितरण (Spatial Distribution), वातावरणमैत्री तथा लागत प्रभावी सेवाको लागि सरकारी निकायहरूको संस्थागत क्षमता अभिवृद्धिका साथै निजी क्षेत्रका यातायात व्यवसायीहरूको भूमिकालाई अझै बढी जिम्मेवार र यात्रुमैत्री बनाउनु आवश्यक छ ।

## २. वस्तुस्थिति

प्रदेशका सबै जिल्ला तथा अधिकांश स्थानीय तहहरूमा सडक सञ्जालको विस्तार भइसकेको छ । प्रदेशमा दर्ता भएका सवारी साधानको सङ्ख्या १५ लाख ४० हजारभन्दा बढी पुगेका छन् । त्यस्तै बागमती प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा सवारी साधन करबाट प्राप्त राजस्व रु. ५ अर्ब ८६ करोड थियो भने आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनाको राजस्व रु. ४ अर्ब ४८ करोड रहेको थियो।

## ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन २०७५, सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि, २०७८, सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षास्थल (छनोट र सञ्चालन) कार्यविधि, २०७८, सार्वजनिक यात्रुबाहक विद्युतीय ट्याक्सी सेवाको व्यवस्था, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ र प्रदेशभित्र सञ्चालन हुने (ट्याक्सीबाहेकका) साना यात्रुबाहक सार्वजनिक सवारी साधनको गुणस्तर, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ जारी भएका छन्।

## ४. समस्या तथा चुनौती

प्रदेशमा सवारी साधनको अत्याधिक चाप र वृद्धिसँगै यसको उचित व्यवस्थापन गर्नु, बढ्दो सवारी दुर्घटना, सहरी क्षेत्रमा सवारी साधनबाट हुने ध्वनि तथा वायु प्रदूषण र ट्राफिक जामको समस्या, पुराना सवारी साधनहरूको व्यवस्थापन, सार्वजनिक यातायातलाई गुणस्तरीय एवम् पहुँचयोग्य तुल्याउनु, अदृश्यरूपमा कायमै रहेको सिन्डिकेट प्रणाली हटाउनु, यातायात क्षेत्रमा सम्बद्ध निकायबिच समन्वय कायम गर्नु, यातायातको अनुगमन कार्यलाई थप प्रभावकारी तुल्याउनु र यातायात कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई नागरिकमैत्री बनाउनु आदि यातायात क्षेत्रको समस्या तथा चुनौतीका रूपमा रहेका छन्।

कतिपय भौगालिक कठिनाई र विकटता एवं प्राकृतिक प्रकोपका कारणले पनि यातायातको विकास अवरुद्ध हुने गर्छ ।

## ५. अवसर तथा सम्भावना

आधुनिक र सुविधा सम्पन्न सवारी साधनहरू वृद्धि हुनु, वातावरणमैत्री सवारी साधन सञ्चालनको थालनी हुनु, सार्वजनिक यातायात पहुँचयोग्य हुँदै जानु तथा यातायात व्यवस्थापनबाट प्रदान गरिने सेवाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा वृद्धि हुनु प्रमुख अवसरहरू हुन् । ठुला सहरहरूमा वैकल्पिक यातायातको सम्भाव्यता अध्ययन हुनु आदि यातायात व्यवस्थापनमा अवसरहरू रहेका छन् ।

## ६. सोच

दिगो यातायात व्यवस्थापन प्रणाली

## ७. लक्ष्य

यातायात सेवा सहज, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री बनाउने ।

## ८. उद्देश्य

१ यातायात प्रणालीलाई वैज्ञानिक तथा यात्रुमैत्री बनाउने,

२ यातायात सेवा प्रदायकहरूलाई दिइने सेवा सहज तथा आवश्यक पूर्वाधारको व्यवस्था गर्ने,

३ वातावरणमैत्री सवारी साधनलाई प्रोत्साहन गर्ने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: यातायात व्यवस्थापन प्रणालीलाई वैज्ञानिक तथा यात्रुमैत्री बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ८.१.१<br>यातायात व्यवस्थापनलाई पूर्ण स्वचालित बनाउने । | १ प्रादेशिक सडक तथ्याङ्क तथा सूचना प्रणाली तथा सवारी अभिलेखहरू डिजिटलाइज्ड गरिने छ ।<br>२ सार्वजनिक सवारी साधनमा नगदरहित भुक्तानी प्रणाली लागु गरिने छ।<br>३ सवारी चालक अनुमतिपत्र स्मार्टकार्ड छपाई गरी वितरण गरिने छ ।<br>४ सवारी चालक अनुमतिपत्रको परीक्षा प्रणालीलाई व्यवस्थित तथा पारदर्शी बनाउन स्वचालित सवारीचालक परीक्षा केन्द्रहरू स्थापना गरिने छ । |
| ८.१.२<br>सार्वजनिक यातायात यात्रुमैत्री बनाउने। | १ सार्वजनिक यातायात तथा ढुवानीलाई सरल, मितव्ययी, उपभोक्तामैत्री बनाइने छ ।<br>२ सार्वजनिक यातायात सेवालाई सुरक्षित र समावेशी बनाउन महिला सवारी चालकहरूलाई प्रोत्साहन गरिने छ । |

**उद्देश्य २: यातायात सेवा प्रदायकहरूलाई दिइने सेवा सहज तथा आवश्यक पूर्वाधारको व्यवस्था गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ८.१.३<br>यातायात सेवा प्रदायकहरूलाई आवश्यक पूर्वाधारको व्यवस्था गर्ने । | १ वर्कशपहरूलाई नियमको दायरामा ल्याइनुका साथै व्यवस्थित रूपमा वर्कसप सञ्चालनका लागि सहरी |

| रणनीति | कार्यनीति |
|---|---|
| | क्षेत्रमा अटोल्यान्डको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। |
| | २ सहरी क्षेत्रमा व्यवस्थित पाकिङ्गस्थलको निर्माण र विस्तार गरिने छ । |
| | ३ सवारी मर्मत कार्यलाई सरलीकृत गर्न निश्चित स्थानमा टुलबैङ्कहरूको स्थापना गरिने छ । |
| | ४ लामो दुरीका सवारी साधनहरूको लागि उपयुक्त दुरीमा आवश्यक सुविधासहितको (फ्युल तथा चार्जिङ स्टेशन, शौचालय, बैङ्किङ तथा इन्टरनेट, चमेनागृह) विश्रामस्थल तथा सहरी क्षेत्रमा बसस्टेशन र पर्किङस्थलको व्यवस्था गरिने छ । |
| | ५ सवारी चालक प्रशिक्षण केन्द्रहरूलाई निश्चित मापदण्डसहित सञ्चालन हुने गरी नियमनको दायरामा ल्याइने छ । |
| | ६ प्राथमिकता प्राप्त सडकहरूमा GPS, Intelligent Transportation System, ITS, Digitsl System, CCTV को प्रयोग एवं सुरक्षा व्यवस्था सुदृढ गर्ने । |
| | ७ सवारी चालक अनुमतिपत्रको परीक्षा प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन स्वचालित सवारी चालक परीक्षा केन्द्रहरू स्थापना गर्दै लगिने छ। |
| | ८ सार्वजनिक यातायात क्षेत्रलाई सुरक्षित र समावेशी बनाउन महिला सवारी चालकहरूको उत्पादन गरी रोजगारीमा आवद्ध गर्दै लगिने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ८.१.४<br>यातायात प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउने। | १ काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन इन्टेलिजेन्स ट्राफिक प्रणाली अवलम्बन गरिने छ ।<br>२ सार्वजनिक यातायात प्रणालीलाई रि-रुटिङ गरी मास ट्रान्जिटमुखी बनाइने छ।<br>३ प्रदेशका केही स्थानमा सवारी साधनको परीक्षण केन्द्र स्थापना गरिने छ ।<br>४ यातायात क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकास एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>५ सवारी चालकहरूको आवधिकरूपमा सिप परीक्षण गरिने छ ।<br>६ वर्कसपहरूलाई नियमनको दायरामा ल्याइनेछ ।<br>७ सडक दुर्घटना न्यूनीकरणको लागि सचेतनामुलुक कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>८ सवारी दुर्घटना न्यूनीकरण तथा सेवाको गुणस्तर सुधार गर्न सवारी अनुगमनलाई प्रभावकारी बनाइने छ ।<br>९ सडक दुर्घटना न्यूनीकरणका लागि सचेतना मूलक कार्यक्रमहरू तथा दुर्घटना पछि प्रारम्भिक उद्धार कार्यका सम्बन्धमा आवश्यक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>१० राइड शेयरिङ्ग, चार्जिङ्ग स्टेशन, रिकयिडसन हाउस तथा एसेम्बल हाउसहरूलाई नियमनको दायरामा ल्याइनेछ ।<br>११ प्रदेशको विद्यमान यातायात व्यवस्थापन सम्बन्धमा अध्ययन गरिने छ। |

**उद्देश्य ३: वातावरणमैत्री सवारी साधनलाई प्रोत्साहन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ८.१.५<br>वातावरणमैत्री सवारी साधनलाई प्रोत्साहन गर्ने । | १ विद्युतीय सवारी साधन उपयोगमा प्रोत्साहन गरिने छ ।<br>२ पेट्रोल तथा डिजेलबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गर्न प्रोत्साहन गरिने छ ।<br>३ सवारी प्रदूषण मापनका लागि स्वचालित प्रविधिको स्थापना गरिने छ।<br>४ निश्चित मापदण्ड बनाई पुराना सवारी साधनलाई विस्थापित गर्दै लगिने छ । |

**१०. प्रमुख कार्यक्रमहरू**

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | सवारी चालक अनुमतिपत्रको अनलाइन दरखास्त प्रणाली लागु | √ | √ | √ | √ | √ |
| २ | सवारी दर्ता प्रमाणपत्र र सवारी चालक अनुमतिपत्रलाई स्मार्ट कार्डमा परिणत | | | √ | √ | √ |
| ३ | सवारी तथा ट्राफिक व्यवस्थापन | √ | √ | √ | √ | √ |
| ४ | भेहिकल फिटनेस टेस्टिङ सेन्टर स्थापना | | √ | √ | √ | √ |
| ५ | रणनीतिक स्थानहरूमा ट्राफिक सङ्केत चिन्हहरू निर्माण तथा सिसिटिभी जडान | √ | √ | √ | √ | √ |
| ६ | ट्राफिकसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन | √ | √ | √ | √ | √ |
| ७ | सार्वजनिक यातायातमा महिला चालक प्रोत्साहन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ८ | यातायात प्रशासनको क्षमता विकास कार्यक्रम | √ | √ | √ | √ | √ |
| ९ | यातायात सम्बन्धी नीति कानुन र मापदण्ड अधवाधिक | √ | √ | | | |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १० | यातायात व्यवस्थापनसँग सम्बन्धित सबै प्रकारका भुक्तानीहरूलाई नगदरहित बनाउन आवश्यक प्रणालीको विकास | | √ | √ | | |
| ११ | सरल, मितव्ययी, उपभोक्तामैत्री यातायात तथा ढुवानी प्रणाली | √ | √ | √ | √ | √ |
| १२ | विद्युतीय सवारी साधनहरूको प्रयोगलाई प्रोत्साहन | √ | √ | √ | √ | √ |
| १३ | पेट्रोल डिजेलमा आधारित सवारीसाधनहरूलाई विद्युतीय सवारीमा रूपान्तरण गर्न प्रोत्साहन | | √ | √ | √ | √ |
| १४ | सवारी साधनसँग सम्बन्धित सबै विवरणहरू डिजिटलाइज्ड | √ | √ | √ | √ | √ |

## ११. अपेक्षित उपलब्धि

प्रदेशको यातायात प्रणाली वैज्ञानिक, सहज, सुलभ र सुरक्षित भएको हुने छ । साथै, यातायात प्रणाली यात्रुमैत्री, सेवाप्रदायक मैत्री र वातावरणमैत्री भएको हुने छ । सवारी साधनसँग सम्बन्धित सबै सूचना तथा तथ्याङ्क डिजिटलाइज्ड भएको हुने छ । स्मार्ट कार्ड छपाई तथा वितरण सहज भएको हुने छ। सार्वजनिक यातायातमा महिला सवारी चालकको सङ्ख्या वृद्धि भएको हुने छ ।

# परिच्छेद - नौ
# सुशासन, शान्ति सुरक्षा र सूचना तथा सञ्चार

## ९.१ सुशासन तथा शान्ति सुरक्षा

### १. पृष्ठभूमि

नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ । स्रोत साधनको अभ्यास तथा नीति, योजना र सेवा व्यवस्थापनलाई जवाफदेही बनाएर सुशासन प्रवर्धन गर्न संविधानले शासकीय तहहरूलाई निर्देश गरेको छ । जनतामा बढेको चेतना र राज्य संरचनाहरूको नागरिकमैत्री व्यवहार गर्ने रणनीति कार्यान्वयनमा ल्याउनु सुशासन प्रवर्धनको उद्देश्य हो । आन्तरिक तथा बाह्य निगरानी प्रणाली व्यवस्थापन, सेवा व्यवस्थापन र निर्णय प्रक्रियामा सूचना प्रविधिको अभ्यास, आर्थिक क्रियाकलापलाई विद्युतीय माध्यमबाट प्रसारण, महत्त्वपूर्ण कार्यहरूमा नागरिकसँग अन्तरक्रिया गर्ने प्रणालीको विकास आदिबाट सुशासन प्रवर्धनमा टेवा पुग्दछ ।

त्यस्तै प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्वसर्त हो । प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न र उच्च, फराकिलो र समावेशी आर्थिक विकासका लागिसमेत प्रभावकारी सुरक्षा व्यवस्था हुन आवश्यक छ ।

### २. वस्तुस्थिति

बागमती प्रदेश सरकारले सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न कार्यहरू गरिरहेको छ । प्रदेशमा हालसम्म मन्त्री तथा पदाधिकारीहरूको आचारसंहिता, २०७८ जारी भएको, प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको, प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९, प्रदेश सूचनाको हकसम्बन्धी ऐन, २०७६ जारी भएको छ । प्रदेश सरकारको आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन, २०७८ तथा वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ जारी भएको छ ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

योजनाको हालसम्मको अवधिमा विभिन्न क्षेत्रसँग सम्बन्धित ७८ ऐनहरू, १३ अध्यादेश, ५१ कार्यविधि, २५ नियमावली, ६ निर्देशिका, २ विनियमावली तथा ९ मापदण्ड तर्जुमा भएका छन् । त्यस्तै प्रदेश

राजपत्र र प्रदेश कानुन संग्रहको प्रकाशन भएको छ भने स्थानीय तहहरूमा न्यायिक सहजकर्ताको व्यवस्था गरिएको छ ।

## ४. चुनौती

कानुन निर्माण गर्दा सम्बन्धित सरोकारवालासँग पर्याप्त समन्वय नहुनु, कानुनको आवश्यकता पहिचान तथ्य तथा अनुसन्धानमा आधारित नहुनु र राय सङ्कलनको क्रममा मस्यौदा अध्ययनका लागि प्रशस्त समय नदिनुको कारण आवश्यकता अनुरूपको कानुन बन्न नसक्नु जस्ता समस्या छन् । त्यस्तै समयमा नै आवश्यक ऐन कानुन तर्जुमा गर्नु, कानुन कार्यान्वयनमा जटिलता, अन्तर निकाय समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु र समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा बढाउनु जस्ता चुनौती रहेका छन् ।

त्यस्तै शान्ति सुरक्षाको सन्दर्भमा संविधानले तोकेबमोजिम प्रदेशमा प्रहरी समायोजन नहुनु, स्थानीय प्रशासन ऐन प्रदेश अनुकूल नहुनु तथा सङ्घ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय नहुनु आदि शान्ति सुरक्षा व्यवस्थापनका समस्या हुन भने, सङ्घीय कानुनहरू समयमै नबन्नु, भरपर्दो सूचना सञ्जालको व्यवस्था गर्नु, सुरक्षाको लागि जिम्मेवार निकायहरूबिचको समन्वय कायम गर्नु चुनौतीका रूपमा रहेका छन् ।

## ५. अवसर

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्ने भन्ने संविधानको व्यवस्था, सार्वजनिक सेवामा सुशासन प्रवर्धन गर्ने विभिन्न ऐन र नियमहरूको व्यवस्था तथा सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग अवसरका रूपमा रहेका छन् ।

प्रदेश कानुनहरू बन्नु, प्रदेशले तर्जुमा गरेका कानुनहरूको प्रभावकारी कार्यान्वयन हुनु, तीनै तहका सरकारबिच समन्वय र सहकार्य बढ्दै जानु शान्ति सुरक्षाका लागि अवसर तथा सम्भावनाहरू हुन ।

## ६. सोच

सुशासनमैत्री र सुरक्षित प्रदेश ।

## ७. लक्ष्य

सुशासन र शान्ति सुरक्षा कायम गर्ने ।

## ८. उद्देश्य

१ सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने,

२ विधिको शासन प्रवर्धन र सुरक्षा प्रणालीलाई प्रविधिमैत्री बनाउने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ९.१.१ सार्वजनिक सेवा प्रवाहलाई जनमुखी तथा प्रभावकारी बनाउने । | १ सार्वजनिक सेवा प्रवाहलाई जनमुखी तथा प्रभावकारी बनाउन कानुनी, नीतिगत, संचरनागत र प्रणालीगत सुधार गरिने छ ।<br>२ सरकारी कार्यालयहरूको स्तरोन्नति गरी तथा नवीन प्रविधिहरूको प्रयोग गरी सार्वजनिक सेवामा नागरिक पहुँच र गुणस्तरमा वृद्धि गरिने छ ।<br>३ सेवा प्रवाह सुधारका लागि सेवा बडापत्रलाई बाध्यकारी बनाइने छ।<br>४ सेवा प्रवाहका क्षेत्रगत मानक तथा मापदण्ड निर्धारण गरी सेवाग्राहीप्रति गरिने व्यवहार शिष्ट र विनम्र बनाइने छ ।<br>५ सेवा व्यवस्थापनका संभाव्य क्षेत्रमा विद्युतीय विधिको उपयोग गरिने छ ।<br>६ बागमती प्रदेशभरी एकीकृत व्यवस्थापन सूचना प्रणाली लागु गरिने छ।<br>७ अन्तरसरकारी समन्वय र सहकार्यका उपायहरूको पहिचान गर्दै प्रभावकारी सञ्चारका |

| रणनीति | कार्यनीति |
|---|---|
| | माध्ययमबाट अन्तरसम्बन्धका विविध आयामहरूको सुदृढीकरण गरिने छ।<br>८ कानुनको आवश्यकता पहिचान गरी कार्यन्वयनयोग्य कानुन निर्माण गर्न अध्ययन अनुसन्धान गर्ने कार्यक्रम ।<br>९ प्रदेशको मानव संशाधन नीतिको तर्जुमा गरिने छ।<br>१० मानव संशाधन विकासका कार्यक्रमहरू ल्याइनेछ। |
| ९.१.२ सार्वजनिक आय र खर्च व्यवस्थापन लगायत समग्र सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाउने। | ११ सरकारद्वारा सम्पादन गरिने कार्यको अनुगमन र मूल्याङ्कनमा नागरिक अन्तरक्रिया समावेश गरी नागरिक विवेचना पद्धति अभ्यासमा ल्याइनेछ।<br>१२ सार्वजनिक खर्च, उपलव्धि र कार्यविधिहरूमा नागरिकलाई सुसूचित गर्ने व्यवस्था मिलाइने छ।<br>१३ सार्वजनिक सुनुवाइ कार्यक्रमको थालनी गरिने छ। |

**उद्देश्य २: विधिको शासन प्रवर्धन र सुरक्षा प्रणालीलाई प्रविधिमैत्री बनाउने गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ९.१.३<br>विधिको शासन प्रवर्धन गर्ने । | १ प्रदेशको एकल अधिकारसूची र साझा अधिकार सूचीमा रहेका विषयहरूसँग सम्बन्धित कानुन तर्जुमा गरिने छ ।<br>२ असमर्थ पक्षलाई निःशुल्क कानुनी सहायता प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।<br>३ सेवा प्रवाह र सुशासनसँग सम्बन्धित कानुनहरूको तर्जुमा र कार्यान्वयनमा सरोकारवालाको सहभागिता सुनिश्चित गर्न पहल गरिने छ। |

| | |
|---|---|
| ९.१.४<br>प्रदेशमा शान्ति सुरक्षा कायम गरी जनतालाई सुरक्षाको अनुभूति दिलाउने । | १ प्रदेश प्रहरी समायोजन, सञ्चालन र प्रदेशको सुरक्षासम्बन्धी कानुनहरूको परिमार्जन तथा तर्जुमा गरिने छ।<br>२ अनुसन्धान ब्युरो लगायत प्रदेशमा रहने सुरक्षा निकायहरूको समयानुकूल चुस्त र प्रभावकारी सङ्गठन संरचना तयार गरिने छ।<br>३ उद्योग, व्यवसाय, विकास आयोजना तथा पर्यटकको सुरक्षा व्यवस्थापन गरिने छ।<br>४ अपराध अनुसन्धान तथा अभियोजन प्रणालीलाई सुदृढ तथा वैज्ञानिक बनाउदै लगिने छ ।<br>५ प्रदेश सीमा नाकाको सुरक्षा व्यवस्था सुदृढ गरिने छ ।<br>६ विद्युतीय अपराध न्यूनीकरणका पहल गरिने छ।<br>७ द्वन्द्व पीडितहरूको सवलीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।<br>८ स्थानीय तह, सुरक्षा निकाय, पुनर्स्थापना केन्द्र तथा सरोकारवालाहरू सँगको समन्वयमा दुर्व्यसन न्यूनीकरण र अपराध नियन्त्रण गरिने छ।<br>९ कैदी बन्दीलाई उत्पादनशील र विकासका क्रियाकलापमा संलग्न गराउने कार्यमा प्रदेश सरकारबाट सहयोग गरिने छ।<br>१० मानवोचित सेवा सुविधा र भौतिक पूर्वाधारसहितको कारागार व्यवस्थापनमा प्रदेश सरकारबाट सहयोग गरिने छ ।<br>११ सवारी साधनको चाप बढी हुने स्थानमा आधुनिक प्रविधिसहितको भौतिक संरचना निर्माण गरिने छ ।<br>१२ प्रदेशभित्र ट्राफिक व्यवस्थापनमा प्रविधिको प्रयोग गरिने छ। |

## १०. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | प्रदेश सुरक्षा नीति तर्जुमा | √ | √ | | | |
| २ | सुरक्षा सम्बन्धी प्रदेशको सूचना नक्सा अभिलेख तथा दस्तावेजहरूलाई सुरक्षित एवं अद्यावधिक रूपमा राख्न आवश्यक सूचना प्रविधि संयन्त्रको निर्माण | √ | √ | √ | √ | √ |
| ३ | सुविधासम्पन्न अपराध अनुसन्धानको निम्ति प्रदेश विधिविज्ञान प्रयोगशालाको स्थापना | | √ | √ | | |
| ४ | सुरक्षा संवेदनशील स्थानमा आधुनिक प्रविधियुक्त सुरक्षा जाँच चौकीको स्थापना र आवश्यक स्थानहरूमा सी.सी. टी.भी. जडान | | √ | √ | √ | √ |
| ५ | विद्युतीय अपराध न्यूनीकरणका लागि कानुनको तर्जुमा | | √ | | | |
| ६ | लागुपदार्थ ओसारपसार तथा सेवन विरुद्धको कार्यक्रम | √ | √ | √ | √ | √ |
| ७ | घरेलु हिंसा रोकथामसम्बन्धी कार्यक्रम | √ | √ | √ | √ | √ |
| ८ | कैदीबन्दीहरूको सिप विकास अभिवृद्धि कार्यक्रम | √ | √ | √ | √ | √ |
| ९ | कारागारको भौतिक संरचनागत सुधार कार्यक्रम | √ | √ | √ | √ | √ |
| १० | योग ध्यान तथा मनोसामाजिक परामर्शसम्बन्धी कार्यक्रम | √ | √ | √ | √ | √ |
| ११ | सवारी दुर्घटना न्यूनीकरणको लागि योजना तर्जुमा | √ | √ | √ | √ | √ |
| १२ | विषयगत मन्त्रालयको समन्वयमा ट्रमा सेन्टरको स्थापना, एम्बुलेन्ससहितको Quick Response Team को गठन तथा परिचालन | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १३ | दुर्घटना हुन सक्ने क्षेत्रहरू पहिचान गरी नक्सांकन गर्ने र राजमार्गहरूमा होर्डिङ्ग बोर्ड लगायतका उपकरण राख्ने सम्बन्धमा सम्बन्धित निकाय र स्थानीय तहसँग समन्वय र सहकार्य | √ | √ | √ | √ | √ |
| १४ | सडक दुर्घटना न्यूनीकरणका लागि सवारीचालकहरूको क्षमता विकास र सरोकारवालाहरूलाई सचेतनामुलुक कार्यक्रम | √ | √ | √ | √ | √ |
| १५ | Traffic Management को लागि आवश्यक पर्ने Traffic Light, Radar gun, Breathalyzer, लागु औषध परीक्षण किट जस्ता प्रविधिहरूको प्रयोग, जडान तथा विस्तार | √ | √ | √ | √ | √ |
| १६ | अपराध अनुसन्धान तथा सुरक्षा सुदृढीकरण कार्यक्रम | √ | √ | √ | √ | √ |
| १७ | प्रहरी अस्पताल निर्माण कार्यक्रम | √ | √ | √ | √ | √ |
| १८ | प्रदेश र अन्य तहको साझा अधिकारमा रहेका विषयहरूको कार्यान्वयनका लागि सम्बन्धित तहहरूसँग समन्वय र सहकार्य | √ | √ | √ | √ | √ |
| १९ | प्रदेशमा निर्माण भएका कानुनहरूको कार्यान्वयन अवस्थाको अध्ययन गरी आवश्यकताअनुसार परिमार्जन | √ | √ | √ | √ | √ |
| २० | मन्त्रालयबाट सार्वजनिक सुनुवाइ कार्यक्रमको थालनी | √ | √ | √ | √ | √ |
| २१ | प्रदेशमा तर्जुमा भएका कानुनहरूमा सरोकारवालाहरूको पहुँच स्थापना | √ | √ | √ | √ | √ |
| २२ | कानुनको डिजिटाइजेसन गरी विद्युतीय प्रणालीमा आबद्ध | √ | √ | √ | √ | √ |
| २३ | कानुनको आवश्यकता पहिचान गरी कार्यान्वयनयोग्य कानुन निर्माण गर्न अध्ययन अनुसन्धान | √ | √ | √ | √ | √ |

### १०. अपेक्षित उपलब्धि

प्रदेश सुरक्षा समिति र जिल्ला सुरक्षा समितिको क्रियाशीलता अभिवृद्धि भई शान्ति सुरक्षा प्रवर्धन भएको हुने छ । सुरक्षा सम्बन्धी प्रदेशको सूचना नक्सा अभिलेख तथा दस्तावेजहरूलाई सुरक्षित एवं अद्यावधिक रूपमा राख्न आवश्यक सूचना प्रविधि संयन्त्रको निर्माण भएको हुने छ । अपराध अनुसन्धानको निम्ति प्रदेश विधिविज्ञान प्रयोगशालाको स्थापना भएको हुने, सुरक्षा संवेदनशील स्थानमा आधुनिक प्रविधियुक्त सुरक्षा जाँच चौकीको स्थापना र आवश्यक स्थानहरूमा सी. सी. टीभी जडान भएको हुने छ। सडक दुर्घटना र घरेलु हिंसा कम भएको हुने छ । कैदीबन्दीहरूको सिप विकास भएको र कारागारको भौतिक संरचनागत सुधार भएको हुने छ ।

## ९.२ सूचना तथा सञ्चार

### १. पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्बर्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको उपयोग गरी ग्रामीण एवम् सहरी क्षेत्रमा गुणस्तरीय, प्रतिस्पर्धी तथा विश्वसनीय सूचना प्रवाह गर्नु आवश्यक रहेको छ ।

### २. वस्तुस्थिति

नेपालको संविधानमा सञ्चारसम्बन्धी अधिकारः स्थानीय तहलाई एफ.एम सञ्चालन, प्रदेशलाई रेडियो, एफ.एम तथा टेलिभिजन सञ्चालन र सम्पूर्ण सञ्चार माध्यमसम्बन्धी सङ्घ र प्रदेशको साझा अधिकारको रूपमा रहेको छ । बागमती प्रदेशमा कुल २६८१ पत्रपत्रिका दर्ता भएका छन् । त्यस्तै आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशमा २९८ अनलाइन पत्रिका दर्ता भएका छन् ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजना अवधिमा प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन र नियमावली समायनुकुल परिमार्जन गरिएको छ । त्यस्तै एफएम रेडियो, टेलिभिजन, अनलाइन सञ्चारमाध्यम र पत्रकार परिचयपत्रलाई विद्युतीय प्रणालीमा आबद्ध गरिएको, सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको र सञ्चारकर्मीलाई परिचयपत्र वितरण तथा सोका आधारमा बिमा सुविधा उपलब्ध गराइएको छ । यस अवधिमा डिजिटल साक्षरता र साइवर सुरक्षा सम्बन्धित पुस्तक प्रकाशन गरी जनचेतना अभिवृद्धि गरिएको छ ।

## ४. चुनौती

आमसञ्चार माध्यमहरूलाई व्यावसायिक, प्रतिस्पर्धी, गुणात्मक, आधुनिक प्रविधियुक्त र विकेन्द्रित गर्दै स्वनिर्भर बनाउनु, ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्नु, विद्युतीय सञ्चार माध्यमको अनुगमन गर्नु, प्रसारण संस्थाले प्रसारण गर्ने विषयवस्तु, त्यसको गुणस्तर, त्यसमा गरेको लगानी, प्रयोग भएको प्रविधि र जनशक्तिको बारेमा अनुगमन गर्नु, सार्वजनिक निकायमा रहेको सूचनालाई डिजिटाइज्ड गरी अनलाइनबाट सूचना प्रवाह गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् । प्रविधि र इन्टरनेटको बढ्दो प्रयोगसँगै यसका सकारात्मक र नकरात्मक पक्ष केलाएर नयाँ कानुन बन्न नसक्दा साइबर सुरक्षा र डिजिटल प्रविधिको उपयोग चुनौतीपूर्ण बनेको छ ।

## ५. अवसर

सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, सेवा प्रभावकारिता बढाउन शासन संयन्त्रलाई बढी सहभागितामूलक एवम् पारदर्शी बनाउनु, निजी क्षेत्रका सञ्चार माध्यमहरूले देशव्यापी रूपमा प्रसारण गर्नु र इन्टरनेटको बढ्दो प्रयोग आदि यस क्षेत्रका अवसरहरू हुन् ।

## ६. सोच

तथ्यपरक र निष्पक्ष सूचना तथा सञ्चारः सुसूचित जनता र जिम्मेवार सरकार

## ७. लक्ष्य

जनतालाई सुसूचित र सरकारलाई जवाफदेही बनाउने ।

## ८. उद्देश्य

१ नागरिकको सूचनासम्बन्धी हकको संरक्षण गर्ने ।

२ सञ्चार माध्यमलाई मर्यादित र व्यावसायिक बनाउने ।

## ९. रणनीति तथा कार्यनीति

**उद्देश्य १: नागरिकको सूचनासम्बन्धी हकको संरक्षण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ९.२.१ नागरिकको सूचना प्रदान गर्ने | १ नागरिक सरोकारका सबै सूचनाहरूलाई वेबसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाइने छ ।<br>२ नागरिकले मागेका सरकारका कामकारवाहीसम्बन्धी सूचना तथा जानकारी सहज उपलब्ध हुने व्यवस्था मिलाइने छ । |
| ९.२.२<br>प्रदेशका सरकारी सेवाहरूलाई विद्युतीय प्रणालीमार्फत प्रवाह गर्ने। | १ प्रदेशका सूचना प्रविधिसम्बन्धी सेवाहरू एकीकृत रूपमा सुरक्षित तवरबाट सञ्चालन गरिने छ । |

**उद्देश्य २: सञ्चार माध्यमलाई मर्यादित र व्यावसायिक बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ९.२.३<br>आमसञ्चार माध्यमलाई थप मर्यादित र व्यावसायिक बनाउने। | १ आमसञ्चार माध्यमलाई व्यावसायिक बनाउन आचांरसहितालाई प्रभावकारी रूपमा लागु गरिने छ ।<br>२ सञ्चारकर्मीहरूको सुरक्षाको प्रवन्ध मिलाइने तथा बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ । |
| सञ्चार प्रविधिमा योगदान गर्ने निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । | १ सञ्चार प्रविधिको क्षेत्रमा व्यवसाय गर्ने व्यवसायीहरूलाई प्रोत्साहन र सूचना प्रविधिको केन्द्रको विकास गरिने छ । |
| ९.२.४<br>मौलिक चलचित्रको निर्माण गर्न प्रोत्साहन गर्ने । | १ प्रादेशिक वस्तुस्थिति तथा सांस्कृतिक विविधताको संरक्षण र प्रवर्धन हुने खालका मौलिक संस्कृति झल्कने चलचित्रको निर्माण, संरक्षण र प्रवर्धन गरिने छ । |

## १०. प्रमुख कार्यक्रमहरू

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | डाटा सेन्टर स्थापना तथा सञ्चालन | | √ | √ | √ | √ |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| २ | सूचना प्रविधि प्रोत्साहन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३ | सञ्चारक्षेत्रको अनुगमन तथा पृष्ठपोषण | √ | √ | √ | √ | √ |
| ४ | पत्रकारिता पुरस्कार | √ | √ | √ | √ | √ |
| ५ | सञ्चारकमीहरूको क्षमता अभिवृद्धि कार्यक्रम | √ | √ | √ | √ | √ |
| ६ | मौलिक चलचित्र निर्माण गर्न प्रोत्साहन | √ | √ | √ | √ | √ |
| ७ | चलचित्र प्रदर्शनको व्यवस्थित बजार र वितरण प्रणाली | √ | √ | √ | √ | √ |
| ८ | चलचित्र महोत्सवको आयोजना | √ | √ | √ | √ | √ |
| ९ | आमसञ्चार माध्यमको विद्युतीय अनुगमन | √ | √ | √ | √ | √ |
| १० | प्रत्रकार वृत्तिविकास कोष स्थापना | √ | √ | √ | √ | √ |

## ११. अपेक्षित उपलब्धि

दोस्रो योजना अवधिको अन्त्यसम्ममा डाटा सेन्टर स्थापना तथा सञ्चालन भएको हुने, सञ्चारक्षेत्रको प्रभावकारी अनुगमन भई यो क्षेत्र थप मर्यादित, विश्वसनीय र जिम्मेवार भएको हुने छ । सरकारी सूचनाहरू एकीकृतरूपमा अनलाइनमार्फत प्रवाह भएका हुने छन् । प्रत्रकार वृत्तिविकास कोष स्थापना भई यसले पत्रकारहरू अझ जिम्मेवार र प्रोत्साहित भएका हुने छन् । सांस्कृतिक तथा मौलिक प्रकृतिका चलचित्रहरू निर्माण भएको हुने छ ।

# परिच्छेद - दश
# अन्तरसम्बन्धित विषयहरू

## १०.१ श्रम तथा रोजगार

### १. पृष्ठभूमि

उत्पादनका साधनहरूमध्ये श्रम एक प्रमुख र महत्त्वपूर्ण साधन हो । यसैले मुलुकमा उपलब्ध श्रमशक्तिलाई उत्पादन तथा सेवाका क्षेत्रहरूमा रोजगारी सिर्जना गरी उनीहरूको मानवोचित जीवनयापनलाई सहज र सुनिश्चित बनाउनु लोकतान्त्रिक राज्यको आधारभूत दायित्व हो । श्रम तथा रोजगारी अन्तर्गत रोजगारीमा पहुँच, उचित ज्याला, कार्यस्थलमा स्वस्थ वातावरण, रोजगारीको सुरक्षा, सामाजिक सुरक्षा आदि सरोकारका विषयहरू हुन् ।

नेपालको संविधानमा 'प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने, श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने' उल्लेख छ । यस अतिरिक्त, संविधानमा श्रम तथा रोजगारसम्बन्धी नीति अन्तर्गत सबैलाई श्रमको हक सुनिश्चित गर्ने, श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायीबिच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकलाई सहभागी गराउने, वैदेशिक रोजगारीलाई नियमन र व्यवस्थापन गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने उल्लेख छ । संविधानको यिनै मर्मलाई आत्मसात हुने गरी प्रदेशको दोस्रो आवधिक योजनामा श्रम तथा रोजगार क्षेत्रको सोच, लक्ष्य, र उद्देश्य तय गरिएको छ ।

### २. वस्तुस्थिति

मुलुकमा वर्षैपिच्छे झन्डै पाँचलाखभन्दा बढी युवा जनशक्ति श्रम बजारमा थपिन्छन् । तर यसरी थपिने अधिकांश श्रमशक्तिलाई देशभित्रै रोजगारीको उचित अवसर नहुँदा ठुलो सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य छन् ।

देशको कुल औपचारिक रोजगारीमा (२६ लाख ७५ हजार) बागमती प्रदेशको हिस्सा ३८.३९ प्रतिशत र अनौपचारिक रोजगारीमा (४४ लाख ११ हजार) २४.९८ प्रतिशत रहेको छ । श्रमशक्ति सर्वेक्षण, २०७५ अनुसार मुलुकको कुल बेरोजगार (९ लाख ८ हजार)मध्ये १७.७ प्रतिशत बागमती प्रदेशका छन्।

२०७९ फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या

५५ लाख २६ हजार ७ सय ४मध्ये पुरुष ९४.४ प्रतिशत र महिला ५.६ प्रतिशत रहेका छन् । आर्थिक वर्ष २०७९/८० मा मात्र वैदेशिक रोजगारीमा जाने कुल ७ लाख ७१ हजार ३२७ मध्ये बागमती प्रदशेका १५.२ प्रतिशत रहेका छन् । बागमती प्रदेशबाट वैदेशिक रोजगारीमा गएकामध्ये सबैभन्दा बढी चितवनबाट (१३.५ प्रतिशत), त्यसपछि मकवानपुर (११.२ प्रतिशत) धादिङ (१०.७ प्रतिशत), सिन्धुपाल्चोक (१०.३ प्रतिशत), काभ्रेपलाञ्चोक (१०.२ प्रशितत) र बाँकी अन्य जिल्लाबाट रहेका छन् । बागमती प्रदेशबाट वैदेशिक रोजगारीमा जानेमध्ये महिला २२.४ प्रतिशत र सबैभन्दा बढी सङ्ख्यामा वैदेशिक रोजगारी जाने महिलाहरू सिन्धुपाल्चोक, मकवानपुर र काभ्रेपलाञ्चोकका छन् । यसरी ठुलो सङ्ख्यामा युवा जनशक्ति विदेशिदा मुलुकभित्र कृषि, निर्माण आदि क्षेत्रमा जनशक्ति अभाव हुन गएको छ भने खेतीयोग्य जमिन बाँझो रहेको तथा गाउँहरू रित्तिदै गएका छन् ।

## ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजना अवधिमा प्रदेश श्रम तथा रोजगार नीति २०८० तर्जुमा भई कार्यान्वयमा आएको छ । यस अतिरिक्त नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक लागु गराउन आवश्यक कार्य भएको र रोजगार संयोजकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन भएको छ । तीनै तहका सरकारको साझेदारीमा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रमले वित्तीय साक्षरताको अतिरिक्त प्रदेशका ८ जिल्लामा आप्रवासी स्रोत केन्द्र स्थापना गरी वैदेशिक रोजगारमा जाने नागरिकहरूलाई सूचना तथा परामर्श सेवा, कानुनी सहायताको लागि सहजीकरण, सिप तालिम साथै मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै आएको छ ।

योजनाले योजनाको अन्तिम वर्षमा (२०८०/८१) बेरोजगारी दर ४.० प्रतिशतमा झार्ने लक्ष्य राखेकोमा आर्थिक वर्ष २०७८/७९ सम्ममा आधारवर्ष कै ७.० प्रतिशत बेरोजगारी दरमा कुनै फरक आएको देखिएन । यस्तै योजनाले औसतमा वार्षिक १ लाख ६५ रोजगारी सिर्जना गर्ने तथा विप्रेषणबाट प्राप्त आयको कम्तीमा पनि १० प्रतिशत उत्पादनशील क्षेत्रमा परिचालन गर्ने लक्ष्य राखेकोमा सो को प्रगति विवरण उपलब्ध छैन।

## ४. चुनौती

प्रदेश श्रम तथा रोजगार नीति, २०८० मा उल्लेख भएअनुसार दीर्घकालिन जनशक्ति विकास योजना नहुनु, तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रहरूको पहिचान हुन नसक्नु, आधुनिक सूचना प्रणालीसहितको श्रम बजारको समुचित विकास हुन नसक्नु, उत्पादनमूलक उद्योगप्रतिको आकर्षण घट्दै जानु, श्रमिक र उद्यमीबिचको श्रमसम्बन्ध सुमधुर बन्न नसक्नु, सिप तथा क्षमता विकास तालिम पर्याप्त र गुणस्तरीय हुन नसक्नु, रोजगारी सिर्जनामा अन्तर्निकाय समन्वय कमजोर हुनु, ज्यालामा लैङ्गिक असमानता विद्यमान हुनु, वैदेशिक रोजगारीमा हुने ठगी, शारिरीक तथा मानसिक शोषण, रोजगारीको क्रममा मृत्यु तथा अङ्गभङ्ग,

पारिवारिक विखण्डन आदि श्रम तथा रोजगार क्षेत्रका समस्या रहेका छन् । यस अतिरिक्त अधिकांश व्यक्तिहरू अर्धदक्ष र अदक्ष जाने हुनाले गन्तव्यमुलुकमा जोखिमपूर्ण काम गर्न बाध्य हुनु, विदेशबाट प्राप्त ज्ञान, सिपको सही परिचालनको कमी हुनु, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न नसक्नु, वैदेशिक रोजगारमा रहेका र फर्किएका व्यक्तिहरू खण्डिकृत तथ्याङ्क नहुनु, सामाजिक आर्थिक पुनःएकीकरणका लागि ठोस पहलहरू नहुनु पनि यस क्षेत्रका समस्या हुन । त्यस्तै बजारको मागअनुसारको सिप तथा दक्षताअनुसारको जनशक्ति उत्पादन गर्ने, शैक्षिक संस्थाहरूले बजारको आवश्यकताअनुसारको दक्ष तथा सिपयुक्त जनशक्ति तयार पार्नु, श्रम तथा रोजगारीसम्बन्धी एकीकृत सूचना प्रणाली विकास गर्नु, परम्परागत सिप तथा प्रविधिको स्तरोन्नति वृद्धि गर्नु, कलकारखाना अपाङ्गता मैत्री नहुनु, श्रमिकहरूलाई सामाजिक सुरक्षा प्रणालीमा समेटनु, वैदेशिक रोजगारीबाट फर्केका श्रमशक्तिको सिपको उपयोग गर्नु आदि यस क्षेत्रका चुनौती रहेका छन् ।

## ५. अवसर

संविधानमा नै श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने व्यवस्था हुनु, वैदेशिक रोजगारीबाट फर्केका श्रमशक्तिमा सिप तथा प्रविधिको ज्ञान हुनु, देशमा प्राविधिक विद्यालयहरू खोल्ने क्रमबाट सिपयुक्त जनशक्ति बढ्नु, प्रदेशको आर्थिक, प्रशासनिक तथा सामाजिक गतिविधिहरू विस्तार हुँदै जानु, प्रदेशमा औद्योगिक क्षेत्रको विस्तारको उच्च सम्भावना हुनु, वैदेशिक रोजगारीबाट फर्केका युवाहरू सङ्गठित हुनु आदि अवसर हुन् । साथै वैदेशिक रोजगारबाट फर्केकालाई उद्यमशीलताको तालिम दिई रोजगारमुलुक कार्यमा संलग्न गराउनु, प्रदेशभित्र ठुलो मात्रामा विप्रेषण भित्रिनु, प्रदेशको अधिकांश जिल्लामा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालनमा हुनु, रोजगार सेवा केन्द्रबाट रोजगार तथा वैदेशिक रोजगारसम्बन्धीको आधारभूत सेवा प्रवाहको थालनी हुनु आदि अवसर हुन । विप्रेषणको सही उपयोगको लागि अनुकूल वातावरण सिर्जना भई रोजगारी र व्यवसायको विकास र विस्तारका अवसर हुनु आदिलाई पनि अवसरको रूपमा लिन सकिन्छ । अर्कोतर्फ, बन्द भएका उद्योगधन्दाहरू पुनःसञ्चालन गर्ने सरकारी नीति, पालिकाहरूमा उल्लेख्य बजेट विनिवेश हुनेहुँदा स्थानीयरूपमा रोजगारीको अवसर सिर्जना हुने, निर्माण तथा अन्य कार्यमा मुख्यतः भारतीय श्रमिकको बाहुल्यतालाई प्रतिस्थापन गरी स्वदेशी श्रमिकलाई रोजगारीको अवसर, विश्वका धेरै मुलुकसँग श्रम सम्झौता हुनु आदि श्रम तथा रोजगारी क्षेत्रका सम्भावना रहेका छन् ।

## ६. सोच

श्रमको सम्मान र आकर्षक रोजगारः सामाजिक न्यायको आधार ।

## ७. लक्ष्य

श्रमिकको अधिकार रक्षा र रोजगारी वृद्धि गर्ने ।

## ८. उद्देश्य

१. श्रमिकहरूको माग र आपूर्तिबिच समन्वय स्थापना गर्ने ।
२. असल श्रम सम्बन्धको विकास गर्ने ।
३. श्रमिकहरूलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने ।
४. रोजगारीलाई सम्मानित, सुरक्षित र व्यवस्थित बनाउने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: श्रमिकहरूको माग र आपूर्तिबिच समन्वय स्थापना गर्ने ।**

| रणनीति | | कार्यनीति |
|---|---|---|
| १०.१.१ श्रमबजारको आवश्यकताअनुसारको दक्षतायुक्त जनशक्ति उत्पादन गर्ने । | १ | जनशक्ति विकास सम्बन्धमा मध्यमकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिने छ । |
| | २ | प्रदेशमा हाल कार्यरत रहेका र भविष्यमा आवश्यक पर्ने वैदेशिक श्रमिक पहिचान तथा प्रक्षेपण गरी त्यसलाई स्वदेशी श्रमिकद्वारा प्रतिस्थापन गर्ने गरी जनशक्तिलाई सिपयुक्त बनाइने छ । |
| | ३ | रोजगारमुलुक शिक्षा, तालिम केन्द्र स्थापना गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारको मागअनुसारको तालिम सञ्चालन गरिने छ। |
| | ४ | रोजगारीको क्रममा श्रमिक (आन्तरिक तथा वैदेशिक) तथा तिनका परिवारमा उत्पन्न मानसिक समस्याहरूमा मनोसामाजिक परामर्श सेवा प्रवाहका लागि स्थानीय तह, प्रदेश स्थित स्वास्थ्य मन्त्रालय र सम्बन्धित सङ्घीय निकायसँग सहकार्य गरिने छ । |
| | ५ | व्यावसायिक तथा सिपमूलक तालिम कार्यक्रमको पाठ्यक्रमलाई बजारको मागसँग आबद्ध गरिने छ । |
| | ६ | स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी रोजगारसम्बन्धी वर्गीकृत तथ्याङ्कको विद्युतीय रूपमा अभिलेख तथा अद्यावधिक गरिने छ । |
| | ७ | आगामी १० वर्षको लागि प्रदेशलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी त्यस्तो जनशक्ति उत्पादनको लागि शैक्षिक तथा तालिम संस्थाहरूसँग सहकार्य गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| १०.१.२<br>रोजगारदाता र बेरोजगारबिच समन्वय स्थापना गर्ने | १ प्रभावकारी श्रमबजार सूचना प्रणालीको विकास र विस्तार गरिने छ ।<br>२ शैक्षिक संस्था र रोजगारदाताबिच अन्तरक्रियाको लागि सहयोग गरिने छ। |

**उद्देश्य २: असल श्रम सम्बन्धको विकास गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.१.३<br>रोजगारदाता र श्रमिकबिचको सम्बन्ध सुदृढीकरण गर्ने। | १ प्रतिष्ठानहरूमा न्यूनतम ज्यालाको सुनिश्चितता गरिने छ तथा लिङ्गको आधारमा ज्यालादरमा विभेद हुन दिइने छैन।<br>२ अनुचित श्रम शोषण, गलत दबाब, प्रतिशोधमूलक, विना कारण ज्यालामा कटौती, कामबाट हटाउने जस्ता ब्यबहारलाई पूर्णतः निषेध गरिने छ ।<br>३ महिला श्रमिक कार्यरत प्रतिष्ठानमा महिलामैत्री संरचना, स्तनपान कक्ष, शिसु स्याहार कक्ष आदिको व्यवस्था गराइने छ।<br>४ महिला श्रमिकको प्रजनन स्वास्थ्यलाई ध्यानमा राखी मापदण्ड बनाई लागु गरिने छ ।<br>५ औद्योगिक विवाद समाधान र निरूपणमा श्रम प्रशासनको सहजीकरण तथा नियामक भूमिका प्रभावकारी बनाइने छ ।<br>६ प्रतिष्ठान तथा कलकारखानाहरूको निरक्षण, नियमन, अनुगमनसम्बन्धी मापदण्ड तयार |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरी अनुगमन तथा निरीक्षण प्रभावकारी बनाइने छ।<br>७ बजारको माग र उपलब्ध श्रमिकसँगको अन्तर विश्लेषण गरिने छ।<br>८ बजार मागअनुसारको सिप विकास कार्यक्रम सञ्चलन गरिने छ।<br>९ श्रमिक सहकारी स्थापना गरिने छ ।<br>१० श्रमिक पञ्जीकरण तथा श्रम सर्वेक्षण गरिने छ।<br>११ औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी कानुन, मापदण्ड लागु गर्न सहयोग गरिने छ ।<br>१२ वैदेशिक रोजगारीबाट फर्केको जनशक्तिको ज्ञान, सिप, क्षमता र पुँजीलाई उत्पादनशील कार्यमा लगाई रोजगारी र स्वरोजगारीका अवसरहरू सृजना गर्ने |

**उद्देश्य ३: श्रमिकहरूलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.१.४<br>सबै श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने । | १ सबै श्रमिकहरूलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुन प्रोत्साहित गरिने छ ।<br>२ सामाजिक सुरक्षाको दायरा विस्तार गरी औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षामा आबद्ध गरिने छ। |

**उद्देश्य ४: वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.१.५<br>वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने । | १ वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श प्रदान, सिप तालिमको जानकारी तथा सिफारिस, न्यायमा सहजीकरण लगायतका एकीकृत सेवा प्रवाह गरिने छ ।<br>२ स्थानीय तहको रोजगार सेवा केन्द्रहरूको क्षमता विकास गरी सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना प्रवाह, वैदेशिक रोजगार बोर्ड, कन्सुलर सेवा विभागबाट प्रदान गरीने सेवामा सहजीकरण लगायतको सेवाहरू प्रवाह गरिने छ ।<br>३ वैदैशिक रोजगारमा जान चाहने युवाहरूलाई लक्षित गरी अन्तराष्ट्रिय श्रम बजारको माग र उनीहरूको चाहना अनुरूपको सिप तालिमको अवसर प्रदान गरिने छ ।<br>४ प्रदेश तहमा वैदेशिक रोजगारसम्बन्धी सञ्चालन हुने कार्यक्रमहरूको नियमित अनुगमनको व्यवस्था गरिने छ । |

**१०. प्रमुख कार्यक्रमहरू**

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | वैदेशिक रोजगारीमा जानेको निम्ति श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्वतालिमको व्यवस्था | √ | √ | √ | √ | √ |
| २ | वैदेशिक रोजगारीबाट फर्केकाहरूको ज्ञान र सिपको आधारमा कृषि तथा उद्यम व्यवसाय सञ्चालन गर्न प्रोत्साहन | √ | √ | √ | √ | √ |
| ३ | रोजगार सेवा केन्द्रलाई स्थानीय तहमा विस्तार | √ | √ | √ | √ | √ |
| ४ | श्रम पञ्जीकरण र श्रम शक्ति सर्वेक्षण | | √ | √ | | |
| ५ | श्रम बैङ्कसहित श्रम सहकारी स्थापना | | | √ | √ | √ |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ६ | श्रम सिप तथा दक्षता अभिवृद्धि तालिम विस्तार | √ | √ | √ | √ | √ |
| ७ | औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्ड लागु | √ | √ | √ | √ | √ |
| ८ | सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाहको लागि तीनै तहका सरकारसँगको सहकार्यमा आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्र सञ्चालन | √ | √ | √ | √ | √ |
| ९ | आन्तरिक रोजगार, वैदेशिक रोजगार, घरेलु हिंसा, प्रकोप आदिका कारण उत्पन्न मनोसमाजिक समस्यामा परेका व्यक्ति तथा तिनका परिवारको लागि मनोसमाजिक परामर्श सेवा प्रदान | √ | √ | √ | √ | √ |
| १० | विप्रेषणको आयमूलक क्षेत्रमा अधिकतम् उपयोगको लागि विभिन्न कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| ११ | वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सामाजिक-आर्थिक पुनःएकीकरण गर्न तथा उद्यमशीलतातर्फ आकर्षित हुने कार्यक्रम | √ | √ | √ | √ | √ |
| १२ | प्रदेश स्तरमा वैदेसिक रोजगार सूचना केन्द्रको स्थापना गरी सञ्चालन | √ | √ | √ | √ | √ |
| १३ | औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षामा आबद्ध | √ | √ | √ | √ | √ |

## ११. अपेक्षित उपलब्धि

प्रदेशको बेरोजगारी दर ७ प्रतिशतबाट ४ प्रतिशतमा झरेको हुने छ । श्रमिकहरूको हकहित संरक्षण भएको हुने छ तथा औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्ड लागु भएको हुने छ । बजारको मागअनुसारको सिपयुक्त जनशक्ति तयार भएका हुने छन् । श्रम सहकारी स्थापना भएको तथा श्रमशक्ति सर्वेक्षण सम्पन्न भएको हुने छ । रोजगार सेवा केन्द्र स्थानीय तहसम्म विस्तार भएको हुने छ । प्रदेशलाई आगामी १० वर्षसम्मको लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने व्यवस्था

भएको हुने छ । वैदेशिक रोजगारीमा जानेहरूलाई श्रमबजारको मागअनुसारको सिप तथा तालिम उपलब्ध भएको हुने छ । त्यस्तै वैदेशिक रोजगारीबाट फर्केकाहरूको ज्ञान, सिप, पुँजी उत्पादनशील कार्यमा उपयोग गरिएको हुने छ ।

## १०.२ गरिबी निवारण

### १. पृष्ठभूमि

मुलुकमा करिब सात दशकदेखिको योजनाबद्ध विकासको अभ्यास एवम् आठौं योजनादेखि गरिबी निवारणलाई मूल उद्देश्यको रूपमा विकास योजनाको केन्द्रमा राखिएको छ । मानव विकास सूचकाङ्कको आधारमा बागमती प्रदेश अन्य प्रदेशको तुलनामा राम्रो अवस्थामा भएपनि जीवनस्तरमा देखिने सापेक्ष विषमता बढ्दो छ । साथै, प्रदेशका जनजाती, अल्पसङ्ख्यक, सीमान्तकृत, लोपोन्मुख जातिको बसोबास भएको हिमाली तथा पहाडी क्षेत्रमा गरिबी दर उच्च छ । गरिबी निवारण तीनै तहका सरकारको प्रमुख दायित्व भएपनि यो अन्तरसम्बन्धित विषय भएकोले विभिन्न आर्थिक-सामाजिक क्षेत्रका नीति, कार्यक्रम तथा उपलब्धिले प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्दछ ।

### २. वस्तुस्थिति

नेपाल जीवनस्तर सर्भेक्षण २०७९/८० अनुसार नेपालको गरिबीको दर २०.३ प्रतिशत रहेको छ भने बागमती प्रदेशको गरिबीको दर १२.६ प्रतिशत रहेको छ । बागमती प्रदेश अन्तर्गत काठमाडौं उपत्यकाको गरिबी ७.३८ प्रतिशत, काठमाडौं उपत्यकाबाहेक बागमतीको सहरी गरिबी १४.१५ प्रतिशत र ग्रामीण गरिबी २५.६१ प्रतिशत रहेकोबाट गरिबीको दर अझै पनि ग्रामीण क्षेत्रमा सघन रहेको देखिन्छ । त्यस्तै असमानताको सूचक जिनी कोफिसियन्ट नेपालको औसत ०.३० र बागमती प्रदेशको ०.४३ रहेको छ। बागमती प्रदेशको आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (PALMA Ratio) १.३६ रहेको छ । यस अतिरिक्त, पाचौं र पहिलो पञ्चमक (सबैभन्दा धनी र सबैभन्दा गरिब) अनुपात, काठमाडौं उपत्यका सहरी क्षेत्र ४.४, बागमती प्रदेश सहरी क्षेत्र (काठमाडौं उपत्यका बाहेक) ५.१ र ग्रामीण क्षेत्र ४.९८ रहेको छ ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

पहिलो आवधिक योजनामा गरिबी निवारण कार्यक्रम अन्तर्गत चार वटा रणनीति र यस अन्तर्गत १९ कार्यनीतिहरू प्रस्ताव गरिएकोमा आधा जतिमात्र कार्यान्वयनमा आएका छन् । कार्यान्वयनमा आएकामध्येपनि धेरैजसो आंशिक मात्र कार्यान्वयन भएका र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको स्थिति छ । सङ्घीय मन्त्रालयबाट विपन्न घरपरिवार पहिचान परिचयपत्र वितरण भइरहेकोमा सो कार्य बागमती

प्रदेशमा अन्तिम चरणमा पुगेको छ । त्यस्तै मौरीपालन तालिम तथा सामग्री वितरण कार्यक्रम सम्पन्न भएको छ ।

## ४. चुनौती

अनौपचारिक क्षेत्रमा अत्यधिक रूपमा केन्द्रित विद्यमान बढ्दो अदृश्य बेरोजगारीलाई घटाउनु, नयाँ रोजगारीको अवसर सिर्जना गर्नु, स्थानीय सिप र प्रविधि प्रयोगमा दक्ष युवाहरूको निमित्त स्वरोजगार प्रवर्धन गर्नु, सहरी गरिबी कम गर्नु, गरिब र धनीबिचको असमानता घटाउनु, सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबिचको आर्थिक-सामाजिक असमानता कम गर्नु चुनौतीका रूपमा रहेका छन् ।

## ५. अवसर

सङ्घीय राजधानी भएको प्रदेश, सबैभन्दा बढी औद्योगीकरण भएको तथा व्यापारिक प्रतिष्ठान लगायत ठुलो सङ्ख्यामा उपभोक्ता भएकाले कृषि उत्पादन लगायत अन्य उत्पादनहरूको बजार सम्भावना उच्च हुनु नै यस प्रदेशको गरिबी न्यूनीकरणको ठुलो अवसर हो । यस प्रदेशमा कृषि, पर्यटन, निर्माण तथा अन्य सेवा क्षेत्रको विस्तारले आर्थिक वृद्धि एवम् रोजगारी सिर्जना भई गरिबी घटाउने बलियो अवसर प्राप्त छ । त्यस्तै हाल गरिबी निवारणसम्बन्धी प्रादेशिक नीतिको मस्यौदा लेखन भइरहेको र विभिन्न मन्त्रालयबाट लक्षित समुदायको सशक्तीकरण कार्यक्रम सञ्चालन हुनु गरिबी न्यूनीकरणका सम्भावनाहरू हुन् ।

## ६. सोच

गरिबीमुक्त तथा समतामूलक बागमती प्रदेश ।

## ७. लक्ष्य

रोजगारी वृद्धि, गरिबी न्यूनीकरणमा दिगो विकासको लक्ष्य प्राप्त गर्ने तथा धनी र गरिब, सहर र गाउँबिचको आर्थिक असमानता कम गर्ने ।

## ८. उद्देश्य

१ उद्यमशीलता र रोजगार क्षमताको विकास गर्ने,

२ गरिबहरूको भौतिक अवस्थामा सुधार ल्याउने,

३ निर्णय प्रकृयामा सहभागिता बढाउँदै सामाजिक हैसियतमा परिवर्तन ल्याउने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: उद्यमशीलता र रोजगार क्षमताको विकास गर्ने ।**

| रणनीति | | कार्यनीति |
|---|---|---|
| १०.२.१<br>गरिव घरपरिवार लक्षित आयमूलक र रोजगारीमूलक कार्यक्रमहरू सञ्चालन गर्ने । | १ | सङ्घीय सरकारले सुरु गरेको गरिब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण कार्य पूरा गरिने छ । |
| | २ | लोपोन्मुख तथा अतिसीमान्तकृत, गरिब घरपरिवारका सदस्यहरूको परम्परागत सिप र क्षमता पहिचान गरी सोको आधारमा उपयुक्त आयमूलक व्यवसाय सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग गरिने छ । |
| | ३ | गरिब घरपरिवारलाई समूहमा आबद्ध गराई व्यावसायिकरूपमा कृषि उत्पादन, पशुपालन तथा उद्यम व्यवसायका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग समन्वय तथा साझेदारीमा सहुलियतपूर्ण कर्जा सहजरूपमा उपलब्ध गराइने छ । |
| १०.२.२<br>गरिबीका दर तुलनात्मकरूपमा उच्च भएका जिल्ला तथा समुदायमा गरिब लक्षित कार्यक्रमहरू विस्तार गर्ने । | १ | विकास आयोजना तर्जुमा र कार्यान्वयन गर्दा श्रम सघनता भएका कार्यक्रमलाई प्रोत्साहन गरिने छ । |
| | २ | गरिबी सघनता बढी भएका क्षेत्रहरूमा सिपमूलक तालिम तथा उत्पादनका कार्यक्रमहरू सञ्चालन गर्न गरिवी निवारणमा कार्यरत गैरसरकारी सङ्घ संस्थाहरूलाई अभिप्रेरित गरिने छ। |
| १०.२.३<br>बागमती प्रदेश विपन्न वर्ग उत्थान कोष खडा गर्ने । | १ | प्रदेश सरकारको आधा हिस्सा र ११९ पालिकाको आधा हिस्सा गरी रु. २५ करोडको बागमती प्रदेश विपन्न वर्ग उत्थान कोष खडा गरिने छ । |
| | २ | विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट कर्पोरेट सामाजिक दायित्व अन्तर्गत गर्नुपर्ने खर्चको केही अंश यस कोषमा प्राप्त हुने व्यवस्था मिलाइने छ । |
| | ३ | आर्थिक अभावका कारण मेडिसिन तथा इञ्जिनियरिङमा स्नातक तह पढ्न प्रवेश परीक्षा उतीर्ण तर भर्ना हुन नसक्ने विपन्न परिवारका युवाहरूलाई अध्ययनको लागि प्रत्येक वर्ष प्रत्येक |

| रणनीति | कार्यनीति |
|---|---|
| | जिल्लाबाट एक/एक जनालाई कोषबाट सहुलियतपूर्ण कर्जा प्रदान गरिने छ । |

**उद्देश्य २: गरिबहरूको भौतिक अवस्थामा ल्याउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.२.४<br>गरिव घरपरिवार लक्षित आवास विकास गर्ने । | १ खरको छानो उन्मुलन कार्यक्रम सञ्चालन गरिने छ ।<br>२ विपन्न र सीमान्तकृत समुदाय लक्षित एकीकृत बस्ती विकास र आवास कार्यक्रम सञ्चालन गरिने छ ।<br>३ विपन्न र सीमान्तकृत समुदाय लक्षित खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिने छ ।<br>४ सबै घरधुरीमा स्वच्छ ऊर्जाको पहुँच पुऱ्याइने छ । |

**उद्देश्य ३: निर्णय प्रकृयामा सहभागिता बढाउँदै सामाजिक हैसियतमा परिवर्तन ल्याउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.२.५<br>विपन्न र सीमान्तकृत समुदायको क्षमता विकास गर्ने । | १ स्थानीय विकास प्रक्रियामा विपन्न र सीमान्तकृत समुदाय सहभागिता वृद्धिका लागि आवश्यक कार्यविधि तर्जुमा गरिने छ।<br>२ निर्णय प्रकृयामा विपन्न र सीमान्तकृत समुदाय सहभागिता वृद्धिका लागि उनीहरूको क्षमता विकास गरिने छ । |

## १०. प्रमुख कार्यक्रमहरू

| क.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | गरिब घर परिवार पहिचान र परिचयपत्र वितरण | | √ | √ | √ | √ |
| २ | विपन्न दलित सशक्तीकरण कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ |
| ३ | चिउरी चमेरो र चेपाङ उत्थान कार्यक्रम | √ | √ | √ | √ | √ |
| ४ | अति सीमान्तकृत लगायतका समुदायको सशक्तीकरण | √ | √ | √ | √ | √ |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ५ | व्यावसायिक तथा सिपमुलुक तालिम | √ | √ | √ | √ | √ |
| ६ | बागमती प्रदेश विपन्न वर्ग उत्थान कोष सञ्चालन कार्यविधि | √ | | | | |
| ७ | रोग, प्रकोप, तथा अन्य कारणले विपन्नतातर्फ धकेलिदै गएका घरपरिवार पुनरोत्थान कार्यक्रम | √ | √ | √ | √ | √ |

### ११. अपेक्षित उपलब्धि

योजनाको अन्तिम वर्षसम्ममा प्रदेशमा गरिबीको दर पाँच प्रतिशतमा झरेको हुने छ । प्रदेशका लोपोन्मुख, अतिसीमान्तकृत जातजातिको लागि आयमूलक तथा रोजगारीको कार्यक्रममार्फत उनीहरूको आर्थिक तथा सामाजिक उत्थान भएको हुने छ । त्यस्तैगरी छात्रवृत्ति कार्यक्रममार्फत सबै जिल्लाका विपन्न परिवारका जेहेन्दार युवाहरूमध्ये ६५ जनालाई इञ्जिनियरिङ तथा ६५ जनालाई मेडिसिन पढ्ने अवसर उपलब्ध हुने छ।

## १०.३ खाद्य तथा पोषण सुरक्षा

### १. पृष्ठभूमि

विश्व खाद्य सम्मेलन १९९६ ले प्रत्येक व्यक्तिको स्वस्थ र सक्रिय जीवनयापनको लागि आवश्यकता र चाहनाअनुरूप सधैं पर्याप्त, स्वच्छ र पोषणयुक्त खानामाथिको भौतिक र आर्थिक पहुँच पुगेको अवस्थालाई खाद्य सुरक्षा भनेर परिभाषित गरेको छ । नेपालको संविधानले खाद्य तथा पोषण सुरक्षाको आवश्यकतालाई महसुस गरी खाद्य सम्प्रभुताको प्रत्याभूति हुने व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने तथा खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने उल्लेख छ । खाद्य सुरक्षाका मुख्य चार स्तम्भहरूमा खाद्य उपलब्धता, पहुँच, उपयोग र स्थायित्व पर्दछन्।

### २. वस्तुस्थिति

मुलुकका सबै प्रदेश तथा स्थानीय तहका महिला, बालबालिका र किशोरीमा हुने कुपोषण अन्त्य गर्न नेपाल सरकारले बहुक्षेत्रीय पोषण योजना (तेस्रो) तयार गरी कार्यान्वयनमा ल्याएको छ । यसै अनुरूप बागमती प्रदेशले पनि पोषण तथा खाद्यसुरक्षासम्बन्धी कार्यक्रममार्फत महिला, बालबालिका तथा किशोरीहरूमा हुने सबै प्रकारका कुपोषणलाई उल्लेख्यरूपमा घटाउने विभिन्न प्रकारका कार्यक्रमसञ्चालन गर्दै आएको छ।

प्रदेशमा सम्बन्धित क्षेत्रका सरोकारवालाहरू सम्मिलित प्रदेशस्तरीय, गाउँपालिका तथा नगरपालिकास्तरीय तथा वडास्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति गठन भई आ-आफ्नो स्तरबाट पोषण तथा खाद्यसुरक्षासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् । पोषण तथा खाद्य सुरक्षा बहुक्षेत्रीय विषय भएकाले सबै तह र क्षेत्रबाट पोषणयुक्त खानामा लक्षित वर्ग खासगरी सीमान्तकृत समुदायका महिला, बालबालिका तथा किशोरीमा पहुँच र उपभोग बढाउनु आवश्यक छ ।

पोषणका विभिन्न सूचकहरूको आधारमा बागमती प्रदेशको पोषण स्थिति राष्ट्रिय औसतभन्दा राम्रो रहेको छ । उदाहरणको लागि पुड्कोपन राष्ट्रियस्तरमा २५ प्रतिशत भएकोमा बागमती प्रदेशको १८ प्रतिशत, ख्याउटेपन राष्ट्रियस्तरमा ८ प्रतिशत भएकोमा प्रदेशमा ५ प्रतिशत र कम तौल राष्ट्रियस्तरमा १९ प्रतिशत भएकोमा बागमती प्रदेशमा ११ प्रतिशत छ । त्यस्तै रक्तअल्पता (६-५९ महिनाका बालबालिका) राष्ट्रियस्तरमा ३४ प्रतिशत भएकोमा बागमती प्रदेशको २३ प्रतिशत छ । सुनौला हजार दिन अवधिमा फलफूल तथा तरकारी, अन्डा, चिज, दही, दुध खाने महिलाहरूको प्रतिशत पनि राष्ट्रियभन्दा प्रदेशको बढी रहेको छ । प्रदेशको पोषणको स्थिति राष्ट्रियभन्दा राम्रो भएपनि अझै बढाउन पर्ने र सीमान्तकृत समुदाय, दलित र लोपोन्मुख जातजातिमा पोषणयुक्त खानामा पहुँच र उपभोग बढाउन आवश्यक छ ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

योजना अवधिमा बहुक्षेत्रीय पोषण कार्यक्रम ११९ वटै पालिकाहरूमा विस्तार भएको, पोषण पुनःस्थापना केन्द्र पाँच ठाउँमा स्थापना भएको तथा कुपोषण प्रभावित जनसङ्ख्या २५ प्रतिशतमा झरेको छ। अधिकांश सूचकहरूको प्रगती विवरण सन्तोषजनक नरहेको देखिन्छ ।

### ४. समस्या तथा चुनौती

खाद्य सुरक्षाका दृष्टिले जोखिममा रहेका समूह र क्षेत्रको पहिचान गरी उक्त समूह र क्षेत्रको आयस्तर बढाई खाद्यवस्तुमा आत्मनिर्भर बनाउनु, दैनिक निर्धारित क्यालोरीको न्यूनतम मात्रा उपभोग गर्नबाट वञ्चित रहेको अवस्थामा सुधार ल्याउनु, खाद्य सुरक्षाका मुख्य चार स्तम्भहरू खाद्य उपलब्धता, पहुँच, उपयोग र स्थायित्वको व्यवस्था, स्वस्थकर खानपान र व्यवहार परिवर्तन गर्नु, खाद्य गुणस्तर सुधार गर्नु तथा जलवायु परिवर्तनका कारणले खाद्य सुरक्षामा देखिएको जोखिम न्यून गर्नु यस क्षेत्रमा देखिएका चुनौतीहरू हुन् ।

### ५. अवसर तथा सम्भावना

संविधानले नै खाद्य सम्प्रभुताको प्रत्याभूति गर्नु, कृषि विकास रणनीतिमा खाद्य सुरक्षालाई उच्च प्राथमिकता दिनु, दिगो विकास लक्ष्यमा विश्वबाट नै भोकमरी अन्त्य गर्ने लक्ष्य लिनु, बागमती प्रदेश सरकारले

पनि खाद्यसुरक्षा तथा पोषण सुधारमा जोड दिनु, आमजनताको क्रयशक्ति वृद्धि हुनु, बजारलगायत कृषि पूर्वाधारमा सुधार हुँदै जानु एवम् खाने बानीमा परिवर्तन आउनु यस क्षेत्रका अवसरका रूपमा देखिन्छ।

**६. सोच**

भोकमरी र कुपोषणमुक्त प्रदेश ।

**७. लक्ष्य**

खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्ने ।

**८. उद्देश्य**

१ खाद्य सुरक्षाको दृष्टिले जोखिममा रहेका क्षेत्र र समुदायहरूको पहिचान गरी खाद्य सुरक्षा सुनिश्चित गर्ने,

२ कुपोषित र कुपोषणको जोखिममा रहेका नागरिकहरूलाई पोषण सेवा प्रदान गर्ने ।

**९. रणनीति तथा कार्यनीति**

**उद्देश्य १: खाद्य सुरक्षाको दृष्टिले जोखिममा रहेका क्षेत्र र समुदायहरूको पहिचान गरी खाद्य सुरक्षा सुनिश्चित गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.३.१ प्रदेशको पोषण तथा खाद्य सुरक्षासम्बन्धी नीति तर्जुमा गर्ने । | १ पोषण तथा खाद्यसुरक्षासम्बन्धी विभिन्न तहमा गोष्ठी, सभा, सम्मेलन, बहस तथा पैरवी गरिने छ ।<br>२ स्थानीय क्षेत्रमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको अवस्था बारे समीक्षा गर्ने र उपलब्धिको मूल्याङ्कन गरिने छ।<br>३ आवश्यक पोषणबाट वञ्चित समुदायमा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ । |

**उद्देश्य २: कुपोषित र कुपोषणको जोखिममा रहेका नागरिकहरूलाई पोषण सेवा प्रदान गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.३.२ खाद्य तथा पोषण असुरक्षित क्षेत्र र समूहमा अल्पकालीन तथा दीर्घकालीन रूपमा खाद्य सङ्कट समाधान गर्न आवश्यक व्यवस्था मिलाउने । | १ पोषण जोखिम क्षेत्रहरूमा स्थानीयस्तरमा सम्भाव्य कृषि वस्तुहरूको उत्पादन र उपभोगमा प्रोत्साहन गरिने छ।<br>२ सीमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारलाई समूह, सहकारीमा आबद्ध गराई करार खेती गर्न प्रोत्साहन गरिने छ ।<br>३ खाद्य जोखिम क्षेत्रमा उत्पादन हुने स्थानीय बालीनालीका प्रजातिको संरक्षण तथा सम्बर्धन गरिने छ । |

### १०. प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | सीमान्तकृत समुदाय बसोबास गर्ने क्षेत्रमा पोषणको दृष्टिबाट उपयुक्त हुने परम्परागत वाली प्रवर्धन कार्यक्रम | √ | √ | √ | √ | √ |
| २ | खाद्य बजारमा उपलब्ध खाद्यवस्तुको अनुगमन गरी स्वस्थ र स्वच्छ खाद्य वस्तुको आपूर्ति | √ | √ | √ | √ | √ |
| ३ | आम जनताको खानेबानी व्यवहारमा सकारात्मक परिवर्तनका लागि चेतनामुलुक कार्यक्रम | √ | √ | √ | √ | √ |
| ४ | प्रदेशको खाद्य तथा पोषण उपभोग स्थिति र खाद्य आवश्यकता तथा उपलब्धताबारे अध्ययन | | √ | | | |
| ५ | खाद्य सुरक्षा र जिविकोपार्जनका लागि मागमा आधारित कार्यक्रम | √ | √ | √ | √ | √ |

### ११. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा महिला, बालबालिका तथा किशोरीहरूमा कुपोषणबाट हुने रक्त अप्पता, पुड्कोपन, ख्याउटे पन, कम तौल जस्ता स्वास्थ्य समस्यामा कमी आएको हुने छ । कुपोषणबाट बढी प्रभावित क्षेत्र तथा समुदायमा परम्परागत उत्पादनबाट प्राप्त हुने पोषणसम्बन्धी ज्ञान वृद्धि भई सोको उत्पादन तथा

उपभोग बढेको हुने छ ।

## १०.४ विज्ञान तथा प्रविधि

### १. पृष्ठभूमि

मुलुकको सामाजिक आर्थिक विकासमा विज्ञान तथा प्रविधिको महत्त्वपूर्ण भूमिका रहन्छ । नेपालको संविधानमा वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने उल्लेख छ । यसै अनुरूप नेपाल सरकारले पनि विज्ञान र प्रविधि क्षेत्रको विकासको लागि राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रर्वतन नीति, २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यस नीतिले विज्ञान तथा प्रविधि र नवप्रवर्तनको विकास एवम् उपयोगबाट राष्ट्रिय उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, अनुसन्धान तथा विकासमा योग्य जनशक्ति परिचालन गर्ने, वातावरण सन्तुलन, विपद् जोखिम न्यूनीकरण, औद्यागीकरणमा योगदान, राष्ट्रिय सुरक्षामा विज्ञान प्रविधिको उपयोग, विज्ञान प्रविधिसम्बन्धी पूर्वाधार विकास, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तन, सशक्त, क्रियाशील र परिणाममुखी बनाउने र परम्परागत तथा आधुनिक ज्ञान र प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण गर्ने र दक्ष एवम् विज्ञ वैज्ञानिक तथा प्राविधिक जनशक्तिको विकास गर्ने उद्देश्य राखेको छ ।

### २. वस्तुस्थिति

अन्य क्षेत्रमा झैं विज्ञान तथा प्रविधिको क्षेत्रमा पनि नेपाल छिमेकी देशहरूको तुलनामा धेरै पछाडि रहेको छ । २०५३ सालमा छुट्टै मन्त्रालयको रूपमा विज्ञान तथा प्रविधि मन्त्रालय स्थापना भएपछि विज्ञान तथा प्रविधिको विकासका लागि सरकारीस्तरमा संस्थागत प्रयास हुँदै आएको छ । साथै विज्ञान तथा प्रविधिसम्बन्धी उच्च शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रहरू स्थापना भएका छन् । हाल मुलुकमा सबै विषयका गरी करिब ९० हजार विज्ञान तथा प्रविधिसम्बन्धी उच्च अध्ययन गरेका जनशक्ति रहेको अनुमान छ । मुलुकले विज्ञान तथा प्रविधिको विकासका लागि ज्यादै न्यून लगानी गर्दै आएको छ । सङ्घीय कुल गार्हस्थ्य उत्पादनको ०.३५ प्रतिशत र कुल बजेटको ०.२ प्रतिशत मात्र विज्ञान तथा प्रविधि क्षेत्रमा लगानी भएको स्थिति छ ।

प्रदेश स्थापनाको ६ वर्षभन्दाबढी भैसकेता पनि बागमती प्रदेश सरकारले विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासको लागि खासै ध्यान दिएको देखिदैन । यसैले बागमती प्रदेश सरकारले पनि प्रदेशतहमा विज्ञान प्रविधि तथा नवप्रवर्तनको विकास र विस्तारको लागि नीति तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ । विज्ञान तथा प्रविधि क्षेत्रमा प्रदेशको दायरा सीमित छ । प्रदेशको कार्यक्षेत्र अन्तर्गत प्रदेशस्तरमा विज्ञान र प्रविधिको विकास तथा विस्तार, सोसम्बन्धी तथ्याङ्क सङ्कलन र प्रशोधन, जनशक्ति विकास र

उपयोग, वैज्ञानिक अध्ययन, अनुसन्धान तथा आविष्कार, उन्नयन र विकास, विज्ञान सङ्ग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन आदि रहेका छन् ।

### ३. पहिलो आवधिक योजनाको उपलब्धि समीक्षा

बागमती प्रदेशको पहिलो आवधिक योजनाले विज्ञान तथा प्रविधिको विकास र उपयोगबाट समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्य राखेको थियो । योजनाले विज्ञान तथा प्रविधि विकासको लागि तीनवटा रणनीति र सो अन्तर्गतका २२ कार्यनीतिहरू राखेकोमा विद्यालयहरूमा विज्ञान प्रयोगशाला सुदृढीकरण, विद्यालयस्तरीय विज्ञान प्रदर्शनी र युवा वैज्ञानिकहरूका लागि अनुसन्धान कार्यको लागि प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन भएको तर अन्य कार्यक्रमहरू भने कार्यान्वयन हुन सकेको देखिँदैन ।

### ४. चुनौती

विज्ञान तथा प्रविधिमा सोच, खोज, आविष्कारमार्फत अर्थतन्त्र तथा मानव जीवनका विविध पक्षमा उपयोग र योगदान पुऱ्याउन धेरै पुँजी, समय र जनशक्तिको लगानीको आवश्यकता हुन्छ । तर समग्र नेपाल तथा बागमती प्रदेशको सन्दर्भमा पनि वैज्ञानिक पूर्वाधारको लागि आवश्यक लगानीको अभाव, वैज्ञानिक जनशक्तिलाई अनुसन्धान, अन्वेषण कार्यमा उत्प्रेरित गर्न नसक्नु, विज्ञान विषयको उच्च अध्ययन गरेका उत्कृष्ट विद्यार्थीलाई देशभित्रै रोक्न नसक्नु, निजी क्षेत्रका ठुला औद्योगिक घरानाहरूमा पनि अनुसन्धान तथा विकासतर्फ चासो नदिनु आदि विज्ञान प्रविधि क्षेत्रको विकासको समस्या हुन् । त्यस्तै विज्ञान, प्रविधि, इञ्जिनियरिङ्ग र गणितलाई अन्तरसम्बन्धित पाठ्यक्रम बनाई माध्यमिक तहदेखि उच्च शिक्षासम्म नै अध्ययन अध्यापनको प्रणालीको व्यवस्था गर्न आवश्यक भएको तर चुनौतीपूर्ण छ ।

### ५. अवसर

सरकारले विज्ञान तथा प्रविधिको विकासको लागि विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, विभिन्न विश्वविद्यालयहरूमा विज्ञान, इञ्जिनियरिङ्ग आदि अध्ययन हुनु र विज्ञान विषयलाई विद्यालयतहबाट नै अनिवार्य पढाइ हुने व्यवस्था हुनु आदि विज्ञान तथा प्रविधि विकासका अवसरहरू हुन भने नवीनतम सोच र सिर्जनशीलता प्रवर्धन गर्न स्थानीय तह र निजी क्षेत्रबिच सहकार्य र सहलगानी प्रवर्धन गर्न सरकारले नवप्रवर्तन साझेदारी कोष सुरु हुनु यस क्षेत्रको विकासका सम्भवनाहरू हुन् । बागमती प्रदेश सरकारले पनि विज्ञान तथा प्रविधि विकासको लागि दीर्घकालीन सोचसहित स्पष्ट मार्गचित्र बनाई अगाडि बढ्न तथा नवप्रवर्तनका क्षेत्रमा निजी क्षेत्रसँगको सहकार्यमा लगानी बढाउन र युवा वैज्ञानिकहरूलाई देश भित्रै बसेर काम गर्न प्रोत्साहित गर्न सकिने सम्भावना छ ।

## ६. सोच

विज्ञान तथा प्रविधिको विकास; समृद्ध प्रदेशको आधार ।

## ७. लक्ष्य

अनुसन्धान र नवप्रवर्तनको प्रवर्धन गर्ने ।

## ८. उद्देश्य

१ वैज्ञानिक जनशक्तिको विकास गर्ने,

२ वैज्ञानिक जनशक्तिलाई देश भित्रै अनुसन्धान तथा अन्वेषण कार्यमा लाग्न अभिप्रेरित गर्ने,

३ विज्ञान तथा प्रविधिको उपयोग गरी नवप्रवर्तन मार्फत समृद्ध समाज निर्माण गर्ने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: वैज्ञानिक जनशक्तिको विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.४.१<br>वैज्ञानिक जनशक्ति उत्पादनका लागि आवश्यक वातावरण बनाउने । | १ प्रदेश सरकारद्वारा सञ्चालित प्रतिष्ठान र विश्वविद्यालयबाट वैज्ञानिक जनशक्ति उत्पादनमा जोड दिइने छ ।<br>२ विद्यालय शिक्षामा विज्ञान र प्रविधिको विकास र प्रयोगसम्बन्धी विषयलाई आन्तरिकीकरण गर्न सहयोग गरिने छ । |

**उद्देश्य २: वैज्ञानिक जनशक्तिलाई देश भित्रै अनुसन्धान तथा अन्वेषण कार्यमा लाग्न अभिप्रेरित गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.४.२<br>विज्ञान तथा प्रविधिको विकासका लागि नीतिगत तथा संस्थागत व्यवस्था गर्ने । | १ प्रदेशमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि आवश्यक नीति तर्जुमा गरिने छ।<br>२ प्रदेशमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि सामाजिक विकास मन्त्रालय अन्तर्गत छुट्टै विभाग बनाइने छ ।<br>३ विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोष खडा गरी अध्ययन अनुसन्धानका लागि वित्तीय सहयोग उपलब्ध गराइने छ ।<br>४ प्रदेशका कृषि तथा विज्ञान प्रविधि अध्यापन तथा अनुसन्धान हुने उच्च शिक्षण संस्था र उद्योगी तथा कृषककाबिच सहकार्य स्थापित गरी अनुसन्धान कार्य अगाडि बढाइने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| १०.४.३<br>विज्ञान विषयमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी, स्वतःस्फूर्त रूपमा लागेका युवा वैज्ञानिक तथा नवप्रवर्तनमा संलग्न प्रतिभालाई प्रोत्साहित गर्ने । | १ विज्ञान विषयमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीलाई एक तह माथिको अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।<br>२ आर्थिक तथा सामाजिक विकासमा उपयोग हुने सम्भावना भएको प्रविधि आविस्कार तथा नवप्रवर्तन गर्ने वैज्ञानिकलाई वित्तीय सहयोग मार्फत पुरस्कृत गरिने छ । |

**उद्देश्य ३: विज्ञान प्रविधिको उपयोग गरी नवप्रवर्तन मार्फत समुन्नत समाज बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.४.४<br>विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा लगानी वृद्धि गर्ने । | १ प्रदेश सरकारको वार्षिक बजेटमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासलाई प्राथमिकतामा राखिने छ ।<br>२ वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासको लागि निजी औद्योगिक क्षेत्रसँग सहकार्य गरिने छ ।<br>३ मौलिक तथा परम्परागत ज्ञान, सिप र प्रविधिलाई अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट रूपान्तरण गरी व्यवसायीकरण गरिने छ। |
| १०.४.५<br>सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्सको विकास गर्ने। | १ सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा समाज उपयोगी प्रविधि विकासको लागि अनुसन्धान गर्न वित्तीय सहयोग मार्फत वैज्ञानिकहरूलाई उत्प्रेरित गरिने छ।<br>२ सूचना प्रविधिलाई विकास व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह लगायतका क्षेत्रमा प्रयोग गरी सुसाशन प्रवर्धन गरिने छ । |

## १०. प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रम | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | विज्ञान, प्रविधि र नवप्रवर्तन कोष खडा गर्न आवश्यक ऐन, नियम तयार गर्ने र यसको सञ्चालनको लागि कार्यविधि, निर्देशिका तयार | √ | √ | | | |

| क्र.सं. | कार्यक्रम | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| २ | प्रदेश स्थित वैज्ञानिक, अनुसन्धान एवं नवप्रवर्तनसँग सम्बन्धित अनुसन्धान तथा शैक्षिक संस्थाहरूसँग समन्वयको लागि संयन्त्र निर्माण | √ | √ | √ | √ | √ |
| ३ | विज्ञान विषयमा अध्ययनको लागि छात्रवृत्तिसम्बन्धी कार्यविधि तर्जुमा | √ | | | | |
| ४ | विज्ञान प्रविधि र नवप्रवर्तन कोष स्थापना | √ | √ | √ | √ | √ |
| ५ | विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रोत्साहन कार्यक्रम | √ | √ | √ | √ | √ |

### ११. अपेक्षित उपलब्धि

विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोष खडा भई बागमती प्रदेशभित्रका वैज्ञानिक अनुसन्धान केन्द्र, सङ्घ संस्थाहरू अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा अगाडि बढेका हुने छन् । साथै समाज उपयोगी, औद्योगिक, कृषि क्षेत्रको लागि उपयोगी, सुशासनको लागि उपयोग हुने एकाध आविश्कार तथा प्रविधि विकास भएको हुने छ । विज्ञान विषय लिएर उच्च अध्ययन गर्न विद्यार्थीहरू आकर्षित हुने छन्, वैज्ञानिकहरू शोध खोजमा उत्प्रेरित हुने छन् र प्रतिभा पलायनमा कमी आउने छ ।

## १०.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

### १. पृष्ठभूमि

नेपाल विपद् जोखिमको हिसाबले अत्याधिक जोखिममा रहेको मुलुकहरूमध्ये पर्दछ । विपद्सम्बन्धी तथ्याङ्कअनुसार सडक तथा अन्य दुर्घटना बाहेकका प्राकृतिक तथा गैरप्राकृतिक (मानवसिर्जित) प्रकोपबाट विगत पाँच दशकको अवधिमा वार्षिक औसत नौसय जनाको मृत्यु हुने गरेको छ । सडक दुर्घटनामा मात्रै औसत वर्षेनी दुई हजार जनाको मृत्यु हने गरेको तथ्याङ्क छ । त्यसैले यस्ता घटनाबाट हुने जनधनको क्षति र विकासको पूर्वाधारहरूमा पुग्न जाने हानी नोक्सानीले आधारभूत सेवाका साथै जीवीकोपार्जनमा प्रतिकूल असर पर्ने गरेको छ ।

## २. प्रथम आवधिक योजनाको प्रगति उपलब्धि

पहिलो आवधिक योजनामा उल्लेख गरिएको प्रकोपको सम्मुखता, संकटासन्नता र जोखिमको नक्साङ्कन तीन जिल्लामा सम्पन्न भएको छ भने अन्य जिल्लामा यस्तो नक्साङ्कन बाँकी नै रहेको छ । त्यस्तै प्रादेशिक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना हुन सकेको छैन् ।

## ३. चुनौती

विकास निर्माणका विभिन्न पूर्वाधारहरू निर्माण गर्दा वातावरण जोगाउन र यसका कारण सिर्जना हुन सक्ने पहिरो, भूस्खलन, डुवान लगायतका विपद् जोखिम घटाउन उचित उपायहरू अवलम्बन गर्ने तथा अन्तरनिकाय समन्वय कायम गर्ने कार्यमा प्रदेशको संस्थागत क्षमता कमजोर देखिन्छ ।

## ४. अवसर

२०७२ सालको शक्तिशाली भूकम्पपछिको सिकाइ, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तर्जुमा तथा लागु हुनु, विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना लागु हुनु विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद् उत्थानशील सहर तथा बस्ती विकास गर्ने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने जस्ता अवसरहरू रहेका छन् । विपद्लाई विकाससँग जोडी योजना प्रक्रियाका विभिन्न चरणमा सम्बोधन हुने गरी मूलप्रवाहीकरण गर्ने प्रयास, विपद्को लागि पूर्वतयारी गर्ने परिपाटीको प्रारम्भ, विपद् प्रतिकार्यको लागि विपद् प्रतिकार्य कार्ययोजना तर्जुमा लगायतको पूर्व तयारीका नीतिगत तथा संस्थागत व्यवस्थाको सुदृढीकरण र कार्यविधिहरूको तयारी र केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत व्यवस्थाहरूलाई अवसर तथा सम्भावनाको रूपमा लिन सकिन्छ ।

## ५. सोच

विपद जोखिम उत्थानशील समाज ।

## ६. लक्ष्य

विपद्जन्य मानवीय, भौतिक, आर्थिक तथा पर्यावरणीय क्षति न्यूनीकरण गर्ने ।

## ७. उद्देश्य

१ प्रदेशलाई जलवायु परिवर्तन, प्राकृतिक र मानव सिर्जित कारणबाट हुनसक्ने विपद जोखिम न्यूनीकरण गर्ने,

२ विपद्मा परेका समुदाय वा व्यक्तिको तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाको लागि पूर्वतयारी गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: प्रदेशलाई जलवायु परिवर्तन, प्राकृतिक र मानव सिर्जित विपद जोखिम न्यूनीकरण गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.५.१<br>जोखिम आँकलन नक्साङ्कनमा आधारित पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ मार्फत प्रभावकारी विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्ने । | १ विपद् जोखिम आकलनका लागि जोखिम नक्साङ्कन कार्य गरिने छ।<br>२ विपद् प्रतिकार्य, पुनर्स्थापनाको प्रभावकारीता अभिवृद्धि गर्न अन्तरतह र अन्तरनिकायसँग समन्वय गरिने छ।<br>३ विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक स्रोत साधन र जनशक्तिको क्षमता विकास गरिने छ।<br>४ जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षामार्फत विपद् उत्थानशीलता अभिवृद्धि गरिने छ। |
| १०.५.२<br>जलवायु परिवर्तन, प्राकृतिक र मानव सिर्जित कारणबाट हुनसक्ने विपद जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने । | १ विपद् सचेतना, विपद्सम्बन्धी सिप तथा क्षमता विकास र कृत्रिम अभ्यासलाई सहभागितामूलक |

| रणनीति | कार्यनीति |
|---|---|
| | बनाउँदै विपद् सचेतना र सुरक्षालाई संस्कारको रूपमा विकास गरिने छ । <br>२ सुरक्षित संरचना बनाउन आवश्यक मापदण्ड तयार गरी लागु गरिने छ । <br>३ विकास योजना निर्माण गर्दा विपद् र वातावरण बारे पूर्ण सचेतना अवलम्बन गरिने छ । <br>४ भूउपयोग नीतिलाई प्रभावकारीरूपमा रूपमा लागु गरिने छ। <br>५ प्राकृतिक प्रकोपको पुर्व पहिचान गर्ने प्रणाली अवलम्बन गरिने छ। <br>६ सबै पालिका सरकारलाई विपद जोखिम नक्साङ्कन तयार गर्न सहयोग गरिने छ । <br>७ बाढी पहिरो रोकथामका कार्य, टेवा पर्खाल, जलाधार व्यवस्थापन, तथा बस्ती स्थानान्तरण गर्न पर्ने स्थान पहिचान गरी आवश्यक कार्य अगाडि बढाइने छ । <br>८ प्राकृतिक स्रोतको अनुचित दोहनलाई निरुत्साहित गर्न नीति नियम बनाई कडाइका साथ कार्यान्वयन गरिने छ । <br>९ आयोजना तयारी गर्दा बिस्तृत आयोजना प्रतिवेदन (DPR) मै निर्माणका चरणहरूमा विपद जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गरिने छ। <br>१० विषयगत मन्त्रालयसँगको समन्वयमा विद्यालय र समुदाय स्तरमा सुरक्षा संस्कृतिको प्रवर्धन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| १०.५.३ विपद व्यवस्थापनका विभिन्न चरणमा प्रभावकारी सूचना सम्प्रेषण गर्ने। | १ केन्द्रीय पूर्वसूचना प्रणालीसँग अन्तरआबद्ध हुने गरी प्रदेशको पूर्वसूचना प्रणाली तयार गरिने छ।<br>२ समुदायमा सूचना सम्प्रेषण गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ। |

**उद्देश्य २: विपदमा परेका समुदाय वा व्यक्तिको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.५.४<br>उद्धार, राहत तथा पुनर्स्थापनाको पूर्वतयारी गर्ने। | १ विपद पुर्व तयारीका योजना बनाउन समन्वय गर्ने कार्य गरिने छ।<br>२ विपद् व्यवस्थापनका लागि आवश्यक उपकरण, मानवस्रोत विकास र तालिमको व्यवस्था गरिने छ ।<br>३ कुनै पनि कारणबाट विस्थापित हुनेहरूको लागि तत्काल अस्थाई बसोबास व्यवस्था गर्न आवश्यक पूर्व तयारी गरिने छ ।<br>४ जनआन्दोलन, सशस्त्र सङ्घर्ष, विपद् प्रभावित र सोको कारण सिर्जित अपाङ्गता भएका व्यक्तिहरूलाई स्वआर्जन कार्यको लागि सहयोग गरिने छ । यसको लागि सिप, बिउ पुँजी र प्रविधि प्रदान गरी उत्पादित वस्तुको बजारीकरणको व्यवस्था गरिने छ । |
| १०.५.५<br>विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने । | १ सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरू तथा भौतिक पूर्वाधारहरूको गुणस्तरीय निर्माण र |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रवलीकरणमा लगानी वृद्धि गरी उत्थानशीलता प्रवर्धन गरिने छ ।<br>२ निजी क्षेत्र, बैङ्क, सहकारी तथा सामुदायिक संस्थाहरूले विपद् जोखिम न्यूनीकरणमा गर्ने लगानीका लागि सहज व्यवस्था मिलाइने छ ।<br>३ जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षमार्फत विपद् उत्थानशीलता अभिवृद्धि गरिने छ ।<br>४ विपद् जोखिम न्यूनीकरणका लागि खोरिया र भिरालो जमिनमा गरिने खेतीलाई निरुत्साहित गरी फलफूल, अम्रिसो, निगालो, डालेघाँस जस्ता खेती गर्न प्रोत्साहित गरिने छ । |
| १०.५.६<br>विपद व्यवस्थापनका विभिन्न चरणमा प्रभावकारी सूचना सम्प्रेषण गर्ने। | १ केन्द्रीय पूर्वसूचना प्रणालीसँग अन्तरआबद्ध हुने गरी प्रदेशको पूर्वसूचना प्रणाली तयार गरिने छ।<br>२ समुदायमा सूचना सम्प्रेषण गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ । |
| ७.५.७ विपद् व्यवस्थापनका लागि पर्याप्त स्रोत साधनको उपलब्धता र जनशक्तिको क्षमता विकास गर्ने । | १ विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक स्रोत साधन र जनशक्तिको क्षमता विकास गरिने छ । |

## ९. प्रमुख कार्यक्रमहरू

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | प्रकोप सम्मुखता, संकटासन्नता र जोखिमको आंकलन तथा नक्साङ्कन तयार गर्न सङ्घ र पालिकाहरूसँग सहकार्य | √ | √ | √ | √ | √ |

| क. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| २ | समुदायमा आधारित स्वयंमसेवक समुह गठन तथा परिचालन कार्यक्रम | √ | √ | √ | √ | √ |
| ३ | सबै नीतिमा विपद् नीति तर्जुमा | √ | | | | |
| ४ | विद्यालयहरूमा सचेतनामूलक कार्यक्रम | √ | √ | √ | √ | √ |
| ५ | विपद् पूर्व सूचना प्रणालीको विकास | √ | √ | | | |
| ६ | आपतकालीन कार्यसञ्चालन केन्द्रहरूबिच सूचना प्रवाह तथा सम्प्रेषणका लागि समन्वय र सहकार्य | √ | √ | √ | √ | √ |
| ७ | विपद् राहत तथा उद्धार सामग्री खरिद तथा भण्डारण | √ | √ | √ | √ | √ |
| ८ | गोताखोर लगायतका क्षमता विकाससम्बन्धी कार्यक्रम | √ | √ | √ | | |
| ९ | विपद् जोखिम विरुद्ध विपद् बिमा कार्यक्रम कार्यान्वयन | √ | √ | √ | | |
| १० | विपद् सचेतना, विपद्सम्बन्धी सिप तथा क्षमता विकास र कृत्रिम अभ्यासलाई सहभागितामूलक बनाउँदै विपद् सचेतना र सुरक्षालाई संस्कारको रूपमा विकास | √ | √ | √ | √ | √ |
| ११ | सुरक्षित संरचना बनाउन आवश्यक मापदण्ड तयार गर्ने र लागुगर्ने, विकास योजना निर्माण गर्दा विपद र वातावरण  बारे पूर्ण सचेतना अवलम्बन | √ | √ | √ | √ | √ |
| १२ | आयोजना तयारी गर्दा  विस्तृत आयोजना प्रतिवेदनमै निर्माणका चरणहरूमा विपद जोखिम न्यूनीकरण लाइ आन्तरिकीकरण | √ | √ | √ | √ | √ |
| १३ | विपद पुर्वतयारीका योजना बनाउने समन्वय गर्ने, आबश्यक उपकरण, मानव स्रोत विकास, तालिमको व्यवस्था | √ | √ | √ | √ | √ |
| १४ | कुनै पनि कारणबाट बिस्थापितहरूको तत्कालै अस्थाई बसोबासको व्यवस्था | √ | √ | √ | √ | √ |

| क्र. सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १५ | बाढी पहिरो रोकथामका कार्य, टेवा पर्खाल, जलाधार व्यवस्थापन, तथा बस्ती स्थानान्तरण गर्न पर्ने स्थान पहिचान गरी व्यवस्थापन | √ | √ | √ | √ | |
| १६ | विपद् व्यवस्थापन सँग सम्बन्धित आवश्यक कानुन तर्जुमा | √ | | | | |

### १०. अपेक्षित उपलब्धि

सबै पालिकाहरूले विपद्जोखिम नक्साङ्कन गरेका हुने छन् । विपद् पूर्वसूचना प्रणालीको विकास भई प्रभावकारी सूचना संप्रेषण भएको हुने छ । विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपबाट हुने धनजनको क्षतिको न्यूनीकरण भएको हुने छ । विकास निर्माण कार्यमा हुने सम्भावित जोखिम नियन्त्रणका उपायहरू सुरुवाती चरणदेखि नै अवलम्बन गरिएको हुने छ । प्राकृतिक प्रकोपबाट विस्थापितहरूको जीवनयापन सहज भएको हुने छ । बाढी पहिरो न्यूनीकरण भएको हुने र निर्माण गरिने सार्वजनिक तथा निजी संरचनाहरू भूकम्प प्रतिरोधी बनाईएको हुने छ ।

## १०.६ योजना, अनुसन्धान तथा तथ्याङ्क प्रणाली

### १. पृष्ठभूमि

योजना निर्माण, अनुसन्धान तथा तथ्याङ्क प्रणाली यी तीन विषय एक अर्कासँग अन्तरसम्बन्धित छन् र एकले अर्कोलाई पृष्ठपोषण गर्दछन् । आवधिक योजना तर्जुमा सामान्यतः पाँच/पाँच वर्षमा गर्ने अभ्यास रहेको छ भने अनुसन्धान तथा तथ्याङ्क सङ्कलन नियमित भइरहने कार्य हुन् । आवधिक योजनामा पनि मध्यावधि मूल्याङ्कनको आधारमा यसका लक्ष्य तथा कार्यक्रममा संशोधन गर्ने अभ्यास पनि रहेको छ । मध्यावधि मूल्याङ्कनका लागि विभिन्न क्षेत्रसँग सम्बन्धित भरपर्दो तथा अद्यावधिक तथ्याङ्क एवम् सूचना आवश्यक पर्छ । त्यस्तै नीति, योजना तथा कार्यक्रम तर्जुमाको लागि पनि अनुसन्धान तथा अद्यावधिक तथ्याङ्क अपरिहार्य हुन्छन् । तर तथ्याङ्क भरपर्दो तथा अद्यावधिक भएनन वा अनुसन्धानका नतिजा भरपर्दा भएनन् भने तिनमा आधारित नीति, योजना, कार्यक्रम पनि वस्तुपरक हुँदैनन र परिणाममूखी हुन सक्दैनन् ।

## २. वस्तुस्थिति

बागमती प्रदेशमा प्रदेश नीति तथा योजना आयोग गठन भएको ६ वर्ष पूरा भएको छ । यस अवधिमा आयोगले पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) तर्जुमा गरी कार्यान्वयन सम्पन्न भएको र दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा भई कार्यान्वयनको प्रारम्भिक चरणमा छ । पहिलो आवधिक योजनाका अधिकांश लक्ष्यहरू हासिल हुन सकेनन् । त्यस्तै योजनामा प्रस्ताव गरिएका अधिकांश नीतिहरू पनि तर्जुमा हुन सकेनन् । यसो हुनुका सम्भाव्य प्रमुख कारणहरूमा प्रदेश संरचना बनेको सुरुवाती वर्ष, नीति तथा योजनाको आयोग स्थापनाको प्रारम्भिक चरण, योजना तर्जुमाको अनुभव तथा ज्ञानको अभाव, आवश्यक तथा भरपर्दो तथ्याङ्कको अभाव, प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरूको कार्यक्षेत्र हेरफेर भइरहनु, प्रदेश निकायहरूबिच समन्वय प्रभावकारी नहनु, कार्यक्रम छनोट वैज्ञानिक आधारमा हुन नसक्नु आदि देखिन्छन् । यस अतिरिक्त, मन्त्रालयहरूको साङ्गठनिक संरचना सबल हुन नसक्नु जस्ता समस्याहरू देखिएका छन् ।

आवधिक योजनाले प्रदेशको आर्थिक विकासको मार्गचित्र प्रस्तुत गर्ने हुँदा यसको ठुलो महत्त्व रहन्छ। प्रत्येक नयाँ आवधिक योजनाले अर्थतन्त्रलाई आगामी पाँच वर्षमा कुन धरातलमा पुऱ्याउने र सोको लागि विभिन्न क्षेत्रमा आवश्यक पर्ने उपलब्धिको खाका प्रस्तुत गर्ने हुँदा योजना तर्जुमा गर्दा प्रदेशको आवश्यकता र उपलब्ध प्राकृतिक स्रोत, विभिन्न आर्थिक-सामाजिक क्षेत्रको वस्तुस्थिति र स्थानीय तहको दृष्टिकोणसम्बन्धी भरपर्दो तथ्याङ्क तथा सूचना आवश्यक पर्छ । योजना तर्जुमा गर्ने जिम्मेवारी प्रदेश नीति तथा योजना आयोगको भएको हुँदा यो संस्थाको संस्थागत क्षमता अभिवृद्धि गरी गतिशील बनाउनु आवश्यक छ । यस अतिरिक्त, विश्वसनीय सूचना तथा तथ्याङ्क प्रणालीको व्यवस्थापन, अनुसन्धानमा आधारित नीति तथा योजना तर्जुमा, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन आदिको आवश्यकता पर्दछ ।

## ३. सोच

भरपर्दो तथ्याङ्क र अनुसन्धानः योजना तथा नीति तर्जुमाको मूल आधार

## ४. लक्ष्य

प्रदेश नीति तथा योजना आयोगलाई सबल तथा गतिशील बनाई प्रदेश सरकारको थिङ्कट्याङ्कको रूपमा विकसित गर्ने ।

## ५. उद्देश्य

१ प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्ने,

२ प्रदेशमा भरपर्दो र अद्यावधिक तथ्याङ्क प्रणालीको विकास गर्ने,

३ अनुसन्धानमा आधारित योजना, नीति र कार्यक्रम तय गर्ने प्रणालीको विकास गर्ने,

४ आवधिक योजना, कार्यक्रम तथा आयोजनाका लक्ष्यहरू हासिल गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने ।

## ६. रणनीति र कार्यनीति

**उद्देश्य १: प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.६.१<br>योजना आयोगलाई सबल तथा गतिशील बनाउने । | १ प्रदेश नीति तथा योजना आयोगको कार्यक्षेत्र विस्तार गरी विभिन्न तहको दरवन्दी बढाइने छ ।<br>२ आयोगमा अर्थविज्ञ, समाजशास्त्र विज्ञ, तथ्याङ्कविद्को दरवन्दी सिर्जना गरिने छ र अनुसन्धान कार्यमा लगाइने छ ।<br>३ प्रदेश नीति तथा योजना आयोगलाई निजी क्षेत्र, विकासविद् तथा प्राज्ञिक संस्थासँग नियमित अन्तर्कृयाको मञ्चको रूपमा गतिशील बनाइने छ ।<br>४ नीति तथा योजनालाई तथ्यमा आधारित बनाउन प्रदेश नीति तथा योजना आयोगलाई तथ्य तथा ज्ञानकेन्द्र (Knowledge Hub) को रूपमा विकास गरिने छ । |

**उद्देश्य २: प्रदेशमा भरपर्दो र अद्यावधिक तथ्याङ्क प्रणालीको विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.६.२<br>भरपर्दो तथा अद्यावधिक तथ्याङ्क प्रणालीको विकास गर्ने। | १ प्रदेश तथ्याङ्क कार्यालयको स्थापना गरिने छ ।<br>२ प्रदेशका आर्थिक तथा सामाजिक क्षेत्रहरूसम्बन्धी विभिन्न किसिमका तथ्याङ्कहरू सङ्कलन गरी डेटाबेस तयार तथा हरेक वर्ष अद्यावधिक गरिने छ।<br>३ आवश्यकताअनुसार विभिन्न क्षेत्रसँग सम्बन्धित गणना (कृषि गणना, औद्योगिक गणना आदि) तथा नमुना सर्वेक्षण गरी बेसलाइन डेटा तयार गरिने छ ।<br>४ सङ्घ, प्रदेश र स्थानीय सरकारका तथ्याङ्क सङ्कलन गर्ने विभिन्न निकायहरूबिच कम्प्युटर |

| | |
|---|---|
| | सञ्जालको माध्यमबाट एकीकृत सूचना आदानप्रदान हुने संयन्त्र स्थापना गरिने छ।<br>५ प्रदेश, स्थानीय तह तथा विषयगत रूपमा दिगो विकासका लक्ष्य सूचकहरूको निर्धारण, उपलब्धि मापन तथा प्रकाशन गरिने छ। |

**उद्देश्य ३: अनुसन्धानमा आधारित आवधिक योजना निर्माण, नीति तर्जुमा र कार्यक्रम तय गर्ने प्रणालीको विकास गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.६.३<br>अनुसन्धानका नतिजा तथा तथ्याङ्कमा आधारित रही योजना तथा नीति तर्जुमा र कार्यक्रम तय गर्ने प्रणाली स्थापित गर्ने । | १ मन्त्रालयहरूले नीति तथा योजना तर्जुमा गर्नुभन्दा अगावै अनुसन्धान, सर्वेक्षण गराई सोको नतिजालाई आधारको रूपमा लिइने छ ।<br>२ प्रदेशभित्रका बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका युवा श्रमशक्ति सर्वेक्षण गरी उनीहरूको सिप, दक्षताको अभिलेखीकरण गरिने छ ।<br>३ प्रदेश सरकारको वार्षिक बजेटको कम्तीमा ०.२० प्रतिशत अध्ययन अनुसन्धानको लागि विनियोजन गरिने छ ।<br>४ आवश्यकताअनुसार अध्ययन अनुसन्धान कार्यको लागि आउटसोर्सिङसमेत गरिने छ । |

**उद्देश्य ४: आवधिक योजना, कार्यक्रम तथा आयोजनाका लक्ष्यहरू हासिल गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने र नीतिगत तथा अन्य समस्या वा व्यवधानलाई तुरुन्तै समाधान गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १०.६.४<br>मन्त्रालयहरूमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने । | १ आयोजना छनोटमा लागत पुँजीको निश्चित थ्रेसहोल्डको आधारमा प्रदेश र |

| | |
|---|---|
| | स्थानीय तहले कसले गर्ने भन्ने स्पष्ट नीति लिइने छ । |
| | २ परियोजना तथा कार्यक्रम निर्माण तहमा नै अनिवार्यरूपमा नतिजा सूचक बनाउन पर्ने व्यवस्था गरिने छ । |
| | ३ अनुगमन तथा मूल्याङ्कनलाई कम्युटर प्रविधिमा आधारित बनाई प्रदेश केन्द्रमा आबद्ध गरिने छ । |
| | ४ नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई स्थापित गर्न अन्तरनिकायगत समन्वय र सहकार्य गरिने छ । |
| | ५ विकास आयोजनाहरूको समस्या तत्काल समाधान गर्न गराउन उच्चस्तरीय संरचनागत व्यवस्था गरिने छ । |
| | ६ विभिन्न तह तथा निकायमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धि गरिने छ । |
| | ७ आवश्यकताअनुसार अनुगमन तथा मूल्याङ्कन कार्य तेस्रो पक्षबाट पनि गराइने छ । |

**७. प्रमुख कार्यक्रमहरू**

| क.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | प्रदेशस्तरीय आयोजना बैङ्कलाई व्यवस्थित र अध्यावधिक गरी सञ्चालन | √ | √ | √ | √ | √ |
| २ | बागमती प्रदेशको समतामूलक समृद्धि तथा विकासको लागि दीर्घकालीन योजना तयार | √ | √ | √ | √ | √ |

| क्र.सं. | कार्यक्रमहरू | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३ | योजना तर्जुमाको लागि आवश्यक तथ्याङ्क तथा सूचनाको लागि अध्ययन, अनुसन्धान तथा सर्वेक्षण | √ | √ | √ | √ | √ |
| ४ | प्रादेशिक तथ्याङ्क ऐन र नियमावली तर्जुमा। | √ | √ | | | |
| ५ | सङ्घ, प्रदेश र स्थानीय सरकारका तथ्याङ्क उत्पादन गर्ने विभिन्न निकायहरूबिच कम्युटर सञ्जालको माध्यमबाट एकीकृत सूचना आदानप्रदान संयन्त्र स्थापना | √ | √ | √ | √ | √ |
| ६ | प्रशासनिक अभिलेखहरूको एकीकृत तथ्याङ्क व्यवस्थापन | √ | √ | √ | √ | √ |
| ७ | अनुगमन तथा मूल्याङ्कनसम्बन्धी ऐन र नियमावलीको तर्जुमा | √ | √ | √ | √ | √ |
| ८ | सूचना प्रविधिमा आधारित आयोजना कार्यसम्पादन सूचना प्रणालीमार्फत सबै आयोजनाको प्रगति प्रतिवेदन र समीक्षा | √ | √ | √ | √ | √ |
| ९ | अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धि तालिम कार्यक्रमहरू सञ्चालन | √ | √ | √ | √ | √ |
| १० | कार्यक्रम तथा आयोजनाहरूको तेस्रो पक्षबाट अन्तिम मूल्याङ्कन | √ | √ | √ | √ | √ |
| ११ | प्रदेशका विभिन्न क्षेत्रमा देखा परेका सवाल तथा समस्या र तिनको समाधानसम्बन्धी अपडेट तयार गरी मुख्यमन्त्रीसमक्ष पेस | √ | √ | √ | √ | √ |

## ८. अपेक्षित उपलब्धि

बागमती प्रदेश नीति तथा योजना आयोग सुदृढ, गतिशील संस्थाको रूपमा विकसित भएको हुने छ र सरकारको थिङ्कट्याङ्कको रूपमा स्थापित भएको हुने छ । प्रदेशको तेस्रो आवधिक योजना अध्ययन अनुसन्धान तथा भरपर्दो तथ्याङ्कको आधारमा नतिजामूलक बन्ने छ । प्रदेशका आर्थिक-सामाजिक क्षेत्रहरूका

विभिन्न पक्षसम्बन्धी अद्यावधिक तथ्याङ्कीय आधार निर्माण भएको हुने छ । अनुगमन तथा मूल्याङ्कन पद्दति संस्थागत भएको तथा सूचना प्रविधिमा आधारित भएको हुने छ । आयोजना बैङ्कको अवधारणा अनुरूप प्रदेशभित्र कार्यान्यवयन हुने आयोजनाहरूलाई प्राथमिकीकरण गरिएको हुने र दोहोरोपन हटेको हुने छ ।

## १०.७ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली

### १. पृष्ठभूमि

नेपालको लगभग ७० वर्षको योजनाबद्ध विकासको अनुभवबाट योजना बन्ने तर उपलब्धि भने अपेक्षाकृत हुन नसक्ने प्रवृत्ति रही आएको छ । यसो हुनाको प्रमुख कारणहरूमा योजना कार्यान्वयन प्रभावकारी नहुनु, योजना धरातलीय यथार्थमा आधारित नहुनु, योजना तर्जुमामा स्थानीय समुदायसँग समन्वय नहुनु, अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर हुनु आदि रहेका छन् । दोस्रो आवधिक योजना उपलब्धिमूलक बनाउन निम्नअनुसारका योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा अवलम्बन गर्नपर्ने आवश्यकता देखिएको छः

१ मन्त्रालयहरूले आवधिक योजनामा राखिएका आयोजना/कार्यक्रमहरूलाई प्राथमिकताको आधारमा वार्षिक रूपमा आयोजना बैङ्कमा प्रविष्टि गर्ने,

२ नीति योजना आयोगले आयोजना बैङ्कमा प्रविष्टि भएका त्यस्ता आयोजना/कार्यक्रम औचित्यताको आधारमा प्राथमिकीकरण गर्ने,

३ छनोट भएका आयोजना/कार्यक्रम कार्यान्वयनको लागि स्रोतको सुनिश्चितता गर्ने,

४ यस्ता आयोजना/कार्यक्रम वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने,

५ यी आयोजना/कार्यक्रम बजेटमा समावेश गर्ने,

६ मन्त्रालयहरूले तालिका बनाई आयोजना/कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाउने,

७ कार्यान्वयन तालिका तयारीकै चरणमा बनाईएको खाकाअनुसार प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

८ प्रत्येक चार-चार महिनामा एकपटक स्थानीय तहहरूको क्लस्टर बनाई स्थानीय तह र प्रदेशबिच आयोजना/कार्यक्रम कार्यान्वयन सम्बन्धमा अन्तर्कृया गर्ने,

९ योजना अनुगमन तथा मूल्याङ्कनबाट आयोजना/कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या, अवरोधहरूलाई तुरुन्तै समाधान गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषदसँग समन्वय गर्ने,

१० कार्यान्वयनमा संलग्न पक्षलाई सम्झौताअनुसार समयमै भुक्तानी गर्ने,

११ आयोजना सम्पन्न भएपछि समयमा नै हस्तान्तरण गर्ने ।

## १०.८ दिगो विकास लक्ष्य र कार्यान्वयनको अवस्था

### १. पृष्ठभूमि

संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले दिगो विकास लक्ष्यलाई विश्वको साझा विकास एजेण्डाका रूपमा अङ्गिकार गरेका छन् । दिगो विकास लक्ष्यले आर्थिक, सामाजिक साथै वातावरणीय समस्याका समाधान खोज्नुका साथै प्रत्येक समुदाय, क्षेत्र तथा राष्ट्रहरूले विश्वव्यापिरूपमा 'कोही पछि नपरुन' भन्ने आकाङ्क्षा राखेको छ ।

दिगो विकासको अवधारणा मूलतः तीनवटा मान्यताबाट प्रेरित छः (१) प्रचुर सम्पन्नताकोबिचमा गरिबी रहनु हुन्न, (२) मुलुकहरूले सामाजिक सद्भाव र गतिशीलता कायम कायम राख्दै असमानताहरू अन्त्य गर्ने र समाजभित्र र बाहिर रहेका थुप्रै विभेदहरूको अन्त्य हुनुपर्छ, र (३) पृथ्वीको संरक्षण गर्ने नैतिक दायित्व सबैले लिनु पर्दछ । दिगो विकास लक्ष्य अन्तर्गत १७ वटा लक्ष्यहरू, १६९ परिमाणात्मक लक्ष्यहरू र २३० वटा सूचकहरू रहेका छन् ।

नेपाल पनि संयुक्त राष्ट्रसङ्घको सदस्य भएकाले आर्थिक वर्ष २०७३/७४ मा सुरु गरिएको चौधौं योजना देखि नै दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्दै आएको छ । दिगो विकास लक्ष्यहरूमध्ये गरिबी न्यूनीकरण, स्वास्थ्यको पहुँच, लैङ्गिक समानता, शान्ति पुनःस्थापना आदिमा नेपालले तुलनात्मकरूपमा सफलता हासिल गरेको छ ।

मुलुकका सातै प्रदेशले पनि आ-आफ्ना आवधिक योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू दिगो विकास लक्ष्य प्राप्ति गर्नेतर्फ उन्मूख गराउँदै आएका छन् । यसै गरी स्थानीय तहहरूले पनि दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी यसका लक्ष्य प्राप्ति गर्नेतर्फ प्रयास हुनु आवश्यक छ ।

### २. वस्तुस्थिति

बागमती प्रदेश अन्य प्रदेशको तुलनामा सामाजिक आर्थिक प्रदेशको सूचकाङ्कका आधारमा सबैभन्दा माथिल्लो तहमा छ । प्रदेशले दिगो विकास लक्ष्यहरू सम्बन्धमा २०७७ सालमा बागमती प्रदेशको अवस्था तथा मार्गचित्र तर्जुमा गरिसकेको छ ।

दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा हालसम्म बागमती प्रदेशले मिश्रित उपलब्धि हासिल गरेको छ । सामाजिक क्षेत्रका सूचकका उपलब्धिको अवस्था अन्य क्षेत्रको तुलनामा सन्तोषजनक रहेका छन् ।

### ३. दिगो विकास लक्ष्यहरू

| लक्ष्य | दिगो विकास लक्ष्य | उपलब्धि (२०७९/८० ) | दोस्रो आवधिक योजनाको लक्ष्य |
|---|---|---|---|
| १. सबै ठाउँबाट सबै स्वरूपमा गरिबीको अन्त्य | ३.०८ | १२.६ | ३.० |
| **२. भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा हासिल गर्ने तथा समुच्च पोषण र दिगो कृषिको प्रवर्धन गर्ने** | | | |
| २.१ कम पोषणको व्यपकता | ३.५ | २४.०४ | ३.५ |
| २.२ कुल खाद्यान्न उपयोगमा दुई तिहाइभन्दा बढी खर्च गर्ने जनसङ्ख्या | ३.७६ | १५.१७ | ४.० |
| २.३ जम्मा कृषियोग्य भूमिमा आवाद गरिएको भूमि (प्रतिशत) | ९०.०३ | ५६.८३ | ९०.०३ |
| २.४ सामुदायिक बिउ बैङ्कहरू सङ्ख्या | ३० | १० | ३० |
| २.५ खाद्यसुरक्षा भण्डारणको सङ्ख्या | १३ | ४ | १३ |
| **३. स्वस्थ जीवनको सुनिश्चिचता एवम् सबै उमेरका सबै मानिसको भलाई प्रवर्धन गर्ने** | | | |
| ३.१ पाँच वर्षमुनीका बालबालिकाहरूमा देखिने पुड्कोपनको व्यापकता दर | १६.३३ | २६.१३ | २० |
| ३.२ प्रजनन उमेरका महिलामा रक्तअल्पता | ८.९६ | २१.५१ | ८.९६ |
| ३.३ पाँच वर्षमुनीका बालबालिकाको रक्तअल्पता | ९.३ | २६.०५ | ९.३ |
| ३.३ दक्ष स्वास्थ्य कर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत | ७४ | ९७.७ | १०० |
| ३.५ पाँच वर्ष मुनीको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | २३ | २७ | २३ |
| ३.६ नवजात शिसु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | १० | १३ | १० |

| लक्ष्य | दिगो विकास लक्ष्य | उपलब्धि (२०७९/८० ) | दोस्रो आवधिक योजनाको लक्ष्य |
|---|---|---|---|
| ४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने तथा जीवन पर्यन्त सिकाई अवसरहरूको प्रवर्धन | | | |
| ४.१ प्राथमिक तहमा खुद भर्नादर | ९९.८ | ९८.१८ | ९७.४ |
| ५. लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने | | | |
| ६. सबैका लागि पानी तथा सरसफाइको दिगो व्यवस्थापन र उपलब्धताको सुनिश्चित गर्ने | | ९१.९५ | १०० |
| ७. सबैका लागि किफायती, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने | | ९१.९५ | १०० |
| ८. स्थिर, समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण र उत्पादनमूलक रोजगारी तथा सबैका लागि मर्यादित कामको प्रवर्धन गर्ने | | | |
| ८.१ बेरोजगारी | | ७ | ३ |
| ८.२ अर्धरोजगारी (१५-४९ वर्ष) | ८.७ | | |
| ९. समयानुकूल उत्थानशील मजवुत पूर्वाधारको निर्माण समावेशी र दिगो औद्योगिकरणको प्रवर्धन तथा नवीन खोजको प्रवर्धन गर्ने | | | |
| १०. प्रदेशभित्रको असमानता घटाउने | | | |
| १०.१ गिनी कोफिसियन्ट | ०.२५ | ०.४३ | ०.२५ |
| ११. सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | ७६.१ | | |


| लक्ष्य | दिगो विकास लक्ष्य | उपलब्धि (२०७९/८० ) | दोस्रो आवधिक योजनाको लक्ष्य |
|---|---|---|---|
| १२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने । | ३३.३ | | |
| १३. जलवायु परिवर्तन र यसको नियन्त्रण गर्न तत्काल कार्य गर्ने | ४३.४ | | |
| १४. दिगो विकासको निम्ति महासागरहरू, समुन्द्रहरू र दिगो सामुन्द्रिक स्रोतहरू संरक्षण गर्ने र दिगोरूपमा प्रयोग गर्ने। | | | |
| १५. स्थलीय पारिस्थितिक प्रणालीको संरक्षण, पुनर्भण्डारण र दिगो प्रयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण नियन्त्रण गर्ने र भूक्षय रोक्ने तथा उल्ट्याउने एवम् जैविक विविधताको नोक्सान हुन नदिने | | | |
| १६. दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच स्थापना गर्ने र प्रभावकारी, उत्तरदायी तथा समावेशी संस्थाहरूको निर्माण गर्ने | ५५.९ | | |
| १७. दिगो विकासका लागि विश्वव्यापी साझेदारीको पुनर्ताजगी गर्ने र कार्यान्वयनका लागि स्रोतसाधनहरू सुदृढ गर्ने | ४०.१ | | |

## ४. अपेक्षित उपलब्धि

केही दिगो विकास लक्ष्यका केही सूचकहरूको विद्यमान स्थितिको सूचकाङ्क तयार हुन सकेको छैन् । हालसम्मको उपलब्धिको आधारमा दोस्रो आवधिक योजना अवधिको अन्त्यसम्ममा बागमती प्रदेशमा अधिकांश दिगो विकास लक्ष्यहरू हासिल भएको हुने छ ।

# अनुसूची १: योजना तर्जुमा विधि

बागमती प्रदेशको दोस्रो आवधिक योजना तर्जुमा गर्दा अवलम्बन गरिएको सैद्धान्तिक आधार तथा विधि तल दिइएको फ्लोचार्टमा प्रस्तुत गरिएको छ ।




दोस्रो आवधिक योजना तर्जुमा गर्दा प्रदेशको सन्तुलित विकास, संरचनागत रूपान्तरण, समावेशी तथा समतामुलुक आर्थिक वृद्धि र दिगो विकासका लक्ष्यहरूलाई सैद्धान्तिक आधार बनाईएको छ । यी आधारहरू जनप्रतिनिधिहरू, विभिन्न सरकारी अधिकारी, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरूसँगको अन्तर्कृया छलफलको निचोडबाट सोच, लक्ष्य, उद्देश्यहरू तय गरिएको र सोही अनुरूप रणनीति, कार्यनीति र कार्यक्रमहरू

समावेश गरिएको छ । प्रदेशका मन्त्रालयहरूबाट प्राप्त सुझावहरूलाई विषयगत परिच्छेदमा समावेश गरिएको छ ।

योजना तर्जुमा गर्दा निम्नअनुसारका द्वितीय तथा प्राथमिक स्रोतबाट तथ्याङ्क तथा जानकारी उपयोग गरिएको छ ।

**(क) द्वितीय स्रोत**

योजना तर्जुमा गर्दा निम्नानुसारका द्वितीय स्रोतहरूको अध्ययन गरी आवश्यक तथ्याङ्क तथा जानकारी उपयोग गरिएको छः

१. नेपालको संविधान, २०७२
२. प्रदेशको वस्तुस्थिति विवरण (प्रोफाइल)
३. बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१)
४. पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) को मध्यावधि समीक्षा प्रतिवेदन
५. राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रकाशनहरुः जनसङ्ख्या तथा घरधुरी सर्वेक्षण, औद्योगिक गणना, कृषि गणना, राष्ट्रिय लेखा लगायतका अन्य प्रतिवेदनहरू
६. सङ्घीय अर्थ मन्त्रालय तथा बागमती अर्थ मन्त्रालयका आर्थिक सर्वेक्षणहरू तथा अन्य प्रकाशनहरू
७. बागमती प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणा पत्र
८. सङ्घीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना
९. सङ्घीय सरकारको सोह्रौं योजनाको मस्यौदा
१०. बागमती प्रदेशको दिगो विकास लक्ष्यहरू तथा दिगो विकास लक्ष्यका प्रगति मूल्याङ्कन प्रतिवेदन
११. नेपाल राष्ट्रबैङ्कबाट प्रकाशित हुने विविध प्रकाशनहरू
१२. अन्य उपयोगी प्रकाशनहरू

**(ख) प्राथमिक स्रोत**

प्राथमिक स्रोत अन्तर्गत विभिन्न तहमा निम्नअनुसारका अन्तर्कृया तथा छलफल कार्यक्रमहरू गरिएका थिएः

१ बागमती प्रदेशका माननीय मुख्यमन्त्री तथा सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीहरू
२ बागमती प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष, सदस्यहरू तथा सचिव

३ प्रदेशका सबै मन्त्रालयका सचिव, महाशाखा प्रमुख तथा योजना अधिकृत

४ प्रदेशका स्थानीय तहका प्रतिनिधिहरू

५ निजी क्षेत्रका प्रतिनिधिहरू

६ सहकारी क्षेत्रका प्रतिनिधिहरू

बागमती प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

हेटौँडा, नेपाल

फोनः ०५७-५२५१३१, ५२३६८९, ५२४८५४

इमेलः pradeshyojanahtd@gmail.com

वेबसाइटः pppc.bagamati.gov.np